(कार्यालय प्रयोजनको लागि मात्र)

# शहरी विकास मन्त्रालय सम्बद्ध कानूनहरूको सँगालो, २०८२


नेपाल सरकार

**शहरी विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# विषयसूची


## ऐन १-९५

१. नगर विकास ऐन, २०४५ २

२. काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ १६

३. नगर विकास कोष ऐन, २०५३ २७

४. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ ३६

५. भवन ऐन, २०५५ ४३

६. फोहरमैला व्यवस्थापन ऐन, २०६८ ५०

७. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ ६५

८. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ ७२

## नियमावली ९६-२०९

१. नगर विकास कोष नियमावली, २०५४ ९७

२. संयुक्त आवासको स्वामित्व सम्बन्धी नियमावली, २०६० १०२

३. भवन नियमावली, २०६६ १०८

४. काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ १३०

५. फोहरमैला व्यवस्थापन नियमावली, २०७० १३७

६. सार्वजनिक-निजी समझेदारी तथा लगानी नियमावली, २०७७ १५१

७. राष्ट्रिय आवास कम्पनी लिमिटेडको प्रबन्धपत्र १९०

८. राष्ट्रिय आवास कम्पनी लिमिटेडको नियमावली १९६

## नीति २१०-२४८

१. फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ २११

२. राष्ट्रिय शहरी नीति, २०८१ २१८

## गठन आदेश २४९-२६५

१. अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ २५०

२. विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ २६०

## मापदण्ड २६६-२९४

१. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ २६७

# ऐन

# नगर विकास ऐन, २०४५

| | | |
|---|---|---|
| | | लालमोहर र प्रकाशन मिति |
| संशोधन गर्ने ऐन | | २०४५।८।१ |
| १. | नगर विकास (पहिलो संशोधन) ऐन, २०४७ | २०४७।१०।२७ |
| २. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ३. | नगर विकास (दोस्रो संशोधन) ऐन, २०४९ | २०४९।७।१३ |
| ४. | नगर विकास (तेस्रो संशोधन) ऐन, २०५४ | २०५४।९।१६ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ५. | केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ | २०६४।५।९ |
| ६. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६ ⇦ | २०६६।१०।७ |
| ७. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ८. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०४५ सालको ऐन नं. २२

✎................

नगर विकास सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः बढ्दो जनसङ्ख्या तथा शहरीकरणको परिप्रेक्ष्यमा भइरहेका नगरहरुको पुनः निर्माण, विस्तार र विकासको साथै नयाँ नगरहरुको निर्माण गरी नगरबासीहरुलाई आवश्यक सेवा र सुविधाहरु पुऱ्याउन तथा सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा एवं आर्थिक हित कायम राख्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "नगर विकास ऐन, २०४५" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

२.१.१ "नगर योजना" भन्नाले दफा ३ बमोजिमको मन्त्रालयबाट स्वीकृत नगर योजना सम्झनु पर्छ ।

२.१.२ "समिति" भन्नाले दफा ४ बमोजिमको नगर विकास समिति सम्झनु पर्छ ।

■२.१.२क "⊡स्थानीय तह" भन्नाले प्रचलित कानून बमोजिम गठन भएका ⊡गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ ।

---

⇦ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

✎ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

■ तेस्रो संशोधनद्वारा थप ।

■२.१.२ख “स्थानीय योजना” भन्नाले ▣स्थानीय तहले आफ्नो क्षेत्रभित्रको भौतिक विकासको लागि तत्सम्बन्धी कार्यक्रम निर्धारण गरी तयार गरेको योजना सम्झनु पर्छ ।

■२.१.२ग “संस्था” भन्नाले बसोबास, वस्ती विकास, बजार विकास जस्ता भौतिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ ।

⊕२.१.२घ “मन्त्रालय” भन्नाले नेपाल सरकारको सहरी विकास मन्त्रालय सम्झनु पर्छ ।

२.१.३ “जग्गा” भन्नाले जुनसुकै जग्गा र त्यसमा स्थायी रुपले रहेका घर, बनोट, ताल, पोखरी, रुख आदि र सो घर बनोट, ताल, पोखरी, रुख आदिसँग स्थायी रुपले जोडिएको कुराहरुलाई समेत जनाउँछ ।

२.१.४ “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. नगर योजना तर्जुमा र स्वीकृतिः

३.१ देहायको कुनै वा सबै उद्देश्य पूरा गर्न समितिले नगर योजना तर्जुमा गर्न सक्नेछः–

३.१.१ नेपाल ✒.......... को कुनै भागमा एकीकृत रुपमा नगरको भौतिक विकास गर्ने,

३.१.२ भइरहेको नगरको पुनः निर्माण, विस्तार र विकास गर्ने तथा नयाँ नगरको निर्माण गर्ने,

▶३.१.३ नगर विकासको लागि भू–उपयोग क्षेत्र निर्धारण गर्ने, त्यस्तो क्षेत्रमा गर्न पाइने भौतिक विकासको मापदण्ड तोक्ने तथा त्यस्तो क्षेत्रको जनघनत्वको आधारमा सडक, यातायात, बिजुली, ढल निकास, सरसफाई, खुल्ला क्षेत्र लगायतका सेवा तथा सुविधा उपलब्ध गराउने,

३.१.४ उपर्युक्त कार्यहरुसँग सम्बद्ध अन्य कार्यहरु गर्ने ।

३.२ उपदफा ३.१ बमोजिम समितिले बनाएको नगर योजना मन्त्रालयबाट स्वीकृत हुनु पर्नेछ ।

⁂३.३ मन्त्रालयले स्वीकृत गरेको नगर योजनाको विस्तृत विवरण सहितको सूचना ➔......... सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

■३क. स्थानीय योजनाको तर्जुमा र स्वीकृतिः

३क.१ नगर योजना स्वीकृत भई नसकेका क्षेत्रहरुमा ▣स्थानीय तहले सम्बन्धित जग्गा धनी वा मोहीहरुलाई समावेश गरी स्थानीय योजना तर्जुमा गर्न सक्नेछ ।

३क.२ उपदफा ३क.१ बमोजिम स्थानीय योजनाको तर्जुमा गरिसकेपछि ▣स्थानीय तहले समिति गठन भएको ठाउँमा समितिको, समिति गठन नभएको ठाउँमा नगर विकास जिल्ला समन्वय समितिको र सो समिति पनि गठन नभएको ठाउँमा नगर विकास केन्द्रीय समन्वय समितिबाट त्यस्तो योजना स्वीकृत गराउनु पर्नेछ ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५द्वारा थप ।

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

⁂ दोस्रो संशोधनद्वारा संशोधित ।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

■ तेस्रो संशोधनद्वारा थप ।

▣ केहीनेपालऐनसंशोधनगर्नेऐन, २०७२द्वारासंशोधित।

३क.३ उपदफा ३क.२ बमोजिम स्थानीय योजना स्वीकृत भइसकेपछि ⊡स्थानीय तहले त्यस्तो योजनाको विस्तृत विवरण समेतको सूचना सर्वसाधारणको जानकारीको लागि नेपाल ✒........... बाट प्रकाशित हुने कुनै दुई प्रमुख पत्र–पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

■३ख. स्थानीय योजनाको सञ्चालनः⊡स्थानीय तहले स्थानीय योजनाको सञ्चालन गर्दा अपनाउनु पर्ने कार्यविधि तथा अन्य व्यवस्था दफा ३क. को उपदफा ३क.२ बमोजिम योजना स्वीकृत गर्ने समितिले तोकिदिए बमोजिम हुनेछ ।

➢४. नगर विकास समितिको गठनः

४.१ नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यकता अनुसार प्रत्येक स्थानीय तहमा नगर विकास समिति गठन गर्न सक्नेछ ।

४.२ समितिमा देहायका सदस्यहरु रहनेछन्ः–

४.२.१ सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष –अध्यक्ष

४.२.२ सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुखले तोकेको सो समितिको सदस्य –सदस्य

४.२.३ प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत –सदस्य

४.२.४ वन, भूमि तथा नापी सम्बन्धी स्थानीय तह वा जिल्लास्थित कार्यालयका प्रतिनिधिहरु –सदस्य

४.२.५ नगर कार्यपालिका वा गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट सम्बन्धित नगर कार्यपालिका वा गाउँकार्यपालिकाले तोकेको तीन जना सदस्य –सदस्य

४.२.६ स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सोही क्षेत्रका समाजसेवीहरु मध्येबाट सम्बन्धित स्थानीय तहको कार्यपालिकाले मनोनीत गरेका एकजना महिला सहित दुई जना –सदस्य

४.२.७ सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत –सदस्य–सचिव

४.३ समितिले आवश्यक देखेमा सम्बन्धित स्थानीय तहको विकासमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति वा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

५. समिति सङ्गठित संस्था हुनेः

५.१ उपदफा ४.१ बमोजिम गठित समिति अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

५.२ समितिको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

५.३ समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

५.४ समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

६. समितिको बैठक सम्बन्धी कार्यविधिः

६.१ समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

---

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६द्वारा झिकिएको।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

६.२ समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

६.३ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

▶६.४ समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । समितिको अध्यक्ष नतोकिएको अवस्थामा वा निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६.५ समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सदस्य–सचिवले बोलाउनेछ ।

६.६ समितिको बैठकले गरेको निर्णय सदस्य–सचिवले अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई अद्यावधिक गरी राखु पर्नेछ ।

६.७ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

▶७. <u>उपसमितिहरु गठन गर्न सक्नेः</u>

७.१ समितिले आफ्नो काम कारबाही सुचारुरुपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

७.२ उपदफा ७.१ बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

८. <u>रोक लगाउन सक्नेः</u>

८.१ ❐<u>नगर योजना तर्जुमा सम्बन्धी कामको लागि</u> समितिले समय समयमा स्पष्टरुपले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी दुई वर्षको अवधि ननाघ्ने गरी सोही सूचनामा तोकिएको अवधिभरको लागि नगर योजना क्षेत्रभित्र पर्ने जुनसुकै प्रकारको अचल सम्पत्ति समितिको पूर्व स्वीकृति विना टुक्रयाउन वा कुनै प्रकारले भौतिक परिवर्तन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

८.२ उपदफा ८.१ बमोजिम रोक लगाएको कुराको सूचना समितिले रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

८.३ रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयले उपदफा ८.२ बमोजिमको सूचना पाएमा त्यस्तो अचल सम्पत्ति टुक्रयाउने गरी रजिष्ट्रेशन गर्न हुँदैन ।

९. <u>नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेः</u>

९.१ समितिले समय समयमा स्पष्ट रुपले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी नगर योजना क्षेत्रभित्र देहायका काम कुराहरु आवश्यकतानुसार नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेछ र त्यसरी नियमित, नियन्त्रण वा निषेध गरिएका काम कुराहरु समितिको पूर्व स्वीकृति विना कसैले गर्न गराउन हुँदैनः–

९.१.१ कृषि, प्राकृतिक सम्पदा, वनस्पति, वन जङ्गल, जीवजन्तु, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरु र आवादी तथा पर्ति जग्गाहरु एवं अचल सम्पत्तिको उपभोग र प्रयोग गर्न,

९.१.२ कुनै प्रकारको भवन, कार्यालय वा अन्य कुराहरुको नयाँनिर्माण गर्न वा निर्माण भैसकेका त्यस्ता कुराहरुको विस्तार गर्न,

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।

९.१.३ कुनै प्रकारको बस्ती, बसोबास वा आवास बनाउन वा बसाउन र मनोरञ्जन, बजार, हाट, उद्योग आदि स्थलहरु बसाल्न वा बनाउन,

९.१.४ प्राकृतिक सौन्दर्य पर्यटनस्थल र जनसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा कुनै प्रकारले वातावरण दूषित हुने काम गर्न,

९.१.५ बाटो घाटो, पुल र त्यसमा प्रयोग हुने यातायातको साधन, वृक्षारोपण, पानी, बत्ती, आदि प्रयोग गर्न ।

९.२ उपदफा ९.१ को प्रयोजनको लागि समितिले स्वीकृति दिँदा आंशिक वा पूर्णरुपले स्वीकृति दिन वा नदिन वा स्वीकृति दिँदा आवश्यक ▶<u>निर्देशन वा शर्त वा मापदण्ड</u> समेत तोकिदिन सक्नेछ ।

९.३ नगर योजना क्षेत्रभित्रको कुनै अचल सम्पत्तिको तथ्याङ्क लिन वा सर्भे गर्नको लागि कुनै घर वा जग्गामा प्रवेश गर्न वा सम्बन्धित व्यक्तिलाई बुझ्न समिति वा समितिले खटाएको व्यक्तिलाई पूर्ण अधिकार हुनेछ ।

१०. <u>रोक्ने वा भत्काउनेः</u>

१०.१ दफा ९ अन्तर्गत समितिले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरु कसैले समितिको पूर्व स्वीकृति विना गरेमा वा समितिले स्वीकृति दिँदा ▶<u>कुनै शर्त वा मापदण्ड तोकिदिएको भए त्यस्तो शर्त वा मापदण्ड विपरीत</u> हुने गरी गरेमा समितिले त्यस्तो काम तत्काल रोक्ने आदेश दिन सक्नेछ र त्यस्तो कामको सिलसिलामा कुनै निर्माण गरेको रहेछ भने समितिले पैंतीस दिनको म्याद दिई सम्बन्धित व्यक्तिलाई ▶<u>त्यसरी समितिको स्वीकृति बिना वा शर्त वा मापदण्ड विपरीत</u> निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिन सक्नेछ ।

१०.२ उपदफा १०.१ बमोजिम समितिले कुनै निर्माणको भाग भत्काउन वा हटाउन दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेश पाएको मितिले पैंतीस दिनभित्र दफा २० बमोजिमको पुनरावेदन समिति समक्ष उजूरी दिन सक्नेछ । सो उजूरीको सम्बन्धमा पुनरावेदन समितिले उजूरी परेको मितिले तीस दिनभित्र निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

१०.३ उपदफा १०.२ बमोजिम उजूरी परेकोमा पुनरावेदन समितिबाट त्यस्तो निर्माणको भाग भत्काउने वा हटाउने गरी निर्णय भएमा सो निर्णय भएको मितिले पैंतीस दिनभित्र र उजूरी नपरेकोमा उपदफा १०.१ बमोजिम समितिले आदेश दिएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग भत्काउनु वा हटाउनु पर्नेछ ।

१०.४ उपदफा १०.३ को म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग नभत्काएमा वा नहटाएमा समिति आफैले भत्काउन वा हटाउन सक्नेछ र त्यसरी भत्काउँदा वा हटाउँदा लागेको खर्च ✠<u>सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ</u> ।

❒१०.५ उपदफा १०.४ बमोजिम समिति आफैले कुनै निर्माणको भाग भत्काउँदा वा हटाउँदा ▣<u>गाउँपालिका</u> वा नगरपालिकाका सम्बन्धित वडाका सदस्यको रोहवरमा भत्काउनु वा हटाउनु पर्नेछ । यसरी भत्काउँदा वा हटाउँदा भरमग्दुर प्रयास गर्दा गर्दै पनि भत्काउनु वा हटाउनु पर्ने भाग भन्दा बढी

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

✠ दोस्रो संशोधनद्वारा संशोधित ।

❒ दोस्रो संशोधनद्वारा थप ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

भाग भत्किन गएमा समिति जवाफदेही हुने छैन र त्यसरी बढी भाग भत्किन गई क्षति पुग्न गए बापत सम्बन्धित व्यक्तिले क्षतीपूर्ति माग गर्न पाउने छैन ।

■१०.६ उपदफा १०.१ बमोजिम समितिले कुनै निर्माणको भाग भत्काउने वा हटाउने आदेश दिएकोमा सो निर्माणको भाग नभत्काए वा नहटाएसम्म त्यस्तो सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक छाडी दिन वा धितो बन्धकी दिन नपाउने गरी रोक्का राख्न समितिले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित निकायले पनि लेखी आए बमोजिम गरिदिनु पर्नेछ ।

११. <u>समितिको काम, कर्तव्य र अधिकारः</u>

११.१ यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

११.१.१ नगर योजना क्षेत्रलाई विभिन्न भू–उपयोग क्षेत्रहरुमा विभाजन गर्ने,

▶११.१.२ भू–उपयोग क्षेत्रमा भौतिक विकासका लागि आवश्यक शर्त वा मापदण्ड तोक्ने,

■११.१.२क भू–उपयोग क्षेत्रको आधारमा जग्गाको वर्गीकरण गर्ने,

■११.१.२ख संस्था वा ▣<u>स्थानीय तह</u>लाई कुनै शर्त वा मापदण्ड तोकी जग्गाको भौतिक विकास गर्न मार्गदर्शन गर्ने,

११.१.३ प्राचीन स्मारक सम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही नगर योजना क्षेत्रमा कुनै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको समुचित विकास तथा सम्भारको लागि आवश्यक परियोजना बनाई कार्यान्वयन गर्ने,

११.१.४ नगर योजना क्षेत्रको प्राकृतिक एवं वातावरणीय संरक्षणको लागि वनजङ्गल, खोलानाला, घाट तथा जलक्षेत्रमा हुने निर्माण एवं अन्य क्रियाकलापहरुको सम्बन्धमा शर्त तोकी सो बमोजिम कार्य गर्ने गराउने,

११.१.५ प्रतिकूल प्रभाव पर्ने गरी प्राकृतिक सम्पदाको उपयोग गर्न निषेध गर्ने,

११.१.६ नगर योजनाले निर्दिष्ट गरे बमोजिम भू–उपयोग क्षेत्रमा जग्गा विकास तथा भवन निर्माण परियोजना बनाई कार्यान्वयन गर्ने,

११.१.७ नगर योजना अनुरुप नेपाल सरकारले समय समयमा दिएको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

११.२ यस ऐन बमोजिमका काम कारबाही गर्दा नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय कायम गरी काम गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।

१२. <u>जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>

१२.१ सुनियोजित रुपमा नगरको विकास गर्ने क्रममा विभिन्न आय वर्गका व्यक्तिहरुको निमित्त आधारभूत आवासको आवश्यकता पूरा गर्नको लागि आवास घडेरीको व्यवस्था गर्न र अन्य शहरी क्रियाकलापको लागि समितिले नेपाल सरकारको नीति निर्देशनको अधीनमा रही देहाय बमोजिम जग्गा विकास कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछः–

---

■ तेस्रो संशोधनद्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

१२.१.१ नगर योजना क्षेत्रभित्रको कुनै भागमा ■कम्तीमा पचहत्तर प्रतिशत स्थानीय जग्गाधनी र मोहीहरु समेतको सहभागिता जुटाई सेवा सुविधा सम्बन्धी परियोजना तर्जुमा गर्ने र सो परियोजना बमोजिम काम गर्न नेपाल सरकारको सम्बन्धित निकाय, कुनै सङ्गठित संस्था *नगरपालिका वा स्थानीय जनताले लगानी गर्ने गरी निर्देशित जग्गा विकास (गाईडेड लायण्ड डेभलपमेण्ट) कार्यक्रम सञ्चालन गर्ने,

१२.१.२ नगर योजना क्षेत्रभित्रको कुनै भागमा ⊕कम्तीमा एकाउन्न प्रतिशत जग्गाधनी वा मोहीहरुको सहमति रहेमा सो ठाउँमा रहेका जग्गाका विभिन्न कित्ताहरुलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरु बेची असुल गर्ने र बाँकी विकसित घडेरीहरु साविक कै जग्गाधनी वा मोहीहरुलाई समानुपातिक आधारमा फिर्ता दिने व्यवस्था गरी जग्गा एकीकरण (लायण्ड पुलिंग) कार्यक्रम सञ्चालन गर्ने,

■१२.१.२क उपदफा १२.१.२ बमोजिम नगर योजना क्षेत्रभित्रको कुनै भागमा समितिले जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न चाहेमा वा यस दफा बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन नभएको भागमा चार किल्ला खोली जग्गा एकीकरण कार्यक्रम सञ्चालन गराई पाउँभनी सो ठाउँका कम्तीमा ⊕एकाउन्न प्रतिशत जग्गाधनी वा मोहीहरुले निवेदन गरेमा कम्तीमा पचास परिवार बसोबास हुने ठाउँमा समितिले जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

■१२.१.२ख उपदफा १२.१.२क बमोजिम जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्ने भएमा समितिले स्थानीय जग्गाधनी वा मोहीहरुको सहभागिता जुटाउन उपभोक्ताहरु मध्येबाट उपभोक्ता समिति गठन गर्नेछ र उपभोक्ता समितिको सहयोगमा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

■१२.१.२ग उपदफा १२.१.२ख बमोजिम जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्दा समितिले दफा ८ बमोजिमको प्रक्रिया अपनाई सो भागमा रहेका अचल सम्पत्ति टुक्र्याउन वा भौतिक परिवर्तन गर्न नपाउने गरी बढीमा दुई वर्षको लागि रोक लगाउनेछ ।

■१२.१.२घ जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्दा समितिले उपभोक्ता समितिको सल्लाह लिई त्यस भागमा सडक, ढल, खुला क्षेत्र, खानेपानी, बिजुली लगायतका अन्य सेवा सुविधा उपलब्ध गराउन त्यस भागमा रहेका जग्गाको प्रचलित मोल र साबिकको बाटो लगायतका अन्य सुविधा समेतको आधारमा कुन जग्गाधनी वा मोहीको के कति क्षेत्रफल जग्गा छुट्याउनु पर्ने हो, सो यकिन गरी जग्गा छुट्याउनेछ ।

■१२.१.२ङ उपदफा १२.१.२घ बमोजिम जग्गा छुट्याइसकेपछि समितिले उपदफा १२.१.२ बमोजिम विकसित घडेरीहरु साबिकका जग्गा धनी वा मोहीहरुलाई फिर्ता दिने प्रयोजनको लागि सो भागमा पर्ने सम्पूर्ण कित्ताका जग्गालाई एउटै कित्तामा परिणत गरी

---

■ तेस्रो संशोधनद्वारा थप ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

⊕ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

⊕ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

जग्गा एकीकरण कार्यक्रमलाई अन्तिम रुप दिनको लागि उपदफा १२.१.२ग को अधीनमा रही बढीमा एक वर्षको लागि सो भागमा पर्ने कुनै अचल सम्पत्ति कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्न नपाउने गरी रोक लगाउन रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित कार्यालयले पनि त्यस्तो सूचना प्राप्त भएपछि त्यस भागमा लेखी आए बमोजिम कुनै अचल सम्पत्ति कुनै पनि व्यहोराले हक हस्तान्तरण हुने गरी रजिष्ट्रेशन गर्नु हुँदैन ।

■१२.१.२च उपदफा १२.१.२ङ बमोजिम हक हस्तान्तरण गर्न रोक लगाइसकेपछि समितिले सोही उपदफामा उल्लिखित म्यादभित्र उपदफा १२.१.२ बमोजिम साविकका जग्गाधनी वा मोहीलाई अस्थायी निस्सा सहित विकसित घडेरीहरु फिर्ता गर्नेछ ।

■१२.१.२छ उपदफा १२.१.२च बमोजिम सम्बन्धित जग्गाधनी वा मोहीलाई अस्थायी निस्सा सहित विकसित घडेरी फिर्ता गरिसकेपछि समितिले सो निस्सा अनुसार नक्सामा मिलान गर्न तथा सो अनुरुप जग्गाधनी दर्ता श्रेस्ता खडा गर्न र जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी वितरण गर्न सम्बन्धित नापी शाखा र माल वा मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित नापी शाखा र माल वा मालपोत कार्यालयले पनि सो अनुरुप नक्सा मिलान गर्ने, जग्गाधनी श्रेस्ता खडा गर्ने र जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी सम्बन्धित जग्गाधनी वा मोहीलाई वितरण गर्नु पर्नेछ ।

■१२.१.२ज प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा १२.१.२छ बमोजिम नक्सा मिलान भई नयाँजग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी प्रमाण पूर्जा तयार भइसकेपछि जग्गा एकीकरण कार्यक्रम सञ्चालन भएको भागको साबिकको नक्सा र सो भागमा रहेका जग्गाधनी वा मोहीको साबिकको सबै लगत श्रेस्ता स्वतः बदर हुनेछ ।

१२.१.३ नगर योजना क्षेत्रको कुनै भागको जग्गा दफा १६ बमोजिम नेपाल सरकारबाट प्राप्त गराई समिति आफैले वा कुनै सङ्गठित संस्था मार्फत त्यस्तो जग्गामा सेवा सुविधाको व्यवस्था गरी घडेरीहरु तयार गर्ने र बिक्री वितरण गर्ने गरी घडेरी तथा सेवा सुविधा (साईट्स एण्ड सर्भिसेज) कार्यक्रम सञ्चालन गर्ने,

■१२.१.३क उपदफा १२.१.३ बमोजिम घडेरी बिक्री वितरण गर्दा समितिले सो नगर योजना क्षेत्रमा घडेरी वा जग्गा नभएका साबिकका जग्गाधनी तथा मोहीलाई प्राथमिकता दिनेछ । त्यसरी बिक्री वितरण गरिएका घडेरीहरु समितिको पूर्व स्वीकृति बिना टुक्र्याउन पाइने छैन ।

१२.१.४ माथि उपदफाहरु बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालनको निमित्त कुनै जग्गाधनीको एकीकरण गरिएको वा प्राप्त गरिएको जग्गा जग्गा विकास कार्यक्रम अनुसार निर्धारित न्यूनतम इकाईको घडेरीको क्षेत्रफल भन्दा कम हुने रहेछ भने त्यस्तो जग्गाधनीलाई लागेको खर्च लिई न्यूनतम इकाईको एक घडेरी उपलब्ध गराइनेछ ।

■१२.१.५ उपदफा १२.१.४ बमोजिम न्यूनतम इकाईको क्षेत्रफल भन्दा कम जग्गा हुने कुनै जग्गाधनीले समितिले निर्धारण गरेको खर्च तिरी घडेरी लिन नसक्ने भएमा समितिले

■ तेस्रो संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा थप ।

त्यस्तो जग्गाधनी वा मोहीको जग्गा आफै लिई निजलाई सो जग्गा बापत प्रचलित मोल बराबरको रकम क्षतिपूर्ति दिनेछ ।

❐१२.२ निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्ने क्रममा बाटो निर्माण गर्दा त्यस्तो जग्गाको मुखमा कुनै व्यक्तिको जग्गा पर्ने रहेछ र त्यस्तो व्यक्तिले सो जग्गा छोड्न नमानी सो बाटो खुलाउने अरु कुनै उपाय नभएमा त्यस्तो जग्गा दफा १६ बमोजिम प्राप्त गरिनेछ । त्यसरी जग्गा प्राप्त गर्दा दिनु पर्ने क्षतीपूर्तिको रकममध्ये पचास प्रतिशत रकम समितिले र बाँकी पचास प्रतिशत रकम जग्गा विकास कार्यक्रम लागू गरिदा लाभान्वित हुने व्यक्तिहरुले व्यहोर्नु पर्नेछ ।

❐१२.३ निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने समितिले स्थानीय जग्गाधनी तथा मोहीहरुको सहभागिता जुटाउन उपभोक्ता समिति गठन गर्न सक्ने छ र समितिको कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउनु त्यस्तो उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

❐१२.४ समितिले निर्देशित जग्गा विकास कार्यक्रम लागू नगरेको ठाउँमा चार किल्ला खोली निर्देशित जग्गा विकास कार्यक्रम लागू गराई पाउँभनी जग्गाधनी र मोहीहरुले समितिमा निवेदन दिएमा समितिले कम्तीमा पचास परिवार बसोबास हुन सक्ने देखेमा निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्न सक्नेछ । यसरी निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्दा कुनै जग्गा प्राप्त गर्नु पर्ने अवस्था परेमा त्यसरी प्राप्त गरिने जग्गाको क्षतीपूर्तिको सम्पूर्ण रकम त्यस्तो कार्यक्रम लागू गरिदा लाभान्वित हुने स्थानीय जनताले व्यहोर्नु पर्नेछ ।

▶१२क. <u>भौतिक विकास सम्बन्धी योजनाको स्वीकृति र सञ्चालनः</u>

१२क.१ नगर योजना लागू भएको क्षेत्रमा कुनै संस्थाले भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्न चाहेमा सो योजना तर्जुमा गरी समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

१२क.२ उपदफा १२क.१ बमोजिम समितिबाट योजना स्वीकृत गराइसकेपछि सम्बन्धित संस्थाले समितिले तोकिदिए बमोजिमको शर्त वा मापदण्ड अनुसार भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्नु पर्नेछ ।

■१२ख. <u>संस्थालाई सहयोग तथा छुट दिन सक्नेः</u>

१२ख.१ भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्ने संस्थालाई समितिले देहायका कुनै सुविधा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछः–

१२ख.१.१ भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्न प्राविधिक सहयोग उपलब्ध गराउन,

१२ख.१.२ त्यस्तो संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्न बित्त कम्पनी, वित्तीय संस्था वा बैंकबाट सहुलियत प्राप्त क्षेत्र सरह ऋण उपलब्ध गराउन सिफारिस गर्न,

१२ख.१.३ त्यस्तो संस्थालाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम उपलब्ध गराउन ।

१२ख.२ कुनै संस्थालाई भौतिक विकास सम्बन्धी योजना तर्जुमा तथा सञ्चालन गर्ने सिलसिलामा जग्गा खरिद गर्नु परेमा समितिको सिफारिसमा नेपाल सरकारले त्यस्तो जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत रकम छुट दिन सक्नेछ ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

❐ दोस्रो संशोधनद्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

तर त्यस्तो संस्थाले सञ्चालन गरेको भौतिक विकास सम्बन्धी योजना कुनै कारणले कार्यान्वयन हुन नसकेमा सो संस्थाले नेपाल सरकारबाट छुट पाएको रजिष्ट्रेशन वापतको रकम र सो रकमको प्रचलित कानून बमोजिमको ब्याज नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

१२ख.३ भौतिक विकास सम्बन्धी योजना सञ्चालनको लागि कुनै संस्थालाई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न छुट दिनु परेमा समितिको सिफारिस र हदबन्दी छुट दिने सम्बन्धित निकायले तोकेको शर्त र सहमतिमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रचलित कानून बमोजिमको हदबन्दी व्यवस्था त्यस्तो संस्थाको सो जग्गाको हकमा लागू नहुने गरी छुट दिन सक्नेछ ।

तर त्यस्तो योजना कार्यान्वयन नै नगरेमा वा समितिले तोकिदिएको शर्त वा मापदण्ड अनुसार कार्यान्वयन नगरेको भनी समितिले निर्णय गरेमा त्यस्तो संस्थाले जग्गाको हदबन्दी सम्बन्धी सुविधा पाउने छैन ।

■१२ग. ▣स्थानीय तहले जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेः

१२ग.१ ▣स्थानीय तहले चाहेमा आफ्नो क्षेत्रभित्रको कुनै भागमा दफा १२ बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१२ग.२ उपदफा १२ग.१ बमोजिम ▣स्थानीय तहले जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने भएमा समिति गठन भएको ठाउँमा समितिको, समिति गठन नभएको ठाउँमा नगर विकास जिल्ला समन्वय समितिको र त्यस्तो समिति पनि गठन नभएको ठाउँमा नगर विकास केन्द्रीय समन्वय समितिको सिफारिस लिई त्यस्तो कार्यक्रम मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

१२ग.३ दफा १२ बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा ▣स्थानीय तहलाई यस ऐन बमोजिम समितिलाई भए सरहको अधिकार हुनेछ र ▣स्थानीय तहले त्यस्तो जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा यस ऐन बमोजिम समितिले अपनाउनु पर्ने कार्यविधि र अन्य व्यवस्थाको पालना समेत गर्नु पर्नेछ ।

१२ग.४ उपदफा १२ग.१ बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने ▣स्थानीय तहलाई मन्त्रालय वा समितिले प्राविधिक तथा आर्थिक सुविधा उपलब्ध गराउन सक्नेछ ।

१३. आर्थिक स्रोत जुटाउने अधिकारःसमितिले आफ्नो काम सुचारुरुपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने खर्चको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

■१३क. अनुदान, सहयोग, ऋण दिन स्वीकृति लिनु पर्नेःसमितिले आफ्नो नाममा रहेको चल अचल सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई चन्दा, अनुदान, सहयोग वा ऋण दिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१४. समितिको कोषः

१४.१ समितिको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायका रकमहरु रहने छन्:–

१४.१.१ नेपाल सरकारबाट प्राप्त अनुदान,

१४.१.२ नेपाल सरकार मार्फत कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम,

---

■ तेस्रो संशोधनद्वारा थप ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

■ तेस्रो संशोधनद्वारा थप ।

१४.१.३ समितिको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

१४.१.४ समितिलाई प्राप्त अन्य कुनै रकम ।

१४.२ समितिको सबै रकम समितिको नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

१४.३ समितिको तर्फबाट गर्नु पर्ने सम्पूर्ण खर्चहरु उपदफा १४.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१४.४ समितिको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१५. समितिको लेखा र लेखापरीक्षणः

१५.१ समितिको लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ ।

१५.२ समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१५.३ नेपाल सरकारले चाहेमा समितिको हिसाब किताब सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१६. जग्गा प्राप्त गर्नेःमन्त्रालयले नगर योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरी समितिलाई उपलब्ध गराई दिन सक्नेछ ।

१७. नगर विकास केन्द्रीय समन्वय समितिको गठन तथा काम, कर्तव्य र अधिकारः

१७.१ नेपाल ✒....... को विभिन्न इलाका, बजार *ग्रामीण क्षेत्र, नगर क्षेत्र र क्षेत्रीय विकास केन्द्रमा गठन हुने समितिहरुको काम कारबाहीमा समन्वय ल्याउन मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक नगर विकास केन्द्रीय समन्वय समिति गठन गर्न सक्नेछ ।

१७.२ समितिमा रहने कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु जनप्रतिनिधि र समाजसेवी रहनेछन्।

१७.३ उपदफा १७.१ बमोजिम गठित समितिमा रहने सदस्यहरु तथा त्यस्ता सदस्यहरुको पदावधि सोही उपदफा बमोजिमको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

१७.४ मन्त्रालयले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा १७.१ बमोजिम गठित समितिका सदस्यहरुमा उपदफा १७.२ को अधीनमा रही आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

१७.५ उपदफा १७.१ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

■१७क. नगर विकास जिल्ला समन्वय समितिको गठनः

१७क.१ नेपाल ✒....... को विभिन्न इलाका, बजार, ग्रामीण क्षेत्र र नगर क्षेत्रमा गठन हुने समितिहरुको काम कारबाहीमा जिल्लास्तरमा समन्वय ल्याउन मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नगर विकास जिल्ला समन्वय समिति गठन गर्न सक्नेछ ।

१७क.२ उपदफा १७क.१ बमोजिम गठित समितिमा रहने कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु जनप्रतिनिधि र समाजसेवी रहने छन् ।

१७क.३ उपदफा १७क.१ बमोजिम गठित समितिमा रहने अध्यक्ष तथा सदस्यहरुको पदावधि सोही उपदफा बमोजिमको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

---

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

१७क.४ मन्त्रालयले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा १७क.१ बमोजिम गठित समितिका सदस्यहरुमा उपदफा १७क.२ को अधीनमा रही आवश्यक हेरफेर गर्न सक्नेछ।

१७क.५ उपदफा १७क.१ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८. सजायः

१८.१ कसैले दफा ९ अन्तर्गत समितिले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरु समितिको पूर्व स्वीकृति बिना गरेमा वा समितिले स्वीकृति दिँदा ▶कुनै शर्त वा मापदण्ड तोकिदिएको भए त्यस्तो शर्त वा मापदण्ड विपरीत हुने गरी गरेमा त्यस्तो व्यक्तिलाई समितिले अपराधको गाम्भीर्यता र अभियुक्तको हैसियत हेरी बढीमा ⌘एक लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१८.२ कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिले गरेको वा गर्न लागेको काम कारबाहीमा बाधा बिरोध गरेमा त्यस्तो व्यक्तिलाई समितिले ⌘पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१८.३ कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिले दिएको आदेश वा निर्देशन विपरीत कुनै काम कारबाही गरेमा त्यस्तो व्यक्तिलाई समितिले पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१८.४ कसैले माथि लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम कारबाही गरेमा त्यस्तो व्यक्तिलाई समितिले पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

❒१८.५ उपदफा १८.१ वा १८.२ बमोजिम समितिले कैदको सजाय गर्दा दफा २० बमोजिमको पुनरावेदन समितिमा साधक जाहेर गरी सदर भएपछि मात्र कार्यान्वयन गर्नु पर्नेछ ।

१९. पुनरावेदनः दफा १८ बमोजिम समितिले दिएको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र दफा २० बमोजिमको पुनरावेदन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

२०. पुनरावेदन समितिः

✱२०.१ दफा १० वा १८ बमोजिम समितिले दिएको आदेश उपर पुनरावेदन सुन्न नेपाल सरकारले आवश्यकतानुसार पुनरावेदन समितिहरु गठन गर्न सक्नेछ ।

२०.२ पुनरावेदन समितिमा नेपाल सरकारले तोकेका देहायका सदस्यहरु रहनेछन्:–

▶२०.२.१ उच्च अदालतको न्यायाधीश वा उच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका कुनै व्यक्ति –अध्यक्ष

२०.२.२ सम्बन्धित विषयको विशेषज्ञ –सदस्य

२०.२.३ एकजना प्रतिष्ठित व्यक्ति –सदस्य

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

⌘ दोस्रो संशोधनद्वारा संशोधित ।

⌘ दोस्रो संशोधनद्वारा संशोधित ।

❒ दोस्रो संशोधनद्वारा थप ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

२०.३ पुनरावेदन समितिलाई बयान गराउने, साक्षी प्रमाण बुझ्ने, साक्षीलाई उपस्थित गराउने, लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

२०.४ पुनरावेदन समितिको कार्य सञ्चालन सम्बन्धी कार्यविधि पुनरावेदन समिति आफैले निर्धारण गर्नेछ ।

■२०.५ पुनरावेदन समितिका सदस्यहरुको पदावधि, सेवाको शर्त वा सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

२१. असल नियतले गरेको कामको बचाउः समिति वा पुनरावेदन समितिका सदस्य वा कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा विनियमावली बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको कुनै हानि नोक्सानीको निम्ति व्यक्तिगत रुपमा जवाफदेही हुनु पर्ने छैन ।

तर कसैलाई अनावश्यक दुःख, हैरानी वा झन्झट दिने मनसायले कुनै काम गरेकोमा सम्बन्धित व्यक्ति त्यसका लागि जवाफदेही हुनु पर्नेछ ।

२२. अधिकार प्रत्यायोजनः समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार समितिको कुनै सदस्य वा दफा ७ बमोजिम गठित उप–समिति वा समितिको कुनै अधिकृत कर्मचारीलाई आवश्यकतानुसार प्रत्यायोजन गर्न सक्नेछ ।

२३. नेपाल सरकारले निर्देशन दिन सक्नेः नेपाल सरकारले नगर योजनाको तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२४. नेपाल सरकारको अधिकारः

२४.१ यस ऐन अन्तर्गत गठित कुनै समितिले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा नेपाल सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।

२४.२ नेपाल सरकारले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा समितिले यस ऐन बमोजिम दिएको कुनै आदेश पूर्ण वा आंशिक रुपमा बदर गर्न सक्नेछ ।

२४.३ यस ऐन अन्तर्गत गठित कुनै समितिले गर्नु पर्ने काम पूरा गरिसकेको छ वा आफूले गर्नुपर्ने काम कर्तव्य वा निर्देशनको ➢पालना गरेको छैन भन्ने लागेमा वा समिति कायम राखी राख्न आवश्यक नदेखिएमा नेपाल सरकारले त्यस्तो समितिलाई विघटन गर्न सक्नेछ ।

२४.४ उपदफा २४.३ बमोजिम समिति विघटन भएको अवस्थामा र समिति गठन हुनुभन्दा पूर्व प्रारम्भिक कारबाहीको अवस्थामा समितिको हक तथा दायित्व नेपाल सरकारमा रहनेछ ।

■२४क. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिएको जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

⊕२४ख. मुद्दा सर्नेः (१) दफा २४ बमोजिम समिति विघटन भएमा समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा र दफा २० अन्तर्गत गठित पुनरावेदन समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित उच्च अदालतमा सर्नेछन् ।

(२) समितिले दिएको सजाय उपर ऐन बमोजिमको पुनरावेदन समितिमा पुनरावेदन लाग्ने रहेछ भने त्यस्तो पुनरावेदन सोही ऐनले तोकेको म्यादभित्र सम्बन्धित उच्च अदालतमा गर्न सकिनेछ ।

---

■ तेस्रो संशोधनद्वारा थप ।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५द्वारा थप ।

(३) समितिको हक, दायित्व नेपाल सरकारमा सर्नेछ र कागजात तथा अभिलेख नेपाल सरकारले तोकेको निकाय वा कार्यालयमा सर्नेछ ।

२५. नेपाल सरकारसँगको सम्पर्कः समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा ➢मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२६. नियमावली तथा विनियमावली बनाउन सक्नेः

२६.१ यो ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधीनमा रही नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२६.२ यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही समितिले मन्त्रालयको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

२७. छिन्न बाँकी मुद्दा सर्नेःयो ऐन प्रारम्भ हुँदा नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिबाट कारबाही भई छिन्न बाँकी मुद्दाहरु यस ऐन बमोजिम गठित समितिमा सर्नेछन् ।

२८. खारेजी र बचाउः

२८.१ नगर विकास समिति ऐन, २०१९ र नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ खारेज गरिएका छन् ।

२८.२ नगर विकास समिति ऐन, २०१९ र नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिहरुले गरिआएका काम कारबाही र हक तथा दायित्व यस ऐन बमोजिम गठित सम्बन्धित नगर विकास समितिमा सर्नेछन् ।

२८.३ यस ऐन बमोजिम नगर विकास समिति गठन नभएसम्म नगर विकास समिति ऐन, २०१९ र नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिहरु यसै ऐन बमोजिम गठन भए सरह मानी कायमै रहने छन् ।

---

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

द्रष्टव्यः (१) नगर विकास (पहिलो संशोधन) ऐन, २०४७ को दफा ६ निम्न बमोजिम रहेको छः-

"६. मुद्दा सर्नेः यो दफा प्रारम्भ हुँदाका बखत नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत कारबाही भई श्री ५ को सरकारमा पुनरावेदन परी छिन्न बाँकी रहेका पुनरावेदन तहका मुद्दाहरु मूल ऐनको दफा २० बमोजिमको सम्बन्धित पुनरावेदन समितिमा सर्नेछन् ।"

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।

(३) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"पुनरावेदन अदालत"को सट्टा "उच्च अदालत"।

(४) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा दफा ११, १२, १२ख., १३, १३क., १४, १५, २०, २३, २४, २५ र २६ को उपदफा २६.१ बाहेक अन्यत्र ठाउँ ठाउँमा रहेका रुपान्तर गरिएका शब्दहरुः-
"नेपाल सरकार"को सट्टा "मन्त्रालय"।

# काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५

लालमोहर र प्रकाशन मिति

२०४५।८।१

संशोधन गर्ने ऐन

१. न्याय प्रशासन ऐन, २०४८ — २०४८।२।१६

प्रमाणीकरण र प्रकाशन मिति

२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६⬅ — २०६६।१०।७

३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ — २०७२।११।१३

४. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ — २०७५।११।१९

२०४५ सालको ऐन नं. २३

✒.............

काठमाडौं उपत्यका विकास प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः काठमाडौं उपत्यकामा बढ्दो जनसङ्ख्या तथा शहरीकरणको परिप्रेक्ष्यमा भइरहेका नगरहरुको पुनः निर्माण, विस्तार र विकासको साथै योजनाबद्ध रुपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधाहरु पुऱ्याउन तथा सर्वसाधारण जनताको स्वास्थ्य सुविधा एवं आर्थिक हित कायम राख्न काठमाडौं उपत्यका विकास प्राधिकरणको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५" रहेको छ ।

१.२ यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।⭘

२. परिभाषाः

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

२.१.१ "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको काठमाडौं उपत्यका विकास प्राधिकरण सम्झनु पर्छ ।

२.१.२ "भौतिक विकास योजना" भन्नाले दफा ५ बमोजिम तर्जुमा भई नेपाल सरकारबाट स्वीकृत भौतिक विकास योजना सम्झनु पर्छ ।

२.१.३ "योजना क्षेत्र" भन्नाले अनुसूचीमा उल्लेख भए बमोजिमको काठमाडौं उपत्यका विकास योजना क्षेत्र सम्झनु पर्छ ।

---

⬅ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको।

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

⭘ सम्वत् २०६८।१२।१३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा यो ऐन सम्वत् २०६९।१।१ देखि प्रारम्भ हुने गरी तोकिएको ।

२.१.४ "समिति" भन्नाले दफा १३ बमोजिम गठित काठमाडौं उपत्यका भौतिक विकास समिति सम्झनु पर्छ ।

२.१.५ "सञ्चालक समिति" भन्नाले दफा १४ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्छ ।

२.१.६ "विकास आयुक्त" भन्नाले दफा १७ को उपदफा १७.१ बमोजिम नियुक्त विकास आयुक्त सम्झनु पर्छ ।

२.१.७ "पुनरावेदन समिति" भन्नाले दफा २३ बमोजिमको पुनरावेदन समिति सम्झनु पर्छ।

२.१.८ "जग्गा" भन्नाले जुनसुकै जग्गा र त्यसमा स्थायी रुपले रहेको घर, बनोट, ताल, पोखरी, रुख आदि समेतलाई जनाउँछ ।

२.१.९ "भवन" भन्नाले आवासीय, कार्यालय, औद्योगिक, व्यापारिक वा अन्य कुनै प्रयोगको लागि बनेको भवन वा घर सम्झनु पर्छ र सो शब्दले गोदाम घर, टहरा, गोठ, ग्यारेज, चर्पी, पर्खाल वा त्यसको कुनै भागलाई समेत जनाउँछ ।

२.१.१० "सेवा सुविधा" भन्नाले सडक, बाटो, खुल्ला ठाउँ, पार्क, मनोरञ्जनस्थल, खेल मैदान, पानी, बिजुली, टेलिफोन, ढल निकास, विद्यालय, अस्पताल आदि सम्झनु पर्छ ।

२.१.११ "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. प्राधिकरणको स्थापना: काठमाडौं उपत्यकालाई योजनाबद्ध रुपमा विकास गरी जनसाधारणलाई आवश्यक सेवा सुविधाहरु पुऱ्याउन भौतिक विकास योजनाको तर्जुमा र कार्यान्वयन गर्नको लागि काठमाडौं उपत्यका विकास प्राधिकरण स्थापना गरिएको छ ।

४. प्राधिकरण सङ्गठित संस्था हुने:

४.१ दफा ३ बमोजिम गठित प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

४.२ प्राधिकरणको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

४.३ प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

४.४ प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. भौतिक विकास योजनाको तर्जुमा र स्वीकृति:

५.१ काठमाडौं उपत्यकाको भौतिक विकासको लागि देहायको कुनै वा सबै उद्देश्य पूरा गर्न प्राधिकरणले भौतिक विकास योजना तर्जुमा गर्न सक्नेछ:–

५.१.१ काठमाडौं उपत्यकालाई नेपाल ✒............. को एक प्रमुख प्रशासनिक, पर्यटन, सांस्कृतिक एवं आर्थिक केन्द्रको रुपमा विकास गर्ने,

५.१.२ भइरहेको नगरको पुनः निर्माण, विस्तार र विकास गर्ने तथा नयाँनगरको निर्माण गर्ने,

५.१.३ भौतिक विकासको लागि भू–उपयोग (ल्याण्ड यूज) क्षेत्र निर्धारण गर्ने,

५.१.४ जनसाधारणलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,

---

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

५.१.५ उपर्युक्त कार्यहरुसँग सम्बद्ध अन्य कार्यहरु गर्ने ।

५.२ उपदफा ५.१ बमोजिम प्राधिकरणले बनाएको भौतिक विकास योजना नेपाल सरकारबाट स्वीकृत हुनु पर्नेछ ।

५.३ उपदफा ५.२ बमोजिम नेपाल सरकारबाट स्वीकृत भौतिक विकास योजना प्राधिकरणले कार्यान्वयन गर्नेछ ।

६. <u>प्राधिकरणको काम, कर्तव्य र अधिकार:</u>

६.१ यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

६.१.१ योजना क्षेत्रलाई विभिन्न भू–उपयोग क्षेत्रहरुमा विभाजन गर्ने,

६.१.२ भू–उपयोग क्षेत्रमा भौतिक विकासका लागि आवश्यक शर्तहरु निर्धारण गर्ने र त्यस्तो क्षेत्रमा गरिने निर्माणका विधिहरु तोक्ने,

६.१.३ प्राचीन स्मारक सम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही योजना क्षेत्रमा कुनै धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाको समुचित विकास तथा सम्भारको लागि आवश्यक परियोजना बनाई कार्यान्वयन गर्ने,

६.१.४ योजना क्षेत्रको प्राकृतिक एवं वातावरणीय संरक्षणको लागि वनजंगल, खोलानाला, घाट तथा जल क्षेत्रमा हुने निर्माण एवं अन्य क्रियाकलापहरुको सम्बन्धमा शर्त तोकी सो बमोजिम कार्य गर्ने गराउने,

६.१.५ प्रतिकूल प्रभाव पर्ने गरी प्राकृतिक सम्पदाको उपयोग गर्न निषेध गर्ने,

६.१.६ भौतिक विकास योजनाले निर्दिष्ट गरे बमोजिम भू–उपयोग क्षेत्रमा जग्गा विकास कार्यक्रम तथा भवन निर्माण परियोजना बनाई कार्यान्वयन गर्ने,

६.१.७ भौतिक विकास योजना अनुरुप नेपाल सरकारले समय समयमा दिएको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

६.२ यस ऐन बमोजिम काम कारबाही गर्दा नेपाल सरकारका निकाय तथा अन्य सम्बन्धित निकायसँग समन्वय कायम गरी काम गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

७. <u>रोक लगाउन सक्ने:</u>

७.१ भौतिक विकास योजना कार्यान्वयन गर्न प्राधिकरणले समय समयमा स्पष्ट रुपले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी बढीमा तीन वर्षको अवधि ननाघ्ने गरी सोही सूचनामा तोकिएको अवधिभरको लागि योजना क्षेत्रभित्र पर्ने सोही सूचनामा तोकिएको क्षेत्रमा जुनसुकै प्रकारको अचल सम्पत्ति प्राधिकरणको पूर्व स्वीकृति विना कुनै प्रकारले भौतिक परिवर्तन गर्न वा टुक्र्याउन नपाउने गरी रोक लगाउन सक्नेछ ।

७.२ उपदफा ७.१ बमोजिम रोक लगाएको कुराको सूचना प्राधिकरणले रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

७.३ रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयले उपदफा ७.२ बमोजिमको सूचना पाएमा त्यस्तो अचल सम्पत्ति टुक्र्याउने गरी रजिष्ट्रेशन गर्न हुँदैन ।

८. <u>नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेः</u>

८.१ भौतिक विकास योजना कार्यान्वयन गर्ने प्रयोजनको लागि प्राधिकरणले समय समयमा स्पष्ट रुपले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी योजना क्षेत्रभित्र पर्ने सोही सूचनामा तोकिएको क्षेत्रमा देहायका काम कुराहरु आवश्यकतानुसार नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेछ र त्यसरी नियमित, नियन्त्रण वा निषेध गरिएका काम कुराहरु प्राधिकरणको पूर्व स्वीकृति विना कसैले गर्न गराउन हुँदैनः–

८.१.१ प्राकृतिक सम्पदा, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरु, ऐलानी जग्गाहरु एवं अचल सम्पत्तिको उपभोग र प्रयोग गर्ने,

८.१.२ आवादी तथा पर्ति जग्गाहरु भू–उपयोग योजना अनुरुप उपभोग वा प्रयोग गर्ने,

८.१.३ कुनै प्रकारको भवन निर्माण गर्ने वा निर्माण भैसकेका भवनहरुको विस्तार गर्ने,

८.१.४ कुनै प्रकारको बस्ती वा बसोवास बसाउने वा मनोरञ्जन स्थल, बजार, हाट, उद्योग आदि बसाल्ने वा बनाउने,

८.१.५ प्राकृतिक सौन्दर्य, पर्यटन स्थल वा जनसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा कुनै प्रकारले वातावरण दूषित हुने काम गर्ने,

८.१.६ बाटोघाटो, पुल, यातायातको साधन, पानी, बत्ती, टेलिफोन लाइन आदि प्रयोग गर्ने ।

८.२ दफा ७ वा उपदफा ८.१ बमोजिम प्राधिकरणले कसैको अचल सम्पत्तिको भोग चलनमा कुनै किसिमको बन्देज लगाउँदा सार्वजनिक हितलाई ध्यानमा राखी सर्वसाधारण जनतालाई उपयोगी हुने भएमा मात्र बन्देज लगाउन सक्नेछ र त्यस्तो बन्देज सम्बन्धी निर्णय गर्दा वा तत्सम्बन्धी सूचना वा आदेश जारी गर्दा त्यस्तो सार्वजनिक हित हुने कुरा समेत स्पष्ट खुलाउनु पर्नेछ ।

८.३ उपदफा ८.१ को प्रयोजनको लागि प्राधिकरणले स्वीकृति दिँदा आंशिक वा पूर्णरुपले स्वीकृति दिन वा नदिन सक्नेछ वा स्वीकृति दिँदा आवश्यक शर्त समेत तोकिदिन सक्नेछ।

८.४ योजना क्षेत्रभित्रको कुनै अचल सम्पत्तिको तथ्याङ्क लिन वा सर्भे गर्नको लागि कसैको जग्गामा प्रवेश गर्न वा सम्बन्धित व्यक्तिलाई बुझ्न प्राधिकरणलाई पूर्ण अधिकार हुनेछ ।

९. <u>रोक्ने वा भत्काउनेः</u>

९.१ दफा ८ अन्तर्गत प्राधिकरणले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरु कसैले प्राधिकरणको पूर्व स्वीकृति विना गरेमा वा प्राधिकरणले स्वीकृति दिँदा कुनै शर्त तोकिदिएको भए त्यस्तो शर्त विपरीत हुने गरी गरेमा प्राधिकरणले त्यस्तो काम तत्काल रोक्ने आदेश दिन सक्नेछ र त्यस्तो कामको सिलसिलामा कुनै निर्माण गरेको रहेछ भने प्राधिकरणले पैंतीस दिनको म्याद दिई सम्बन्धित व्यक्तिलाई त्यसरी स्वीकृति बिना वा शर्त विपरीत निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिन सक्नेछ ।

९.२ उपदफा ९.१ बमोजिम प्राधिकरणले कुनै निर्माणको भाग भत्काउन वा हटाउन दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेश पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन समिति समक्ष उजूरी दिन सक्नेछ । सो उजूरीको सम्बन्धमा पुनरावेदन समितिले उजूरी परेको मितिले तीस दिनभित्र निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

९.३ उपदफा ९.२ बमोजिम उजूरी परेकोमा पुनरावेदन समितिबाट त्यस्तो निर्माणको भाग भत्काउने वा हटाउने गरी निर्णय भएमा सो निर्णय भएको मितिले पैंतीस दिनभित्र र उजूरी नपरेकोमा उपदफा ९.१ बमोजिम प्राधिकरणले आदेश दिएको मितिले पैंतीस दिन भित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग भत्काउन वा हटाउनु पर्नेछ ।

९.४ उपदफा ९.३ को म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग नभत्काएमा वा नहटाएमा प्राधिकरण आफैले भत्काउन वा हटाउन सक्नेछ र त्यसरी भत्काउँदा वा हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

१०. <u>जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>

१०.१ काठमाडौं उपत्यकालाई सुनियोजित रुपमा विकास गर्ने क्रममा विभिन्न आय वर्गका व्यक्तिहरुको निमित्त आधारभूत आवासको आवश्यकता पूरा गर्नको लागि आवास घडेरीको व्यवस्था गर्न र अन्य शहरी क्रियाकलापको लागि प्राधिकरणले नेपाल सरकारको नीति निर्देशनको अधीनमा रही देहाय बमोजिम जग्गा विकास कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछः–

१०.१.१ योजना क्षेत्रको कुनै भागमा स्थानीय जग्गाधनी र मोहीहरु समेतको सहभागिता जुटाई सेवा सुविधा सम्बन्धी परियोजना तर्जुमा गर्ने र सो परियोजना बमोजिमको काम गर्न नेपाल सरकारको सम्बन्धित निकाय, कुनै सङ्गठित संस्था वा नगरपालिका वा स्थानीय जनताले लगानी गर्ने गरी निर्देशित जग्गा विकास (गाईडेड लायण्ड डेभलपमेण्ट) कार्यक्रम सञ्चालन गर्ने,

१०.१.२ योजना क्षेत्रभित्रको कुनै भागमा रहेका जग्गाका विभिन्न कित्ताहरुलाई एकीकरण गरी सो जग्गामा भौतिक विकास योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरु बेची असुल गर्ने र बाँकी विकसित घडेरीहरु साबिककै जग्गाधनी वा मोहीहरुलाई समानुपातिक आधारमा फिर्ता दिने व्यवस्था गरी जग्गा एकीकरण (लायण्ड पुलिंग) कार्यक्रम सञ्चालन गर्ने,

१०.१.३ योजना क्षेत्रको कुनै भागको जग्गा दफा ११ बमोजिम नेपाल सरकारबाट प्राप्त गराई प्राधिकरण आफैले त्यस्तो जग्गामा सेवा सुविधाको व्यवस्था गरी घडेरीहरु तयार गर्ने र बिक्री वितरण गर्ने गरी घडेरी तथा सेवा सुविधा (साईट्स एण्ड सर्भिसेज) कार्यक्रम सञ्चालन गर्ने,

१०.१.४ माथि उपदफाहरु बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालनको निमित्त कुनै जग्गाधनीको एकीकरण गरिएको वा प्राप्त गरिएको जग्गा जग्गा विकास कार्यक्रम अनुसार निर्धारित न्यूनतम इकाईको घडेरीको क्षेत्रफल भन्दा कम हुने रहेछ भने त्यस्तो जग्गाधनीलाई लागेको खर्च दिई न्यूनतम इकाईको एक घडेरी उपलब्ध गराइनेछ ।

११. <u>जग्गा प्राप्त गर्नेः</u> नेपाल सरकारले भौतिक विकास योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा प्रचलित नेपाल कानून बमोजिम प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराई दिन सक्नेछ ।

१२. <u>आर्थिक स्रोत जुटाउने अधिकारः</u> प्राधिकरणले आफ्नो काम सुचारुरुपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने खर्चको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिई ऋृण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

१३. <u>काठमाडौं उपत्यका भौतिक विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकारः</u>

➢१३.१ काठमाडौं उपत्यकाको विकासको लागि देहायका सदस्यहरु भएको एक काठमाडौं उपत्यका भौतिक विकास समिति गठन हुनेछः–

| | | |
|---|---|---|
| १३.१.१ | सहरी विकास मन्त्री | –अध्यक्ष |
| १३.१.२ | सम्बन्धित प्रदेशको शहरी विकास हेर्ने मन्त्री | –सदस्य |

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

१३.१.३ सचिव, अर्थ मन्त्रालय –सदस्य

१३.१.४ सचिव, खानेपानी मन्त्रालय –सदस्य

१३.१.५ सचिव, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय –सदस्य

१३.१.६ सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय –सदस्य

१३.१.७ सचिव, राष्ट्रिय योजना आयोग –सदस्य

१३.१.८ सचिव, वन तथा वातावरण मन्त्रालय –सदस्य

१३.१.९ सचिव, सहरी विकास मन्त्रालय –सदस्य

१३.१.१० सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय –सदस्य

१३.१.११ सचिव, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय –सदस्य

१३.१.१२ सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय –सदस्य

१३.१.१३ प्रमुख, काठमाडौं महानगरपालिका –सदस्य

१३.१.१४ प्रमुख, ललितपुर महानगरपालिका –सदस्य

१३.१.१५ प्रमुख, भक्तपुर नगरपालिका –सदस्य

१३.१.१६ काठमाडौं उपत्यकाका अन्य नगरपालिकाहरू मध्येबाट मन्त्रालयले तोकेका तीनवटा नगरपालिकाका प्रमुखहरु –सदस्य

१३.१.१७ विकास आयुक्त –सदस्य–सचिव

१३.२ नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उपदफा १३.१ बमोजिमका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

१३.३ समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१३.४ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

१३.४.१ भौतिक विकास योजनाको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी नीति निर्धारण गर्ने,

१३.४.२ भौतिक विकास योजनालाई अन्तिम रुप दिने,

१३.४.३ भौतिक विकास योजना अन्तर्गतका कार्यक्रमहरुको प्रगति समीक्षा र मूल्याङ्कन गर्ने,

१३.४.४ प्राधिकरणको वार्षिक बजेट र विनियमावलीहरु स्वीकृत गर्ने,

१३.४.५ सञ्चालक समितिलाई अन्य आवश्यक निर्देशन दिने ।

१४. <u>सञ्चालक समितिको गठनः</u>

१४.१ प्राधिकरणको काम कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि एक सञ्चालक समिति गठन हुनेछ ।

१४.२ समितिको सामान्य निर्देशनमा रही सञ्चालक समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम र विनियम बमोजिम प्राधिकरणलाई भएका सबै अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

१४.३ उपदफा १४.१ बमोजिम गठित सञ्चालक समितिमा देहायका सदस्यहरु रहने छन्ः–

१४.३.१ विकास–आयुक्त –अध्यक्ष

☑१४.३.२ प्रमुख, काठमाडौं महानगरपालिका –सदस्य

---

☑ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

☑१४.३.३ प्रमुख, ललितपुर उप–महानगरपालिका –सदस्य

☑१४.३.४ प्रमुख, भक्तपुर नगरपालिका –सदस्य

१४.३.५ देहायका कार्यालयहरुका काठमाडौं उपत्यकाको कार्यक्रम हेर्ने प्रमुखहरु –सदस्य

१४.३.५.१ भवन विभाग

१४.३.५.२ पुरातत्व विभाग

१४.३.५.३ सडक विभाग

१४.३.५.४ नापी विभाग

१४.३.५.५ पर्यटन विभाग

१४.३.५.६ आवास तथा शहरी विकास विभाग

१४.३.५.७ खानेपानी तथा ढल निकास संस्थान

१४.३.५.८ नेपाल विद्युत प्राधिकरण

१४.३.५.९ फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र

१४.३.५.१० गुठी संस्थान

१४.३.५.११ नेपाल दूरसञ्चार संस्थान

➢१४.३.६ सहरी विकास व्यवस्थापन सम्बन्धी विज्ञहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी सहरी विकास मन्त्रालयले तोकेका तीन जना –सदस्य

१४.४ सञ्चालक समितिले तोकेको प्राधिकरणको कर्मचारीले सञ्चालक समितिको सचिव भई काम गर्नेछ ।

१४.५ नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा १४.३ बमोजिमका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

१४.६ सञ्चालक समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई सञ्चालक समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

१५. <u>सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधिः</u>

१५.१ सञ्चालक समितिको बैठक कम्तीमा दुई महिनामा एकपटक बस्नेछ ।

१५.२ सञ्चालक समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा सञ्चालक समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

१५.३ सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट तोकेको सदस्यले गर्नेछ ।

१५.४ सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

१५.५ सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सञ्चालक समितिको सचिवले बोलाउनेछ ।

१५.६ सञ्चालक समितिको बैठकले गरेको निर्णय सञ्चालक समितिको सचिवले अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई अद्यावधिक गरी राख्नु पर्नेछ ।

१५.७ सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैले निर्धारण गर्नेछ ।

---

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

१६. <u>उपसमिति गठन गर्न सक्ने:</u>सञ्चालक समितिले आफ्नो काम कारबाही सुचारुरुपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

१७. <u>कर्मचारी सम्बन्धी व्यवस्था:</u>

१७.१ नेपाल सरकारले विशिष्ट श्रेणी वा सो भन्दा माथिको पदमा काम गरिरहेको वा गरिसकेको व्यक्ति वा सम्बन्धित क्षेत्रमा लब्ध प्रतिष्ठित कुनै व्यक्तिलाई प्राधिकरणको कार्यकारी प्रमुखको रुपमा विकास आयुक्तमा नियुक्त गर्नेछ । निजको पदावधि बढीमा पाँच वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजको पदावधि पुनः बढीमा पाँच वर्षको लागि थप गर्न सक्नेछ ।

१७.२ उपदफा १७.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक देखेमा विकास आयुक्तलाई निजको पदावधि पूरा नहुँदै सो पदबाट अवकाश दिन सक्नेछ ।

१७.३ प्राधिकरणले आवश्यकतानुसार अन्य कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

१७.४ विकास आयुक्त र प्राधिकरणका अन्य कर्मचारीहरुको पारिश्रमिक सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

१७.५ विकास आयुक्तले आफूलाई प्राप्त अधिकार आफ्नो रेखदेख र जिम्मेवारीमा आफू भन्दा मुनिको कुनै कर्मचारीलाई सुम्पन सक्नेछ ।

१८. <u>सदस्य र कर्मचारी उपर प्रतिबन्ध:</u>समिति वा सञ्चालक समितिका कुनै सदस्य वा प्राधिकरणको कुनै पनि कर्मचारी वा सल्लाहकार प्राधिकरणसँगको ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हिस्सेदार हुन पाउने छैन ।

१९. <u>प्राधिकरणको कोष:</u>

१९.१ प्राधिकरणको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायका रकमहरु रहने छन्:–

१९.१.१ नेपाल सरकारबाट प्राप्त अनुदान,

१९.१.२ नेपाल सरकार मार्फत कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम,

१९.१.३ प्राधिकरणको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

१९.१.४ प्राधिकरणलाई प्राप्त अन्य कुनै रकम ।

१९.२ प्राधिकरणको सबै रकम प्राधिकरणको नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

१९.३ प्राधिकरणको तर्फबाट गर्नुपर्ने सम्पूर्ण खर्चहरु उपदफा १९.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१९.४ प्राधिकरणको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२०. <u>प्राधिकरणको लेखा र लेखापरीक्षण:</u>

२०.१ प्राधिकरणको लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ ।

२०.२ प्राधिकरणको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

२०.३ नेपाल सरकारले चाहेमा प्राधिकरणको हिसाब किताब सम्बन्धी कागजातहरु र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

२१. <u>सजाय:</u>

२१.१ कसैले दफा ८ अन्तर्गत प्राधिकरणले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरु प्राधिकरणको पूर्व स्वीकृति बिना गरेमा वा प्राधिकरणले स्वीकृति दिँदा कुनै शर्त तोकिदिएको भए त्यस्तो शर्त विपरीत हुने गरी गरेमा त्यस्तो व्यक्तिलाई प्राधिकरणले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

२१.२ कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम प्राधिकरणले गरेको वा गर्न लागेको काममा बाधा गरेमा त्यस्तो व्यक्तिलाई प्राधिकरणले पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

२१.३ कसैले यो ऐन बमोजिम प्राधिकरणले दिएको आदेश वा निर्देशन विपरीत कुनै काम कारबाही गरेमा त्यस्तो व्यक्तिलाई प्राधिकरणले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

२१.४ कसैले माथि लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम कारबाही गरेमा त्यस्तो व्यक्तिलाई प्राधिकरणले एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

२२. <u>पुनरावेदनः</u> दफा २१ बमोजिम प्राधिकरणले दिएको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

२३. <u>पुनरावेदन समितिः</u>

२३.१ दफा ९ वा २१ बमोजिम प्राधिकरणले दिएको आदेश उपर पुनरावेदन सुन्न एक पुनरावेदन समिति रहनेछ ।

२३.२ पुनरावेदन समितिमा देहायका सदस्यहरु रहनेछन्ः–

२३.२.१ उच्च अदालतको न्यायाधीश –अध्यक्ष

२३.२.२ नेपाल सरकारले तोकेको दुईजना व्यक्ति –सदस्य

२३.३ पुनरावेदन समितिलाई साक्षी प्रमाण बुझ्ने, साक्षीलाई उपस्थित गराउने, बयान गराउने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

२३.४ पुनरावेदन समितिले कारबाही र किनारा गर्दा उपयुक्त कार्यविधि अपनाउन सक्नेछ ।

२४. <u>असल नियतले गरेको कामको बचाउः</u>समिति वा सञ्चालक समितिका सदस्य वा प्राधिकरणको कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावली वा विनियमावली बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको हानि नोक्सानीको निमित्त त्यस्तो सदस्य वा कर्मचारी व्यक्तिगत रुपले जवाफदेही हुने छैन ।

तर कसैलाई अनावश्यक दुःख, हैरानी वा झन्झट दिने नियतले कुनै काम गरेकोमा सम्बन्धित व्यक्ति त्यस्को लागि जावाफदेही हुनेछ ।

२५. <u>अधिकार प्रत्यायोजनः</u>सञ्चालक समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार सञ्चालक समितिको कुनै सदस्य वा दफा १६ बमोजिम गठित उप–समिति वा प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२६. <u>नेपाल सरकारले निर्देशन दिन सक्नेः</u>नेपाल सरकारले भौतिक विकास योजनाको तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

२७. <u>नेपाल सरकारको अधिकारः</u>

२७.१ प्राधिकरणले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा नेपाल सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।

२७.२ नेपाल सरकारले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा यस ऐन बमोजिम प्राधिकरणले दिएको कुनै आदेश पूर्ण वा आँशिक रुपमा बदर गर्न सक्नेछ ।

२७.३ प्राधिकरणले गर्नु पर्ने काम पूरा गरिसकेको छ वा प्राधिकरणले आफूले गर्नु पर्ने काम, कर्तव्य वा निर्देशनको पालना गरेको छैन वा प्राधिकरण कायम राख्न आवश्यक छैन भन्ने ठहराएमा नेपाल सरकारले प्राधिकरणलाई जुनसुकै बखत विघटन गर्न सक्नेछ ।

२७.४ उपदफा २७.३ बमोजिम प्राधिकरण विघटन भएमा सो प्राधिकरणको हक तथा दायित्व नेपाल सरकारमा सर्नेछ ।

⊕२७क. मुद्दा सर्ने:(१) दफा २७ बमोजिम प्राधिकरण विघटन भएमा दफा ९ र २१ बमोजिम प्राधिकरणमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा र दफा २३ बमोजिमको पुनरावेदन समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु उच्च अदालत पाटनमा सर्नेछन् ।

(२) प्राधिकरणको हक, दायित्व नेपाल सरकारमा सर्नेछ र कागजात तथा अभिलेख नेपाल सरकारले तोकेको निकाय वा कार्यालयमा सर्नेछ ।

२८. नेपाल सरकारसँगको सम्पर्क:प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा ➢सहरी विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२९. नियम तथा विनियम बनाउन सक्ने:

२९.१ यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२९.२ यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्राधिकरणले आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

३०. विघटन हुने:

३०.१ यो ऐन प्रारम्भ भएपछि नगर विकास ऐन, २०४५ अन्तर्गतको नगर विकास समिति स्वतः विघटन हुनेछ ।

३०.२ उपदफा ३०.१ बमोजिम नगर विकास समिति विघटन भएपछि सो समितिले गरिआएको काम कारबाही र हक तथा दायित्व प्राधिकरणमा सर्नेछ ।

३१. छिन्न बाँकी मुद्दा सर्ने:यो ऐन प्रारम्भ भएपछि नगर विकास ऐन, २०४५ अन्तर्गत गठित नगर विकास समितिबाट कारबाही भई छिन्न बाँकी मुद्दाहरु प्राधिकरणमा सर्नेछन् ।

३२. अनुसूचीमा हेरफेर गर्न सक्ने:नेपाल सरकारले आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

---

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५द्वारा थप ।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

## अनुसूची

(दफा २ को उपदफा २.१.३ सँग सम्बन्धित)

<u>योजना क्षेत्रको सीमाना</u>

पूर्वः– गोदावरी भञ्याङ्ग, त्रिवेणी डाँडा र पाटी भञ्याङ्गको सिरानै सिरान हुँदै अमालडोलको पूर्वपट्टिको पानीढलो भई रोहिणी भञ्याङ्ग र कीर्तिके भञ्याङ्गको सिरानै सिरान हुँदै मंचुरी लेख र चिपूडांडाको सिरानसम्म ।

पश्चिमः– सिमपानी, काजी गाउँ, भट्टारचौर, दक्षिणकाली, तालुक, गुरदम खोला हुँदै चखेलको उत्तरपट्टिको पानीढलो, चन्द्रगिरी सिंमभञ्याङ्ग मसिनी गाउँको पूर्वपट्टिको पानी ढलो, दहचोक डांडा, मजुवा गाउँ, भीमढुँगा थुम्कीको पूर्वपट्टिको पानीढलो भई भुडखू र पाँचमाने भञ्याङ्गसम्म ।

उत्तरः– पाँचमाने भञ्याङ्ग र शिवपुरी लेकको सिरानै सिरान हुँदै बोलांग र चिपू डाँडासम्म ।

दक्षिणः– गोदावरी भञ्याङ्गको सिरानै सिरान हुँदै ढुँगाखानी खोलाको पानीढलो, भगवान डाँडा र लेले भञ्याङ्गको सिरानै सिरान हुँदै देउराली थुम्की, बाबिया गाउँ, मानेको दक्षिणपट्टिको पानीढलो भई बागमती नदी हुँदै सिमपानीसम्म ।

# नगर विकास कोष ऐन, २०५३

लालमोहर र प्रकाशन मिति

२०५३।१०।२३

संशोधन गर्ने ऐन

१. आयकर ऐन,२०५८ २०५८।१२।१९

प्रमाणीकरण र प्रकाशन मिति

२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६← २०६६।१०।७

३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ २०७५।११।१९

२०५३ सालको ऐन नं. २६

✒............

नगर विकास कोषको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: नेपाल ✒......... मा नगरहरुको निर्माण, विकास र विस्तार एवं नगरहरुमा आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना सञ्चालन गर्न गराउन तथा त्यस्ता सेवा तथा आयोजना सञ्चालन गर्ने नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याई व्यवस्थित ढङ्गले नगरको विकास गर्न, गराउनको लागि नगर विकास कोषको स्थापना र कार्य सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नगर विकास कोष ऐन, २०५३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नगर विकास कोष सम्झनु पर्छ ।

(ख) "आधारभूत सामाजिक सेवा" भन्नाले बाटो, सडक, बत्ती, पुल, खानेपानी, ढल निकास, फोहरमैला सङ्कलन, सार्वजनिक शौचालय, सार्वजनिक पुस्तकालय, विद्यालय तथा त्यस्तै सार्वजनिक उपयोगका लागि बनाइने विभिन्न संरचना लगायत नगरवासीको हितको निमित्त पुऱ्याउने विभिन्न सेवाहरु सम्झनु पर्छ ।

(ग) "आयमूलक आयोजना" भन्नाले सार्वजनिक बजार, व्यापार केन्द्र, बस पार्क, पशु वधशाला, गोदाम घर तथा त्यस्तै अन्य आयमूलक आयोजना सम्झनु पर्छ ।

(घ) "नगर विकाससँग सम्बन्धित निकाय" भन्नाले नगरको निर्माण तथा विकास गर्नको निमित्त जग्गा विकास तथा वितरण र आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सम्बन्धी कार्य गर्ने देहायका संस्था सम्झनु पर्छः–

← यो ऐन संवत्२०६५ साल जेठ १५ गते देखि लागू भएको।

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६द्वारा झिकिएको।

(१) प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी वा गैरसरकारी संस्था,

(२) प्रचलित कानून बमोजिम गठन भएका नगर विकास समिति, महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका,

(३) प्रचलित कानून बमोजिम नगरोन्मुख गाउँभनी तोकिएका गाउँहरु मध्ये जनसङ्ख्या र विकासको आधारमा कोषले तोकेको कुनै गाउँ।

(ङ) "नगर" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र नगरोन्मुख गाउँ सम्झनु पर्छ ।

(च) "ऋण" भन्नाले कुनै चल, अचल सम्पत्ति धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई कोषले निर्धारण गरेको शर्तमा दिने कर्जा सम्झनु पर्छ ।

(छ) "ऋणी" भन्नाले कोषबाट ऋण लिने नगर विकाससँग सम्बन्धित निकाय सम्झनु पर्छ ।

(ज) "डिबेन्चर" भन्नाले कोषले आफ्नो जायजेथा धितो राखी वा नराखी जारी गरेको ऋणपत्र सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्छ ।

(ञ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य–सचिवलाई समेत जनाउँछ ।

(ठ) "कार्यकारी निर्देशक" भन्नाले दफा १८ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## कोषको स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३. कोषको स्थापनाः (१) नगरको निर्माण, विकास तथा विस्तार गर्न तथा सो सम्बन्धी कार्य गर्ने नगर विकाससँग सम्बन्धित निकायहरुलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नको लागि नगर विकास कोषको नामबाट एउटा कोषको स्थापना गरिएकोछ ।

(२) कोषको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र कोषले आवश्यकतानुसार नेपाल ✒......... भित्र जुनसुकै स्थानमा आफ्नो शाखा कार्यालयहरु खोल्न सक्नेछ ।

४. कोष स्वशासित संस्था हुनेः (१) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) कोषको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोषले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमका व्यवस्थाका अधीनमा रही व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) कोषले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

५. कोषको उद्देश्यः कोषको उद्देश्य देहाय बमोजिम हुनेछः–

(क) नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाई स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनु पर्ने सम्भाव्य सुधारहरुका सम्बन्धमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

६. कोषको काम, कर्तव्य र अधिकारः यस ऐनको अन्य दफाहरुमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(ग) नगरको निर्माण, विकास तथा विस्तार तथा नगरमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्न, नगर विकाससँग सम्बन्धित निकायहरुलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरको निर्माण, विकास, विस्तार र विविधिकरणको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक आधारहरु तयार पारी नगर विकाससँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने तथा त्यस्तो कार्यक्रममा नगर विकाससँग सम्बन्धित निकायहरुको सहभागितालाई अधिकतम् मात्रामा प्रोत्साहित गर्ने ।

(ङ) नगर विकाससँग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरुलाई दिइने तालीम तथा प्रशिक्षणको लागि आवश्यक सहयोग पुऱ्याउने ।

(च) नगर विकाससँग सम्बन्धित निकायहरुलाई नगर विकास सम्बन्धी विषयहरुमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

(छ) कोषसँग ऋण लिई सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने ।

(ज) नेपाल सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासँग कोषका सम्बन्धमा गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने ।

(झ) कोषको हित विपरीत नहुने गरी कोषको रकम प्रचलित कानून बमोजिम स्थापित अन्य कुनै संस्थाको शेयर, डिबेञ्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्ने कार्यमा लगानी गर्ने ।

(ञ) कोष समक्ष पेश भएका योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने ।

(ट) कोषको वार्षिक लेखापरीक्षण गराउने ।

(ठ) कोषले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन र प्रत्येक वर्षको लेखापरीक्षणको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ।

(ड) कोषको संगठनात्मक स्वरुप स्वीकृत गर्ने र सो बमोजिम आवश्यक दरबन्दी श्रृजना गर्ने ।

(ढ) कोषको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरु गर्ने ।

७. कोषले आवश्यक सेवा शुल्क लिन सक्नेः कोषले नगर विकाससँग सम्बन्धित निकायहरुलाई नगर विकास सम्बन्धी परामर्श सेवा प्रदान गरे बापत तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ ।

८. <u>कोषले आर्थिक स्रोत जुटाउन सक्नेः</u> कोषले आफ्नो उद्देश्य अनुरुपको कार्यक्रम सञ्चालन गर्नको लागि नेपाल सरकार, सरकारी तथा गैर सरकारी संस्था, विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकायहरुसित ऋण, अनुदान, दान दातव्य वा उपहार लगायत आवश्यक आर्थिक स्रोत जुटाउन सक्नेछ ।

तर विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकायहरुसित आर्थिक स्रोत लिनु अगावै कोषले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

९. <u>ऋणपत्र जारी तथा खरिद गर्न सक्नेः</u> (१) कोषले प्रचलित कानून बमोजिमको रीत पुऱ्याई डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्रहरु जारी गर्न तथा खरिद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी तथा खरिद गर्दा तोकिएको प्रक्रिया अपनाउनु पर्नेछ ।

१०. <u>शर्तहरु राख्ने अधिकारः</u> (१) कोषले नगर विकाससँग सम्बन्धित निकायलाई ऋण वा अनुदान दिँदा आफ्नो हितको संरक्षण र आफूले प्रदान गरेको ऋण वा अनुदानको उचित प्रयोगका लागि आवश्यकतानुसार शर्तहरु राखी लिखित रुपमा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा कोषले जतिसुकै अवधिको भाखा राख्न, कोषले तोकेको शर्त भङ्ग गरेमा ऋणीले लिएको ऋणको साँवा ब्याज फिर्ता बुझाउन लगाउन वा ऋणीले लिखत गराई दिएको धितो, बन्धक वा अन्य सम्पत्ति र जमानतबाट असुल गर्न सक्ने गरी शर्त तोक्न सक्नेछ ।

(३) कोषले ऋणीलाई दिने कूल ऋण रकमको किस्ता प्राप्त गरेको मितिदेखि त्यसको ब्याज हिसाब गर्ने गरी तोकिए बमोजिम किस्ताबन्दीमा नगद, चेक, प्रतिज्ञापत्र वा त्यस्तै अन्य किसिमबाट ऋण प्रदान गर्ने शर्तहरु राख्न सक्नेछ ।

११. <u>शर्त उल्लङ्घन गरेमा कोषको अधिकारः</u> (१) दफा १० बमोजिम गरेको सम्झौता अनुसार कुनै ऋणीले कोषलाई बुझाउनु पर्ने ऋण, त्यसको ब्याज र पेश्की बापतको बाँकी रकम नबुझाई कोषसँग गरेको सम्झौतामा उल्लेखीत शर्त उल्लङ्घन गरेमा वा त्यस्तो ऋणको रकम ऋणीसँग चुक्ता हुन नसक्ने पर्याप्त आधारहरु देखिएमा भाखाको अवधि नपुगेको भए तापनि कोषले ऋणीसँग लिनु पर्ने रकम फिर्ता माग गर्न वा ऋण दिँदा धितो बापत राखेको सम्पत्ति वा त्यस्तो ऋणीको अन्य सम्पत्तिहरु प्रचलित कानून बमोजिम कब्जा गरी चलन गर्न, बहाल वा ठेक्का पट्टामा दिन वा लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरी आफूले लिनु पर्ने रकम असुल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले ऋणीको सम्पत्ति कब्जा गरी लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरेकोमा कोषले लिनु पर्ने रकम लिई बढी भएको रकम जति सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा पटक पटक प्रयास गर्दा पनि ऋणीको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा प्राप्त मूल्यमा बिक्री गर्दा कोषको हितमा हुने नदेखिएमा तोकिए बमोजिम ऋणीको सम्पत्तिको मोल कायम गरी सो सम्पत्तिको स्वामित्व कोषले आफैं लिन सक्नेछ ।

१२. <u>कोषको अधिकार समाप्त नहुनेः</u> (१) कोषले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्यादभित्र धितो कब्जा गर्न वा ऋण असुल गर्न कारबाही नगरेको कारणले मात्र धितो माथिको कोषको अधिकार समाप्त हुने छैन ।

(२) सम्झौतामा उल्लेखीत शर्त बमोजिम धितो कब्जा गरेको, भोग चलन गरेको, भाडा वा ठेक्का पट्टामा दिएको वा मुनाफा बाँड्ने गरी अरुलाई सञ्चालन गर्न दिएकोमा त्यस्तो कारणले मात्र कोषले असुल गरी लिन

पाउने ऋण रकमको किस्ता नबुझाए बापतको ब्याज तथा थप दस्तुर वा धितो बिक्री गर्न पाउने कोषको अधिकारमा असर पर्ने छैन ।

१३. कोषको ऋण लगानीको सुरक्षाः कोषले ऋण लगानी गरेको नगर विकाससँग सम्बन्धित निकाय वा कुनै संस्था विघटन भएमा वा नरहेमा त्यस्तो निकाय वा संस्थाको जायजेथामा सबभन्दा पहिलो हक दावी कोषको हुनेछ।

**परिच्छेद–३**

**समितिको गठन तथा काम, कर्तव्य र अधिकार**

१४. समितिको गठनः(१) कोषको उद्देश्य प्राप्तिको लागि सुव्यवस्थित रुपले आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न, गराउन र कोषको सम्पूर्ण काम कारबाहीहरुको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक सञ्चालक समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरु रहने छन्ः–

➢(क) सचिव, सहरी विकास मन्त्रालय –अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) –सदस्य

➢(ग) प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी)–सदस्य

➢(घ) नगरपालिकाका प्रमुख वा उपप्रमुखहरूमध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेका कम्तीमा तीन जना महिला सहित सातजना –सदस्य

(ङ) वित्तीय संस्था सञ्चालन क्षेत्रमा विशेषज्ञता हासिल गरेको अर्थ विज्ञ वा इञ्जिनियरिङ्ग विषयमा स्नातकोपाधि हासिल गरी नगर विकास क्षेत्रमा कार्यरत प्राविधिक व्यक्ति वा नगर विकाससँग सम्बन्धित निकायहरु मध्येबाट प्रतिनिधित्व हुने गरी समितिले मनोनीत गरेका दुईजना –सदस्य

⊕(ङ१) समावेशिताको आधारमा नगर विकास सम्बन्धी विज्ञता भएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले तोकेको कम्तीमा एक जनामहिला सहित तीन जना –सदस्य

(च) कार्यकारी निर्देशक –सदस्य–सचिव

(३) उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ। पदावधि पूरा नहुँदै कुनै मनोनीत सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गरिनेछ ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकार वा नगर विकास कार्यसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

१५. समितिको बैठक र निर्णयः(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

तर एक वर्षमा कम्तीमा ६ पटक समितिको बैठक बस्नु पर्नेछ ।

(२) एक तिहाई सदस्यहरुले समितिको बैठक बोलाउनको लागि लिखित रुपमा माग गरेमा समितिको सदस्य–सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनु पर्नेछ ।

---

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५द्वारा थप ।

(३) समितिको सदस्य–सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएका विषयवस्तु तथा बैठकमा भएका निर्णयहरु एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरुको दस्तखत गराई राख्नु पर्नेछ ।

(८) समितिले गरेका निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमहरुका अधीनमा रही कोषले गर्नु पर्ने सम्पूर्ण काम कारबाहीहरु गर्नु तथा कोषलाई प्राप्त सम्पूर्ण अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखीत काम, कर्तव्यहरुका अतिरिक्त कोषको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. <u>उपसमिति गठन गर्न सक्नेः</u> (१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उपसमितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्याविधि समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–४

## <u>कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था</u>

१८. <u>कार्यकारी निर्देशकः</u> (१) कोषको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि तोकिएको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा समितिले एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको पद पूर्ति नभएसम्मको लागि नेपाल सरकारले समितिसँग परामर्श गरी समितिको वरिष्ठ कर्मचारीलाई बढीमा तीन महिनाको लागि कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले कोषलाई हानि नोक्सानी हुने कुनै काम कारबाही गरेमा वा समितिको नीति निर्देशन विपरीत काम गरेमा समितिले तोकिएको प्रक्रिया अपनाई निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

१९. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

(घ) कोषको दैनिक कार्यको सुपरिवेक्षेण तथा निरीक्षण गरी कोषको उद्देश्य अनुसार आवश्यक कार्यहरु गर्ने ।

(ङ) कोषको लगानीमा कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरुको निरीक्षण गरी त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने ।

(च) कोषले सञ्चालन गरेका कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. कर्मचारी सम्बन्धी व्यवस्थाः(१) कोषको काम सुचारुरुपले सञ्चालन गर्नको लागि कोषमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) कोषका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन्।

## परिच्छेद–५

## कोष र लेखापरीक्षण

२१. कोषः(१) कोषको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहने छन्ः–

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण ।

(ग) स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार ।

(घ) नगर विकाससँग सम्बन्धित निकायलाई प्रदान गरेको सेवा तथा परामर्श बापत प्राप्त गरेको शुल्क ।

(ङ) कोषले गरेको लगानीबाट उठेको रकम ।

(च) डिबेञ्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी गरी प्राप्त गरेको रकम ।

(छ) कोषको चल तथा अचल सम्पत्तिबाट आर्जन भएको रकम ।

(ज) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई प्राप्त हुने सम्पूर्ण रकमहरु नेपाल ✒......... स्थित कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) कोषको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

---

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२२. लेखा र लेखापरीक्षण:(१) कोषको आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) कोषको आय व्ययको वार्षिक लेखापरीक्षण महालेखा परीक्षकबाट मान्यता प्राप्त लेखापरीक्षकहरु मध्येबाट महालेखा परीक्षकको परामर्श लिई समितिले नियुक्त गरेको लेखापरीक्षकबाट हुनेछ ।

(३) कोषले आवश्यक देखेमा कुनै लेखापरीक्षकद्वारा कोषको आन्तरिक लेखापरीक्षण गराउन सक्नेछ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत कोषको वार्षिक हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद–६

## विविध

२३. कोषले पाउने छुटः कोषले ऋणी वा जमानीबाट लिखत गराई धितो लिंदा वा धितो लिएको सम्पत्ति कोषको नाममा पारित गराई लिंदा वा कोषले अचल सम्पत्ति खरिद बिक्री गर्दा त्यस्तो कारोबारमा आय टिकट वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२४. ➠..............

२५. निर्णय प्रक्रियामा सहभागी हुन नपाउनेः कोषका सदस्य तथा कुनै कर्मचारीहरुले आफ्नो स्वार्थ भएको कुनै विषयवस्तुसँग सम्बन्धित कोषको कुनै निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन् ।

२६. काम कारबाही बदर नहुनेः समितिको कुनै सदस्यको मनोनयन नभएको कारणले मात्र समितिको काम कारबाही बदर हुने छैन ।

२७. गोपनीयता तथा इमान्दारीको शपथ ग्रहण गराउनेः सदस्य तथा कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अगावै तोकिए बमोजिम गोपनीयता र इमान्दारीको शपथ ग्रहण गर्नु पर्नेछ ।

२८. वार्षिक प्रतिवेदनः (१) कार्यकारी निर्देशकले कोषको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र समिति समक्ष पेश गर्नु पर्नेछ र समितिबाट पारित प्रतिवेदनको एक प्रति कार्यकारी निर्देशकले नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) कार्यकारी निर्देशकले समितिको स्वीकृति लिई उपदफा (१) मा उल्लेख भए बमोजिमको कोषको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

२९. यसै ऐन बमोजिम हुनेः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जति कुरा यसै ऐन बमोजिम हुनेछ ।

३०. बैठक भत्ताः सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

३१. नेपाल सरकारले आदेश वा निर्देशन दिन सक्नेः नेपाल सरकारले कोषले गरेको काम कारबाहीहरुको आवश्यक जाँचबुझ गरी कोषको उद्देश्य अनुरुप काम कारबाही गर्न कोषलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । त्यसरी नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

३२. अधिकार प्रत्यायोजनः (१) समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार कुनै सदस्य, दफा १७ बमोजिम गठित उपसमिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार कोषको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

---

➠ आयकर ऐन, २०५८ द्वारा खारेज ।

३३. नेपाल सरकारले कोषलाई विघटन गर्न सक्नेः देहायको अवस्थामा नेपाल सरकारले कोषलाई विघटन गर्न सक्नेछः–

(क) कोषले नेपाल सरकार, कुनै विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त ऋण रकम नेपाल सरकार, विदेशी सरकार वा अन्य त्यस्तो संस्थालाई तिर्न कोष असमर्थ छ भन्ने नेपाल सरकारलाई लागेमा ।

(ख) यो ऐनको उद्देश्य अनुरुप कोषले काम गर्न नसकेमा ।

(ग) दफा ३१ बमोजिम नेपाल सरकारले दिएको आदेश वा निर्देशन कोषले उल्लङ्घन गरेबाट कोषलाई विघटन गर्न वाञ्छनीय छ भन्ने नेपाल सरकारलाई लागेमा ।

⊕(घ) कोष कायम राख्न आवश्यक छैन भन्ने नेपाल सरकारले ठहऱ्याएमा ।

३४. सम्पत्ति तथा दायित्व सर्नेः दफा ३३ बमोजिम कोष विघटन भएमा कोषको जिम्मामा रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्वहरु नेपाल सरकारमा सर्नेछ ।

३५. नेपाल सरकारसँग सम्पर्कः कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा नेपाल सरकार, ➢सहरी विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

तर कोषसँग सम्बन्धित दैनिक प्रशासकीय कामका लागि सम्बन्धित निकायसँग कोषले सिधै सम्पर्क राख्न सक्नेछ ।

३६. नियम तथा विनियम बनाउन सक्नेः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) कोषले आफ्नो कार्य सञ्चालन गर्नका लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुका अधीनमा रही आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

३७. खारेजी र बचाउः (१) नगर विकास कोष समिति (गठन) आदेश, २०४५ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा हक र दायित्वहरु यस ऐन बमोजिम स्थापित कोषमा सर्नेछ ।

(३) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिले गरेको सम्पूर्ण काम कारबाहीहरु यसै ऐन बमोजिम स्थापित कोषले गरे सरह मानिनेछ ।

(४) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिमा कार्यरत कार्यकारी निर्देशक तथा कर्मचारीहरु यसै ऐन बमोजिम नियुक्ति भएका मानी कोषमा बहाल रहने छन् ।

---

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५द्वारा थप ।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः
"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।

# संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४

लालमोहर र प्रकाशन मिति

२०५४।९।७

संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति

१. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६⬅ — २०६६।१०।७

२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ — २०७२।११।१३

२०५४ सालको ऐन नं. १५

✒.............

संयुक्त आवासको स्वामित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: नेपाल ✒......... का शहरी क्षेत्रमा अत्यधिक जनसङ्ख्याको चापको कारण जग्गाको मूल्यमा वृद्धि हुन गई शहरवासीहरु आवास सुविधाबाट बञ्चित हुने अवस्था भएकोले संयुक्त आवासको विकास गरी सुपथ आवास इकाईहरु सुलभ ढङ्गबाट बिक्री वितरण गरी विद्यमान आवास समस्यालाई निराकरण तथा व्यवस्थित बसोवासको व्यवस्था गर्न र त्यस्ता आवास इकाईका धनीहरुको अधिकार तथा दायित्व सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।✳

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "संयुक्त आवास भवन" भन्नाले कुनै जग्गामा दुई वा दुई भन्दा बढी आवास इकाई राखी बनाइएको दुई वा दुई भन्दा बढी तला भएको भवन सम्झनु पर्छ र सो शब्दले सोही जग्गामा ब्लक, पोकेट वा अन्य त्यस्तै नामबाट नामाकरण गरी निर्माण गरिएको त्यस्तै किसिमका दुई वा दुई भन्दा बढी भवनहरु र सो भवनहरुले चर्चेको जग्गा, कम्पाउण्ड, कमप्लेक्सलाई समेत जनाउँछ ।

(ख) "आवास इकाई (एपार्टमेण्ट)" भन्नाले संयुक्त आवास भवनमा स्वतन्त्र रुपमा उपभोग गर्न सकिने सामूहिक क्षेत्र तथा सुविधा सहित एक वा एक भन्दा बढी कोठाहरु भएको त्यस्तो भवनको कुनै इकाई सम्झनु पर्छ ।

(ग) "संस्थापक" भन्नाले संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न दफा ५ बमोजिम स्वीकृति प्राप्त प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था सम्झनु पर्छ ।

---

⬅ यो ऐन संवत् २०६५साल जेठ १५ गते देखि लागू भएको।

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६द्वारा झिकिएको।

✳ संवत् २०६०।१।२ बाट प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र २०६०।१।२) ।

(घ) "आवास इकाई धनी" भन्नाले यस ऐन बमोजिमको सम्झौतामा उल्लिखित शर्तहरुका अधीनमा रही आवास इकाई खरिद गर्ने, भाडा (लिज) मा लिने वा अन्य कुनै पनि किसिमले भोग गर्ने व्यक्ति वा सङ्गठित संस्था सम्झनु पर्छ ।

(ङ) "सामूहिक क्षेत्र तथा सुविधा" भन्नाले दफा १६ मा उल्लिखित सामूहिक क्षेत्र तथा सुविधा सम्झनु पर्छ ।

(च) "सीमित सामूहिक क्षेत्र तथा सुविधा" भन्नाले केही आवास इकाई धनीहरुको लागि मात्र प्रयोगमा आउने गरी बनाइएको वा राखिएको क्षेत्र तथा सुविधा सम्झनु पर्छ ।

(छ) "सम्झौता" भन्नाले संस्थापक र आवास इकाई लिने व्यक्तिको बीचमा आवास इकाई खरिद गर्ने, भाडामा लिने वा अन्य कुनै किसिमले भोग गर्ने सम्बन्धमा गरिएको सम्झौता सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले संयुक्त आवास भवनको रेखदेख, प्रबन्ध तथा सञ्चालन गर्नको लागि दफा २४ बमोजिम गठन भएको आवास व्यवस्थापन समिति सम्झनु पर्छ ।

(झ) "अधिकार प्राप्त अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको निकाय वा अधिकारी सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

## संयुक्त आवास भवनको स्वीकृति सम्बन्धी व्यवस्था

३. स्वीकृति नलिई संयुक्त आवास भवन निर्माण गर्न नपाउनेः अन्य प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले पनि अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई संयुक्त आवास भवनको निर्माण गर्न वा गर्न लगाउन हुँदैन ।

४. स्वीकृतिको लागि निवेदन दिनु पर्नेः संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न चाहने सङ्गठित संस्थाले संयुक्त आवास भवन निर्माण सम्बन्धी प्रस्तावित नक्सा, स्ट्रक्चरल डिजाइन, जग्गाको क्षेत्रफल तथा स्वामित्वको विवरण, आवास इकाई बिक्री वितरण प्रकृया, सामूहिक क्षेत्र तथा सुविधा सम्बन्धी विवरण र संयुक्त आवास भवन सञ्चालन योजना समेत संलग्न गरी संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्ने स्वीकृतिको लागि तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

५. स्वीकृति दिनेः दफा ४ बमोजिम कुनै निवेदन पर्न आएमा अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा तोकिए बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदकलाई संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न स्वीकृति दिनेछ ।

६. थप विवरण वा कागजात माग्न सक्नेः दफा ५ बमोजिम जाँचबुझको सिलसिलामा संयुक्त आवास भवन सम्बन्धी कुनै थप विवरण वा कागजात आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले सो विवरण वा कागजात निवेदकसँग माग गर्न सक्नेछ र त्यसरी माग गरिएको विवरण वा कागजात अविलम्ब पेश गर्नु सम्बन्धित निवेदकको कर्तव्य हुनेछ ।

७. स्वीकृति बेगर नक्सा पास गर्न नहुनेः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्ने सम्बन्धमा यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर प्रचलित कानून बमोजिम नक्सा पास गर्ने अधिकार प्राप्त निकायले संयुक्त आवास भवन निर्माण गर्ने नक्सा पास गर्न हुँदैन ।

## परिच्छेद – ३

## आवास इकाईको बिक्री, स्वामित्व र हस्तान्तरण

८. आवास इकाईको बिक्री तथा अन्य व्यवस्थाः (१) संस्थापकले आवास इकाईको पूरै रकम भुक्तानी लिई वा किस्ताबन्दीमा भुक्तानी लिने गरी आवास इकाई बिक्री गर्न सक्नेछ ।

(२) संस्थापकले कुनै व्यक्ति वा संस्थालाई आवास इकाई भाडा वा अन्य किसिमले भोग गर्न पाउने गरी दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम आवास इकाई बिक्री गर्दा वा भाडा वा अन्य तरिकाले भोग गर्न दिँदा दफा १५ मा उल्लेख भए बमोजिमको सम्झौता गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम आवास इकाई बिक्री गर्दा वा भाडा वा अन्य तरिकाले भोग गर्न दिँदा संस्थापकले आवास इकाई धनीलाई तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र समेत दिनु पर्नेछ ।

९. आवास इकाईको स्वामित्व र उपभोगः (१) यस ऐन बमोजिम आवास इकाई धनीले सम्पूर्ण रकम संस्थापकलाई बुझाईसकेपछि त्यस्तो आवास इकाईमा निजको पूर्ण स्वामित्व कायम रहनेछ ।

(२) आवास इकाई धनीले आफ्नो आवास इकाई सम्झौतामा उल्लिखित शर्तहरुका अधीनमा रही पूर्णरुपमा उपभोग गर्न पाउनेछ ।

१०. आवास इकाई धनीले आवास इकाई बिक्री तथा भाडामा दिन सक्नेः दफा ११ र सम्झौतामा उल्लिखित शर्तहरुका अधीनमा रही आवास इकाई धनीले आफ्नो स्वामित्वमा रहेको आवास इकाई अरु कसैलाई बेचबिखन गर्न, भाडामा दिन वा अरु कुनै पनि किसिमबाट स्वामित्व हस्तान्तरण गर्न वा भोग गर्न दिन सक्नेछ।

११. सम्झौता पालन गर्नु पर्नेः (१) आवास इकाई धनीले आफ्नो स्वामित्वमा रहेको आवास इकाई बेचबिखन गरेमा, भाडामा वा अन्य कुनै पनि किसिमबाट भोग गर्न दिएमा त्यसरी आवास इकाई खरिद गर्ने, भाडामा वा अन्य किसिमले भोग गर्ने व्यक्तिले सो आवास इकाईको सम्बन्धमा संस्थापकसँग भएको सम्झौता र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा कार्य सञ्चालन विधिमा उल्लिखित कुराहरु पालन गर्नु पर्नेछ ।

(२) संयुक्त आवास भवनमा काम गर्ने कर्मचारी तथा कामदारहरुले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा कार्य सञ्चालन विधि र सम्झौतामा उल्लिखित कुराहरु पालन गर्नु पर्नेछ ।

१२. आवास इकाईको स्वामित्व हस्तान्तरण हुन नसक्ने अवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थालाई बिक्री गरिएको आवास इकाईको सम्बन्धमा त्यस्तो व्यक्ति वा संस्थाले भुक्तान गर्नु पर्ने कुनै रकम बाँकी रहेको भए सम्झौतामा उल्लिखित शर्तहरुका अधीनमा रही निजले त्यस्तो आवास इकाईको उपभोग मात्र गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बाँकी रकम भुक्तान नगरेसम्म त्यस्तो व्यक्ति वा संस्थाले भोग गरिरहेको आवास इकाईको स्वामित्व अरु कसैलाई कुनै पनि किसिमबाट हस्तान्तरण गर्न सकिने छैन ।

१३. सहमति बेगर बेचबिखन गर्न नहुनेः कुनै आवास इकाई धनीले आफ्नो आवास इकाई कसैलाई बेचबिखन गर्दा संस्थापक वा समितिले त्यस्तो आवास इकाई धनीले संस्थापक वा समितिलाई तिर्न बुझाउन पर्ने कुनै पनि किसिमको रकम, दस्तुर, शुल्क, फी आदि बाँकी नरहेको व्यहोरा उल्लेख गरी लिखित रुपमा सहमति नदिएसम्म प्रचलित कानून बमोजिम रजिष्ट्रेशन गर्ने निकायले सो आवास इकाईको बेचबिखनको लिखत रजिष्ट्रेशन पास गरी दिनु हुँदैन ।

१४. सहमति दिनु पर्ने: कुनै आवास इकाई धनीले आफ्नो आवास इकाई अरु कसैलाई बेचबिखन गर्नु परी दफा १३ बमोजिम सहमति माग गरेमा संस्थापक वा समितिले निजले तिर्न बुझाउन पर्ने रकम, दस्तुर, शुल्क, फी आदि बाँकी नरहेको भए सो आवास इकाई बेचबिखन गर्न लिखित सहमति दिनु पर्नेछ ।

## परिच्छेद – ४

## सम्झौता सम्बन्धी व्यवस्था

१५. सम्झौता गर्नु पर्ने: (१) संस्थापकले कुनै आवास इकाई बिक्री गर्दा, भाडामा दिँदा वा अन्य कुनै पनि किसिमबाट भोग गर्न दिँदा त्यस्तो आवास इकाई खरिद गर्ने, भाडामा लिने वा अन्य कुनै पनि किसिमबाट भोग गर्न लिने व्यक्ति वा सङ्गठित संस्थासँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सम्झौतामा देहायका कुराहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछः–

(क) सम्झौताका पक्षहरुको नाम र ठेगाना ।

(ख) संयुक्त आवास भवन बनेको जग्गा रहेको स्थान, जग्गाको स्वामित्व, क्षेत्रफल, जग्गाको कित्ता नम्बर र सो जग्गा तथा संयुक्त आवास भवन सम्बन्धी अन्य विवरण ।

(ग) आवास इकाई नम्बर, आवास इकाईको क्षेत्रफल, आवास इकाईमा रहेका कोठा सङ्ख्या, सुविधा र आवास इकाई सम्बन्धी अन्य आवश्यक विवरणहरु ।

(घ) आवास इकाई बिक्री, भाडामा वा अन्य कुन किसिमबाट भोग गर्न दिने हो सो को विवरण।

(ङ) आवास इकाई बिक्री गरिने भए सो को मूल्य र भुक्तानी प्रकृया ।

(च) आवास इकाई भाडामा वा अन्य किसिमले भोग गर्न दिइने भए सो को अवधि र भाडा सम्बन्धी विवरण ।

(छ) आवास इकाई धनीले सामूहिक रुपमा समानुपातिक ढङ्गबाट उपभोग गर्न पाउने सामूहिक क्षेत्र तथा सुविधा र सीमित सामूहिक क्षेत्र तथा सुविधा सम्बन्धी विवरण।

(ज) आवास इकाई उपभोग गर्दा पालन गर्नु पर्ने शर्त तथा आवास इकाईमा गर्न हुने र गर्न नहुने कार्यहरु ।

(झ) सामूहिक क्षेत्र तथा सुविधाको मर्मत, स्याहार सम्भार र रेखदेख गर्नको लागि व्यहोर्नु पर्ने सामूहिक खर्च र दायित्व ।

(ञ) आवास इकाई धनी र संस्थापकको अधिकार, कर्तव्य र दायित्व सम्बन्धी कुराहरु।

(ट) संयुक्त आवास भवनको कति प्रतिशत भाग सो आवास इकाईमा परेको छ सो कुरा ।

(ठ) बीमा बापत बुझाउनु पर्ने रकम ।

(ड) अन्य आवश्यक कुराहरु ।

## परिच्छेद – ५

## सामूहिक हित र दायित्व

१६. सामूहिक क्षेत्र तथा सुविधा: कुनै आवास इकाई धनीले अन्य आवास इकाई धनीको अधिकारमा प्रतिकूल असर नपर्ने गरी देहायका सामूहिक क्षेत्र तथा सुविधाको उपभोग समानुपातिक ढङ्गबाट गर्न सक्नेछः–

(क) संयुक्त आवास भवनको जग्गा ।

(ख) संयुक्त आवास भवनको जग, लट्ठा, गर्डर, बीम, सपोर्ट, गारो, पर्खाल, छाना, हल, कोरिडोर, लब्बी, भऱ्याङ्ग, फायर स्केप र भित्र बाहिर गर्ने बाटो ।

(ग) बेसमेन्ट, सेलार, चोक, बगैंचा, पार्किङ्ग क्षेत्र र गोदाम ।

(घ) जेनेरेटर राख्ने स्थान र सुरक्षा गार्ड बस्ने स्थान ।

(ङ) विद्युत, ग्याँस, चिसो र तातो पानीको व्यवस्था गर्ने भाग, हिटिङ्ग वा एयर कण्डिशन जस्ता कार्यको लागि उपयोग भएको भवनको भाग ।

(च) इलेभेटर, पम्प, टैंक, मोटर, पङ्खा, फोहर राख्ने कन्टेनर जस्ता सामूहिक उपयोगका साधनहरु ।

१७. विभाजन गर्न नहुनेः यो ऐन वा यस ऐन अन्तर्गत बनेको कार्य सञ्चालन विधिमा उल्लेख भए बमोजिम बाहेक सामूहिक क्षेत्र तथा सुविधा र सीमित सामूहिक क्षेत्र तथा सुविधाको विभाजन गर्न वा भाग लगाउन पाइने छैन।

१८. सामूहिक खर्च व्यहोर्नेः आवास इकाई धनीले आफूले उपभोग गरेको सामूहिक क्षेत्र तथा सुविधाको सञ्चालन, स्याहार सम्भार, मर्मत, सरसफाई रेखदेख गर्न आफूले उपभोग गर्ने सुविधाको हिस्साको अनुपातमा सम्झौतामा उल्लेख भए बमोजिम लाग्ने सामूहिक खर्च संस्थापक वा समितिलाई बुझाउनु पर्नेछ ।

१९. इन्कार गर्न नपाईनेः आवास इकाई धनीले सम्झौतामा उल्लेख भए बमोजिम आफूले व्यहोर्नु पर्ने सामूहिक खर्च व्यहोर्दिन भन्न पाउने छैन ।

२०. रोक लगाउन सक्नेः आवास इकाई धनीले सामूहिक खर्च बापत संस्थापक वा समितिलाई तिर्न बुझाउन पर्ने रकम नतिरे नबुझाएसम्म संस्थापक वा समितिले आवास इकाई धनीले उपभोग गरिराखेको सामूहिक क्षेत्र तथा सुविधा र सीमित सामूहिक क्षेत्र तथा सुविधा मध्ये कुनै सेवा सुविधाहरु उपभोग गर्न नपाउने गरी रोक्का गर्न वा बाँकी रकम नबुझाएसम्म त्यस्तो आवास इकाई कुनै पनि किसिमले कसैलाई हस्तान्तरण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

२१. संयुक्त आवास भवनको बीमाः संस्थापक वा समितिले संयुक्त आवास भवनको दैवी दुर्घटना सम्बन्धी बीमा गराउनु अनिवार्य हुनेछ । यसरी बीमा गराए बापत लाग्ने सम्पूर्ण खर्च आवास इकाई धनीहरुले सम्झौतामा उल्लेख भए अनुसार समानुपातिक तवरले व्यहोर्नु पर्नेछ ।

२२. संयुक्त आवास भवन नष्ट वा क्षति भएमाः (१) संयुक्त आवास भवन कुनै पनि किसिमबाट पूर्णरुपमा क्षतिग्रस्त भएमा सो भवन रहेको जग्गामा सम्पूर्ण आवास इकाई धनीहरुको हक समानुपातिक ढङ्गबाट कायम हुनेछ ।

(२) संयुक्त आवास भवन आंशिक रुपमा क्षतिग्रस्त भै मर्मत गर्न वा बनाउन मिल्ने भएमा त्यसरी क्षतिग्रस्त भएको मितिले तोकिएको अवधिभित्र संस्थापक वा समितिले त्यस्तो क्षतिग्रस्त भवन मर्मत गर्नु पर्नेछ।

## परिच्छेद – ६

## संयुक्त आवास भवनको व्यवस्थापन

२३. संयुक्त आवास भवनको संरक्षण, रेखदेख, मर्मत तथा स्याहार सम्भारः संयुक्त आवास भवन र सामूहिक क्षेत्र तथा सुविधाहरुको संरक्षण, रेखदेख, मर्मत, स्याहार सम्भार तथा सरसफाई गर्ने दायित्व संस्थापकको हुनेछ ।

२४. आवास व्यवस्थापन समितिले संरक्षण, रेखदेख, मर्मत तथा स्याहार सम्भार गर्नेः (१) दफा २३ मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थापकले आफ्नो स्वामित्वमा रहेका सबै आवास इकाईहरु बेचबिखन गरेमा वा कुनै संयुक्त आवास भवनका सम्पूर्ण आवास इकाई धनीहरुले संयुक्त आवास भवनको सञ्चालन आफैले गर्न लिखित सहमति जनाई संस्थापक समक्ष पेश गरेमा वा संस्थापक सङ्गठित संस्था विघटन भै वा संस्थापक व्यक्ति टाट पल्टी साहूको ऋण तिर्न नसक्ने भै संयुक्त आवास भवन र सामूहिक क्षेत्र तथा सुविधाको संरक्षण, रेखदेख, मर्मत, स्याहार सम्भार तथा सरसफाई गर्न नसक्ने भएमा संयुक्त आवास भवन र सामूहिक क्षेत्र तथा सुविधाको संरक्षण, रेखदेख, मर्मत, स्याहार सम्भार तथा सरसफाई गर्ने कार्य गर्नको निमित्त आवास इकाई

धनीहरुले आफूहरुमध्येबाट आवास व्यवस्थापन समितिको गठन गर्नेछन् र त्यस्तो समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समिति गठन भएकोमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम संस्थापकले गर्ने भनिएका सम्पूर्ण काम कारबाहीहरु सोही समितिले गर्नेछ ।

२५. दस्तुर, शुल्क र फी लिन सक्नेः संयुक्त आवास भवन र सामूहिक क्षेत्र तथा सुविधाको सञ्चालन, संरक्षण, रेखदेख, मर्मत, स्याहार सम्भार तथा सरसफाई गर्ने कार्य गर्नका लागि संस्थापक वा समितिले आवास इकाई धनीहरुसँग सम्झौतामा उल्लेख भए बमोजिमको दस्तुर, शुल्क र फी लिन सक्नेछ ।

## परिच्छेद – ७

## विविध

२६. निजी प्रयोगको लागि संयुक्त आवास भवन निर्माण गर्न सक्नेः (१) कसैले निजी प्रयोगको लागि संयुक्त आवास भवन निर्माण गर्न चाहेमा सोही व्यहोरा खुलाई दफा ४ बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिई स्वीकृति लिनु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम निजी प्रयोगको लागि निर्माण गरिएको संयुक्त आवास भवनको सञ्चालन, व्यवस्थापन र अन्य कुराहरुका सम्बन्धमा यस ऐनको परिच्छेद–२ बाहेकका अन्य परिच्छेदका कुराहरु लागू हुने छैनन् र त्यस्तो संयुक्त आवास भवनको सञ्चालन सो भवन निर्माण गर्ने व्यक्तिहरु बीच भएको सम्झौता बमोजिम हुनेछ ।

२७. गर्न नहुने कार्यः (१) संस्थापक वा समितिले देहायका कार्य गर्नु हुँदैनः–

(क) अधिकार प्राप्त अधिकारीबाट स्वीकृत मापदण्ड तथा निजबाट तोकिएको स्तर विपरीत संयुक्त आवास भवन निर्माण गर्न ।

(ख) संयुक्त आवास भवन निर्माण गर्नको लागि स्वीकृत भएको नक्सा, स्ट्रकचरल डिजाईन तथा योजना विपरीत त्यस्तो भवनको निर्माण गर्न ।

(ग) आवास इकाई धनीहरुको हित विपरीत हुने गरी कार्य गर्न ।

(२) आवास इकाई धनीले देहायका कार्य गर्नु हुँदैनः–

(क) संयुक्त आवास भवन क्षेत्रको सुरक्षा र अन्य आवास इकाई धनीको सुरक्षा तथा स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न ।

(ख) संयुक्त आवास भवनको मूल्य घट्न सक्ने कुनै कार्य गर्न ।

(ग) आफ्नो आवास इकाईमा थप निर्माण गर्न, भत्काउन वा उत्खनन् गर्न ।

(घ) आवास इकाई खण्डीकरण वा टुक्र्याई बेचबिखन गर्न ।

(ङ) सामूहिक क्षेत्र तथा सुविधा र सीमित सामूहिक क्षेत्र तथा सुविधाको उपभोग अन्य आवास इकाई धनीहरुलाई गर्न दिनबाट बञ्चित गर्न ।

२८. दण्ड सजायः (१) कसैले दफा ५ बमोजिम स्वीकृति नलिई संयुक्त आवास भवन निर्माण गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्ति वा संस्थालाई एकलाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो निर्माण गरिएको भवन भत्काउने आदेश समेत दिन सक्नेछ ।

(२) कुनै संस्थापकले अधिकार प्राप्त अधिकारीबाट स्वीकृत, नक्सा, स्ट्रकचरल डिजाईन, योजना तथा निजबाट तोकिएको मापदण्ड तथा स्तर बमोजिम संयुक्त आवास भवन निर्माण नगरेको कारणबाट भवन क्षतिग्रस्त हुन गएमा त्यस्तो संस्थापकलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ र

त्यस्तो संयुक्त आवास भवन प्राविधिक त्रुटीको कारणबाट भत्कन गई कसैलाई क्षति पुग्न गएको प्रमाणित भएमा पीडित व्यक्तिले संस्थापकसँग मनासिब माफिकको क्षतिपूर्ति समेत भराई लिन सक्नेछ ।

(३) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जारी गरिएको कुनै आदेश वा निर्देशनको जानी जानी उल्लङ्घन गरेमा वा आफूले गर्नु पर्ने कुनै काम कारबाही नगरेमा वा गर्न नहुने कुनै काम कारबाही गरेमा अधिकार प्राप्त अधिकारीले कसूरको मात्रा हेरी निजलाई पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो कसूर पटक पटक गरेमा पटकै पिच्छे निजलाई पाँच हजार रुपैयाँका दरले थप जरिबाना समेत हुनेछ ।

२९. छुट दिन सक्नेः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवास इकाईको बेचबिखन गर्दा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर आंशिक वा पूर्ण रुपले छुट दिन सक्नेछ ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संयुक्त आवास भवन सञ्चालनको सिलसिलामा प्रचलित कानून बमोजिम लाग्ने कर, महसुल तथा दस्तुर आंशिक तथा पूर्णरुपले छुट दिन सक्नेछ।

३०. प्रतिरक्षा सम्बन्धी व्यवस्थाः संयुक्त आवास भवनको तर्फबाट अन्य कुनै व्यक्तिसँग कुनै पनि किसिमको मुद्दा वा कानूनी कारबाही गर्नु पर्ने भएमा संस्थापक वा समितिले त्यस्तो मुद्दा मामिला वा कानूनी कारबाहीमा प्रतिरक्षा सम्बन्धी कारबाही चलाउनु पर्नेछ ।

३१. हदम्यादः यस ऐन अन्तर्गतको कुनै पनि कसूरमा सो कसूर भए गरेको मितिले एक वर्षभित्र थाहा पाएको मितिले तीन महिना भित्र उजूर गर्नु पर्नेछ ।

३२. पुनरावेदनः यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित ▣जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३३. निर्देशन दिन सक्नेः संयुक्त आवास भवनको उपयुक्त सञ्चालनको निमित्त अधिकार प्राप्त अधिकारीले आवश्यक देखेमा संस्थापक वा समितिलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित संस्थापक वा समितिको कर्तव्य हुनेछ ।

३४. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

३५. नियम बनाउन सक्नेः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३६. कार्य सञ्चालन विधि बनाई लागू गर्न सक्नेः संयुक्त आवास भवनको सञ्चालन तथा व्यवस्थापनको लागि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी देहायका विषयहरुमा संस्थापक वा समितिले कार्य सञ्चालन विधि बनाई लागू गर्न सक्नेछः–

(क) संयुक्त आवास भवनको संरक्षण, मर्मत, स्याहार सम्भार गर्ने कुरा ।

(ख) आवास इकाई प्रयोग गर्दा आवास इकाई धनीहरुले पालन गर्नु पर्ने कुरा ।

(ग) संयुक्त आवास भवनमा काम गर्ने कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धमा ।

(घ) संयुक्त आवास भवन सञ्चालन गर्न आवश्यक अन्य कुराहरु सम्बन्धमा ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

दृष्टव्यःकेही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः

"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।

# भवन ऐन, २०५५

लालमोहर र प्रकाशन मिति
२०५५।३।१८

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| १. भवन (पहिलो संशोधन) ऐन, २०६४ | २०६४।५।१४ |
| २. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६🡸 | २०६६।१०।७ |
| ३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ४. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| ५. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० | २०८०।१२।३० |

२०५५ सालको ऐन नं. २

✒.............

भवन निर्माण कार्यलाई नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: भूकम्प, आगलागी तथा अन्य दैवी प्रकोपहरुबाट भवनहरुलाई यथासम्भव सुरक्षित राख्नको लागि भवन निर्माण कार्यलाई नियमित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "भवन ऐन, २०५५" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका क्षेत्रमा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।✳

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "भवन" भन्नाले आवासीय, औद्योगिक, व्यापारिक, कार्यालय, सभागृह, अस्पताल, शीत भण्डार, गोदाम घर वा अन्य कुनै प्रयोगको लागि बनेको कुनै भौतिक संरचना सम्झनु पर्छ र सो शब्दले त्यस्तो संरचनाको कुनै भागलाई समेत जनाउँछ ।

(ख) "भवन संहिता" भन्नाले दफा ९ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(ग) "भवन निर्माण" भन्नाले नयाँभवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित अन्य कार्य सम्झनु पर्छ।

---

🡸 यो ऐन संवत् २०६५साल जेठ १५ गतेदेखि लागू भएको।

✒ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

✳ यो ऐन इलाम लगायतका जिल्लाका नगर तथा गा.वि.स. क्षेत्रमा मिति २०६२।११।१ देखि प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र २०६२।११।१) ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको भवन निर्माण व्यवस्था सुदृढीकरण समिति सम्झनु पर्छ ।

(ङ) "नक्सा" भन्नाले भवन निर्माण सम्बन्धी सम्पूर्ण रेखाचित्र, विवरण र अन्य कागजपत्र सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उप–महानगरपालिका समेतलाई जनाउँछ ।

(छ) "सरकारी निकाय" भन्नाले नेपाल सरकारको मन्त्रालय, सचिवालय, विभाग तथा कार्यालय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम गठन भएको आयोग, परिषद् र समिति समेतलाई जनाउँछ ।

*(ज) "शहरी विकास कार्यालय" भन्नाले शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय सम्झनु पर्छ ।

३. भवन निर्माण व्यवस्था सुदृढीकरण समितिको गठनः (१) भवन निर्माण सम्बन्धी व्यवस्थालाई सुदृढीकरण गर्नको लागि नेपाल सरकारले भवन निर्माण व्यवस्था सुदृढीकरण समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहने छन्ः–

(क) सचिव, ➢सहरी विकास मन्त्रालय –अध्यक्ष

(ख) प्रतिनिधि, राष्ट्रिय योजना आयोग –सदस्य

✱ (ग) प्रतिनिधि, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय –सदस्य

(घ) सदस्य–सचिव, नेपाल गुणस्तर परिषद् –सदस्य

(ङ) डीन, इन्जिनियरिङ अध्ययन संस्थान –सदस्य

*(च) सहसचिव, ➢संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (नगरपालिका महाशाखा हेर्ने) –सदस्य

(छ) प्रमुख, व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र –सदस्य

(ज) भवन निर्माण सम्बन्धमा विशेष ज्ञान भएका व्यक्तिहरुमध्ये ➢सहरी विकास मन्त्रालयले मनोनीत गरेको बढीमा तीनजना व्यक्तिहरु –सदस्य

*(झ) महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग –सदस्य–सचिव

(३) ⏭..................

(४) समितिले आवश्यक देखेमा सम्बन्धित स्वदेशी वा विदेशी विशेषज्ञ वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको सचिवालयको रुपमा *शहरी विकास तथा भवन निर्माण विभागले काम गर्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

(क) भूकम्प, आगलागी तथा अन्य दैवी प्रकोपबाट भवनहरुमा पर्न सक्ने क्षतिलाई यथासम्भव कम गर्न भवन निर्माण कार्यलाई नियमित गराउने,

(ख) भवन निर्माण कार्यलाई नियमित गराउन भवन संहिता तर्जुमा गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) भवन संहितामा समयानुकूल सुधार गर्न तथा भवन निर्माण सम्बन्धी प्रकृया वा प्रविधिको विकास गर्न आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

*(घ) भवन संहितामा उल्लिखित मापदण्ड अनुरुप नक्सा स्वीकृत भए वा नभएको सम्बन्धमा जाँचबुझ गराउने,

(ङ) भवन निर्माणसँग सम्बन्धित स्वदेशी वा विदेशी सामग्रीहरुको गुणस्तर निर्धारण गर्न नेपाल गुणस्तर परिषद्लाई सिफारिस गर्ने,

(च) भवन संहिताको कार्यान्वयनमा देखापरेका समस्याहरुलाई समयानुकूल सुधार गर्नको लागि सम्बन्धित निकायका प्राविधिक विशेषज्ञ तथा कर्मचारीहरु समेत संलग्न गराई सभा वा गोष्ठी गर्ने, गराउने,

(छ) भवन संहिताको उपयोगिता सम्बन्धमा सर्वसाधारणलाई विभिन्न माध्यमद्वारा जानकारी गराउने,

(ज) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक अन्य काम गर्ने, गराउने ।

५. <u>समितिको बैठक र निर्णयः</u> (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक बस्ने कम्तीमा तीन दिन अगाडि समितिको सदस्य–सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएको विषयवस्तु र बैठकमा भएका निर्णयहरु निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरुको सहीछाप गराई राख्नु पर्नेछ ।

(७) समितिको निर्णय समितिको सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>उपसमिति गठन गर्न सक्नेः</u> (१) समितिले आफूले गर्नु पर्ने कुनै काम गर्न गराउन आवश्यकता अनुसार सम्बन्धित विशेषज्ञ व्यक्तिहरु समेत रहेका विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरुको काम, कर्तव्य र अधिकार समितिले तोकिदिए बमोजिम हुनेछ ।

७. <u>बैठक भत्ताः</u> समिति तथा दफा ६ बमोजिम गठित उपसमितिका सदस्यहरु र आमन्त्रित व्यक्तिहरुले बैठकमा भाग लिए बापत नेपाल सरकारले तोकिदिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

*८. भवनको वर्गीकरणः भवन संहिताको तर्जुमा तथा कार्यान्वयन गर्ने प्रयोजनको लागि भवनलाई देहाय बमोजिम चार वर्गमा वर्गीकरण गरिनेछः–

(क) "क" वर्गः विकसित मुलुकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी इण्टरनेशनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवनहरू ।

(ख) "ख" वर्गः प्लीन्थ एरिया एक हजार वर्गफीट भन्दा बढी, भुईँतला सहित तीन तला भन्दा बढी वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच (४.५) मिटरभन्दा बढी भएका भवनहरू ।

(ग) "ग" वर्गः प्लीन्थ एरिया एक हजार वर्गफीटसम्म, भुईँतला सहित तीन तलासम्म वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच (४.५) मिटरसम्म भएका भवनहरू ।

(घ) "घ" वर्गः खण्ड (क), (ख) र (ग) मा लेखिएदेखि बाहेकका काँचो वा पाको ईंटा, ढुङ्गा, माटो, बाँस, खर आदि प्रयोग गरी दुई तलासम्म बनाइने साना घर, छाप्राहरु ।

९. भवन संहिता स्वीकृत गराउनु पर्नेः (१) समितिले दफा ८ मा उल्लिखित भवन वर्गीकरण समेतका आधारमा भवन संहिता तयार गरी स्वीकृतिको लागि नेपाल सरकार, ➢सहरी विकास मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको भवन संहिता नेपाल सरकार, ➢ सहरी विकास मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१०. भवन संहिता अनुरुप भवन निर्माण गर्नु पर्नेः कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्दा भवन संहितामा तोकिएको स्तर अनुरुप बनाउनु पर्नेछ । 🕮त्यसरी भवन निर्माण गर्दा सो भवनको नक्सा र डिजायन जुन स्तरको डिजायनकर्ता, इञ्जिनियर वा आर्किटेक्टबाट प्रमाणित गराइएको हो कम्तीमा सोही स्तरको डिजायनकर्ता वा निजको प्रतिनिधि, इञ्जिनियर वा आर्किटेक्टको रेखदेखमा निर्माण गर्नु पर्नेछ ।

*११. भवनको डिजायन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्थाः (१) नगरपालिका क्षेत्रभित्र दफा ८ मा उल्लिखित "क", "ख" वा "ग" वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून बमोजिम स्वीकृतिको लागि नगरपालिका समक्ष दरखास्त दिंदा नक्सासाथ डिजायन समेत पेश गर्नु पर्नेछ ।

(२) यो ऐन लागू भएको ◙गाउँपालिका क्षेत्रभित्र दफा ८ मा उल्लिखित "क" वा "ख" वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा र डिजायन तयार गरी शहरी विकास कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ ।

तर "ग" वर्गको भवनको हकमा प्रचलित कानून बमोजिम नक्सा स्वीकृतिको लागि दरखास्त दिंदा भवन संहिता अनुरुपको नक्सा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश गरिएका भवनको नक्सा र डिजायन भवन संहिता अनुरुप भएको व्यहोरा देहायका व्यक्तिबाट प्रमाणित गराएको हुनु पर्नेछः–

(क) दफा ८ मा उल्लिखित "क" वर्गको भवनको हकमा ✱सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभवप्राप्त डिजायनकर्ताबाट,

---

*पहिलो संशोधनद्वारा संशोधित ।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

🕮 पहिलो संशोधनद्वारा थप ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

◙ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

(ख) दफा ८ मा उल्लिखित "ख" वर्गको भवनको हकमा नेपाल इञ्जिनियरिङ परिषद्मा ⌘दर्ता भई सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभवप्राप्त सिभिल इञ्जिनियर वा आर्किटेक्टबाट,

(ग) दफा ८ मा उल्लिखित "ग" वर्गको भवनको हकमा मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ वा आर्किटेक्ट विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको व्यक्तिबाट ।

*१२. मापदण्ड विपरीत नक्सा स्वीकृत गर्न नहुनेः (१) नगरपालिकाले भवन संहितामा उल्लिखित मापदण्ड विपरीत हुने गरी नक्सा स्वीकृत गर्नु हुँदैन ।

(२) नगरपालिकाले भवन संहिता बमोजिम नक्सा स्वीकृत गरे नगरेको सम्बन्धमा शहरी विकास कार्यालयले आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै नगरपालिकाले भवन संहिता विपरीत हुने गरी नक्सा स्वीकृत गरेको देखिएमा शहरी विकास कार्यालयले सोको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रतिवेदन छानबिन गर्दा मनासिब देखिएमा समितिले भवन संहिता बमोजिम नक्सा स्वीकृत गराउन सम्बन्धित नगरपालिकामा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित नगरपालिकाले पनि सो बमोजिम नक्सा स्वीकृत गराउनु पर्नेछ ।

१३. भवन निर्माणको सुपरिवेक्षेण गर्न सक्नेः (१) कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा 🕮नगरपालिका क्षेत्रभित्रको हकमा नगरपालिकाले र▣गाउँपालिका क्षेत्रभित्रको हकमा शहरी विकास कार्यालयले सुपरिवेक्षेण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुपरिवेक्षेण गर्दा 🕮नगरपालिका वा शहरी विकास कार्यालयले कुनै भवनको निर्माण भवन संहितामा तोकिएको स्तर अनुरुप नभएको पाएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुनेछ ।

१४. सजायः*(१) कसैले यस ऐन बमोजिम नक्सा स्वीकृत नगराई वा त्यस्तो स्वीकृत नक्सा वा भवन संहितामा उल्लिखित मापदण्ड विपरीत हुने गरी भवन निर्माण गरेमा नगरपालिका क्षेत्रभित्रको हकमा नगरपालिकाले र ▣गाउँपालिका क्षेत्रभित्रको हकमा शहरी विकास कार्यालयले त्यस्तो निर्माण कार्य तुरुन्त रोक्न आदेश दिनु पर्नेछ ।

*(२) कसैले यस ऐन बमोजिम नक्सा स्वीकृत नगराई वा त्यस्तो स्वीकृत नक्सा वा भवन संहितामा उल्लिखित मापदण्ड विपरीत हुने गरी भवन निर्माण गरेमा नगरपालिका वा शहरी विकास कार्यालयले त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउन आदेश दिई त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

---

⌘ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित ।

🕮 पहिलो संशोधनद्वारा थप ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित ।

(३) उपदफा (२) बमोजिम *नगरपालिका वा शहरी विकास कार्यालयले भवन निर्माणको कुनै भाग भत्काउने आदेश दिएकोमा सो भाग नभत्काएसम्म त्यस्तो सम्पत्ति कसैलाई पनि कुनै व्यहोराले हक छाडी दिन वा धितो बन्धकी दिन नपाउने गरी रोक्का राख्न, त्यस्तो निर्माण भएको भवनमा धारा, बिजुली, टेलिफोन आदि वितरण गर्न नलगाउन तथा वितरण गरिसकेको भए पनि त्यस्तो धारा, बिजुली, टेलिफोन आदिको लाइन काट्न समेत *नगरपालिका वा शहरी विकास कार्यालयले सम्बन्धित कार्यालयहरुमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित कार्यालयले पनि लेखी आए बमोजिम गरी दिनु पर्नेछ ।

१५. पुनरावेदन: दफा १४ को उपदफा (२) बमोजिम *नगरपालिका वा शहरी विकास कार्यालयले दिएको आदेशमा चित्त नबुझ्नेले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित ◙जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

१६. भवन भत्काउने र लागेको खर्च असुल गर्ने: (१) दफा १४ को उपदफा (२) बमोजिम कुनै भवन वा त्यसको कुनै भाग भत्काउने आदेश भएमा त्यस्तो आदेश उपर दफा १५ बमोजिम पुनरावेदन परेकोमा ◙जिल्ला अदालतबाट त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउने गरी निर्णय भएको मितिले पैंतीस दिनभित्र र पुनरावेदन नपरेकोमा पुनरावेदन गर्ने म्याद नाघेको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायले त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायले त्यस्तो भवन वा त्यसको कुनै भाग नभत्काएमा 🕮नगरपालिका वा शहरी विकास कार्यालयले नै त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउन सक्ने छ र त्यसरी भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

*(३) उपदफा (२) बमोजिम नगरपालिका वा शहरी विकास कार्यालयले भवन वा त्यसको कुनै भाग भत्काउँदा भरमग्दुर प्रयास गर्दागर्दै पनि भत्काउनु पर्ने भाग भन्दा बढी भाग भत्किन गएमा नगरपालिका वा शहरी विकास कार्यालय जवाफदेही हुने छैन र त्यसरी भत्काउनु पर्ने भन्दा बढी भाग भत्किन गई क्षति पुग्न गए बापत सम्बन्धित व्यक्तिले क्षतिपूर्ति माग गर्न पाउने छैन ।

🕮 (४) उपदफा (२) बमोजिम शहरी विकास कार्यालयले भवन वा त्यसको कुनै भाग भत्काउँदा सम्बन्धित ◙गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष वा सम्बन्धित वडा अध्यक्षको रोहवरमा र निजहरू नभएमा वा उपस्थित नभएमा ◙गाउँविकास समितिको सचिव र निज पनि उपस्थित नभएमा स्थानीयस्तरको कम्तीमा चारजना वासिन्दाको रोहवरमा भत्काउनु पर्नेछ ।

*१७. सहयोग गर्नु पर्ने: दफा १६ को उपदफा (२) बमोजिम नगरपालिका वा शहरी विकास कार्यालयले भवन वा त्यसको कुनै भाग भत्काउँदा कसैले बाधा विरोध गरेमा नगरपालिकाले स्थानीय प्रशासनको र शहरी विकास कार्यालयले स्थानीय प्रशासन तथा सम्बन्धित ◙गाउँपालिकाको सहयोग माग गर्न सक्नेछ र त्यसरी सहयोग माग भएमा नगरपालिका वा शहरी विकास कार्यालयलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

*१८. सूचना प्रकाशन गर्नु पर्ने: (१) नेपाल सरकारले भवन संहिता लागू गरिएको सूचना सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

◙ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

🕮 पहिलो संशोधनद्वारा थप ।

◙ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि भवन संहिताको प्रतिलिपि लिन चाहने व्यक्तिले तोकिएको दस्तुर बुझाई शहरी विकास कार्यालयबाट भवन संहिताको प्रतिलिपि प्राप्त गर्न सक्नेछ ।

१९. अधिकार प्रत्यायोजनः समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समिति वा दफा ६ बमोजिम गठित उपसमितिका सदस्यहरु, सरकारी निकाय, नगरपालिका, शहरी विकास कार्यालय वा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. निर्देशन दिन सक्नेः (१) नेपाल सरकारले भवन संहिता तर्जुमा तथा कार्यान्वयन गर्ने सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. यसै ऐन बमोजिम हुनेः यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

२२. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

---

द्रष्टव्यः (१) केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।

(२) भवन (पहिलो संशोधन) ऐन, २०६४ द्वारा रुपान्तर भएका शब्दहरुः-
"आवास तथा भौतिक योजना मन्त्रालय"को सट्टा "भौतिक योजना तथा निर्माण मन्त्रालय"।

(३) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा रुपान्तर भएका शब्दहरुः-
"कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय" को सट्टा "कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय"।

# फोहरमैला व्यवस्थापन ऐन, २०६८

प्रमाणीकरण र प्रकाशन मिति

२०६८।३।१

संशोधन गर्ने ऐन

१. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ २०७२।११।१३

२. केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ २०७५।११।१९

संवत् २०६८ को ऐन नं. ५

फोहरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन जस्तो अत्यन्त जरुरी सेवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका–संसद्‌को हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "फोहरमैला व्यवस्थापन ऐन, २०६८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "औद्योगिक फोहरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदूषणयुक्त फोहरमैला सम्झनु पर्छ ।

(ख) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्छ ।

(ग) "कण्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ ।

(घ) ▲................

(ङ) "ढुवानी" भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा ▣स्थानीय तहले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "न्यूनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

---

▲ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(ज) "निष्काशन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट ▣स्थानीय तहले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ।

(झ) "परिषद्" भन्नाले दफा २३ बमोजिम गठित फोहरमैला व्यवस्थापन परिषद् सम्झनु पर्छ ।

(ञ) "प्रदूषण" भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्याँस वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ।

(ट) "प्रभावित क्षेत्र" भन्नाले फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित क्षेत्रलाई सम्झनु पर्छ ।

(ठ) "प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्याँस, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ड) "प्रशोधन स्थल" भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल, ग्याँस, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ ।

(ढ) "पुनः चक्रीय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ।

(ण) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(त) "फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट)" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि ▣स्थानीय तहले तोकेको स्थल सम्झनु पर्छ ।

(थ) "फोहरमैला सङ्कलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर–घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उप्काई सङ्कलन गर्ने कार्य सम्झनु पर्छ ।

(द) "फोहरमैला सङ्कलन तथा ढुवानी साधन" भन्नाले फोहरमैला सङ्कलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ ।

(ध) "बन्द पश्चात् व्यवस्थापन (पोस्ट क्लोजर म्यानेजमेण्ट)" भन्नाले फोहरमैला व्यवस्थापन स्थलमा फोहरमैला विसर्जन गर्न बन्द गरे पश्चात् सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ ।

➢(न) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

➢ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(प) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेका ठोस, तरल, धुलो, लेदो, ग्याँस लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(फ) "विसर्जन" भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(ब) "सङ्कलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न ▣स्थानीय तहले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घरघरमा फोहरमैला सङ्कलन गर्न आउने ▣स्थानीय तहले तोकेको फोहरमैला सङ्कलक वा फोहरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउनेछ ।

(भ) ▲................

(म) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामूलक उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

(य) "स्थानान्तरण केन्द्र" भन्नाले सङ्कलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) मा लैजानु अघि फोहरमैला सङ्कलनको लागि स्थानीय निकायले तोकेको स्थान सम्झनु पर्छ ।

(र) "▣स्थानीय तह" भन्नाले सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा ▣गाउँपालिका सम्झनु पर्छ ।

(ल) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु–स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(व) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

## परिच्छेद–२

## फोहरमैला उत्पादन, सङ्कलन, न्यूनीकरण तथा निष्काशन सम्बन्धी व्यवस्था

३. फोहरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी ▣स्थानीय तहको हुने: (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्याँस प्लाण्ट लगायत फोहरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी ▣स्थानीय तहको हुनेछ ।

(२) फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैलाको प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी ▣स्थानीय तहको हुनेछ ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▲ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

४. फोहरमैला व्यवस्थापन गर्ने दायित्वः (१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व ▣स्थानीय तहको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन ▣स्थानीय तहलाई अनुरोध गरेमा वा ▣स्थानीय तहले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा ▣स्थानीय तहले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

५. फोहरमैलाको उत्पादन कम गर्नेः (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरणः "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

६. फोहरमैलाको पृथकीकरणः (१) ▣स्थानीय तहले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ▣स्थानीय तहले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि ▣स्थानीय तहले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

७. फोहरमैलाको निष्काशनः (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका ▣स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

८. फोहरमैला सङ्कलन केन्द्र तोक्नेः (१) ▣स्थानीय तहले फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका ▣स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

९. फोहरमैलाको ढुवानी: (१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व ▣स्थानीय तह वा त्यस्तो निकायले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानी गर्दा ▣स्थानीय तहले दफा ६ बमोजिम स्रोतमा छुट्याई निष्काशन तथा सङ्कलन गरिएको फोहरमैलाको अलग अलग ढुवानी गर्नु पर्नेछ ।

१०. फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग: (१) ▣स्थानीय तहले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग ▣स्थानीय तहले समन्वय गर्न सक्नेछ ।

## परिच्छेद–३

## स्थानान्तरण केन्द्र तथा फोहरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

११. स्थानान्तरण केन्द्र तोक्ने: (१) ▣स्थानीय तहले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहरमैलालाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोक्नु पर्नेछ र यसरी तोकिएको स्थललाई दुर्गन्ध नआउने गरी आवश्यक व्यवस्था समेत गर्नु पर्नेछ ।

१२. फोहरमैला व्यवस्थापन स्थल: (१) ▣स्थानीय तहले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि ▣स्थानीय तहको जग्गा नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(३) यस दफा बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्दा दफा १६ को अधीनमा रही निजीक्षेत्रको निजी जग्गामा समेत फोहरमैला व्यवस्थापन स्थलको विकास तथा सञ्चालन गर्न सकिनेछ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(४) ▣स्थानीय तहले उपदफा (१) वा (२) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि जग्गाको अभाव भएमा उपयुक्त स्थलको छनौट गरी उपलब्ध गराउनको लागि मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम फोहरमैला व्यवस्थापन स्थल उपलब्ध गराउनको लागि अनुरोध भई आएमा मन्त्रालयले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गरी ▣स्थानीय तहलाई उपलब्ध गराउनेछ ।

(६) दुई वा सोभन्दा बढी ▣स्थानीय तहलाई एउटै फोहरमैला व्यवस्थापन स्थल उपयुक्त हुने भएमा त्यस्ता ▣स्थानीय तहबीच समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित ▣स्थानीय तहहरुको लिखित सहमति र शर्तमा मन्त्रालयले फोहरमैला व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(७) ▣स्थानीय तहले फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन तथा बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य गर्दा फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरु अनुरुप गर्नु पर्नेछ ।

(९) ▣स्थानीय तहले फोहरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिमको क्षेत्रमा पशुपक्षी, जीवजन्तु तथा मानवको अनधिकृत प्रवेशलाई रोक लगाउने, ढुङ्गा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि अन्य आवश्यक निर्देशन तथा निर्देशिका जारी गरी लागू गर्न सक्नेछ ।

## परिच्छेद–४

## फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

१३. अनुमति सम्बन्धी व्यवस्थाः (१) यस ऐन बमोजिम ▣स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि सम्बन्धित ▣स्थानीय तहमा निवेदन दिनु पर्नेछः–

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर सम्बन्धित ▣स्थानीय तहले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई ▣स्थानीय तहले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१४. <u>निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिने:</u> (१) ▣<u>स्थानीय तह</u>ले आवश्यकता अनुसार दफा १३ बमोजिम अनुमतिप्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी सङ्घ, संस्थाको हकमा देहायका कुनै काम गराउन सकिनेछः–

(क) फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला सङ्कलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन, र

(च) बन्द पश्चात् व्यवस्थापन ।

१५. <u>प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने:</u> (१) ▣<u>स्थानीय तह</u>ले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः–

(क) ▣<u>स्थानीय तह</u>लाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए ▣<u>स्थानीय तह</u>लाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले ▣<u>स्थानीय तह</u>सँग गरेको सम्झौताको अधीनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

१६. <u>फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने:</u> (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि ▣<u>स्थानीय तह</u>ले स्वीकृति दिन सक्नेछ ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन ◙स्थानीय तहले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति ◙स्थानीय तहले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

१७. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने: (१) ◙स्थानीय तहले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी सङ्घ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी सङ्घ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला सङ्कलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

## परिच्छेद–५

## फोहरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

१८. सेवा शुल्क उठाउन सक्ने: (१) ◙स्थानीय तहले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा ◙स्थानीय तहले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित ◙स्थानीय तह आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले ◙स्थानीय तहसँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिइनेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी ◙स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

१९. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने: (१) ◙स्थानीय तहले दफा १८ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न दफा १५ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले दफा १८ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी ◙स्थानीय तहलाई दिनु पर्नेछ ।

---

◙ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

◙ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैंले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा १८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

## परिच्छेद–६

## प्रदूषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था

२०. प्रदूषण नियन्त्रणः (१) आफ्नो क्षेत्रभित्र सङ्कलित फोहरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदूषणरहित ढङ्गले व्यवस्थापन गर्ने दायित्व ▣स्थानीय तहको हुनेछ ।

(२) ▲...............

(३) ▣स्थानीय तहले सङ्कलित फोहरमैला निष्काशन तथा व्यवस्थापन गर्दा यस ऐन बमोजिम निर्धारित मापदण्डको पालना गर्नु पर्नेछ ।

२१. फोहरमैला व्यवस्थापनको अनुगमनः (१) स्थानीय निकायले फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि ▣स्थानीय तहले आवश्यक कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात् सोको प्रतिवेदन सम्बन्धित ▣स्थानीय तह समक्ष दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा ▣स्थानीय तहले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(५) ▲...............

२२. फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः (१) ▣स्थानीय तहले फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि ▣स्थानीय तहले मूलतः देहायका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सक्नेछः–

(क) सडक निर्माण, विद्युत आपूर्ति, खानेपानी तथा ढल निकास, सरसफाई र वातावरण संरक्षण,

(ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(ग) फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएका वर्गको उत्थान तथा विकासको लागि आवश्यक कार्यक्रम ।

(३) ▣स्थानीय तहले सम्बन्धित समुदायसँग परामर्श गरी उपदफा (१) बमोजिम योजना तर्जुमा वा उपदफा (२) बमोजिम कार्यक्रमको छनौट गर्नु पर्नेछ ।

---

▲ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▲ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(४) यस दफा बमोजिम प्रभावित क्षेत्रको लागि तर्जुमा गरिएको कार्यक्रमको कार्यान्वयन गर्दा स्थानीय समुदायको सहभागिता रहने गरी गर्नु पर्नेछ ।

(५) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा वा सोको लागि कुनै कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनले तोकेको मापदण्डको अनुकूल हुने गरी गर्नु पर्नेछ।

(६) फोहरमैलाको व्यवस्थापन स्थलको कारणले गम्भीर प्रभावित क्षेत्र र प्रभावित क्षेत्रको आर्थिक तथा सामाजिक विकास एवं वातावरण संरक्षणमा सुझाव दिन स्थानीय स्तरमा तोकिए बमोजिमको समिति गठन गर्न सकिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "गम्भीर प्रभावित क्षेत्र" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको क्षेत्रलाई सम्झनु पर्छ ।

## परिच्छेद–७

## फोहरमैला व्यवस्थापन परिषद् सम्बन्धी व्यवस्था

२३. परिषद्को गठन: (१) फोहरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नु पर्ने नीति निर्धारणको लागि एक फोहरमैला व्यवस्थापन परिषद् गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायका सदस्यहरु रहने छन्:–

(क) मन्त्री, स्थानीय विकास मन्त्रालय –अध्यक्ष

(ख) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय –सदस्य

(ग) सचिव, उद्योग मन्त्रालय –सदस्य

(घ) सचिव, वातावरण मन्त्रालय –सदस्य

(ङ) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय –सदस्य

(च) सचिव, स्थानीय विकास मन्त्रालय –सदस्य

(छ) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय –सदस्य

(ज) प्रमुख, काठमाडौं महानगरपालिका –सदस्य

(झ) नगरपालिका प्रमुखहरुमध्येबाट पाँच विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी परिषद्ले मनोनयन गरेका पाँचजना –सदस्य

(ञ) ▣स्थानीय तहसँग सम्बन्धित सङ्घ वा महासङ्घका पदाधिकारीहरुमध्येबाट कम्तीमा तीनजना महिला सहित नेपाल सरकारले मनोनयन गरेका पाँचजना –सदस्य

(ट) नेपाल सरकारले फोहरमैला अति प्रभावित क्षेत्र भनी तोकेको क्षेत्रबाट परिषद्ले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित दुईजना –सदस्य

(ठ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ –सदस्य

(ड) फोहरमैला व्यवस्थापन सम्बन्धी विशेषज्ञ तथा वैज्ञानिकहरुमध्येबाट कम्तीमा एकजना महिला सहित परिषद्ले मनोनयन गरेका दुईजना –सदस्य

(ढ) फोहरमैला व्यवस्थापनको क्षेत्रमा कार्यरत सामुदायिक संस्थाहरुमध्येबाट परिषद्ले मनोनयन गरेको संस्थाको प्रतिनिधि एकजना –सदस्य

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

➢(ण) मन्त्रालयले तोकेको सहसचिव –सदस्य–सचिव

(३) उपदफा (२) को खण्ड (ड) बमोजिम परिषद्मा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ।

(४) उपदफा (२) को खण्ड (झ), (ट) र (ढ) बमोजिम मनोनीत सदस्यको पदावधी एक वर्षको हुनेछ र पुनः मनोनयन हुन सक्ने छैन ।

(५) ▲................

२४. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u> परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) फोहरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरुबीच समन्वयको लागि नीतिगत व्यवस्था गर्ने,

(ग) फोहरमैला व्यवस्थापनको लागि ▣<u>स्थानीय तह</u>ले शुल्क निर्धारण गर्दा एकरुपता कायम गर्नको लागि त्यस्तो सेवा शुल्क निर्धारण गर्ने मापदण्ड स्वीकृत गर्ने,

(घ) फोहरमैला एकीकृत रुपमा व्यवस्थापन गर्न ▣<u>स्थानीय तह</u>ले कुनै लगानी गर्नु पर्ने अवस्थामा त्यस्तो लगानी गर्नु पर्ने रकमको प्रतिशत निर्धारण गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

२५. <u>परिषद्को बैठक र निर्णयः</u> (१) परिषद्को बैठक वर्षमा कम्तीमा एक पटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषद्को सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठकको निर्णय सामान्यतया सहमतिको आधारमा हुनेछ । सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) परिषद्ले आवश्यक देखेमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सम्बन्धित पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परिषद्को निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–८

▲................

## परिच्छेद–९

## <u>कसूर तथा सजाय</u>

---

➢ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

▲ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▲ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा परिच्छेद-८ झिकिएको ।

३८. <u>कसूरः</u> कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः–

(क) ▣<u>स्थानीय तह</u>ले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न ▣<u>स्थानीय तह</u>ले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) ▣<u>स्थानीय तह</u>ले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) दफा ४४ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी दफा ६ को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

३९. <u>सजायः</u> (१) दफा ३८ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई ▣<u>स्थानीय तह</u>ले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा ३८ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई ▣<u>स्थानीय तह</u>ले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) दफा ३८ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई ▣<u>स्थानीय तह</u>ले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) दफा ३८ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई ▣<u>स्थानीय तह</u>ले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(५) दफा ३८ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई ▣<u>स्थानीय तह</u>ले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा ३८ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई ▣<u>स्थानीय तह</u>ले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(७) दफा ३८ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई ▣<u>स्थानीय तह</u>ले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(८) दफा ३८ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई ▣<u>स्थानीय तह</u>ले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा ३८ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनदेखि तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१०) दफा ३८ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(११) दफा ३८ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित ▣<u>स्थानीय तह</u>ले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

४०. <u>सेवा सुविधा रोक्का गर्न सकिनेः</u> (१) यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको ▣<u>स्थानीय तह</u>ले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि ▣स्थानीय तहले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

४१. सरकारवादी हुने: दफा ३८ को खण्ड (ड), (ढ) र (ण) बमोजिमको कसूरमा नेपाल सरकारवादी भई मुद्दा चल्नेछ र सो कसूर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ मा समावेश भएको मानिनेछ।

४२. पुनरावेदन दिन सक्ने: दफा ३९ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित ▣जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद–१०

## विविध

४३. स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन: (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

४४. रासायनिक विषादी सम्बन्धी व्यवस्था: (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

४५. फोहरमैला व्यवस्थापनमा संलग्न सामुदायिक क्षेत्रका निकायको अभिलेख राख्ने: (१) प्रत्येक ▣स्थानीय तहले आफ्नो क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक क्षेत्रको अद्यावधिक विवरण राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्तो क्षेत्रले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा ▣स्थानीय तहले तोकेको अन्य विवरण समेत उल्लेख गर्न सकिनेछ ।

४६. जानकारी गराउनु पर्ने: कसैले विदेशी व्यक्ति, सङ्घ, संस्था वा दातृ निकायबाट सहयोग लिई फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित ▣स्थानीय तह मार्फत मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

४७. अधिकार प्रत्यायोजन: (१) नीतिगत विषयमा निर्णय गर्नु पर्ने बाहेक परिषद्ले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्को अध्यक्ष वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) ▲...............

(३) ▲...............

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▲ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

४८. नेपाल सरकारसँग सम्पर्क: परिषद् ▲.......... ले नेपाल सरकारसँग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४९. पुरस्कार दिन सकिने: (१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई ➢मन्त्रालयले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई सम्बन्धित ▣स्थानीय तहले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

५०. नियम तथा विनियम बनाउने अधिकार: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।

(२) ▲...............

५१. मापदण्ड वा निर्देशिका जारी गर्न सक्ने: ➢(१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही स्थानीय तहले विभिन्न प्रकृतिका फोहोरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न सक्नेछ।

(२) सम्बन्धित ▣स्थानीय तहले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

५२. प्रचलित कानून बमोजिम हुने: फोहरमैला व्यवस्थापन सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

⊕५२क. सम्पत्ति तथा दायित्व नेपाल सरकारमा सर्ने: फोहोरमैला व्यवस्थापन केन्द्र विघटन भएपछि त्यसको सम्पूर्ण सम्पत्ति तथा दायित्व नेपाल सरकारमा सर्नेछ ।

५३. खारेजी र बचाउ: (१) फोहरमैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४ खारेज गरिएको छ ।

(२) फोहरमैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) उपदफा (१) बमोजिमको ऐन बमोजिम गठित फोहरमैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्रको सम्पूर्ण चल, अचल सम्पत्ति, कर्मचारी तथा दायित्व यस ऐन अन्तर्गतको केन्द्रमा सर्नेछ ।

---

➢ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

▲ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

➢ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⊕ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

दृष्टव्य: (१) केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५द्वारा संशोधित शब्दहरु:-

"सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१" को सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१" ।

(२) साविकको स्थानीय विकास मन्त्रालयको सट्टा हाल सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको ।

(३) साविकको भौतिक योजना तथा निर्माण मन्त्रालयको सट्टा हाल भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय रहेको ।

(४) साविकको उद्योग मन्त्रालयको सट्टा हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय रहेको।

(५) साविकको वातावरण मन्त्रालयको सट्टा हाल वन तथा वातावरण मन्त्रालय रहेको ।

# आवासको अधिकार सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति:
२०७५।६।२

**सशोधन गर्ने ऐन**
मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन
गर्ने ऐन, २०७५ २०७६/१/२

संवत् २०७५ सालको ऐन नम्बर १२

आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** नेपालको संविधान बमोजिम आवासविहीन नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवास सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आवासको अधिकार सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आवास" भन्नाले आवासीय प्रयोजनको लागि निर्माण गरिएको भवन, घर, सोको अंश वा यस्तै स्थायी वा अस्थायी आंशिक वा पूर्ण संरचना सम्झनु पर्छ।

(ख) "आवासस्थल" भन्नाले आवास र त्यसले चर्चेको जग्गाको चार किल्ला सम्झनु पर्छ र सो शब्दले संयुक्त वा सामुहिक आवास रहेको स्थललाई समेत जनाउँछ।

(ग) "आवास क्षेत्र" भन्नाले एक वा एकभन्दा बढी आवासस्थलको समूहलाई जनाउँछ।

(घ) "आवासविहीन" भन्नाले दफा ७ बमोजिम आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवार सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "परिवार" भन्नाले आवास सुविधा प्राप्त गर्ने नागरिकको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, दाजु, भाउजू, भाइ, भाइबुहारी र दिदी, बहिनी सम्झनु पर्छ।

तर सो शब्दले कानून बमोजिम अंशबण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(छ) "मन्त्रालय" भन्नाले आवास सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२
## आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति

३. **आवासको अधिकार हुने:** (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण र परिपूर्ति यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको आवासको अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछः–

(क) प्रचलित कानूनले निर्धारण गरेको मापदण्डको अधीनमा रही सुरक्षित, उपयुक्त र आफ्नो क्षमता अनुकूल आवास बनाउने, सो आवासमा बसोबास गर्ने र त्यसको प्रयोग गर्ने,

(ख) आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,

(ग) प्रचलित कानून बमोजिम आवासस्थलको छनौट गर्ने तथा बसाइसराई गरी उपयुक्त स्थानमा आवासको लागि व्यवस्था गर्न पाउने,

(घ) आवासस्थलमा आफ्नो धार्मिक, सामाजिक, तथा सांस्कृतिक पहिचानको सम्मान तथा संरक्षण गर्न पाउने,

(ङ) आफ्नो आवास स्थल र वरिपरिको तोकिएको खुला क्षेत्रमा भौतिक संरचना निर्माण नगरी संरक्षण गर्न पाउने।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संवर्द्धन, संरक्षण, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुनेछ।

४. **नागरिकको आवास अधिकारको सम्मान गर्नुपर्ने:** (१) नागरिकलाई आफ्नो आवास शान्तिपूर्वक निर्वाध रूपले उपभोग गर्न दिनु पर्नेछ।

(२) कुनै पनि नागरिकलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक अवस्था वा यस्तै अन्य कुनै आधारमा आवासको सुविधाबाट वञ्चित गर्न वा भेदभाव गर्न पाइने छैन।

५. **सार्वजनिक प्रयोजनको लागि हटाउन सकिने:** (१) सार्वजनिक प्रयोजनका लागि प्रचलित कानून बमोजिम कुनै नागरिकलाई निजको आवासबाट हटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक प्रयोजनको लागि कुनै नागरिकलाई निजको स्वामित्वको आवासबाट हटाउँदा निजलाई पुनर्वासको व्यवस्था गरी वा प्रचलित कानून बमोजिमको क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको क्षतिपूर्ति नागरिकलाई आवासबाट हटाउने कार्य गर्नु अगावै उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सार्वजनिक प्रयोगको लागि कुनै नागरिकलाई निजको आवासबाट हटाउँदा देहायका अवस्था पूरा गरेको हुनु पर्नेछः-

(क) नागरिकसँग परामर्श गरिएको,

(ख) पर्याप्त र कारण सहितको सूचना सम्प्रेषण गरिएको,

(ग) आवासबाट हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान भएको,

(घ) हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारी वा निजको प्रतिनिधि उपस्थित भएको,

(ङ) रातीको समय वा त्यस्तै अनुपयुक्त समय नभएको।

(५) यस दफा बमोजिम आवासबाट हटाउने क्रममा जेष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, असक्त, गर्भवती महिलाको संरक्षणमा उचित ध्यान दिनु पर्नेछ।

(६) यस दफा बमोजिम पुनर्वास गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित सार्वजनिक निकायले व्यवस्था गरे बमोजिम हुनेछ।

६. **स्रोत साधनमाथिको पहुँचः** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले नागरिकलाई आवासस्थलमा रहेका स्रोत साधनहरूको उपयोगमा कानून बमोजिम सहज पहुँच हुने व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-३

## आवास सुविधा उपलब्ध गराउने

७. **आवास उपलब्ध गराउनेः** यस ऐनको परिच्छेद-२ मा जुनसुकै लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा देहाय बमोजिमका आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी क्रमशः तोकिए बमोजिम आवास सुविधा उपलब्ध गराउनु पर्नेछः-

(क) नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा घर जग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न असमर्थ रहेको,

(ख) प्राकृतिक विपत्तिका कारण स्थायी रूपमा विस्थापित भएको र खण्ड (क) बमोजिमको अवस्था विद्यमान भएको ।

८. **वित्तीय साधन उपलब्ध गराउनेः** (१) दफा ७ बमोजिम आवासविहीन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउन तोकिए बमोजिमको सहुलियतपूर्ण वित्तीय सुविधा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा अन्तर्गत पनि आवासको व्यवस्था गर्न नसक्ने अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताका आधारमा तोकिए बमोजिम क्रमशः आवास सुविधा उपलब्ध गराइनेछ।

९. **लगत सङ्कलन तथा पहिचान गर्नेः** (१) आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवारको विस्तृत पहिचान र बसोबासको अवस्था समेत खुल्ने गरी सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम लगत सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन गरिएको लगतको विवरण स्थानीय तहले प्रदेश सरकार मार्फत् नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. **परिचयपत्र उपलब्ध गराउनु पर्नेः** (१) सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको परिचयपत्र सम्बन्धित व्यक्ति वा परिवारलाई वितरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको परिचयपत्र वितरणको कार्य तोकिए बमोजिमको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम वितरण गरिएको परिचयपत्रको विवरण सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश सरकार तथा मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(४) यस दफा बमोजिम वितरण गरिएको परिचयपत्रको विवरणको आधारमा दोहोरो नपर्ने गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले स्रोत साधनको व्यवस्था मिलाई नागरिकलाई क्रमशः तोकिए बमोजिमको आवास सुविधा उपलब्ध गराउनु पर्नेछ।

११. **सहयोग गर्नु पर्नेः** नेपाल सरकार तथा प्रदेश सरकारले दफा ९ र १० बमोजिमको कार्य सम्पन्न गर्नको लागि स्थानीय तहलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

१२. **जग्गा वा आवास नभएको घोषणा गर्नु पर्ने:** दफा ९ बमोजिम आवास सुविधा प्राप्त गर्न पहिचान भएको व्यक्ति तथा परिवारले यस ऐन बमोजिम आवास सुविधा प्राप्त गर्नु अघि देशको कुनै भू-भागमा आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा, आवास वा दुवै नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको व्यवस्था गर्न असमर्थ रहेको तोकिए बमोजिम स्वः घोषणा गर्नु पर्नेछ।

१३. **अस्थायी आवास उपलब्ध गराउनु पर्ने:** (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा विपद्‌बाट विस्थापित व्यक्ति तथा परिवारको लागि तत्काल तोकिए बमोजिमको अस्थायी आवास वा आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अस्थायी आवासमा लैङ्गिकमैत्री, अपाङ्गमैत्री वातावरण लगायत तोकिए बमोजिमका न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अस्थायी आवासमा आश्रित व्यक्ति वा परिवारलाई त्यस्तो विपद्‌को अवस्था सामान्यीकरण भई साविककै स्थानमा बसोबास गर्न सकिने अवस्था भएमा निजहरूलाई सोही ठाउँमा पुनर्स्थापना गर्ने व्यवस्था गर्नु पर्नेछ।

१४. **पुनर्वासको व्यवस्था गर्नु पर्ने:** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दफा १३ बमोजिमको कारणबाट पूर्ण रूपमा विस्थापित भएको व्यक्ति तथा परिवारको नाममा अन्यत्र जग्गा नभएको वा जग्गा भए पनि भौगोलिक वा अन्य कारणले बसोबास गर्नको लागि अनुपयुक्त भएको र निज वा परिवारको आर्थिक विपन्नताको कारण निज आफैंले कुनै अर्को बासस्थानको प्रबन्ध गर्न नसक्ने अवस्था भएमा त्यस्तो व्यक्ति तथा परिवारको लागि उचित पुनर्वासको प्रबन्ध गर्नु पर्नेछ।

तर त्यस्तो व्यक्ति वा परिवार कुनै आर्थिक उपार्जनको कार्यमा संलग्न रहेको भएमा निजलाई प्रचलित कानून बमोजिम सहुलियतपूर्ण कर्जा तथा आंशिक अनुदान प्रदान गरी पुनर्वासको प्रबन्ध गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम पुनर्वासको व्यवस्था गर्दा सम्भव भएसम्म सम्बन्धित व्यक्ति तथा परिवारको सामाजिक, सांस्कृतिक पक्ष तथा जीविकोपार्जनको विषयलाई समेत ध्यान दिनु पर्नेछ।

१५. **आवासको स्वामित्व उपयोग तथा भोगाधिकार:** (१) यस ऐन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट आवास निर्माण गरी नागरिकलाई प्रदान गरिएकोमा त्यस्तो आवासको स्वामित्व त्यस्तो आवास सुविधा प्राप्त गर्ने व्यक्ति, परिवार वा समुदायको एकल, सामूहिक वा संयुक्त स्वामित्व रहने गरी व्यवस्था गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो आवासमा सम्बन्धित व्यक्ति वा परिवारको भोगाधिकार मात्र कायम हुने गरी व्यवस्था गर्न बाधा पर्ने छैन।

(३) कुनै एक व्यक्ति तथा परिवारको एकल स्वामित्व रहने गरी आवास सुविधा प्रदान गरिएको भएमा त्यस्तो आवासमा जसको स्वामित्व रहेको हो सोही व्यक्ति तथा परिवार बस्नु पर्नेछ।

(४) सामूहिक वा संयुक्त स्वामित्व रहने गरी आवास सुविधा प्रदान गरिएको भएमा त्यस्तो आवासको स्वामित्व त्यसमा बसोबास गर्ने सबै व्यक्ति तथा परिवारको हुनेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिम कुनै व्यक्ति तथा परिवारको एकल, सामुहिक वा संयुक्त स्वामित्व रहने गरी उपलब्ध गराइएको आवास त्यस्तो आवास उपलब्ध गराउने सम्बन्धित नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति नलिई बैङ्क, वित्तीय वा अन्य संस्थामा धितो बन्धक राखी ऋण लिन, बेचबिखन गर्न, भाडा वा लिजमा दिन वा अन्य व्यक्तिलाई स्वामित्व हस्तान्तरण गर्न वा अन्य कुनै प्रकारले हक छाड्न पाइने छैन।

तर प्रचलित कानून बमोजिमको अंशियारका बीचमा अंशबण्डा गर्न र निजको शेषपछि निजको हकवालाको नाममा नामसारी दाखिल खारेज वा अपुताली वा अन्य कुनै व्यहोराले स्वामित्व हस्तान्तरण गर्न बाधा पर्ने छैन।

(६) उपदफा (५) विपरीत भएको कुनै कार्य स्वतः बदर भएको मानिनेछ र त्यस्तो आवासको स्वामित्व स्वतः आवास उपलब्ध गराउने नेपाल सरकार, प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहको हुनेछ।

(७) उपदफा (६) बमोजिमको आवास उपलब्ध गराउने सम्बन्धित नेपाल सरकार वा प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहले अन्य विस्थापित, आवासविहीन व्यक्ति तथा परिवारलाई उपलब्ध गराउन सक्नेछ।

१६. **दोहोरो सुविधा उपलब्ध नगराइने:** (१) यस ऐन बमोजिम आवास उपलब्ध गराइएको व्यक्ति तथा परिवारलाई दोहोरो पर्ने गरी आवास उपलब्ध गराइने छैन।

(२) यस ऐन बमोजिम एक पटक आवासको सुविधा उपलब्ध गराइएको व्यक्ति तथा परिवारलाई पुनः त्यस्तो सुविधा उपलब्ध गराइने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपलब्ध गराइएको आवास विपद् परी पूर्ण क्षति भई बस्न योग्य नभएको अवस्थामा पुनः उपलब्ध गराउन बाधा पर्ने छैन।

१७. **आवास सुविधा उपलब्ध नगराइने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमका व्यक्ति तथा परिवारलाई यस ऐन बमोजिम आवासको सुविधा उपलब्ध गराइने छैनः-

(क) प्रचलित कानून बमोजिम राष्ट्रसेवक मानिने पदमा बहाल रहेको, सेवानिवृत्त वा पदमुक्त भएको व्यक्ति तथा निजको परिवार,

(ख) स्वदेशी वा विदेशी कम्पनी, सङ्गठित संस्था, साझेदारी, फर्मबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाइरहेको व्यक्ति तथा निजको परिवार,

(ग) स्वदेशी वा विदेशी गैरसरकारी संस्थाबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाइरहेको व्यक्ति तथा निजको परिवार,

(घ) निजी क्षेत्रमा व्यापार, व्यवसाय वा अन्य आर्थिक उपार्जनको कार्यमा संलग्न रहेको व्यक्ति वा निजको परिवार,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थामा काम गरिरहेको वा त्यसबाट निवृत्तभरण वा अन्य आर्थिक सुविधा प्राप्त गरिरहेको व्यक्ति तथा निजको परिवार,

(च) विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको वा विदेशी मुलुकमा स्थायी रूपमा बसोबास गरिरहेको व्यक्ति तथा परिवार,

(छ) आवासीय प्रयोजनको लागि कसैको घर, जग्गा वा अपार्टमेन्ट बहालमा लिई बसेको व्यक्ति तथा परिवार,

(ज) आवास नभएको तर नेपाल सरकारले तोकेकोभन्दा बढी चल वा अचल सम्पत्ति भएको व्यक्ति तथा परिवार,

(झ) तोकिए बमोजिमका अन्य व्यक्ति तथा निजको परिवार।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा परी आवास पूर्ण क्षति भई बस्न योग्य नभएमा वा नेपाल सरकारले तोकेकोभन्दा कम वार्षिक आय गर्ने व्यक्ति तथा निजको परिवारलाई यस ऐन बमोजिमको आवासको सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

१८. **<u>स्थानीय तहसँग समन्वय गर्ने</u>:** (१) नेपाल सरकार तथा प्रदेश सरकारले यस ऐन बमोजिम आवास सम्बन्धी कुनै सुविधा प्रदान गर्दा स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारले यस ऐन बमोजिम आवास सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट, जनशक्ति तथा अन्य प्राविधिक सहायता प्रदान गरी स्थानीय तह मार्फत् कार्यान्वयन गर्न सक्नेछन्।

१९. **<u>एकीकृत बस्ती विकासको व्यवस्था</u>:** (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यस ऐन बमोजिम आवास सुविधा उपलब्ध गराउँदा आवश्यकता र उपयुक्तता अनुसार एकीकृत बस्ती विकासको अवधारणा अनुरूप आवासको व्यवस्था मिलाउन सक्नेछन्।

(२) यस ऐनमा अन्यत्र जुनसुकै लेखिएको भए तापनि भौगोलिक विकटताका कारणले सेवा सुविधा पुऱ्याउन नसक्ने दुर्गम, विकट तथा असुरक्षित स्थानका बस्ती स्थानान्तरण गरी सुविधायुक्त स्थानमा सार्न बाधा पर्ने छैन।

२०. **<u>स्वदेशी निजी क्षेत्रबाट आवास सुविधा प्रदान गर्न सकिने</u>:** (१) प्रचलित कानूनको अधीनमा रही निजी कम्पनी वा सङ्गठित संस्थाले आवास निर्माण गरी नागरिकलाई वितरण गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको आवासमा तोकिए बमोजिमको न्यूनतम सेवा, सुविधा तथा पूर्वाधार उपलब्ध भएको हुनु पर्नेछ।

२१. **<u>सेवा, सुविधा र पूर्वाधारको उपलब्धता</u>:** यस ऐन बमोजिम प्रदान गरिने आवास रहेको क्षेत्रमा तोकिए बमोजिमको न्यूनतम सेवा, सुविधा र पूर्वाधारहरू उपलब्ध भएको हुनु पर्नेछ।

२२. **<u>अनुगमन गर्नु पर्ने</u>:** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यस ऐन बमोजिम आवासको सुविधा उपलब्ध गराउने कार्यको अनुगमन गर्नको लागि तोकिए बमोजिमको संयन्त्र गठन गर्नु पर्नेछ।

२३. **<u>भवनसंहिता तथा भवन निर्माण सम्बन्धी मापदण्ड पालना गर्नु पर्ने</u>:** नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले यस ऐन बमोजिम आवास उपलब्ध गराउँदा बस्ती विकास, भूमिको उपयोग, भवनसंहिता तथा भवन निर्माण सम्बन्धी सङ्घीय कानून बमोजिम निर्धारण गरेको मापदण्डको पालना गर्नु पर्नेछ।

२४. **<u>विवादको समाधान</u>:** यस ऐन बमोजिम उपलब्ध गराइएको आवास सुविधाको उपभोग गर्ने सम्बन्धमा त्यस्तो आवासमा बसोबास गर्ने व्यक्ति तथा परिवारहरूबीच भएको हक बेहक सम्बन्धी बाहेकको कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद हेर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

## परिच्छेद-४

## <u>कसुर तथा सजाय</u>

२५. **<u>कसुर तथा सजाय</u>:** (१) कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) झुट्टा विवरण पेश गरी आवास सुविधा लिएमा,

(ख) आवास सुविधाको दुरुपयोग गरेमा वा आवासलाई आवास बाहेकको अन्य प्रयोजनमा प्रयोग गरेमा,

(ग) जानीजानी झुठो विवरण सङ्कलन गरेमा वा सिफारिस गरेमा,

(घ) दफा १५ को उपदफा (५) विपरीतको कार्य गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसुर गरेमा दुई वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै,

(ख) खण्ड (ख) बमोजिमको कसुर गरेमा एक वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै,

(ग) खण्ड (ग) बमोजिमको कसुर गरेमा एक लाख रुपैयाँ जरिबाना गरी सरकारी कर्मचारी भए विभागीय कारबाही समेत हुने,

(घ) खण्ड (घ) बमोजिमको कसुर गरेमा तीन वर्षसम्म कैद वा दश लाख रुपैयाँसम्म जरिबाना वा दुवै।

(३) उपदफा (२) बमोजिमको जरिबाना सम्बन्धित कसुरदारबाट असुल उपर हुन नसकेमा सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम आवास निर्माणको लागि अनुदान उपलब्ध गराइएका व्यक्तिले झुट्टा विवरण दिई अनुदान लिएको पाइएमा त्यस्तो अनुदानको रकममा प्रचलित कानून बमोजिम लाग्ने ब्याज रकम समेत हिसाब गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ र प्रचलित कानून बमोजिम कुनै कारबाही हुनेमा त्यस्तो कारबाही समेत गरिनेछ।

## परिच्छेद-५

## विविध

२६. **नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा कायम गरिने:** दफा १५ को उपदफा (६) मा उल्लिखित अवस्थाको अतिरिक्त देहायको अवस्था भएमा यस ऐन बमोजिम उपलब्ध गराइएको आवास त्यस्तो व्यक्ति तथा परिवारको नामबाट लगत कट्टा गरी त्यस्तो आवास सुविधा उपलब्ध गराउने नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा कायम गरिनेछः-

(क) आवास उपलब्ध गराइएको व्यक्ति तथा परिवारले बसोबास नगरेमा वा लगातार तीन वर्ष वा सोभन्दा बढी अवधि भोग चलन नगरेमा,

(ख) तोकिए बमोजिमको अन्य अवस्थामा।

२७. **आवासको मर्मत सम्भार तथा सेवा शुल्क:** (१) यस ऐन बमोजिम उपलब्ध गराइएको आवासको मर्मत सम्भार त्यस्तो आवास सुविधा प्राप्त गर्ने व्यक्ति तथा परिवारले आफ्नै खर्चमा गर्नु पर्नेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले निर्णय गरी निःशुल्क हुने गरी तोकेको बाहेक आवासमा जडित विद्युत, खानेपानी लगायतका सुविधा उपभोग गरे बापत तिर्नु पर्ने सेवा शुल्क तोकिएको समयभित्र त्यस्तो आवास प्राप्त गर्ने व्यक्ति तथा परिवारले व्यहोर्नु पर्नेछ।

२८. **आवास फिर्ता गर्न सक्ने:** यस ऐन बमोजिम उपलब्ध गराइएको आवास प्राप्त गर्ने व्यक्ति तथा परिवारले आफ्नो आर्थिक क्षमतामा भएको वृद्धि वा अन्य कारणले आवास फिर्ता गर्न चाहेमा त्यस्तो आवास उपलब्ध गराउने नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई फिर्ता गर्न सक्नेछ। यसरी फिर्ता गर्ने व्यक्ति वा परिवारलाई सम्बन्धित निकायले सम्मान गर्न सक्नेछ।

२९. **नेपाल सरकार वादी हुने:** (१) दफा २५ को उपदफा (१) बमोजिमको मुद्दामा नेपाल सरकार वादी हुनेछ।

(२) दफा २५ को उपदफा (१) बमोजिमको @मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

३०. **नियम बनाउने अधिकार:** यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३१. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने:** (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको कार्यविधि वा निर्देशिका सार्वजनिक गर्नु पर्नेछ।

---

@ मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

# सार्वजनिक–निजी साझेदारी तथा लगानी ऐन, २०७५

प्रमाणीकरण तथा प्रकाशन मिति

२०७५/१२/१३

**संशोधन गर्ने ऐन**

| | |
|---|---|
| १. लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ | २०८१/३/२४ |
| २. आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ | २०८१/१२/१८ |

संवत् २०७५ सालको ऐन नं. ३२

सार्वजनिक- निजी साझेदारी तथा लगानी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमबाट मुलुकको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन, सार्वजनिक–निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरुलाई व्यवस्थित गर्न तथा लगानी सम्बन्धी कानूनी व्यवस्थालाई एकीकरण र संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सार्वजनिक–निजी साझेदारी तथा लगानी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अनुगमन तथा सहजीकरण समिति" भन्नाले दफा ९ बमोजिमको अनुगमन तथा सहजीकरण समिति सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा ३१ बमोजिम सार्वजनिक–निजी साझेदारीमा र दफा ३५ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्र सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र वा इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिम सार्वजनिक–निजी साझेदारी निजी लगानीमा निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ ।

(ङ) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले दफा ४६ बमोजिमको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले दफा १० बमोजिमको कार्यालय सम्झनु पर्छ ।

(छ) "कोष" भन्नाले दफा ५७ बमोजिमको कोष सम्झनु पर्छ ।

(ज) "बोर्ड" भन्नाले दफा ५ बमोजिमको लगानी बोर्ड सम्झनु पर्छ ।

(झ) "परियोजना" भन्नाले यस ऐन बमोजिम सार्वजनिक–निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धी परियोजना सम्झनु पर्छ र सो शब्दले निजी लगानीमा कार्यान्वयन गरिने परियोजनालाई समेत जनाउँछ ।

(ञ) "पूर्वाधार संरचना" भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, नहर, जलाशय, बाँध, ढल, केबुलकार, रेल्वे, ट्रामवे, मेट्रो रेल, मोनो रेल, स्काइ रेल, ट्रलीबस, बस र्यापिड ट्रान्जिट, सुख्खा बन्दरगाह, जलमार्ग परिवहन बिसौनी स्थल, विमानस्थल, अस्पताल, शीतभण्डार, गोदामघर, सार्वजनिक सभागृह, रङ्गशाला, जल विद्युतीय, जैविक, वायू, सौर्य लगायतका नवीकरणीय, तापीय तथा भूतापीय उर्जाको उत्पादन, प्रसारण तथा वितरण, प्रदर्शनी स्थल, मनोरञ्जन पार्क, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, विशेष आर्थिक तथा औद्योगीक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्रसँग सम्बन्धित पूर्वाधार संरचना सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनालाई समेत जनाउँछ ।

(ट) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा १२ बमोजिम नियुक्त बोर्डको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ठ) "महसुल" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिने सेवा शुल्क सम्झनु पर्छ ।

(ड) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको विकास, निर्माण वा पुर्नस्थापनाको कार्य सम्झनु पर्छ ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "निजी लगानी" भन्नाले दफा ३२ बमोजिम गरिने लगानी सम्झनु पर्छ ।

(त) "लगानी" भन्नाले यस ऐन बमोजिम ऋण वा स्वपूँजी वा पुनर्लगानी वा यस्तै प्रकारका वित्तीय उपकरण मार्फत परियोजनामा गरिने पूँजी प्रवाह सम्झनु पर्छ ।

(थ) "लगानीकर्ता" भन्नाले यस ऐन बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न इच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ।

(द) "सदस्य" भन्नाले दफा ५ बमोजिमको बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले बोर्डको अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउँछ ।

(ध) "सम्झौता" भन्नाले परियोजना कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा बोर्ड र लगानीकर्ताबीच भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा अन्य यस्तै प्रकारका सम्झौता सम्झनु पर्छ ।

(न) "सम्बन्धित निकाय" भन्नाले परियोजना कार्यान्वयन तथा सहजीकरण गर्ने बोर्ड, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह वा मातहतका सार्वजनिक निकाय सम्झनु पर्छ।

(प) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(फ) "सार्वजनिक निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित गठित अन्य सङ्गठित संस्था वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल सरकारले सार्वजनिक निकाय भनी तोकिदिएको सार्वजनिक संस्था सम्झनु पर्छ।

(ब) "सार्वजनिक–निजी साझेदारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय र लगानीकर्ता बीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण,

सञ्चालन, पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा १७ को उपदफा (२) मा उल्लेख भए मध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ ।

(भ) "सार्वजनिक–निजी साझेदारी निर्देशनालय" भन्नाले दफा १४ बमोजिमको सार्वजनिक–निजी साझेदारी निर्देशनालय सम्झनु पर्छ ।

(म) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद–२

## लगानी स्वीकृति तथा बोर्ड सम्बन्धी व्यवस्था

३. लगानी स्वीकृतिः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि छ अर्ब रुपैयाँवा सोभन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृति बोर्डबाट हुनेछ ।

४. परियोजनाको कार्यान्वयनः (१) सार्वजनिक–निजी साझेदारीका परियोजनाको कार्यान्वयन देहायका निकायबाट हुनेछः–

(क) प्रचलित सङ्घीय कानून बमोजिम स्थानीय तहको कार्यक्षेत्रमा परेका परियोजना भए सम्बन्धित स्थानीय तह,

(ख) प्रचलित सङ्घीय कानून बमोजिम प्रदेश तहको कार्यक्षेत्रमा परेका परियोजना भए सम्बन्धित प्रदेश सरकार,

(ग) प्रचलित सङ्घीय कानून बमोजिम सङ्घको अधिकारक्षेत्रमा परेका परियोजनामध्ये छ अर्ब रुपैयाँसम्म लागत अनुमान भएका जलविद्युत लगायतका उर्जा परियोजना बाहेकको अन्य परियोजना वा दुई सय मेगाबाट क्षमता सम्मको जलविद्युत लगायतका उर्जा परियोजना भए नेपाल सरकारको सम्बन्धित मन्त्रालय वा निकाय,

(घ) छ अर्ब रुपैयाँभन्दा बढी लागत अनुमान भएका जलविद्युत लगायतका उर्जा परियोजना बाहेकको अन्य परियोजना वा दुई सय मेगावाट क्षमताभन्दा बढीको जलविद्युत लगायतका उर्जा परियोजना भए बोर्ड ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिमको कुनै निकायले पहिचान गरी सूची स्वीकृत गरेको परियोजनाको हकमा सम्बन्धित निकाय र बोर्डबीचको आपसी समझदारी वा सम्झौताबाट कार्यान्वयन गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय वा प्रदेश तहको कार्यक्षेत्रमा परेका परियोजनामा विदेशी लगानी गर्ने सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) को खण्ड (घ) बमोजिमको परियोजनाको कार्यान्वयन गर्दा बोर्डले सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ ।

५. बोर्डको गठनः (१) स्वदेशी वा विदेशी श्रोतको परिचालन गरी पूर्वाधार संरचनाको निर्माण तथा सेवा क्षेत्रको विकास गरी लगानी प्रवर्द्धन गर्ने समेतको कार्य गर्नको लागि अधिकारसम्पन्न लगानी बोर्ड रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बोर्डको गठन देहाय बमोजिम हुनेछः–

(क) प्रधानमन्त्री – अध्यक्ष

(ख) अर्थ मन्त्री – उपाध्यक्ष

(ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री – सदस्य

(घ) वन तथा वातावरण मन्त्री – सदस्य

(ङ) उर्जा, जलश्रोत तथा सिँचाई मन्त्री –सदस्य

(च) परियोजनासँग सम्बन्धित मन्त्रालयका मन्त्री –सदस्य

(छ) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष –सदस्य

(ज) नेपाल राष्ट्र बैङ्कको गभर्नर –सदस्य

(झ) नेपाल सरकारको मुख्य सचिव –सदस्य

(ञ) उद्योग, पर्यटन, पूर्वाधार विकास, वाणिज्य कानून तथा वित्तीय क्षेत्रका विशेषज्ञहरूमध्ये बोर्डले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीनजना –सदस्य

(ट) कार्यालयको प्रमुख कार्यकारी अधिकृत –सदस्य–सचिव

६. सदस्यहरूको नियुक्ति, पदावधि तथा पदमुक्तिः (१) दफा ५ को उपदफा (२) को खण्ड (ञ) बमोजिमका सदस्यको मनोनय बोर्डको अध्यक्षबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ । निजहरूको पुनर्नियुक्ति हुन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत कुनै सदस्यलाई अध्यक्षले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) उपदफा (३) बमोजिम कुनै सदस्य पदमुक्त भएमा वा निजले आफ्नो पदबाट राजिनामा दिएमा निजको स्थानमा बाँकी अवधिका लागि अर्को व्यक्तिलाई मनोनीत गर्न सकिनेछ ।

७. बैठक सम्बन्धी व्यवस्था:(१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति स्थान र समयमा बस्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैठक एक आर्थिक वर्षमा कम्तीमा छ पटक र दुई बैठकको बीचको अवधि दुई महिनाभन्दा बढी नहुने गरी बस्नु पर्नेछ ।

(३) बोर्ड बैठकको अध्यक्षता बोर्डको अध्यक्षले र निजको अनुपस्थितिमा बोर्डको उपाध्यक्षले गर्नेछ ।

(४) बोर्डले परियोजनासँग सम्बन्धित मन्त्रालयका सचिव, नेपाल सरकारका कुनै अधिकृत वा विशेषज्ञलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) बोर्ड बैठकको कार्यसूचीमा परेको परियोजनाका सम्बन्धमा हुने छलफलमा सम्बन्धित प्रदेशका मुख्यमन्त्री वा स्थानीय तहका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) बोर्डको निर्णय सदस्य–सचिवले अभिलेख गरी प्रमाणित गर्नेछ ।

(७) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. बोर्डको काम, कर्तव्य र अधिकारः बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सार्वजनिक–निजी साझेदारी तथा निजी लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानी सम्बन्धी नीति तर्जुमा गर्ने वा गराउने,

(ख) सम्भाव्य परियोजनाहरुको विवरण सङ्कलन गरी त्यस्ता परियोजनाहरुको अध्ययन तथा परियोजनाको सूची तयार गर्ने वा गराउने,

(ग) सार्वजनिक–निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरु मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने वा गराउने,

(घ) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न गर्ने आधार मूल्याङ्कन गरी त्यस्ता परियोजनाहरुको पूर्व योग्यताको सूची तयार, प्रस्ताव आह्वान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति, तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने वा गराउने,

(ङ) विशेष प्राथमिकताका परियोजनाहरुको रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको वार्ता मार्फत परियोजना विकास,निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने वा गराउने,

(च) आव्हान नगरिएका बोर्डमा सोझै प्राप्त हुन आएका प्रस्तावहरु आवश्यकता अनुसार अध्ययन गरी सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लिखित परियोजनाको लागि कानून बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र, राईट अफ वेका लागि सम्बन्धित निकायमा पठाउने, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने वा गराउने,

(छ) स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौता बमोजिम निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने वा गराउने,

(ज) पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा सम्मिश्रित वित्त सम्बन्धी कार्य गर्ने,

(झ) आर्थिक वा गैर आर्थिक सुविधा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने,

(ञ) स्वीकृत परियोजनाको लागि आवश्यक पर्ने हदबन्दी भन्दा बढीको जग्गा खरीद गर्न वा लिजमा उपलव्ध गराउन समन्वय र सहजिकरण गर्ने,

(ट) स्वीकृत परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनु पर्ने भएमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी अनुमति प्रदान गर्ने वा गराउने,

(ठ) परियोजना विकास सम्झौता (प्रोजेक्ट डेभेलपमेन्ट एग्रिमेण्ट) तथा परियोजना लगानी सम्झौता (प्रोजेक्ट इन्भेष्टमेण्ट एग्रिमेण्ट) लगायतका सहुलियत सम्झौता (कन्सेसन एग्रिमेन्ट) स्वीकृत गर्ने,

(ड) स्वीकृत परियोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम आवश्यक पर्ने अनुमति, इजाजत तथा स्वीकृतिको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(ढ) लगानी मैत्री वातावरण तयार गरी नेपाललाई विदेशी लगानीको गन्तव्य स्थलको रुपमा विकास गर्न नेपाल सरकारका सम्बन्धित निकायसँग सहकार्य गर्ने,

(ण) विदेशी लगानी आकर्षित गर्नका लागि बोर्डले उपयुक्त ठहर्‍याएको मुलुकसँग द्विपक्षीय लगानी सम्झौता र दोहोरो कर उन्मुक्ति लगायतका लगानी प्रवर्द्धन सम्बन्धी वार्ता गर्ने वा संयन्त्र स्थापित गर्ने वा गराउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिश गर्ने,

(त) प्रत्यक्ष विदेशी लगानीमा वा सार्वजनिक–निजी साझेदारीमा सञ्चालन हुने पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुर्नस्थापना वा स्तरोन्नति गर्ने वा सार्वजनिक सेवा प्रवाह गर्ने परियोजना कार्यान्वयन र लगानीको सम्बन्धमा नेपाल सरकार लगायत त्यस सम्बन्धी अन्य निकायलाई आवश्यक विशेषज्ञ सेवा उपलब्ध गराउने तथा समन्वय एवं सहजीकरण गर्ने वा गराउने,

(थ) परियोजना विकास, लगानी प्रवर्द्धन तथा परियोजना कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय, प्रदेश, स्थानिय तह एवं सरकारी तथा निजी क्षेत्र बीच समन्वय गर्ने वा गराउने,

(द) स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि शीघ्र निर्णय र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने वा गराउने,

(ध) बोर्डको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(न) सफलतापूर्वक परियोजना कार्यान्वयन गर्ने लगानीकर्ताहरूको सूची तयार गरी आवश्यकता अनुसार त्यस्ता लगानीकर्ताहरु वा पूर्व योग्यता निर्धारण भएका लगानीकर्ताहरू बीच नयाँपरियोजना कार्यान्वयन गर्न प्रतिस्पर्धा गराउने,

(प) विदेशी लगानी प्रवर्द्धन गर्ने सम्बन्धमा प्रचार प्रसार तथा विदेशी लगानीकर्ता बीच अन्तरक्रिया तथा अन्य आवश्यक कार्य गर्नका लागि कार्यालय तथा विदेशस्थित नेपाली नियोगहरूको सहकार्य तथा समन्वय स्थापित हुने गरी त्यस्ता निकायलाई परिचालन गर्ने वा गराउने,

(फ) विदेशी लगानी आकर्षण गर्न र त्यस्ता लगानीमा स्थापना तथा सञ्चालन हुने कुनै पनि परियोजनाको लागि एकल बिन्दु सेवा केन्द्रबाट सेवा प्रदान गर्ने वा गराउने,

(ब) सम्झौता बमोजिम वित्तीय व्यवस्थापन भई सकेपछि त्यस्तो सम्झौता बमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने वा गराउने,

(भ) लगानीकर्तालाई अनुमति वा इजाजत प्रदान गरे बापत वा परियोजना विकास गर्न बोर्डले पुऱ्याएको सेवा तथा सहजीकरण बापत तोकिए बमोजिमको शुल्क, दस्तुर लिने,

(म) बोर्डबाट सहजीकरण गरिएका वा गरिने परियोजनालाई आवश्यक पर्ने पूर्वाधार संरचनाको निर्माण तोकिए बमोजिम लगानीकर्तामार्फत गर्ने वा गराउने,

(य) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

९. अनुगमन तथा सहजीकरण समितिः (१) यस ऐन बमोजिम कार्यान्वयन हुने परियोजनाको कार्यान्वयन तथा अनुगमन गर्न तथा सो कार्यमा सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक अनुगमन तथा सहजीकरण समिति रहनेछः–

(क) बोर्डको उपाध्यक्ष –संयोजक

(ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार विकास विषय हेर्ने) –सदस्य

#(ख१) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सचिव, वन तथा वातावरण मन्त्रालय –सदस्य

(घ) सचिव, उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय –सदस्य

(ङ) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, –सदस्य

(च) सचिव, राष्ट्रिय योजना आयोग –सदस्य

(छ) सचिव, परियोजनासँग सम्बन्धित मन्त्रालय –सदस्य

(ज) प्रमुख कार्यकारी अधिकृत –सदस्य

# लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

(झ) दफा ५ को उपदफा (२) को *खण्ड (ञ) बमोजिमका सदस्यबाट बोर्डको अध्यक्षले तोकेको एक जना –सदस्य

(ञ) बोर्डको सार्वजनिक–निजी साझेदारी निर्देशनालय प्रमुख –सदस्य–सचिव

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. बोर्डको कार्यालयः (१) बोर्डको सचिवालयको रुपमा कार्य गर्न लगानी बोर्डको एक कार्यालय रहनेछ ।

(२) कार्यालयको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी #बोर्डको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(३) %...

(४) @बोर्डको स्वीकृति लिई कार्यालयले सल्लाहकार वा विशेषज्ञको सेवा लिन सक्नेछ। त्यस्तो सल्लाहकार वा विशेषज्ञको कार्यक्षेत्रगत शर्त र पारिश्रमिक तथा सुविधा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

११. कार्यालयको काम, कर्तव्य र अधिकारः कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सार्वजनिक–निजी साझेदारी अवधारणा अन्तर्गतका परियोजनाहरुको पहिचान, सर्वेक्षण तथा कार्यान्वयनको लागि विकासकर्ता छनौट तथा अनुगमन लगायतका कार्य गर्ने,

(ख) सार्वजनिक–निजी साझेदारी अवधारणा तथा निजी लगानीमा कार्यान्वयन हुने परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन लगायतका कार्यमा सहजीकरण गर्ने,

(ग) बोर्डद्वारा स्वीकृत शर्तहरू तथा प्रस्ताव आह्वानमा संलग्न सम्झौताको मस्यौदाको आधारमा प्रस्तावक वा लगानीकर्तासँग वार्ता गरी सम्झौता गर्ने,

(घ) सम्झौता अनुरूप परियोजना कार्यान्वयन गर्न लगानीकर्तालाई सहजीकरण गर्ने,

(ङ) परियोजना कार्यान्वयनमा देखिएका समस्याको निराकरण गर्ने,

(च) स्वीकृत परियोजना कार्यान्वयनका लागि सार्वजनिक निकाय, प्रदेश, स्थानीय तह लगायत निजी क्षेत्रसँग समन्वय गर्ने,

(छ) स्वीकृत परियोजनाले प्राप्त गर्ने आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध हुने व्यवस्था मिलाउने,

(ज) कुनै क्षेत्र वा परियोजनाको लागि उपलब्ध गराइएको सुविधा अपर्याप्त भएको वा अन्य कुनै कारणबाट लगानी निरुत्साहित भएको देखिएमा सोको सुधारका उपाय बोर्ड समक्ष पेश गर्ने,

(झ) परियोजनाको कार्यान्वयनको अनुगमन गर्ने तथा समयतालिका बमोजिम परियोजना कार्यान्वयन नभएको देखिएमा सो सम्बन्धमा आवश्यक कारबाही गर्न वा अनुमति रद्द गर्नका लागि बोर्ड समक्ष सिफारिस गर्ने,

(ञ) कुनै विशेष लगानीका क्षेत्र वा उपक्षेत्रमा विशेष ध्यान दिन आवश्यक देखिएमा सोको सुझाव बोर्ड समक्ष पेश गर्ने,

---

* लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा संशोधित।

#लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

%लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा झिकिएको।

@आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा संशोधित।

(ट) स्वदेशी तथा विदेशी लगानीको सुरक्षा तथा लगानी प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

(ठ) सार्वजनिक–निजी साझेदारी तथा लगानी सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

(ड) बोर्डको क्षेत्राधिकार भित्र रहेका र बोर्डले निर्णय गरी तोकिदिएका प्रशासनिक तथा अन्य कार्य गर्ने ।

१२. <u>प्रमुख कार्यकारी अधिकृतः</u> (१) बोर्डको दैनिक प्रशासन सञ्चालन तथा कार्य सम्पादन गर्न एक प्रमुख कार्यकारी अधिकृत रहनेछ ।

(२) प्रमुख कार्यकारी अधिकृत बोर्डमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र, कानून, इन्जिनियरिङ्ग वा विकास सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र परियोजना विकास, सार्वजनिक खरिद, सार्वजनिक–निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैंकिङ्ग, वित्तीय क्षेत्र औद्योगिक व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको व्यवस्थापकीय अनुभव हासिल गरेको नेपाली नागरिक प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त हुन योग्य मानिनेछ ।

(४) देहायको व्यक्ति बोर्डको प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुन योग्य हुने छैनः–

(क) भ्रष्टाचार, चोरी, मानव बेचबिखन तथा ओसारपोसार, जबरजस्ती करणी जस्ता नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको अवधिभर,

(ग) पैंतिस वर्ष उमेर पूरा नगरेको,

(घ) पैंसठ्ठी वर्ष उमेर नाघेको ।

(५) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्न बोर्डको उपाध्यक्षको संयोजकत्वमा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र नेपाल सरकारले तोकेको विषय विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति रहनेछ ।

(६) उपदफा (५) बमोजिमको समितिले प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि तीनजना व्यक्तिको नाम सिफारिस गर्नेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएका व्यक्तिहरूमध्ये एकजनालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ ।

(८) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुनः नियुक्त हुन सक्नेछ ।

(९) देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः–

(क) उपदफा (४) बमोजिम अयोग्य भएमा,

(ख) निजले आफ्नो पदबाट बोर्डमार्फत दिएको राजीनामा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएमा,

(ग) कार्यक्षमताको अभाव, खराब आचरण वा निजको कार्य सम्पादनको स्तर सन्तोषजनक नभई नेपाल सरकार मन्त्रिपरिषद्ले निजलाई हटाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा,

(च) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा ।

(१०) उपदफा (९) को खण्ड (ग) बमोजिम हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(११) प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति भई पदावधि समाप्त भएको मितिले पाँच वर्षसम्म आफू बोर्डमा रहेको अवधिमा यस ऐन बमोजिम अनुमति पत्र दिई लगानी स्वीकृति भएका परियोजनामा संलग्न हुन पाउने छैन ।

१३. प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः यस ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) बोर्डको बैठकमा पेश गरिने प्रस्तावहरूको सूची तयार गर्ने,

(ख) परियोजना स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने र आवश्यक प्रक्रिया अगाडी बढाउने,

(ग) बोर्डबाट भएका निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्ड तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने,

(ङ) बोर्डबाट कार्यान्वयनको लागि स्वीकृत परियोजनाहरूको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने,

(च) बोर्डले तोकेका अन्य कार्यहरु गर्ने ।

१४. सार्वजनिक–निजी साझेदारी निर्देशनालय (१) सार्वजनिक–निजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरुको सम्भाव्यता अध्ययन तथा लगानीकर्ता छनौट गर्न र सार्वजनिक निकायहरुलाई परियोजनाहरुको निर्माण, सञ्चालन तथा अन्य विषयहरुमा सहजीकरण गर्न कार्यालयमा एक सार्वजनिक–निजी साझेदारी निर्देशनालय रहनेछ ।

(२) सार्वजनिक–निजी साझेदारी निर्देशनालयको काम, कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछः–

(क) सार्वजनिक–निजी साझेदारी सम्बन्धी नीतिगत विषयमा कार्यनीति, कार्यविधि तथा निर्देशिका बनाई बोर्ड समक्ष पेश गर्ने,

(ख) सार्वजनिक–निजी साझेदारीका परियोजना कार्यान्वयन गर्ने लगानीकर्तालाई राय, सुझाव वा परामर्श दिने तथा मार्गदर्शन गर्ने,

(ग) सार्वजनिक–निजी साझेदारी सम्बन्धी आशयपत्र आह्वान, पूर्वयोग्यता तथा प्रस्ताव आह्वानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने तथा आव्हान गर्ने,

(घ) सार्वजनिक–निजी साझेदारीमा सञ्चालन हुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अध्यावधिक गर्ने,

(ङ) सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्याङ्कन गरी राय प्रतिक्रिया दिने,

(च) सार्वजनिक–निजी साझेदारमा सञ्चालित परियोजनाहरुको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी राय, प्रतिक्रिया तथा सुझाव दिने,

(छ) सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरुको साझेदार छनौट गर्ने प्रक्रिया तयार गरी लागू गर्ने,

(ज) अन्तर्राष्ट्रिय सार्वजनिक–निजी साझेदारीका असल अभ्यास तथा अनुभवहरुका सम्बन्धमा नियमित अनुसन्धान गर्ने तथा नेपालमा सार्वजनिक–निजी साझेदारी ढाँचाको लागि उपयुक्त हुने विषयहरु अवलम्बन गर्ने,

(झ) सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,

(ञ) सार्वजनिक–निजी साझेदारीका परियोजनासँग सम्बन्धित सूचनाहरु सङ्कलन गरी अभिलेखीकरण गर्ने,

(ट) बोर्ड वा कार्यालयले तोकेका अन्य कार्य गर्ने ।

(३) सार्वजनिक–निजी साझेदारी निर्देशनालयको गठन, सङ्गठनात्मक ढाँचा तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. लगानी एकाइः (१) यस ऐन बमोजिम कार्यान्वयन हुने परियोजनामा हुने लगानीको प्रवर्द्धन तथा लगानीमैत्री वातावरणको लागि समन्वय, सहकार्य तथा सहजीकरण गर्न कार्यालयमा एक @लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय रहनेछ ।

(२) उपदफा (१) बमोजिमको @लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) निजी लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानी सम्बन्धी नीति तर्जुमा गरी बोर्ड समक्ष पेश गर्ने,

(ख) निजी लगानीमा कार्यान्वयन हुन सक्ने सम्भाव्य परियोजनाहरुको अध्ययन गरी परियोजना सूची तयार गर्ने,

(ग) बोर्डमा सोझै प्राप्त हुन आएका आव्हान नगरिएका प्रस्तावहरुको हकमा आवश्यक अध्ययन गर्ने र सोको लागि आवश्यक पर्ने अनुमति पत्र, इजाजत पत्र प्रदान गर्न सम्बन्धित निकायमा लेखी पठाउने,

(घ) परियोजना लगानी सम्झौता लगायतका सहुलियत सम्झौता तथा समझदारी पत्रको मस्यौदा तयार गर्ने,

(ङ) परियोजना विकास, लगानी प्रवर्द्धन तथा परियोजना कार्यान्वयनका लागि सार्वजनिक निकाय तथा निजी क्षेत्र बीच समन्वय गर्ने,

(च) निजी लगानीमा परियोजनाको विकासकर्ता छनौटको आधारहरु तयार गर्ने,

(छ) लगानी सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,

(ज) वैदेशिक लगानीका सन्दर्भमा तुलनात्मक लाभको विवरण तयार गर्ने,

(झ) सम्भावित लगानीकर्ताको विवरण तयार गरी सम्भावित लगानीकर्ताको लगानी सम्बन्धी जिज्ञाशा सम्बोधन गर्ने,

(ञ) बोर्ड वा कार्यालयले तोकेका अन्य कार्य गर्ने।

(३) @लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालयको गठन, सङ्गठनात्मक संरचना तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

---

@ आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा संशोधित।

@आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा संशोधित।

१६. विशेषज्ञ समिति वा कार्यदलः (१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन कार्यालयले कार्यदिश तथा कार्यावधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको एक विशेषज्ञ समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका सदस्य तथा पदाधिकारीहरुको सुविधा कार्यालयले तोके बमोजिम हुनेछ।

## परिच्छेद–३

## सार्वजनिक–निजी साझेदारी

१७. परियोजना कार्यान्वयन गर्न सकिनेः (१) पूर्वाधार संरचना सम्बन्धी कुनै परियोजना सार्वजनिक–निजी साझेदारीबाट कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक–निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछः–

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण,

(झ) पुर्नस्थापना, सञ्चालन तथा हस्तान्तरण,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि पुर्नस्थापना भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निमाण गरी पुर्नस्थापना गर्ने कार्य सम्झनु पर्छ।

(ञ) यस्तै अन्य कुनै तरिका ।

(३) उपदफा (२) बमोजिम परियोजना कार्यान्वयन गर्दा कुनै परियोजनाको निर्माण, सञ्चालन, पुर्नस्थापना, मर्मत तथा विस्तारमध्ये कुनै एक वा एकभन्दा बढी चरणमा परियोजना कार्यान्वयन गर्न सकिनेछ।

१८. परियोजना कार्यान्वयन नगरिनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका परियोजना सार्वजनिक–निजी साझेदारीबाट कार्यान्वयन गरिने छैनः–

(क) वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने परियोजना,

(ख) राष्ट्रिय सुरक्षासँग सम्बन्धित परियोजना,

(ग) बोर्डले तोकिदिएका अन्य परियोजना ।

१९. प्राथमिकता निर्धारणः सार्वजनिक–निजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजनाको प्राथमिकताका क्षेत्र बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. परियोजना पहिचानः (१) सम्बन्धित निकायले सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा परियोजनाको सर्भेक्षण लगायतको अध्ययन भए वा नभएको तथा तोकिए बमोजिमका अन्य विवरण समेतका आधारमा सम्बन्धित निकायले प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम परियोजना पहिचान गरी सूची निर्धारण गर्दा प्राविधिक तथा वित्तीय विषयहरुमा बोर्डसँग परामर्श लिन सकिनेछ ।

२१. परियोजना स्वीकृत गराउनु पर्नेः (१) दफा २० बमोजिम पहिचान गरी सूचीकृत गरिएका परियोजनाहरु कार्यान्वयन गर्ने सम्बन्धमा कार्यक्षेत्र अनुसार बोर्ड वा सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गरिने भए दफा १७ मा उल्लिखित तरिका मध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

(३) कुनै सार्वजनिक निकाय अन्तर्गत एकै प्रकृतिका एकभन्दा बढी परियोजना सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्न यस दफा बमोजिम परियोजना स्वीकृत गराउँदा त्यस्तो परियोजनाको पुनः प्राथमिकिकरण गर्नु पर्नेछ ।

२२. परियोजनाको सूची प्रकाशन गर्नेः दफा २१ बमोजिम परियोजना स्वीकृत भएपछि सम्बन्धित निकायले परियोजनाको सूची प्रकाशन गर्नु पर्नेछ ।

२३. आशयपत्र आह्वान गर्नेः (१) दफा २१ बमोजिम स्वीकृत परियोजनाको अध्ययन–अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि सम्बन्धित निकायले सार्वजनिक सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछः–

(क) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

(ख) आशयपत्र पेश गर्ने अवधि,

(ग) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

(घ) आशयपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु,

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

२४. आशयपत्र पेश गर्नेः परियोजनाको अध्ययन–अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका शर्तका अधिनमा रही दफा २३ बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित निकायमा आशयपत्र पेश गर्नु पर्नेछ ।

२५. संक्षिप्त सूची तयार गर्नेः दफा २४ बमोजिम आशयपत्र प्राप्त भएपछि सम्बन्धित निकायले तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नु पर्नेछ ।

२६. प्रस्ताव आह्वान गर्नेः (१) दफा २५ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सम्बन्धित निकायले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई प्रस्ताव आह्वान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका विवरणहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

२७. प्रस्ताव छनौट गर्नेः (१) दफा २६ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि सम्बन्धित निकायले तोकिए बमोजिमको मूल्याङ्कन समिति गठन गरी तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नु पर्नेछः–

(क) तोकिएको समयमा निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) सम्बन्धित निकायलाई बुझाउनु पर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लिखित आर्थिक प्रस्ताव ।

(२) यस दफा बमोजिम प्रस्ताव छनौट गरेपछि सम्बन्धित निकायले त्यसको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिमको प्रस्ताव छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. <u>आव्हान नगरिएको प्रस्तावः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावक स्वयंले सार्वजनिक–निजी साझेदारीको माध्यमबाट परियोजना कार्यान्वयन गर्नको लागि सम्बन्धित निकाय समक्ष तोकिए बमोजिमको आधार, दस्तुर र ढाँचामा प्रस्ताव पेश गर्न सक्नेछ ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "आव्हान नगरिएको प्रस्ताव" भन्नाले सम्बन्धित निकायले सार्वजनिक सूचना जारी नगरेको अवस्थामा लगानीकर्ता स्वयंले कुनै परियोजना विकास गर्ने उद्देश्यले आशय प्रकट गरी पेश गरेको प्रस्ताव सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा देहायका विषयहरु उल्लेख गर्नु पर्नेछः–

(क) परियोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

(ग) परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यावसायिक योजना,

(ङ) परियोजनामा प्रयोग हुने प्रविधि,

(च) परियोजनाबाट प्राप्त हुने सम्भावित लाभको विवरण।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा २७ को उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजनाको अध्ययन तथा सर्भेक्षण अनुमति वा परियोजना विकास वा सञ्चालनको लागि तोकिएको प्रक्रिया पूरा गरी तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक–निजी साझेदारीमा निर्माण हुने परियोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई स्वीस च्यालेन्जका आधारमा सम्बन्धित निकायले तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सक्नेछ ।

<u>स्पष्टिकरणः</u> यस दफाको प्रयोजनको लागि "स्विस च्यालेन्ज" भन्नाले सम्बन्धित निकायले कुनै सेवा क्षेत्र वा सडक, रेल जस्ता सार्वजनिक परियोजनाका लागि आव्हान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्तावभन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आव्हान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्छ ।

(५) उपदफा (१) बमोजिमको प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकर्ताबाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा सम्बन्धित निकायको कुनै खर्च भएको अवस्थामा सो समेत सोधभर्ना तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

२९. वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्नेः (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुईपटक आशयपत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो परियोजना सम्बन्धित निकायले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने देखिएमा त्यस्तो परियोजना सम्बन्धित निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः–

(क) परियोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको परियोजना,

(ख) नयाँअवधारणा वा प्रविधि समावेश भएको परियोजना,

(ग) राष्ट्रिय प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनौट गरिएको परियोजना,

(घ) यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको परियोजना ।

(३) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाई सम्बन्धित निकाय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी सम्बन्धित निकायले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न स्विकृती दिन सक्नेछ ।

३०. वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेः (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सोको अनुमतिको लागि कार्यालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा कार्यालयले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न, गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने, गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने, गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराईनेछ।

(६) यस दफा बमोजिम परियोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनको आधारमा त्यस्तो परियोजना यस ऐन बमोजिम कार्यान्वयन गरिनेछ ।

३१. अनुमतिपत्र दिनु पर्नेः (१) दफा २७,२८ र २९ बमोजिम प्रस्ताव छनौट वा स्वीकृति प्रदान गरेपछि सम्बन्धित निकायले प्रस्तावकलाई तोकिए बमोजिमको शर्तहरु तथा ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समयभित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको परफर्मेन्स बण्ड लिनु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम परियोजना स्वीकृत भई उपदफा (१) बमोजिम अनुमितपत्र प्राप्त गरेको अवस्थामा त्यस्तो अनुमितपत्र प्रचलित कानूनको रीत पुऱ्याई जारी भएको मानिनेछ ।

## परिच्छेद–४

## निजी लगानी सम्बन्धी व्यवस्था

३२. निजी लगानीः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रबाट निर्माण, सञ्चालन र व्यवस्थापन हुने प्रकृतिको छ अर्ब रुपैयाँभन्दा माथिको निजी लगानीका परियोजनाको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति बोर्डबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको निजी लागानी हुने परियोजनामा लगानीकर्ताको स्वामित्व सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको निजी लगानी हुने परियोजनाहरुको लागि तोकिए बमोजिमका आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमतिपत्र प्रदान गरिनेछ ।

३३. परियोजना पहिचानः (१) निजी लगानीमा कार्यान्वयन गर्न सकिने छ अर्ब रुपैयाँभन्दा माथिको लगानी हुने परियोजनाहरु आवश्यकता अनुसार कार्यालयले सम्बन्धित निकाय, निजी क्षेत्र तथा अन्य निकायसँगको समन्वय तथा सहकार्यमा परियोजनाको सूची तयार गरी स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीमा नपरेका परियोजनासँग सम्बन्धित प्रस्ताव स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्न कुनै बाधा पुगेको मानिने छैन ।

३४. परियोजना स्वीकृत गराउनु पर्नेः दफा ३३ बमोजिम कार्यालयले पहिचान गरी सिफारिस गरेको परियोजना कार्यान्वयनका लागि बोर्डबाट स्वीकृत गराउनु पर्नेछ ।

३५. समझदारी गरी अनुमतिपत्र प्रदान गर्नेः दफा ३४ बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यान्वयनका लागि तोकिए बमोजिमको शर्त र ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमतिपत्र प्रदान गरिनेछ ।

## परिच्छेद–५

## सम्झौता सम्बन्धी व्यवस्था

३६. परियोजनाको विवरण पेश गर्नु पर्नेः (१) दफा ३१ बमोजिम सार्वजनिक–निजी साझेदारीमा र दफा ३५ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न समझदारी गरेकोमा त्यस्तो समझदारीपत्रमा उल्लिखित समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न तोकिए बमोजिमका विवरणहरु सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा त्यसको आधार र कारण सहित अवधि थपका लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा सम्बन्धित निकायले त्यस्तो विवरण पेश गर्न थप समय दिन सक्नेछ ।

३७. सम्झौता गर्नु पर्नेः (१) दफा ३१ र ३५ बमोजिम भएको समझदारीपत्र तथा दफा ३६ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौताका शर्त लगायतका विषयमा वार्ता गर्न सम्बन्धित निकायले एक वार्ता समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित वार्ता समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौतामा देहायका कुराहरु खुलाई सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछः–

(क) परियोजनाको विवरण,

(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(छ) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(झ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने महसुल सम्बन्धी व्यवस्था,

(ञ) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ट) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ठ) सम्बन्धित निकायलाई बुझाउनु पर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ड) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ढ) परियोजनामा सम्बन्धित निकायको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो बापत सम्बन्धित निकायले प्राप्त गर्ने प्रतिफल,

(ण) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(त) थप परियोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(थ) सव–लिज गर्न सक्ने भए सो सम्बन्धी शर्त तथा अन्य व्यवस्था,

(द) परियोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक विषयहरु ।

(३) उपदफा (२) बमोजिम सम्झौताको लागि सहमति भएको दस्तावेजलाई सम्बन्धित निकायले स्वीकृति गरी प्रस्तावकसँग सम्झौता गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको वार्ता समितिको कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३८. <u>सम्झौता कार्यान्वयनः</u> (१) दफा ३७ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बन्धित निकायबाट सम्झौताको शर्त बमोजिम पूरा गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पुर्ण दायित्व लगानी कर्ताले बहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला निकायहरुसँग कार्यालयले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने गराउने छ र त्यस्तो सम्झौतामा उल्लिखित शर्तहरुको पालना गर्नु सम्बन्धित सरोकारवाला निकायको कर्तव्य हुनेछ ।

(३) यस दफा बमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका शर्तहरुको अधीनमा रही कार्ययोजना निर्माण गरी परियोजना कार्यान्वयन गर्नु पर्नेछ ।

३९. <u>सम्झौता रद्द गर्न सक्नेः</u> (१) दफा ३७ बमोजिम गरिएको सम्झौतामा उल्लिखित शर्तहरुको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्बन्धित निकायले खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लेख भएको अवस्थामा बाहेक सम्बन्धित निकायसँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

४०. रीत पुगेको मानिने: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सम्बन्धित निकायबाट परियोजना स्वीकृत भई जारी भएको अनुमतिपत्र तथा सम्बन्धित निकायसँग भएको समझदारी वा सम्झौता प्रचलित कानून बमोजिम रीत पुगेको मानिनेछ ।

## परिच्छेद–६

## सुविधा तथा प्रोत्साहन सम्बन्धी व्यवस्था

४१. कानून बमोजिमको सुविधा पाउने: यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम उद्योग वा कम्पनीले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट समेत प्राप्त गर्नेछ ।

४२. बोर्डले थप सुविधा उपलब्ध गराउन सिफारिश गर्न सक्ने: (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त बोर्डले थप आर्थिक सुविधा दिन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम उपलब्ध भएको सुविधा तोकिएको अवधिसम्मको लागि उपयोग गर्न बाधा पर्ने छैन ।

(३) कुनै अनुमतिपत्र व्यक्तिले यस ऐन बमोजम प्राप्त सुविधाको दुरूपयोग गरेमा त्यस्तो सुविधा बोर्डले रद्द गरी त्यस्तो सुविधा बराबरको रकम र सोमा शतप्रतिशत जरिबाना असुल उपर गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम सुविधा रद्द गर्नु अघि सम्बन्धित अनुमतिपत्रवालालाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

४३. सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्था: (१) नेपाल सरकारले दीर्घकालीन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तीय रुपमा तत्काल मनासिब प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा विस्तारको लागि एक सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिमका मापदण्डको आधारमा तोकिए बमोजिमका परियोजनाको लागि बोर्डको सिफारिसमा आवश्यक रकम पूँजिगत तथा सञ्चालन अनुदान वा ऋण उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा नेपाल सरकारले समय समयमा आवश्यक रकम विनियोजन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. थप सुविधा उपलब्ध गराउन सक्ने: कुनै लगानीकर्ताले परियोजना विकास तथा सञ्चालन गर्दा सम्झौतामा उल्लेख भएको समयसीमा अगावै निर्माण कार्य सम्पन्न गरेमा वा परियोजनाको गुणस्तर उच्च भएमा वा अत्याधुनिक प्रविधिको प्रयोग गरी नेपाल सरकारलाई थप लाभ हुने देखिएमा त्यस्तो लगानीकर्तालाई बोर्डले तोकिए बमोजिम थप आर्थिक तथा गैर आर्थिक प्रोत्साहन प्रदान गर्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

४५. लगानीको सुरक्षा र संरक्षण: (१) यस ऐन अन्तर्गत अनुमतिपत्र प्राप्त परियोजनालाई अनुमतिपत्रको अवधिभर राष्ट्रियकरण गरिने छैन ।

(२) यस ऐन अन्तर्गत अनुमतिपत्र प्राप्त परियोजनालाई सार्वजनिक प्रयोजनको लागी बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अधिग्रहण गरिने छैन । सार्वजनिक प्रयोजनको लागी अधिग्रहण गर्नु पर्दा प्रचलित कानून बमोजिमको उचित प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम जारी भएको अनुमतिपत्र वा सम्झौताका शर्तहरू उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकूल हुने गरी कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था भएमा यस ऐन बमोजिम गरिएको सम्झौता, अनुमतिपत्र वा इजाजतपत्र प्रदान गरिएको बहाल रहेको अवधिभर सो व्यवस्था लागू हुने छैन ।

(४) परियोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा, ब्याज, लाभांश, रोयल्टी लगायत भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम सटही सुविधा उपलब्ध गराइनेछ ।

(५) यस ऐन अन्तर्गत कार्यान्वयन भएको परियोजनालाई अन्य स्वदेशी उद्योग सरहको समान व्यवहार गरिनेछ ।

तर सङ्घीय कानून बमोजिम राष्ट्रिय व्यवहार लागू नहुने विषयको हकमा सोही बमोजिम हुनेछ ।

## परिच्छेद–७

## एकल बिन्दु सेवा केन्द्र तथा परियोजना कार्यान्वयन

४६. एकल बिन्दु सेवा केन्द्रः (१) यस ऐन बमोजिम कार्यान्वयन गरिने परियोजनाको लागि परियोजना सर्भेक्षण अनुमति, समझदारी पत्र, लगानी अनुमति वा सम्झौता लगायतका कार्य गर्ने तथा परियोजनालाई सहयोग एवं सहजीकरणका लागि कार्यालयमा एक एकल बिन्दु सेवा केन्द्रको स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्रमा नेपाल सरकारका सम्बन्धित मन्त्रालय, विभाग, प्राधिकरण, सार्वजनिक संस्थान, नेपाल राष्ट्र बैंक लगायतका निकायबाट सम्बन्धित कार्यालयको प्रतिनिधित्व हुने गरी पूरा वा आंशिक रुपमा काम गर्ने गरी कर्मचारी रहनेछन् ।

(३) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) लगानीको लागि प्राप्त प्रस्तावको मूल्याङ्कन गरी स्वीकृतिको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने,

(ख) कम्पनी दर्ता, कर दर्ता, उद्योग दर्ता, विदेशी विनिमयको अनुमति लगायतका अन्य दर्ता, अनुमति तथा स्वीकृति उपलब्ध गराउने,

(ग) श्रम स्वीकृति, भिसा, परमिट उपलब्ध गराउनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) परियोजनाको लागि आवश्यक निजी जग्गा प्राप्तिमा सहजीकरण गर्ने,

(ङ) परियोजनालाई आवश्यक पर्ने सरकारी जग्गा वा वनक्षेत्रको जग्गा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी लिजमा उपलब्ध गराउने,

(च) वातावरणीय अध्ययनको स्वीकृति उपलब्ध गराउने व्यवस्था मिलाउने,

(छ) परियोजनाको लागि आवश्यक पूर्वाधार संरचना लगायतका कार्यमा सहजीकरण गर्ने,

(ज) प्रचलित कानून तथा सम्झौता अनुसार आर्थिक तथा गैर आर्थिक सुविधा तोकिए बमोजिम उपलब्ध गराउने,

(झ) विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ञ) परियोजनाका लागि आवश्यक पर्ने अन्य समन्वय तथा सहजीकरणका कार्य गर्ने।

&(४) एकल बिन्दु सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि बोर्डले बनाई लागू गर्नेछ।

&(५) बोर्डको कार्यालयमा स्थापित एकल बिन्दु सेवा केन्द्रमा सम्बन्धित सरोकारवाला निकायबाट प्रचलित कानून बमोजिम निर्णय गर्ने अख्तियारी सहित कर्मचारी खटाउनु पर्नेछ।

&४६क. स्वचालित विद्युतीय प्रणाली प्रयोग गर्न सकिनेः बोर्डमार्फत् सञ्चालन हुने आयोजनाको दर्ता, स्वीकृति र कार्यान्वयन प्रक्रियालाई द्रुत गतिमा अघि बढाउन स्वचालित विद्युतीय प्रणाली प्रयोग गर्न सकिनेछ।

४७. जग्गा प्राप्तिः (१) परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने जग्गा अनुमतिपत्र प्राप्त व्यक्ति आफैंले व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले जग्गा प्राप्तिको लागि बोर्ड समक्ष अनुरोध गरेमा बोर्डले त्यस्तो जग्गा प्रचलित कानून बमोजिम प्राप्त गर्न आवश्यक सहजीकरण गर्नेछ।

(३) उपदफा (२) बमोजिम जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनु पर्ने प्रचलित कानून बमोजिमको मुआब्जा तथा क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा बोर्डले नेपाल सरकारको स्वीकृति लिई त्यस्तो जग्गा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम नेपाल सरकारले कुनै परियोजनाको लागि जग्गा प्राप्त गरीदिएकोमा त्यस्तो जग्गाको मुआब्जा वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकारले बोर्डमा नै रहने गरी जग्गा प्राप्ति कोष खडा गरी सो कोष मार्फत जग्गाको मुआब्जा वितरण गर्न वा गराउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको कोषबाट वितरण भएको मुआब्जा बापतको रकम सम्झौतामा उल्लेख भए बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारलाई शोधभर्ना गराउन सक्नेछ ।

४८. परियोजनाको सुरक्षाः (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजनाको सुरक्षाको लागि बोर्डसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डले सिफारिस गरेमा नेपाल सरकारले परियोजनाको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

४९. सहयोग उपलब्ध गराउनु पर्नेः (१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा बोर्ड वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अनुमतिपत्र प्राप्त व्यक्तिलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरीदिनु पर्ने काम सम्झौतामा उल्लिखित अवधिभित्र गरीदिनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व

---

& आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

& आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

& आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी बोर्ड आफैले त्यस्तो सहयोग उपलब्ध गराउन वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध गराउन लेखी पठाउन सक्नेछ ।

५०. बोर्डले लेखी पठाउनेः (१) यस ऐन बमोजिम स्वीकृत परियोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र वा स्वीकृतिको लागि निवेदन परेकोमा प्रचलित कानूनले तोकेको अवधिभित्र सम्बन्धित निकायले त्यस्तो अनुमतिपत्र, इजाजतपत्र तथा स्वीकृति नदिएमा सो कुरा खुलाई सम्बन्धित व्यक्तिले बोर्ड समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन मनासिब देखिएमा बोर्डले त्यस्तो निकायलाई अवधि तोकी प्रचलित कानून बमोजिमको अनुमतिपत्र, इजाजतपत्र वा स्वीकृति प्रदान गर्न सम्बन्धित निकाय वा पदाधिकारीलाई लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सो अवधिभित्र सम्बन्धित निकाय वा पदाधिकारिले प्रचलित कानून बमोजिमको अनुमतिपत्र, इजाजतपत्र वा स्वीकृति प्रदान गरी सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

५१. प्रदेश वा स्थानीय तहले परियोजना कार्यान्वयन गर्न सक्नेः (१) प्रदेश वा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र पर्ने परियोजना यस ऐन बमोजिम सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्न सक्नेछन् ।

(२) यस ऐन बमोजिम बोर्डबाट कार्यान्वयन गरिने कुनै परियोजना प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त देखिएमा सम्बन्धित प्रदेश वा स्थानीय तहलाई त्यस्तो परियोजना सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्न बोर्डले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) प्रदेश वा स्थानीय तहले कुनै परियोजना सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्दा सार्वजनिक–निजी साझेदारी निर्देशनालयसँग आवश्यक राय सल्लाह माग गर्न सक्नेछ र त्यसरी राय सल्लाह माग भई आएमा @निर्देशनालयले त्यस्तो राय सल्लाह उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि प्रदेश वा स्थानीय तहले सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्ने कुनै परियोजनामा सम्भाव्यता न्यून परिपूरक कोषको रकम प्रयोग गर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले लगानी बोर्डको सिफारिसमा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र त्यस्तो परियोजना कार्यान्वयन गर्नु पर्नेछ ।

५२. भिसा सम्बन्धी व्यवस्थाः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम अनुमतिप्राप्त परियोजनाको अध्ययन, अनुसन्धान वा सर्भेक्षण गर्न आउने विदेशी नागरिकलाई छ महिनासम्मको गैर पर्यटक भिसा दिईनेछ ।

(२) परियोजनामा लगानी गर्ने विदेशी लगानीकर्ता वा एकजना अधिकृत प्रतिनिधि वा त्यस्तो लगानीकर्ता वा प्रतिनिधिका परिवारका सदस्य तथा प्रचलित कानून बमोजिम श्रम ईजाजत प्राप्त गरि त्यस्तो परियोजनामा काम गर्ने विदेशी कामदार तथा कर्मचारीलाई प्रचलित कानून अनुसार परियोजनामा विदेशी लगानी कायम रहेसम्म नेपालमा बस्न भिसा दिइनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "परिवारका सदस्य" भन्नाले विदेशी लगानीकर्ता वा निजको आधिकारिक प्रतिनिधिको पति वा पत्नी,आमा, बाबु र आश्रित छोरा, छोरी सम्झनु पर्छ ।

(३) उपदफा (२) बमोजिमका व्यक्तिलाई आवश्यकता तथा औचित्य बिचार गरी सम्बन्धित निकायमा भिसाका लागि कार्यालयले सिफारिस उपलब्ध गराउनेछ ।

---

@आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा संशोधित।

५३. सेवा सुविधाका शर्त तोक्न सक्नेः (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, बोर्डले गरेका निर्णय, प्रचलित कानून तथा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन।

५४. रोयल्टी बुझाउनु पर्नेः अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित शर्त अनुसार सम्बन्धित निकायलाई बुझाउनु पर्नेछ ।

५५. परियोजना हस्तान्तरण गर्नु पर्नेः (१) सार्वजनिक–निजी साझेदारीबाट कार्यान्वयन भएका परियोजना सम्झौतामा उल्लेख भए बमोजिम सम्बन्धित निकायलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरु सम्झौतामा लेखिएबमोजिमको क्षमता अवस्था र चालू हालतमा हुनु पर्नेछ ।

(३) परियोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. स्वामित्व हुनेः यस ऐन बमोजिम हस्तान्तरण भएको परियोजना र त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण र अन्य संरचना तथा परियोजनासँग सम्बन्धित भवन, घर तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व सम्बन्धित निकायको हुनेछ ।

## परिच्छेद–८

## विविध

५७. बोर्डको कोषः (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान रकम,

(ग) यस ऐन बमोजिम लगानीकर्ताहरूबाट प्राप्त दस्तुर र सेवा शुल्क बापत प्राप्त रकम,

[&](घ) बोर्डबाट कार्यान्वयन हुने परियोजनाबाट नेपाल सरकारलाई प्राप्त हुने आम्दानीको निश्चित अंश सालबसाली विनियोजन ऐनबाट छुट्ट्याइएको रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डको कार्य सञ्चालनको लागि पूँजीगत र प्रशासनिक खर्चको रकम बोर्डले स्वीकृत गरेको बार्षिक कार्यक्रम र बजेटको आधारमा उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) बोर्डको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५८. लेखा र लेखापरीक्षणः (१) बोर्डको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ ।

(२) बोर्डको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(३) बोर्डले वार्षिक रुपमा आफ्नो वित्तीय विवरण सार्वजनिक गर्नु पर्नेछ ।

---

[&]आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

#५८क. स्थायी कर्मचारीः (१) कार्यालयमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सोसरह वा सोभन्दा तल्लो पदमा दफा १० को उपदफा (२) बमोजिमको सङ्गठनात्मक संरचनामा स्वीकृत दरबन्दी बमोजिमका स्थायी कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति लोकसेवा आयोगको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतबाट हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको नियुक्ति प्रक्रिया, पदनाम, पदीय जिम्मेवारी, सेवाका शर्त, पारश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

५९. कर्मचारी सम्बन्धी #अन्य व्यवस्थाः (१) *दफा ५८क. मा लेखिएदेखि बाहेक बोर्डलाई आवश्यक पर्ने अन्य कर्मचारी कर्मचारी बोर्डको अनुरोधमा नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम काजमा खटिएका निजामती कर्मचारीले बोर्डका अन्य कर्मचारी सरह बोर्डले सुविधा उपलब्ध गराउन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले आवश्यकता अनुसार विशेषज्ञ सेवाको लागि करार सेवामा विशेषज्ञ नियुक्ति गर्न सक्नेछ । त्यस्ता विशेषज्ञको पारिश्रमिक र सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

६०. वार्षिक प्रतिवेदनः (१) बोर्डको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र तयार गरी प्रमुख कार्यकारी अधिकृतले बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त बोर्डले सो आर्थिक वर्षमा कार्यान्वयन गरेको परियोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धी, स्वीकृत भएको लगानी रकम र परियोजना सङ्ख्या तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।

६१. अधिकार प्रत्यायोजनः बोर्डले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार मातहतका पदाधिकारी वा समिति वा नेपाल सरकारको कुनै निकाय वा पदाधिकारीलाई #र प्रमुख कार्यकारी अधिकृतले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार आफ्नो मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६२. क्षतिपूर्ति दिनु पर्नेः (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिब रकम हानि नोक्सानी गर्ने पक्षले नोक्सानी पर्ने पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षतिको मूल्याङ्कन स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गरिनेछ ।

(३) क्षतिको मूल्याङ्कन तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६३. अनुदान तथा ऋण सहायता स्वीकार गर्नेः बोर्डले निर्धारण गरेका परियोजना एवं राष्ट्रिय प्राथमिकता प्राप्त परियोजना विकास तथा कार्यान्वयनका लागि अर्थ मन्त्रालयको सहमति तथा समन्वयमा तोकिए बमोजिम ऋण सहायता स्वीकार गर्न सक्नेछ ।

---

#लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

#लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

*लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा संशोधित।

#लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

६४. कारबाही गर्न सक्नेः कुनै लगानीकर्ताले यस ऐनको व्यवस्थाको पालना नगरेमा सम्बन्धित निकायले तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारबाही गर्न सक्नेछः–

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र वा इजाजत पत्र रद्द गर्ने,

(ग) अन्य यस्तै प्रकारका जुनसुकै कारबाही ।

६५. कानूनी विवाद समाधानः (१) विदेशी लगानीका सम्बन्धमा स्वदेशी र विदेशी लगानीकर्ता तथा नेपाल सरकार र विदेशी लगानीकर्ता बीच कुनै विवाद उत्पन्न भएमा त्यस्ता लगानीकर्ताले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवाद उत्पन्न भएको पैंतालीस दिनभित्र त्यस्तो विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद कार्यालयको रोहबरमा सम्बन्धित पक्षहरुले आपसी वार्ताद्वारा समाधान गर्नु पर्नेछ ।

(३) विवाद उत्पन्न भएको पैंतालीस दिनभित्र उपदफा (१) वा (२) बमोजिमको प्रक्रियाबाट विवाद समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरुबीच संयुक्त लगानी वा विवाद समाधान सम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौता बमोजिम विवादको समाधान गरिनेछ ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान भएको कुराको जानकारी पक्षहरुले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिनभित्र कार्यालयलाई दिनु पर्नेछ ।

तर के कुन शर्तहरुमा त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी दिन पक्षहरु बाध्य हुने छैनन्।

(५) उपदफा (३) बमोजिम पक्षहरुबीच भएको सम्झौतामा विवाद समाधान सम्बन्धमा कुनै व्यवस्था नभएकोमा नेपालको मध्यस्थता सम्बन्धी कानून बमोजिम मध्यस्थताद्वारा त्यस्तो विवादको समाधान गरिनेछ ।

(६) कुनै विदेशी लगानीका सम्बन्धमा उत्पन्न विवादको समाधान विवादका पक्षहरुले अन्यथा मञ्जुर गरेमा बाहेक अन्तर्राष्ट्रिय व्यापार कानून सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आयोग (अनसिट्राल) को प्रचलित नियम वा कार्यविधिको पालना गरी मध्यस्थता गरिनेछ ।

(७) यस दफा बमोजिम गरिने मध्यस्थता नेपालमा हुनेछ र मध्यस्थता सम्बन्धी नेपालको सारवान कानून लागू हुनेछ ।

तर उपदफा (३) बमोजिमको अवस्थामा सोही उपदफा बमोजिम हुनेछ ।

(८) पक्षहरुबीच विवाद हुनु अघि विवाद समाधान सम्बन्धी कुनै सम्झौता नभएको वा भएको सम्झौता अपर्याप्त भएको महसुस गरेमा विवाद उत्पन्न भएपछी पनि विवाद समाधानका लागि सम्बन्धित पक्षहरुले सम्झौता गर्न सक्नेछन् । यसरी गरिएको सम्झौताको जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

(९) उपदफा (८) वमोजिम भएको सम्झौताको हकमा समेत यस दफा बमोजिम विवाद समाधान गर्न सकिनेछ ।

६६. बाधा अड्काउ फुकाउनेः यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ देखा परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

६७. यस ऐन बमोजिम हुनेः यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

*६८. नेपाल सरकारसँग सम्पर्कः बोर्डले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परियोजना कार्यान्वयन गर्ने सन्दर्भमा बोर्डले नेपाल सरकारका सम्बन्धित मन्त्रालय, निकाय @वा प्रदेश सरकार, स्थानीय तह वा अन्य जुनसुकै सरकारी वा गैरसरकारी संस्थासँग सोझै सम्पर्क गर्न सक्नेछ।

#६८क. पूर्वसहमति लिनु पर्नेः यो ऐन कार्यान्वयनको क्रममा @नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना हुने विषयमा बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्वसहमति लिनु पर्नेछ।

६९. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

७०. कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः बोर्डले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ र त्यस्तो कार्यविधि वा निर्देशिका नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

७१. खारेजी तथा बचाउः (१) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ र लगानी बोर्ड ऐन, २०६८ खारेज गरिएका छन् ।

(२) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ र लगानी बोर्ड ऐन, २०६८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) लगानी बोर्ड ऐन, २०६८ बमोजिम नियुक्त बोर्डको सदस्य तथा कार्यकारी प्रमुख यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ र निजहरु आफ्नो पदावधि कायम हुँदाका मितिसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

---

* लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा संशोधित।

@ आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा संशोधित।

#लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा थपिएको।

@आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा संशोधित।

**द्रष्टव्यः** आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८१ द्वारा रुपान्तरः ठाउँ ठाउँमा रहेका "सार्वजनिक-निजी साझेदारी एकाई" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक-निजी साझेदारी निर्देशनालय" भन्ने शब्दहरु ।

# नियमावली

# नगर विकास कोष नियमावली, २०५४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५४।६।१३

**संशोधन**

नगर विकास कोष (पहिलो संशोधन) नियमावली, २०७० २०७०।१।३०

नगर विकास कोष ऐन, २०५३ को दफा ३६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "नगर विकास कोष नियमावली, २०५४" रहेकोछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावली,–

(क) "ऐन" भन्नाले "नगर विकास कोष ऐन, २०५३" सम्झनु पर्छ ।

(ख) "लगानी" भन्नाले नगर विकाससँग सम्बन्धित निकायले संचालन गरेको आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजनामा र बैङ्क, वित्तीय संस्था वा अन्य संगठित संस्थाको शेयर, डिवेन्चर र अन्य धितोपत्रहरूमा कोषले गरेको लगानी सम्झनु पर्छ ।

(ग) "बैङ्क" भन्नाले ◊वाणिज्य बैङ्क ऐन, २०३१ बमोजिम स्थापना भएको वाणिज्य बैङ्क सम्झनु पर्छ ।

(घ) "वित्तीय" संस्था भन्नाले शहरी तथा ग्रामीण विकास, सहकारी, उद्योग वा अन्य कुनै खास प्रयोजनको लागि ऋण दिने उद्देश्यले स्थापना भएको कुनै वित्तीय संस्था सम्झनु पर्छ ।

(ङ) "लगानी प्रर्वद्धन समिति" भन्नाले नियम ४ बमोजिम गठन भएको लगानी प्रर्वद्धन समिति सम्झनुपर्छ ।

३. **कोषको लगानी नीतिः** कोषले लगानी गर्दा लगानीको सुरक्षा, तरलता तथा त्यसबाट प्राप्त हुने लाभांश वा प्रतिफल समेतलाई ध्यानमा राखी देहायका क्षेत्रहरूमा लगानी गर्न सक्नेछ–

(क) नगर विकाससँग सम्बन्धित निकाय आफैंले संचालन गरेको वा बैङ्क वा वित्तीय संस्थाहरूसँग मिली कन्सोटीयम वा ब्रिज फाइनान्सिङमा संचालन गर्ने आधारभूत सामाजिक सेवा र आयमूलक आयोजनामा लगानी गर्न,

(ख) नेपाल सरकारले जारी गरेको ऋणपत्र वा धितोपत्र खरिद गर्न, र

(ग) बैङ्क, वित्तीय संस्था वा संगठित संस्थाले जारी गरेको शेयर, डिवेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्न ।

४. **लगानी प्रर्वद्धन समितिः** (१) कोषको लगानी नीति निर्धारण गर्न तथा कोषको रकम सुरक्षित क्षेत्रमा लगानी गर्ने सम्बन्धमा कोषलाई सुझाव पेश गर्ने काम समेतको लागि कोषले एक लगानी प्रर्वद्धन समिति गठन गर्नेछ ।

---

◊ बैङ्क तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ ले वाणिज्य बैङ्क ऐन, २०३१ लाई खारेज गरेको तथा बैङ्क तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले बैङ्क तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ लाई खारेज गरी हाल बैङ्क तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ प्रचलनमा रहेको ।

(२) उपनियम (१) बमोजिमको लगानी प्रर्वद्धन समितिमा देहायका सदस्यहरू रहनेछन्–

(क) कार्यकारी निर्देशक –अध्यक्ष

(ख) समितिका सदस्यहरू मध्येबाट समितिले मनोनीत गरेको एक जना –सदस्य

(ग) अर्थ तथा लगानी विज्ञहरू मध्येबाट समितिले मनोनीत गरेको एक जना –सदस्य

(३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) लगानी प्रर्वद्धन समितिले आवश्यकता अनुसार कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकार, ऋण वा अनुदान दिने संस्थाको प्रतिनिधि वा नगर विकाससँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई लगानी प्रर्वद्धन समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) लगानी प्रर्वद्धन समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **कोषले परामर्श सेवा प्रदान गरे वापत लिन पाउने शुल्कः** कोषले ऐनको दफा ७ बमोजिम नगर विकाससँग सम्बन्धित निकायहरूलाई नगर विकास सेवा सम्बन्धी परामर्श सेवा प्रदान गरे वापत लिन पाउने शुल्क समितिले तोकिदिए बमोजिम हुनेछ ।

६. **शेयर, डिवेन्चर वा अन्य ऋणपत्रमा गरिने लगानीको हदः** कुनै बैङ्क, वित्तीय संस्था वा संगठित संस्थाले जारी गरेको शेयर, डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्दा उक्त बैङ्क, वित्तीय संस्था वा संगठित संस्थाको पूँजीको दश प्रतिशत वा कोषमा जम्मा रहेको पूँजीको दश प्रतिशतमा जुन घटी हुन्छ सोमा नबढ्ने गरी मात्र लगानी गर्न सक्नेछ ।

तर कुनै खास प्रयोजनको लागि खर्च गर्न कुनै संस्थाबाट कोषलाई प्राप्त भएको अनुदान रकम कुनै बैङ्क, वित्तीय संस्था वा संगठित संस्थाले जारी गरेको शेयर, डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्रमा लगानी गर्नु परेमा त्यस्तो संस्थाको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृति लिइएकोमा दश प्रतिशतको बन्देज लागू हुने छैन ।

७. **डिवेन्चर वा अन्य ऋणपत्र जारी गर्ने हदः** (१) कोषले डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र जारी गर्दा आफ्नो कूल चल तथा अचल सम्पत्तिको पच्चीस प्रतिशतमा नबढ्ने गरी जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले कुनै बैङ्क वा संस्थाको जमानीमा सो जमानीमा उल्लेख भए बमोजिमको रकम बराबरको ऋणपत्र जारी गर्न सक्नेछ ।

८. **कन्सोर्टियम वा ब्रिज फाइनान्सिङमा गरिने लगानीको हदः** कोषले कुनै बैङ्क वा वित्तीय संस्थासँग मिली नगर विकाससँग सम्बन्धित निकायले संचालन गर्ने आधारभूत सामाजिक सेवा र आयमूलक आयोजनामा कन्सोर्टियम वा ब्रिज फाइनान्सिङको आधारमा लगानी गर्दा कोषमा जम्मा रहेको पूँजीको १५ प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सक्नेछ ।

तर कुनै खास प्रयोजनको लागि खर्च गर्न कुनै संस्थाबाट कोषलाई प्राप्त भएको अनुदान रकम कुनै बैङ्क वा वित्तीय संस्थासँग मिली नगर विकाससँग सम्बन्धित निकायले संचालन गर्ने आधारभूत सामाजिक सेवा र आयमूलक आयोजनामा लगानी गर्नु परेमा त्यस्तो संस्थाको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृति लिइएकोमा पन्ध्र प्रतिशतको बन्देज लागू हुनेछैन ।

९. **डिवेन्चर वा अन्य ऋणपत्र जारी गर्दा अपनाउनु पर्ने प्रक्रिया:** (१) कोषले डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र जारी गर्दा नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र जारी गर्दा कोषले ऋणको जम्मा मूल्य भुक्तानी अवधि, व्याजको दर, व्याज भुक्तानी समय र अन्य विवरण समेत खुलाई *नेपाल राज्यको कम्तीमा कुनै दुई प्रमुख पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचना प्रकाशित भएपछि त्यस्तो डिवेन्चर वा ऋणपत्र खरिद गर्न चाहने व्यक्तिले आफूलाई चाहिएको डिवेन्चर वा ऋणपत्रबारे सबै कुरा खुलाई आवश्यक रकम समेत संलग्न राखी कोष समक्ष निवेदन दिनु पर्नेछ ।

तर कुनै व्यक्ति वा संस्थाले कति रकमको डिवेन्चर वा ऋणपत्र लिन पाउने भन्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार कोषमा निहित रहनेछ ।

१०. **ऋणपत्रसम्बन्धी कार्यविधि:** कोषले जारी गरेको डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्रको नामसारी, साँवा व्याजको भुक्तानी र तत्सम्बन्धी अन्य कार्यविधिहरू समितिले तोकिदिएबमोजिम हुनेछ । त्यसरी कार्यविधि तोक्दा समितिले नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिनुपर्नेछ ।

११. **व्याजदरको निर्धारण:** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले नगर विकाससँग सम्बन्धित निकायलाई दिने ऋणमा लिने व्याज दरको निर्धारण समितिले लगानी प्रर्वद्धन समितिको सिफारिशमा गर्नेछ ।

१२. **ऋणको भुक्तनी:** ऋणीले ऋण सम्झौतामा उल्लेख भए बमोजिम कुल ऋणको साँवा तथा व्याज रकमलाई एक वा एकभन्दा बढी किस्ताहरूमा विभाजन गरी कोषलाई नियमित रूपमा ऋणको साँवा तथा व्याज रकमको भुक्तानी गर्नु पर्नेछ ।

१३. **ऋणीको सम्पत्तिको मूल्याङ्कन प्रक्रिया:** (१) ऐनको दफा ११ को उपदफा (३) बमोजिम ऋणीको सम्पत्तिको मोल कायम गरी सो सम्पत्तिको स्वामित्व कोष आफैंले लिनु पर्ने देखिएमा लगानी प्रबद्र्धन समितिको सिफारिसमा कोषले त्यस्तो सम्पत्तिको मोल कायम गरी सो सम्पत्तिको स्वामित्व आफैं लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋणीको सम्पत्तिको मोल कायम गर्ने सिफारिस गर्दा लगानी प्रबद्र्धन समितिले त्यस्तै प्रकारका अन्य सम्पत्तिको बजार मूल्य तथा प्रचलित ह्रास कट्टी सम्बन्धी व्यवस्था समेतको अध्ययन गरी त्यस्तो सम्पत्तिको मोल सिफारिश गर्नु पर्नेछ ।

१४. **कार्यकारी निर्देशकको योग्यता:** कार्यकारी निर्देशकको पदमा नियुक्ति हुनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, चार्टर एकाउन्टेन्सी वा इन्जिनियरिङ्ग विषयहरूमध्ये कुनै एक विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव प्राप्त गरेको वा उल्लेखित कुनै एक विषयमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

१५. **कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा:** कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ र त्यसरी विनियमावली नबनेसम्म निजको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

१६. **कार्यकारी निर्देशकलाई पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया:** (१) कार्यकारी निर्देशकले कोषलाई हानिनोक्सानी हुने कुनै काम कारबाही गरेको वा समितिको नीति निर्देशन विपरीत काम गरेको व्यहोराको

---

*पहिलो संशोधनद्वारा संशोधित ।

जानकारी पाएमा समितिले सो कुराको जाँचबुझ गर्न समितिका सदस्यहरूमध्येबाट तीनजना सदस्यहरू रहेको एउटा जाँचबुझ समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जाँचबुझ समितिले जाँचबुझको सिलसिलामा कार्यकारी निर्देशक, कोषको कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूलाई आफूसमक्ष उपस्थित गराई आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३) जाँचबुझ समितिले जाँचबुझको कार्य समाप्त भएपछि आफ्नो रायसहित जाँचबुझको प्रतिवेदन समितिलाई बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम जाँचबुझ समितिले पेश गरेको जाँचबुझको प्रतिवेदनबाट कार्यकारी निर्देशकले कोषलाई हानिनोक्सानी हुने कुनै काम कारबाही गरेको वा समितिको नीति निर्देशन विपरीत काम गरेको देखिएमा समितिले कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि कारण र आधार खोली स्पष्टीकरण प्रस्तुत गर्न मनासिब समय दिई सूचना दिनु पर्नेछ सो म्यादिभित्र कार्यकारी निर्देशकले कुनै स्पष्टीकरण पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा समितिले कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्नेछ ।

(५) यस नियम बमोजिम कार्यकारी निर्देशक उपर लागेको आरोपको जाँचबुझ गर्न जाँचबुझ समिति गठन भएपछि जाँचबुझको काम नसकिएसम्म कार्यकारी निर्देशकले पदीय कर्तव्य पालन गरेमा कोषको हित विपरीत हुने भन्ने कुरा समितिलाई लागेमा समितिले कार्यकारी निर्देशकलाई पदीय काम कारोवार गर्नबाट रोक लगाउनु पर्नेछ ।

(६) कार्यकारी निर्देशकले जानी जानी कोषलाई हानिनोक्सानी पुर्‍याएको कुरा प्रमाणित भएमा निजबाट त्यस्तो हानि नोक्सानी प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ ।

१७. **कोषको लेखाः** (१) कोषको आय–व्ययको लेखा समितिले तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ। समितिले यसरी लेखाको ढाँचा तोक्दा दोहोरो लेखा प्रणालीको आधारमा कोषको आय–व्ययको लेखा राख्नु पर्ने गरी तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राख्नु पर्ने कोषको आय–व्ययको लेखा अद्यावधिक गरी राख्नु कोषको कर्तव्य हुनेछ ।

१८. **बैठक भत्ताः** समिति, लगानी प्रर्वद्धन समिति तथा ऐनको दफा १७ बमोजिम गठित उप–समितिका सदस्यहरूले बैठकमा भाग लिएबापत अर्थ मन्त्रालयको सहमति लिई समितिले तोकिदिए बमोजिम बैठक भत्ता पाउने छन् ।

१९. **शपथ ग्रहणः** सदस्य, कार्यकारी निर्देशक तथा कोषको प्रत्येक कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अघि अनुसूचीमा उल्लेख भए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

२०. **निर्देशिका बनाई लागू गर्न सक्नेः** (१) ऐन, यस नियमावली र सो अन्तर्गत बनेका विनियमहरूका अधीनमा रही समितिले कोषको लगानी नीतिलाई व्यवस्थित गर्नको लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिले बनाएको निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

---

**द्रष्टव्यः** केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## अनुसूची

## (नियम १९ सँग सम्बन्धित)

## शपथ ग्रहण फारामको नमुना

म ... ... ... ... ... ... ईश्वरको नाममा सत्य/निष्ठापूर्वक शपथ लिन्छु कि नगर विकास कोषको सदस्य / कार्यकारी निर्देशक / कर्मचारीको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी कोषप्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही नगर विकास कोष ऐन, २०५३, नगर विकास कोष नियमावली, २०५४ र सो अन्तर्गत बन्ने विनियमावलीहरूका अधीनमा रही आफ्नो कर्तव्यको पालन गर्नेछु । मलाई ज्ञान हुन आएको कुनै गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरू कसैलाई म आफ्नो पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष अप्रत्यक्ष रूपले भन्ने वा संकेत गर्ने छैन ।

| शपथ ग्रहण गर्नेको | शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |

# संयुक्त आवासको स्वामित्व सम्बन्धी नियमावली, २०६०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६०।४।१२

संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "संयुक्त आवासको स्वामित्व सम्बन्धी नियमावली, २०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ सम्झनु पर्छ ।

३. **स्वीकृतिको लागि निवेदन दिनुपर्नेः** ऐनको दफा ४ बमोजिम संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न चाहने संगठित संस्थाले अनुसूची–१ बमोजिमको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

४. **स्वीकृति दिनेः** (१) नियम ३ बमोजिम निवेदन प्राप्त हुन आएमा अधिकार प्राप्त अधिकारीले निवेदनसाथ प्राप्त कागजातहरू आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदकलाई संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्ने स्वीकृति दिन हुने देखिएमा अनुसूची–२ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ ।

(२) अधिकार प्राप्त अधिकारीले आवश्यक देखेमा उपनियम (१) बमोजिम स्वीकृति दिनुअघि प्रस्तावित संयुक्त आवास भवन निर्माणस्थलको प्राविधिक खटाइ निरीक्षण गराउन वा तत्सम्बन्धमा सम्बन्धित निकाय समेत बुझ्न सक्नेछ ।

५. **स्वीकृति रद्द गर्नेः** संस्थापकले नियम ४ बमोजिम स्वीकृति पाएको मितिले दुई वर्षभित्र प्रचलित कानून बमोजिम नक्सा पास नगरेमा अधिकार प्राप्त अधिकारीले त्यसरी आफूले दिएको स्वीकृति रद्द गर्नेछ।

६. **अनुगमन तथा निरीक्षण गर्न सक्नेः** (१) ऐन वा यस नियमावली बमोजिम संस्थापकद्वारा संयुक्त आवास भवन निर्माण तथा सञ्चालन भए नभएको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा संस्थापकद्वारा ऐन वा यस नियमावली विपरीत संयुक्त आवास भवन निर्माण तथा सञ्चालन गरेको देखिएमा अधिकार प्राप्त अधिकारीले सो कार्य गर्न रोक लगाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको आदेश बमोजिम संस्थापकले काम नगरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थापकलाई ऐन बमोजिम सजाय गर्न सक्नेछ।

७. **प्रमाणपत्र दिनुपर्नेः** ऐनको दफा ८ को उपदफा (४) बमोजिम आवास एकाइ बिक्री गर्दा वा भाडा वा अन्य तरिकाले भोग गर्न दिंदा संस्थापकले आवास एकाइ धनीलाई दिनुपर्ने प्रमाणपत्रको ढाँचा अनुसूची–३ बमोजिमको हुनेछ ।

८. **सम्झौताको प्रति उपलब्ध गराउनु पर्नेः** संस्थापकले आवास एकाइ बिक्री गर्दा संस्थापक र आवास एकाइ धनीबीच भएको सम्झौताको एक प्रति आवास एकाइ बिक्री भएको मितिले पैंतीस दिनभित्र अधिकार प्राप्त अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

९. **<u>समिति गठन भएको जानकारी दिनु पर्नेः</u>** ऐनको दफा २४ को उपदफा (१) बमोजिम आवास एकाइ धनीहरूले समिति गठन गरेमा त्यस्तो समितिको पदाधिकारीको नाम र विधान समिति गठन भएको मितिले पैंतीस दिनभित्र अधिकारी प्राप्त अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. **<u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u>** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

**<u>द्रष्टव्यः</u>**

केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## अनुसूची – १
## (नियम ३ सँग सम्बन्धित)
## संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्नका लागि दिइने निवेदन

श्री .........................

............................... ।

मैले संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न चाहेकोले देहायका विवरणहरू खुलाइ स्वीकृतिको लागि यो निवेदन गरेको छु ।

१. संगठित संस्थाको,–

(क) नामः

(ख) दर्ता नम्बरः

(ग) नवीकरण मितिः

२. जग्गा धनीको,–

(क) नामः

(ख) नागरिकता प्रमाणपत्र नम्बरः

(ग) ठेगानाः

३. जग्गा रहेको ठाउँ,–

(क) जिल्लाः

(ख) नगरपालिका/गाउँ विकास समितिः

(ग) वडा नं.

(घ) टोलः

४. जग्गाको,–

(क) कित्ता नं.

(ख) क्षेत्रफलः

(ग) चार किल्लाः

(घ) स्वामित्वः निजी / साझेदारीः

(ङ) किसिमः रैकर / गुठी / अन्यः

५. संयुक्त आवास भवनको,–

(क) तलाः

(ख) हरेक तलाको आवास एकाइः

(ग) जम्मा आवास एकाइः

६. संयुक्त आवास भवनको प्रयोजनः निजी/बिक्री वितरण/भाडा वा अन्य किसिमले प्रयोग गर्न दिनेः

७. निर्माणको किसिमः नयाँ निर्माण/तला थप्ने/पुनः निर्माण/अन्यः

८. निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः

(क) नेपाल इञ्जिनियरिङ्ग परिषद्‌मा दर्ता भएको आर्किटेक्ट र सिभिल इञ्जिनियरबाट प्रमाणित भएको संयुक्त आवास भवनको प्रस्तावित नक्सा तथा प्रचलित कानून बमोजिम निर्धारण गरिएको मापदण्डको अधीनमा रही तयार गरिएको स्ट्रक्चरल डिजाइन,

(ख) जग्गा धनी दर्ता प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि, चालू आर्थिक वर्षको मालपोत तिरेको रसिदको प्रतिलिपि र कित्ता नम्बर स्पष्ट देखिने नापीको प्रमाणित नक्सा,

(ग) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) संयुक्त आवास भवन निर्माण र सञ्चालनबाट वातावरणमा पर्न जाने असर सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (प्रतिवेदनमा ढल निकास र फोहर मैला, आवत जावत गर्ने बाटो तथा ट्राफिकमा पर्ने असर, पानी, बिजुली, टेलिफोनको सुविधा, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्वका सम्पदा र त्यसमा पर्ने असर, जैविक विविधता सम्बन्धी विषयहरू स्पष्ट उल्लेख भएको हुनु पर्नेछ),

(ङ) संयुक्त आवास भवनको डिजाइनको अवधारणा र त्यस्तो भवन संहिताको नाम,

(च) संयुक्त आवास भवन निर्माण गर्ने चरणबद्ध कार्यक्रम सहितको विवरण ।

निवेदकको,–

सही.....................

नाम.....................

ठेगाना...................

मिति.....................

## अनुसूची–२

**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

**संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न दिइने स्वीकृति**

श्री ......................

तपाईंलाई देहाय बमोजिमको संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न यो स्वीकृति दिइएको छ ।

१. जग्गा रहेको ठाउँ,–

(क) जिल्लाः

(ख) नगरपालिका/गाउँ विकास समितिः

(ग) वडा नं.

(घ) टोलः

२. जग्गाको,–

(क) कित्ता नम्बरः

(ख) क्षेत्रफलः

(ग) चार किल्लाः

(घ) स्वामित्वः निजी/साझेदारीः

(ङ) किसिमः रैकर/गुठी/अन्यः

३. संयुक्त आवास भवनको,–

(क) जम्मा तलाः

(ख) हरेक तलाको आवास एकाइः

(ग) जम्मा आवास एकाइः

४. अन्य आवश्यक कुराहरू

वतनः

कित्ता नम्बरः

क्षेत्रफलः

छाप

स्वीकृति दिने अधिकारीको,–

सहीः

नामः

पदः

मितिः

## अनुसूची–३

### (नियम ७ सँग सम्बन्धित)

### संस्थापकले आवास एकाई धनीलाई दिने प्रमाणपत्र

श्री ....................

तपाईंलाई देहाय बमोजिमको आवास एकाइ बिक्री गरेकोले/भाडा/अन्य किसिमले भोगको लागि दिएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१. संयुक्त आवास भवन रहेको ठाउँ,–

(क) जिल्लाः

(ख) नगरपालिका/गाउँ विकास समितिः

(ग) वडा नं.

(घ) टोलः

२. संयुक्त आवास भवन रहेको जग्गाको,–

(क) कित्ता नम्बरः

(ख) क्षेत्रफलः

(ग) चार किल्लाः

३. संयुक्त आवास भवनको,–

(क) नामः

(ख) तलाः

(ग) आवास एकाइको संख्या र नम्बरः

४. सम्बन्धित आवास एकाइको,–

(क) तलाः

(ख) क्षेत्रफलः

(ग) कोठा संख्याः

५. आवास एकाइ दिने प्रक्रियाः बिक्री/भाडा/अन्य किसिमले भोग गर्न दिनेः

(क) बिक्रीमा भए,–

पूरै भुक्तानी/किस्ताबन्दी

(ख) भाडामा भए,–

प्रति महिना .......... का दरले

(ग) भोग गर्न दिने किसिमः

६. अन्य आवश्यक कुराहरू

प्रमाणपत्र दिने संस्थापकको,–

सहीः

नामः

मितिः

# भवन नियमावली, २०६६

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६६।८।२५

भवन ऐन, २०५५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "भवन नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले भवन ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "गाउँ विकास समिति" भन्नाले भवन ऐन, २०५५ लागू भएको गाउँ विकास समिति सम्झनु पर्छ ।

३. **भवन निर्माण गर्नु अघि स्वीकृति लिनु पर्नेः** (१) ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित 'क' 'ख' वा 'ग' वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले नक्सा स्वीकृतिको लागि नगरपालिका समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिंदा डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) ऐनको दफा ११ को उपदफा (२) मा उल्लिखित 'क' वा 'ख' वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा र डिजाइन र 'ग' वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा तयार गरी स्वीकृतिको लागि अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको शहरी विकास कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको दरखास्त उपर शहरी विकास कार्यालयले आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा कुनै थप कागजात आवश्यक देखिएमा दरखास्तवालासँग त्यस्तो कागजात माग गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाको व्यहोरा मनासिब देखिएमा शहरी विकास कार्यालयले भवन निर्माण गर्दा पालना गर्नु पर्ने शर्त तोकी दरखास्त परेको मितिले तीस दिनभित्र भवनको नक्सा वा डिजाइन स्वीकृत गर्नु पर्नेछ ।

४. **विशेषज्ञको योग्यताः** नेपाल सरकारले ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ज) बमोजिम समितिको सदस्य मनोनयन गर्दा देहायको योग्यता भएका व्यक्तिहरुमध्येबाट गर्नेछः–

(क) आर्किटेक्चर वा सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी ऐनको दफा ८ को खण्ड (क) वा (ख) बमोजिमका भवन निर्माण सम्बन्धी कार्यमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको, वा

(ख) आर्किटेक्चर वा सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी ऐनको दफा ८ को खण्ड (क) वा (ख) बमोजिमको भवन निर्माण सम्बन्धी कार्यमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको ।

५. **भवन संहिताको प्रतिलिपि दस्तुरः** भवन संहिताको प्रतिलिपि प्राप्त गर्न चाहने व्यक्तिले अनुसुची–२ बमोजिमको दस्तुर बुझाई शहरी विकास कार्यालयबाट प्राप्त गर्न सक्नेछ ।

६. **अनुसुचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफर तथा थपघट गर्न सक्नेछ ।

## अनुसूची १

(नियम ३ को उपनियम (१) र (२) सँग सम्बन्धित)

**दरखास्त फाराम**

श्री.........................................कार्यालय

............................................ ।

निम्न जग्गामा ........ वर्गको भवन निर्माण गर्न तपसिल बमोजिमको नक्सा तथा कागजात संलग्न गरी स्वीकृत /अग्रिम डिजाइन सहमतिको लागि अनुरोध छ ।

भवन निर्माण स्थलः–

.............................जिल्ला .......................न.पा./गा.वि.स./वडा नं..........नक्सा नं..........कित्ता नं..................

निवेदकको नामः–

ठेगानाः–

फोन नं.–

निवेदकको दस्तखतः–

मितिः–

भवन ऐन, २०५५ को दफा ८ बमोजिम डिजाईन प्रयोजनको निम्ति प्रयोग गरिएको भवनको किसिम कुन हो सोमा रेजा √ चिन्ह लगाउनु होस् ।

(क) "क" वर्ग

(ख) "ख" वर्ग

(ग) "ग" वर्ग

संलग्न कागजातहरुः–

**१) आर्किटेक्चरल नक्सा थानः–**

| S.No. | Drawings | No. of Sheets |
|---|---|---|
| 1. | Floor plans | |
| 2. | Elevations | |
| 3. | Two sections-Longitudinal Section and Cross Section (One of the section should be through staircase). | |
| 4. | Site plan | |
| 5. | Elevation of Doors and windows showing its openings and sizes. | |
| 6. | Staircase Details. | |
| 7. | Ramp Detail | |
| 8. | Others (if any) | |

**२) स्ट्रक्चरल नक्सा थानः-**

| S.No. | Drawings for frame structure | No. of Sheets |
|---|---|---|
| 1. | Column Reinforcement for critical column (indicate position of the column in structure) | |

| | | |
|---|---|---|
| 2. | Critical beam reinforcement (indicate position) | |
| 3. | Slab reinforcement | |
| 4. | Staircase reinforcement | |
| 5. | Trench plan and toe wall detail | |
| 6. | Critical foundation detail (indicate position) | |
| 7. | Ductile detailing of Beam and column joint | |
| 8. | Others (if any) | |
| **S.No.** | **Drawings for Load Bearing Buildings** | **No. of Sheets** |
| 1. | Architectural plan of each floor showing vertical steel reinforcement at critical sections. | |
| 2. | Trench plan and foundation details | |
| 3. | Slab reinforcement | |
| 4. | Wall cross section | |
| 5. | Others (if any) | |

**३)** **स्यानिटरी नक्सा थानः– "क" वर्ग र "ख" वर्गको लागि मात्र**

| S.No. | Drawings | No. of Sheets |
|---|---|---|
| 1. | Toilet detail plan (each floor) | |
| 2. | Roof plan | |
| 3. | Site plan | |
| 4. | Plans of Underground water tank, Septic tank, Soakpit and Manhole | |
| 5. | Isometric drawing (flow diagram chart) | |
| 6. | Section (toilet with duct detail) | |
| 7. | Drainage detail | |
| 8. | Fire fighting system. | |
| 9. | Others (if any) | |

४) **ईलेक्ट्रीकल नक्सा थानः- "क" वर्ग र "ख" वर्गको लागि मात्र**

| S.No. | Drawings | No. of Sheets |
|---|---|---|
| 1. | Layout | |
| 2. | Wiring | |
| 3. | Schematic | |
| 4. | Others (if any) | |

५) कित्ता नापी नक्साः–

६) ऐनको दफा १० र ११ को उपदफा (३) को प्रयोजनका लागि भवन निर्माणमा संलग्न प्राविधिक/परामर्शदाताको करारनामाः–

७) प्राविधिक विवरण फारामहरुः–

(क) आर्किटेक्चरल डिजाइन सम्बन्धीः–

(ख) स्ट्रक्चरल डिजाइन सम्बन्धीः–

(ग) स्यानिटरी डिजाइन सम्बन्धी “क” वर्ग र “ख” वर्गको लागि मात्रः–

(घ) ईलेक्ट्रीकल डिजाइन सम्बन्धी “क” वर्ग र “ख” वर्गको लागि मात्रः–

नोटः

(१) स्केलको हकमा सबै नक्साहरु १:१०० वा १"= ८' हुनु पर्ने र डिटेलहरु १:५० वा १"= ४' भन्दा कमको हुन नहुने । साईट प्लानको हकमा एक रोपनीसम्म १:१०० वा १"= ८' र एक रोपनी देखि माथि १:२०० वा १"=१६' हुनु पर्नेछ ।

(२) डिजाईन सहमति प्रदान गर्ने क्रममा निर्माण स्थल निरीक्षण गर्नु पर्ने भएमा निर्माण स्थल निरीक्षण गराउनु पर्ने छ ।
आवश्यक गराउनु पर्नेछ ।

(३) “क” वर्ग र “ख” वर्गको हकमा Technical Detail Form No. 1 को Form A, B, C, तथा D भर्नु पर्नेछ ।

(४) “ग” वर्गको हकमा Technical Detail Form No. 1 को Form A,र Technical Detail Form No. 2 को Structural Design Requirements भर्नु पर्नेछ।

(५) अनुसूची १ कार्यान्वयनको सम्बन्धमा कुनै दुबिधा उत्पन्न भएमा समितिको निर्णय अनुसार हुनेछ ।

**Technical Detail Form No. 1**

“क” वर्ग र “ख” वर्गको भवनको लागि

**(A) NBC Code 206: 2003 - Architectural Design Requirements.**

(To be filled by concerned Architect or Consultant)

Type of Building……………………

| Building Elements | As per Submitted Design | Remarks |
|---|---|---|
| **1.0 Staircase** | | |
| 1.1 Min. tread width of staircase | …… mm excluding nosing | |
| 1.2 Riser height of staircase | ….mm | |
| 1.3 Clear width of staircase for | | |
| a) Hospital | ….mm | |
| b) Auditorium | | |
| - below 500 capacity | | |
| - Above 500 capacity | | |
| c) Others | ……mm | |
| 1.4 Height of handrail | ….mm | |
| 1.5 Max. no of riser in one Single flight | ……Nos. | |
| 1.6 Max. head room under staircase from the nosing of the tread | …..mm | |
| **2.0 Exit** | | |
| 2.1 Max. travel distance to exit point in each floor | …..mm | |
| 2.2 Min. width of exit door including frame | ….mm | |
| 2.2Min. height of exit door including frame | ….mm | |

| | | |
|---|---|---|
| 2.3 Shutter opening of exit door to staircase & public Passage | Inside/Outside | |
| 2.4 Total width of exit door | …..mm | |
| **3.0 Light and Ventilation** | | |
| 3.1 Min. opening area of window for lighting largest habitable room from external wall | ……..sq. m. | |
| 3.2 Min. opening area of natural ventilator for largest habitable room from external wall | ……sq.m. | |
| 3.3 Min. size of ventilator for water closets and bathroom | ……sq.m. | |
| **4.0 Lifts** | | |
| 4.1 Total height of building | …..mm | |
| 4.2 Provision of lift. | Yes/No | |
| 4.3 No. of lift per bank | …….nos. | |
| **5.0 Requirement for the physically disabled** | | |
| 5.1 Is there a provision of separate entrance for disable people next to the primary entrance of a building | Yes/No | |
| 5.2 Max. gradient for wheel chair ramp at entrance of building | | |
| 5.3 Min. width of wheel chair ramp at entrance of building. | ……mm | |
| **6.0 Parapet heights** | | |
| 6.1 The height of parapet wall & balcony handrail | ……mm | |

**Technical Detail Form No. 1**

**(B) NBC 208: 2003- Sanitary and Plumbing Design Requirements**

(To be filled by concerned Engineer or Consultant)

| Description | Design Capacity | Water consumption per capita per day as per submitted design | Water Storage Capacity | Remarks |
|---|---|---|---|---|
| **Underground Water Tank.** | | | | |
| **1. Type of building** | | | | |
| 1.2) Auditorium | …….. Nos. | ……….. Litres | | |
| A.1.2) Hospital including laundry per bed | | | | |
| a) Number of beds< 100 bed | …..Bed. | …….. Litres. | | |
| b) Number of beds>100 bed | ….. Bed. | ……...Litres. | | |
| 1.3) Office building | …..Nos. | ……..Litres. | | |
| **2. Overhead water tank for Lavatory** | | | | |
| a) Auditorium/Office Building | ….(nos of w.c). | …… Litres. | | |
| b) Hospital | ….(nos. of urinal.) | …..Litres. | | |
| | …(nos of w.c). | ….Litres. | | |
| **Description** | **Design Capacity** | **Fixtures provided as per submitted design** | **Total** | **Remarks** |
| | | | | |
| **2.1 Fire Hydrant System. Hospital/ Auditorium (Indoor)** | | | | |
| 2.2) No of floors | ....Nos. of floor | ....Nos. of wet risers | | |
| 2.3) Floor area | $M^2$ | …. Nos. of wet risers | | |
| 2.4) Capacity of wet riser for underground water tank | - | ……Litres. | | |
| **2.2 Type of buildings** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| Office building<br>**Gents Toilet:** Nos of users--………. | | | | | |
| a) | Water closet | - | ……Nos. | | |
| b) | Urinal | - | …..Nos. | | |
| c) | Basin | - | ……Nos. | | |
| **Ladies Toilet:- Nos of users--……** | | | | | |
| a) | Water closet | - | …….Nos. | | |
| **Auditorium** | | | | | |
| **Public toilet (Gents Toilet): Nos of users--…….** | | | | | |
| a) | Water closet | - | …..Nos. | | |
| b) | Urinal | - | …..Nos. | | |
| c) | Basin | - | ……Nos. | | |
| | | | | | |
| **Ladies Toilet:-- Nos of users--….** | | | | | |
| a) | Water closet | - | ……Nos. | | |
| **Staff toilet (Ladies/Gents Toilet): Nos. of users--……** | | | | | |
| a) | Water closet | - | …..Nos. | | |
| **Hospital indoor patient ward (For Ladies and Gents Toilet):-- Nos. of users--……..** | | | | | |
| a) | Water closet | - | ……Nos. | | |
| b) | Wash basin | - | …..Nos. | | |
| c) | Bath (Shower) | - | ….Nos. | | |
| d) | Cleaner sink (Kitchen sink) | - | ……Nos. | | |

**Technical Detail Form No. 1**

**(C) NBC 207: 2003-- Electrical Design Requirements**

(To be filled by concerned Engineer or Consultant)

| S.No. | Electrical Elements | As per Submitted Design |
|---|---|---|
| **1. Rating and sizes** | | |
| 1.1. | Minimum size (sq. mm.) of copper cable for light circuit | |
| 1.2 | Minimum size (sq. mm.) of copper cable for power circuit | |
| 1.3 | Wattage of ordinary power socket (2 pin) estimated as | |
| 1.4 | Wattage of power socket outlet (3 pin) estimated as | |
| 1.5 | Wall thickness of cast iron switch or regulator boxes | |
| 1.6 | Wall thickness of mild steel sheet switch or regulator boxes for upto 20cm.x 30cm. | |
| 1.7 | Wall thickness of mild steel sheet switch or regulator boxes for above 20cm.x 30cm. | |
| 1.8 | Depth of the switch or regulator boxes | |
| **2. Maximum number of cables in a conduit** | | |
| 2.1 | No. of 2.5 sq. mm. cross-sectional area cable in 20mm. dia conduit | |
| 2.2 | No. of 4 sq. mm. cross-sectional area cable in 20mm. dia conduit | |
| 2.3 | No. of 6 sq. mm. cross-sectional area cable in 20mm. dia conduit | |
| 2.4 | No. of 2.5 sq. mm. cross-sectional area cable in 25mm. dia conduit | |
| 2.5 | No. of 4 sq. mm. cross-sectional area cable in 25mm. dia conduit | |
| 2.6 | No. of 6 sq. mm. cross-sectional area cable in 25mm. dia conduit | |
| 2.7 | No. of 2.5 sq. mm. cross-sectional area cable in 32mm. dia conduit | |
| 2.8 | No. of 4 sq. mm. cross-sectional area cable in 32mm. dia conduit | |
| 2.9 | No. of 6 sq. mm. cross-sectional area cable in 32mm. dia conduit | |

| | | |
|---|---|---|
| **3. Earthing** | | |
| 3.1 | The value of any earth system resistance unless otherwise specified | |
| 3.2 | Diameter of rod electrodes of steel or galvanized iron | |
| 3.3 | Diameter of rod electrodes of copper | |
| 3.4 | Internal diameter of pipe electrodes of galvanized iron or steel | |
| 3.5 | Internal diameter of pipe electrodes of cast iron | |
| 3.6 | The length of the rod & pipe electrodes | |
| 3.7 | Thickness of plate electrodes of galvanized iron or steel | |
| 3.8 | Thickness of plate electrodes of copper | |
| 3.9 | Size of plate electrodes of galvanized iron or steel or copper | |
| 3.10 | Depth of the top edge of plate electrodes buried from ground | |

**4. Testing**

| | | |
|---|---|---|
| 4.1 | Insulation resistance (Mohm) between earth and the whole system of conductor or any section thereof | |
| 4.2 | Insulation resistance (Mohm) between the metallic case and all live part of each rheostat, appliance and sign when they are disconnected, | |
| 4.3 | Insulation resistance (Mohm) between all the conductors connected to one pole or phase conductor and all the conductor connected to the middle wire or to the neutral or to the other pole of the phase conductor | |
| 4.4 | The applied dc voltage (Volt) of mejgering | |
| 4.5 | Each switch is placed in phase or neutral? | |

**Note:**

1. When substation and external electrical works are required, designer must comply NBC 207: 2003 or/ a relevant international electrical codes.
2. Designer is advised to consider lightning protection designated by international electrical codes.

Technical Detail Form No. 1

**(D) NBC 000: 1994 to NBC 114: 1994 Structural Design Requirements**

(To be filled by concerned Engineer or Consultant)

| S.N. | Description | As per submitted design | Remarks |
|---|---|---|---|
| **1. General:** | | | |
| | Number of Storey | | |
| | Total height of structure | | |
| | Structure system | ☐ Frame ☐ Load bearing ☐ Other | |
| | If Computer Aided Design (CAD) is used, please state the name of the package | | |
| **2. Requirements of NEPAL NATIONAL BUILDING CODE (NBC)** | | | |
| **2.1 NBC-000-1994 Requirements for State-of-the Art Design: An Introduction** | | | |
| | Level of design: | ☐ International State-of-the-art<br>☐ Professionally Engineered Structures<br>☐ Mandatory Rule of thumb<br>☐ Guidelines to rural building | |
| **2.2 NBC 101: 1994 Materials Specifications** | | | |
| | Tick the listed materials that will be used in the construction | ☐ Cement ☐ Coarse Aggregates<br>☐Fine Aggregates (Sand)<br>☐Building Lime<br>☐Natural building stones ☐ Bricks<br>☐ Tiles ☐ Timber<br>☐Metal frames ☐ Structural steel…..* | |
| | In what manner/ way have you used | | |
| **2.3 NBC 102-1994 Unit Weight of Materials** | | | |
| | Where do you plan to apply NBC 102 ?<br>Specify the design unit weight of materials<br>Steel<br>Brick<br>RCC<br>Brick Masonry | ☐ Specifications ☐ Design Calculation<br>☐ Bill of Quantity | |

Note:* If any materials other than specified in NBC 102-1994, the designer should take responsibility that such materials are according to international standard.

**2.4 NBC 103-1994 Occupancy load (Imposed Load)**

| | Proposed occupancy type (fill in only concerning occupancy type) | Occupancy load | | |
|---|---|---|---|---|
| | | Uniformly Distributed load (kN/m2) | Concentrated Load (kN) | |
| | For Residential Buildings | | | |
| | Rooms and Kitchen | | | |
| | Corridors, Staircase, store | | | |
| | Balcony | | | |
| | For Hotels, Hostels, Dormitories | | | |
| | Living, Bed and dormitories | | | |
| | Kitchen, Corridors, Staircase | | | |
| | Store rooms | | | |
| | Dining, restaurants | | | |
| | Office rooms | | | |
| | ……………………… | | | |
| | For Educational Buildings | | | |
| | Class rooms, Dining rooms | | | |
| | Kitchen | | | |
| | Stores | | | |
| | Libraries and archives | | | |
| | Balconies | | | |
| | ……………………… | | | |
| | For Institutional Buildings | | | |
| | Bed rooms, wards, dressing rooms | | | |
| | Kitchen | | | |

| | | | | |
|---|---|---|---|---|
| | X-ray rooms, operating rooms | | | |
| | Corridors and Staircase | | | |
| | Balconies | | | |
| | …………………………… | | | |
| | <u>For Assembly Buildings</u> | | | |
| | Assembly areas | | | |
| | Projection rooms | | | |
| | Stages | | | |
| | Corridors, Passage and Staircase | | | |
| | Balconies | | | |
| | …………………………… | | | |
| | <u>For Business and Office Buildings</u> | | | |
| | Rooms with separate storage | | | |
| | Rooms without separate storage | | | |
| | File rooms and storage rooms | | | |
| | Stair and passage | | | |
| | Balconies | | | |
| | ……………………….. | | | |
| | <u>Mercantile Buildings</u> | | | |
| | Retail shops | | | |
| | Wholesale shops | | | |
| | Office | | | |
| | Staircase and passage | | | |
| | Balconies | | | |
| | ………………………… | | | |
| | <u>Industrial Buildings</u> | | | |
| | Work area without machinery | | | |

| | | | | |
|---|---|---|---|---|
| | With machinery: Light duty | | | |
| | Medium duty | | | |
| | Heavy duty | | | |
| | Boiler | | | |
| | Staircase, Passage | | | |
| | <u>Storage buildings</u> | | | |
| | Storage rooms | | | |
| | Cold storage | | | |
| | Corridor and Passage | | | |
| | Boiler rooms | | | |
| **2.5 NBC 104-1994 Wind load** | | | | |
| | Wind zone | | | |
| | Basic wind velocity | m/s | | |
| **2.6 NBC 105-1994 Seismic Design of Buildings in Nepal** | | | | |
| | Method of earthquake analysis: | ☐ Seismic Coefficient method<br>☐Model Response Spectrum method<br>☐ ………………………………… | | |
| | Subsoil category | | | |
| | Fundamental transactions period | | | |
| | Basic seismic coefficient | | | |
| | Seismic zoning factor | | | |
| | Importance factor | | | |
| | Structural performance factor | | | |
| **2.7 NBC 106: 1994 Snow load** | | | | |
| | Snowfall area | ☐ Perennial ☐ Occasional<br>☐ No snowfall | | |
| | Elevation | | | |
| | Design Depth | | | |

| | | | |
|---|---|---|---|
| | Design Density | | |
| **2.8 NBC 107: 1994 Provisional Recommendation on Fire Safety** | | | |
| | Where do you plan to apply the fire safety requirements specified in NBC 107 and NBC 206-1994? | ☐ Specifications ☐ Design Calculation<br>☐ Bill of quantity | |
| **2.9 NBC 108: 1994 Site Consideration for Seismic Hazards** | | | |
| | Distance from toe/beginning of downward slope | m | |
| | Distance from river bank | | |
| | Soil type in footing | | |
| | Adopted safe bearing capacity | | |
| | Type of foundation | | |
| | Depth of foundation | | |
| | Soil test report available? | ☐ Yes ☐ No | |
| Note: Soil test is advisable for all professional engineered structures. In case, soil test is not carried out, the designer should take responsibility for assumed data concerning site consideration. | | | |
| **2.10 NBC 109: 1994 Masonry: Unreinforced** | | | |
| | Concrete Grade | | |
| | Brick crushing strength | | |
| | Mortar ratio for load bearing masonry | | |
| | Floor<br>Ground floor<br>First floor<br>Second floor<br>………….. | Wall height \| Wall thickness \| Maximum Length | |
| | Opening details: | | |
| | Least distance from inside corner | | |
| | Does the total length of opening in any | | |
| | Wall exceed 50% of its length | ☐ Yes ☐ No | |
| | Does the horizontal distance between any | ☐ Yes ☐ No | |

| | | | |
|---|---|---|---|
| | Two opening less than 600 mm or ½ of | | |
| | Height of shorter opening | | |
| | Does the Vertical distance between two | ☐ Yes ☐ No | |
| | Opening less than 600 mm or ½ of width | | |
| | Of smaller opening | | |
| | If any of above mentioned cases do not | ☐ Yes ☐ No | |
| | Comply, do you have provision for | | |
| | Strengthening around opening? | | |

| | | | |
|---|---|---|---|
| | Bands provided: | ☐ Plinth level ☐ Lintel level<br>☐ Roof level ☐ Gable band | |
| | Vertical steel reinforcement diameters at corner/tee joints:<br>Ground floor:<br>First floor:<br>Second floor | | |
| | C/C distance of corner/tee strengthening Horizontal dower bars | | |
| **2.11 NBC 110: 1994 Plain and Reinforced Concrete** | | | |
| | Concrete grade | | |
| | Reinforcement Steel Grade | | |
| | Critical size of slab panel | | |
| | Calculated short span to effective depth | | |
| | Ratio (L/d) for corresponding slab | | |
| | Permissible L/d ratio | | |
| | Effective depth | | |
| | Basic value of L/d | | |
| | Span correction factor | | |
| | Tension reinforcement ($A_{st}$) Percent | | |
| | $A_{st}$ modification factor | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Compression reinforcement modification factor | | | | | |
| | **Beam Characteristics** | Condition of beams | | | | |
| | | Canti-Lever | Simply Supported | One side Continuous | Both side Continuous | |
| | Maximum span/depth ratio | | | | | |
| | Span of corresponding beam | | | | | |
| | Depth of corresponding beam | | | | | |
| | Width of corresponding beam | | | | | |
| | Maximum slenderness ratio of column<br>Lateral dimension of corresponding column | | | | | |
| | Design Philosophy: | ☐ Limit State method<br>☐ Working Strees method<br>☐ Ultimate strength method | | | | |
| | Load Combinations:<br>Working Stress method 1:<br>2:<br>3:<br>4:<br>Limit State method 1:<br>2:<br>3:<br>4: | | | | | |
| **2.12 NBC: 111-1994 Steel** | | | | | | |
| | Design assumption: | ☐ Simple connection<br>☐ Semi-rigid connection<br>☐ Fully rigid connection | | | | |
| | Yield Stress: | | | | | |
| | Least wall thickness | | | | | |
| | Expose condition | Pipe | Webs of Standard size | Composed section | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | For Exposed Section<br>For not exposed Section | | | | |
| | Have you used Truss? | ☐ Yes ☐ No | | | |
| | What is the critical span of purlin | | | | |
| | Purlin size | | | | |
| | Have you used steel post? | ☐ Yes ☐No | | | |
| | Slenderness ratio of the critical post | | | | |
| **2.13 NBC: 112 Timber** | | | | | |
| | Name of structural wood: | | | | |
| | Modulus of Elasticity: | | | | |
| | Critical span of the beam element | | | | |
| | Designed deflection | | | | |
| | Slenderness ratio of the critical post | | | | |
| | Joint type: | | | | |
| **2.14 NBC: 113: 1994 Aluminium** | | | | | |
| | Have you used aluminium as structure member? | ☐ Yes<br>☐ No | | | |
| | If yes, please mention the name of design code. | | | | |
| **2.15 NBC: 114 1994 Construction safety** | | | | | |
| | Are you sure that all safety measures will be fulfilled in the construction site as per this code? | ☐ Yes<br>☐ No | | | |
| | Safety wares use | ☐ Safety hard hat<br>☐ safety goggles<br>☐Safety boots<br>☐ Safety belt<br>☐ First aid facility | | | |

## Affidavit

I / We hereby certify that the proposed design of building and its various components comply all the requirements of prevailing National Building Code of Nepal. I/We also affirm that the submitted design is done by the concerned Engineers and Architects duly registered in Nepal Engineering Council. The data made available in this form are equally valid for all buildings apart from the main building.

| | |
|---|---|
| Name:<br>NEC No:<br>Post:<br>Name of Consulting Firm:<br>Address:<br>Date: | Seal: |

**Technical Detail Form No. 2**

**"ग" वर्गको भवनको लागि**

**Structural Design Requirements**

(To be filled by concerned Engineer or Consultant)

| S.N. | Description | As per submitted design | Remarks |
|---|---|---|---|
| **1. General:** | | | |
| | Number of Storey | | |
| | Total height of structure | | |
| | Structure system | ☐ Frame ☐ Load bearing ☐ Other | |
| | a) Provision for future extension<br>b) If Yes - How many floors will be extended ?<br>c) Structural Design consideration for future extension | Yes No<br><br>.............. Floors<br>Yes No | |
| | In what manner/ way have you used | | |
| **2.3 NBC 102-1994 Unit Weight of Materials** | | | |
| | Specify the design unit weight of materials<br>Steel<br>Brick<br>RCC<br>Brick Masonry | | |
| Note:* If any materials other than specified in NBC 102-1994, the designer should take responsibility that such materials are according to international standard. | | | |
| **2.9 NBC 108: 1994 Site Consideration for Seismic Hazards** | | | |
| | Distance from toe/beginning of downward slope | m | |
| | Distance from river bank | | |
| | Soil type in footing | | |
| | Adopted safe bearing capacity | | |
| | Type of foundation | | |
| | Depth of foundation | | |
| | Soil test report available? | ☐ Yes ☐ No | |

| | | | |
|---|---|---|---|
| Note: Soil test is advisable for all professional engineered structures. In case, soil test is not carried out, the designer should take responsibility for assumed data concerning site consideration. | | | |
| **2.10 NBC 109: 1994 Masonry: Unreinforced** | | | |
| | Concrete Grade | | |
| | Brick crushing strength | | |
| | Mortar ratio for load bearing masonry | | |
| | Floor<br>Ground floor<br>First floor<br>Second floor<br>………….. | Wall height \| Wall thickness \| Maximum Length | |
| | Opening details: | | |
| | Least distance from inside corner | | |
| | Does the total length of opening in any Wall exceed 50% of its length | ☐ Yes ☐ No | |
| | Does the horizontal distance between any Two opening less than 600 mm or ½ of Height of shorter opening | ☐ Yes ☐ No | |
| | Does the Vertical distance between two Opening less than 600 mm or ½ of width Of smaller opening | ☐ Yes ☐ No | |
| | If any of above mentioned cases do not Comply, do you have provision for Strengthening around opening? | ☐ Yes ☐ No | |
| | Bands provided: | ☐ Plinth level ☐ Lintel level<br>☐ Roof level ☐ Gable band | |
| | Vertical steel reinforcement diameters at corner/tee joints:<br>Ground floor:<br>First floor: | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Second floor | | | | | |
| | C/C distance of corner/tee strengthening Horizontal dower bars | | | | | |
| **2.11 NBC 110: 1994 Plain and Reinforced Concrete** | | | | | | |
| | Concrete grade | | | | | |
| | Reinforcement Steel Grade | | | | | |
| | Critical size of slab panel | | | | | |
| | **Beam Characteristics** | Condition of beams | | | | |
| | | Canti-Lever | Simply Supported | One side Continuous | Both side Continuous | |
| | Maximum span/depth ratio | | | | | |
| | Span of corresponding beam | | | | | |
| | Depth of corresponding beam | | | | | |
| | Width of corresponding beam | | | | | |
| **2.15 NBC: 114 1994 Construction safety** | | | | | | |
| | Are you sure that all safety measures will be fulfilled in the construction site as per this code? | ☐ Yes<br>☐ No | | | | |
| | Safety wares use | ☐ Safety hard hat<br>☐ safety goggles<br>☐Safety boots<br>☐ Safety belt<br>☐ First aid facility | | | | |

**Affidavit**

I / We hereby certify that the proposed design of building and its various components comply all the requirements of prevailing National Building Code of Nepal.

| | |
|---|---|
| Name:<br>Post:<br>Name of Consulting Firm:<br>Address:<br>Date: | Seal: |

**अनुसूची २**

(नियम ५ सँग सम्बन्धित)

**<u>भवन संहिताको प्रतिलिपि दस्तुर</u>**

१. भवन संहिता हार्डकपी प्रतिसेट सातसय रुपैयाँ ।

२. भवन संहिता डिजिटल कपी प्रति सि.डी.एकसय पचास रुपैयाँ ।

# काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली,२०६८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६८।१२।१३

**संशोधन**

१. काठमाडौं उपत्यका विकास प्राधिकरण (पहिलो संशोधन) नियमावली, २०६९ २०६९।१।१५

२. काठमाडौं उपत्यका विकास प्राधिकरण (दोस्रो संशोधन) नियमावली, २०७८ २०७८।१०।२४

काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा २९ को उपदफा २९.१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली,२०६८" रहेकोछ ।

◆(२) यो नियमावली ऐन प्रारम्भ भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "आयोजना" भन्नाले जग्गा विकास कार्यक्रम सम्बन्धी आयोजना सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ सम्झनु पर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले सम्बन्धित जग्गाधनी वा मोहीहरुमध्येबाट जग्गा विकास सम्बन्धी आयोजनाको रेखदेख र बन्दोवस्त गर्न गठन भएको उपभोक्ताहरुको समूह सम्झनु पर्छ ।

(घ) "कर्मचारी" भन्नाले प्राधिकरणमा वहाल रहेका कर्मचारी सम्झनु पर्छ।

(ङ) "जग्गा विकास कार्यक्रम" भन्नाले ऐनको दफा १० बमोजिम सञ्चालित जग्गा विकास कार्यक्रम सम्झनु पर्छ र सो शब्दले यस नियमावली बमोजिम स्वीकृति लिई स्थानीय तहले सञ्चालन गरेको जग्गा विकास कार्यक्रम समेतलाई जनाउँछ ।

📖(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शहरी विकास मन्त्रालय सम्झनु पर्छ।

📖(छ) "स्थानीय तह" भन्नाले योजना क्षेत्रभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद–२

## भौतिक विकास योजनाको सञ्चालन

३. **भौतिक विकास योजनाको तर्जुमा र स्वीकृतिः** (१) प्राधिकरणले ऐनको दफा ५ बमोजिम भौतिक योजना तर्जुमा गर्दा काठमाडौं उपत्यकाको दिगो विकास तथा व्यवस्थापनको लागि काठमाडौं उपत्यकालाई एउटै योजना इकाईको रुपमा लिई दीर्घकालीन विकास अवधारणा, सम्बन्धित नीति, मापदण्ड, विषयगत योजना तथा नक्सालाई समेत आधार लिई तर्जुमा गर्नु पर्नेछ ।

---

◆ मिति २०६८।१२।१३ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ मिति २०६९।१।१ देखि लागू भएको ।

📖 दोस्रो संशोधनद्वारा संशोधन ।

(२) नेपाल सरकारले ऐनको दफा ५ को उपदफा ५.२ बमोजिम भौतिक विकास योजना स्वीकृत गरेपछि सो योजनाको विस्तृत विवरण सहितको सूचना सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम भौतिक विकास योजना सम्बन्धी विवरण नेपाल राजपत्रमा प्रकाशन भएपछि त्यस्तो योजना लागू भएको मानिनेछ ।

४. **समन्वय गर्नु पर्ने:** प्राधिकरणले भौतिक विकास योजना तथा आयोजना सञ्चालन गर्दा नेपाल सरकारका सम्बन्धित निकाय, स्थानीय तह तथा अन्य संस्थासँग समन्वय गरेर मात्र कार्य गर्नु पर्नेछ।

५. **मापदण्ड जारी गरी लागू गर्न सक्ने:** (१) प्राधिकरणले भौतिक विकास योजना कार्यान्वयन गर्न वा कुनै निर्माण सम्बन्धमा आवश्यक पर्ने मापदण्ड तयार गरी नेपाल सरकारबाट स्वीकृत गराई लागू गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राधिकरणले जारी गरेको मापदण्ड बमोजिम कार्य गर्नु सम्बन्धित व्यक्ति, निकाय वा संस्थाको कर्तव्य हुनेछ ।

६. **भौतिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्ने:** (१) कुनै संस्थाले चाहेमा योजना क्षेत्रभित्र प्राधिकरणको स्वीकृति लिई भौतिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम भौतिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने स्वीकृति दिंदा प्राधिकरणले सम्बन्धित संस्थालाई आवश्यक शर्त तोक्नेछ ।

७. **सहयोग गर्नु पर्ने:** (१) ऐनको दफा ९ बमोजिम प्राधिकरणले कुनै निर्माणको भाग भत्काउने वा हटाउने आदेश दिएकोमा सो निर्माणको भाग नभत्काए वा नहटाएसम्म सोसँग सम्बन्धित सम्पत्ति कसैलाई पनि कुनै व्यहोराले हक छाडी दिन वा धितो बन्धकी दिन नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखी आएमा त्यस्तो निकायले पनि प्राधिकरणबाट लेखी आए बमोजिम गरिदिनु पर्नेछ ।

(३) प्राधिकरणले ऐन वा यस नियमावली बमोजिम गर्ने कामका सम्बन्धमा नेपाल सरकार वा अन्य निकायसँग सुरक्षा लगायतका विषयमा सहयोग माग गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राधिकरणले सहयोग माग गरेमा सम्बन्धित निकायले प्राधिकरणलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद–३

## जग्गा विकास कार्यक्रम सम्बन्धी आयोजनाको सञ्चालन

८. **निर्देशित जग्गा विकास कार्यक्रमको सञ्चालन सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा १० को उपदफा १०.१ को खण्ड १०.१.१ बमोजिम निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने क्रममा प्राधिकरणले स्थानीय जग्गाधनी तथा मोहीहरुको सहभागिता जुटाउन उपभोक्ता समिति गठन गर्न सक्नेछ र प्राधिकरणको कार्यक्रममा सहयोग पुर्‍याउनु त्यस्तो उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

(२) निर्देशित जग्गा विकास कार्यक्रम लागू नगरेको ठाउँमा चार किल्ला खोली निर्देशित जग्गा विकास कार्यक्रम लागू गराई पाउँ भनी जग्गाधनी वा मोहीहरुले प्राधिकरणमा निवेदन दिएमा प्राधिकरणले कम्तीमा पचास परिवार बसोबास हुन सक्ने देखेमा निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्दा कुनै जग्गा प्राप्त गर्नु पर्ने अवस्था परी ऐन बमोजिम जग्गा प्राप्त गर्नु पर्ने भएमा त्यसरी प्राप्त गरिने जग्गाको क्षतिपूर्तिको सम्पूर्ण रकम त्यस्तो कार्यक्रम लागू गरिंदा लाभान्वित हुने स्थानीय जनताले व्यहोर्नु पर्नेछ ।

९. **<u>जग्गा एकीकरण कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) योजना क्षेत्रभित्रको कुनै भागमा प्राधिकरणले जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न चाहेमा वा जग्गा विकास कार्यक्रम सञ्चालन नभएको भागमा चार किल्ला खोली जग्गा एकीकरण कार्यक्रम सञ्चालन गराई पाउन सो ठाउँका कम्तीमा एक्काउन्न प्रतिशत जग्गाधनी वा मोहीहरुले निवेदन दिएमा कम्तीमा पचास परिवार बसोबास हुने ठाउँमा प्राधिकरणले जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्ने भएमा प्राधिकरणले स्थानीय जग्गाधनी वा मोहीहरुको सहभागिता जुटाउन उपभोक्ता समिति गठन गर्न सक्नेछ र उपभोक्ता समितिको सहयोगमा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

(३) जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्दा प्राधिकरणले सार्वजनिक सूचना प्रकाशन गरी जग्गा एकीकरण कार्यक्रम सञ्चालन भएको भागमा रहेका अचल सम्पत्ति टुक्र्याउन वा भौतिक परिवर्तन गर्न नपाउने गरी ऐनको दफा ७ को अधीनमा रही बढीमा दुई वर्षको लागि रोक लगाउन सक्नेछ ।

१०. **<u>जग्गा छुट्याउनु पर्नेः</u>** जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्दा प्राधिकरणले उपभोक्ता समितिसँग सल्लाह गरी आयोजना क्षेत्रमा सडक, ढल, खुला क्षेत्र, खानेपानी, बिजुली लगायतका अन्य सेवा सुविधा उपलव्ध गराउन आयोजनाभित्र रहेका जग्गाको प्रचलित मोल र साबिकको बाटो लगायतका अन्य सुविधा समेतको आधारमा कुन जग्गाधनी वा मोहीको के कति क्षेत्रफल जग्गा छुट्याउनु पर्ने हो, सो यकिन गरी जग्गा छुट्याउनु पर्नेछ ।

११. **<u>एउटै कित्ता कायम गर्नेः</u>** नियम १० बमोजिम जग्गा छुट्याई सकेपछि प्राधिकरणले विकसित घडेरीहरु साविकका जग्गा धनी वा मोहीहरुलाई फिर्ता दिने प्रयोजनको लागि आयोजनाभित्र पर्ने सम्पूर्ण कित्ताका जग्गालाई एउटै कित्तामा परिणत गरी जग्गा एकीकरण कार्यक्रमलाई अन्तिम रुप दिनको लागि ऐनको दफा ७ को अधीनमा रही बढीमा एक वर्षको लागि आयोजनाभित्र पर्ने कुनै अचल सम्पत्ति कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्न नपाउने गरी रोक लगाउन रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित कार्यालयले पनि त्यस्तो सूचना प्राप्त भएपछि त्यस भागमा लेखी आए बमोजिम कुनै अचल सम्पत्ति कुनै पनि व्यहोराले हक हस्तान्तरण हुने गरी रजिष्ट्रेशन गर्नु हुँदैन ।

१२. **<u>जग्गा वितरण गर्नेः</u>** (१) नियम ११ बमोजिम जग्गा एकीकरण सम्बन्धी कार्यलाई अन्तिम रुप दिइसकेपछि प्राधिकरणले सोही उपनियममा उल्लिखित म्यादभित्र साविकका जग्गाधनी वा मोहीलाई अस्थायी निस्सा सहित विकसित घडेरीहरु फिर्ता गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित जग्गाधनी वा मोहीलाई अस्थायी निस्सा सहित विकसित घडेरी फिर्ता गरिसकेपछि प्राधिकरणले सो निस्सा अनुसार नक्सामा मिलान गर्न तथा सो अनुरुप जग्गाधनी दर्ता श्रेस्ता खडा गर्न र जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी वितरण गर्न सम्बन्धित नापी शाखा र मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित नापी शाखा र मालपोत कार्यालयले पनि सो अनुरुप नक्सा मिलान गर्ने, जग्गाधनी श्रेस्ता खडा गर्ने र जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी सम्बन्धित जग्गाधनी वा मोहीलाई वितरण गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम नक्सा मिलान भई नयाँ जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी प्रमाण पूर्जा तयार भई सकेपछि आयोजनाभित्रको साविकको नक्सा र सो आयोजनाभित्र रहेका जग्गाधनी वा मोहीको साविकको सबै लगत श्रेस्ता स्वतःबदर हुनेछ।

१३. **आफैंले जग्गा लिन सक्ने:** ऐनको दफा १० को उपदफा १०.१ को खण्ड १०.१.४ बमोजिम न्यूनतम इकाईको क्षेत्रफल भन्दा कम जग्गा हुने कुनै जग्गाधनीले प्राधिकरणले निर्धारण गरेको खर्च तिरी घडेरी लिन नसक्ने भएमा प्राधिकरणले त्यस्तो जग्गाधनी वा मोहीको जग्गा आफै लिई निजलाई सो जग्गा बापत प्रचलित मोल बराबरको रकम क्षतिपूर्ति दिनेछ ।

१४. **आयोजना हस्तान्तरण गर्न सक्ने:** (१) प्राधिकरणद्वारा सञ्चालन भएका जग्गा विकास कार्यक्रम सम्बन्धी आयोजनाको सम्पूर्ण कार्य सम्पन्न भएपछि प्राधिकरणले स्थानीय तह वा प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता समितिलाई त्यस्तो आयोजना हस्तान्तरण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम आयोजना हस्तान्तरण गरी लिन चाहने उपभोक्ता समितिको हकमा त्यस्तो आयोजनाबाट प्रत्यक्ष रुपले लाभान्वित हुने कम्तीमा साठी प्रतिशत जग्गाधनी वा मोहीले त्यस्तो उपभोक्ता समितिको सदस्यता लिएको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम आयोजना हस्तान्तरण गर्दा प्राधिकरणले सम्बन्धित स्थानीय तह वा उपभोक्ता समितिसँग सम्झौता गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम आयोजना हस्तान्तरण गरी लिने स्थानीय तह वा उपभोक्ता समितिले सम्झौतामा उल्लेखित शर्त अनुरुप आयोजनाको रेखदेख तथा बन्दोबस्त गर्नु पर्नेछ ।

(५) स्थानीय तह वा उपभोक्ता समितिले सम्झौता अनुरुप आयोजनाको रेखदेख तथा बन्दोबस्त नगरेमा प्राधिकरणले जुनसुकै बखत त्यस्तो आयोजना आफैंले जिम्मा लिन सक्नेछ।

१५. **स्थानीय तहले जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्ने:** (१) स्थानीय तहले चाहेमा प्राधिकरणको स्वीकृति लिई आफ्नो क्षेत्रभित्रको कुनै भागमा जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहलाई ऐन तथा यस नियमावली बमोजिम प्राधिकरणलाई भए सरहको अधिकार हुनेछ र स्थानीय तहले त्यस्तो जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा ऐन तथा यस नियमावली बमोजिम प्राधिकरणले अपनाउनु पर्ने कार्यविधि र अन्य व्यवस्थाको पालना समेत गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहलाई प्राधिकरणले प्राविधिक तथा आर्थिक सुविधा उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद–४

## समितिको बैठक तथा उपसमिति सम्बन्धी व्यवस्था

१६. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक आश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य-सचिवले बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

📖(८) समितिको बैठकमा उपस्थित सदस्यको नामछलफल भएका विषय तथा बैठकमा भएका , पर्नेछनिर्णय एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी सो निर्णयमा उपस्थित सदस्यको दस्तखत गराई राख्नु ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **स्थानीय तहको प्रतिनिधित्व गराउने:** सञ्चालक समितिले आफ्नो कार्य सुचारु रुपले सञ्चालन गर्ने सम्बन्धमा भौतिक विकास सम्बन्धी कुनै कामको लागि ऐनको दफा १६ बमोजिम गठन गर्ने उपसमितिमा स्थानीय तहको समेत प्रतिनिधित्व हुने गरी गठन गर्नु पर्नेछ ।

## परिच्छेद–५

## पुनरावेदन समिति सम्बन्धी व्यवस्था

१८. **पुनरावेदन समितिका सदस्यको नियुक्ति:** (१) पुनरावेदन समितिका सदस्यमा देहाय बमोजिम योग्य व्यक्तिलाई नियुक्त गरिनेछः–

(क) कानून विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरी सो क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेको,

(ख) इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ्ग एण्ड आर्टिटेक उपसमूहमा राजपत्राङ्कीत प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष कार्य गरेको ।

(२) पुनरावेदन समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा प्राधिकरणले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

१९. **पुनरावेदन समितिको कार्यविधि:** (१) पुनरावेदन समितिमा परेका पुनरावेदन उपरको कारबाही र किनारा इजलास कायम गरी पुनरावेदन समितिका सबै सदस्यहरुले सामूहिक रुपमा गर्ने छन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन उपरको कारबाही कुनै दुईजना सदस्यले र पुनरावेदनको अन्तिम कारबाही अध्यक्ष सहित कुनै एक सदस्य उपस्थित भएमा गर्न सक्ने छन्।

(३) तीनजना सदस्य उपस्थित भएको इजलासमा तीनैजना सदस्यको एकमत वा दुईजना सदस्यको बहुमत कायम भएमा सो मत पुनरावेदन समितिको निर्णय मानिनेछ ।

(४) दुईजना सदस्य उपस्थित भएको इजलासमा एकमत कायम हुन नसकेमा कारबाहीको हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको राय बमोजिम र अध्यक्ष वाहेकको इजलास भए कानून सदस्यको राय बमोजिम गर्नु पर्नेछ । पुनरावेदनको निर्णय वा अन्तिम आदेशको हकमा पहिला अनुपस्थित हुने सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय नै पुनरावेदन समितिको निर्णय हुनेछ ।

(५) उपनियम (४) बमोजिम पहिला अनुपस्थित हुने सदस्य समक्ष पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा निर्णयको लागि सर्वोच्च अदालतमा पेश गरिनेछ र सो विषयमा सर्वोच्च अदालतबाट भएको निर्णय नै अन्तिम हुनेछ ।

(६) पुनरावेदन समितिले सामान्यतया तीन महिनाभित्र पुनरावेदनको टुङ्गो लगाउनु पर्नेछ।

(७) पुनरावेदन समितिको अन्य कार्यविधि सो समितिले नै निर्धारण गरे बमोजिम हुनेछ।

---

📖 दोस्रो संशोधनद्वारा संशोधन ।

२०. **<u>पुनरावेदन समितिको सचिवालय र कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) पुनरावेदन समितिको सचिवालय प्राधिकरणले तोकिदिएको स्थानमा रहनेछ ।

(२) प्राधिकरणको कानून सम्बन्धी काम हेर्ने अधिकृतले पुनरावेदन समितिको सचिव भई काम गर्नेछ।

(३) पुनरावेदन समितिको लागि आवश्यक पर्ने अन्य कर्मचारीको व्यवस्था प्राधिकरणले गर्नेछ ।

(४) पुनरावेदन समितिको प्रशासनिक काम पुनरावेदन समितिको अध्यक्षको सामान्य नियन्त्रण र निर्देशनमा सचिव र अन्य कर्मचारीले गर्ने छन् ।

(५) पुनरावेदन समितिको सचिवलाई प्रचलित कानून बमोजिम पुनरावेदन अदालतको रजिष्ट्रारलाई भए सरहको अधिकार हुनेछ ।

२१. **<u>पुनरावेदन समितिको अध्यक्ष, सदस्य तथा सचिवको सुविधाः</u>** (१) पुनरावेदन समितिको अध्यक्ष तथा सदस्यले अर्थ मन्त्रालयको स्वीकृतिमा मन्त्रालयले तोकिदिए बमोजिमको मासिक सुविधा पाउने छन् ।

(२) पुनरावेदन समितिको अध्यक्ष, सदस्य तथा सचिवले पुनरावेदन समितिको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयको स्वीकृतिमा मन्त्रालयले तोकिदिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

## परिच्छेद–६

## <u>विकास आयुक्त तथा कर्मचारी सम्बन्धी व्यवस्था</u>

✄२२. ....... ....... ....... ....... ........

२३. **<u>विकास आयुक्तको काम, कर्तव्य र अधिकारः</u>** विकास आयुक्तको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्राधिकरणको कार्यकारी प्रमुखको रुपमा कार्य गर्ने,

(ख) प्राधिकरणको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा वजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) प्राधिकरणबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(घ) प्राधिकरणबाट भएका काम कारबाहीको अनुगमन गर्ने, गराउने,

(ङ) प्राधिकरणको तर्फबाट विभिन्न निकाय तथा संस्थासँग समन्वय कायम गर्ने,

(च) मातहतका कार्यालयको काम, कारबाहीको रेखदेख तथा नियन्त्रण गर्ने,

(छ) समिति तथा सञ्चालक समितिले तोकेका अन्य कार्य गर्ने वा गराउने ।

२४. **<u>पदबाट हटाउनेः</u>** (१) ✸<u>ऐनको दफा १७ को उपदफा १७.१ बमोजिम</u> नियुक्त विकास आयुक्तले आफ्नो पद अनुरुप जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा 🕮<u>मन्त्रालय</u>ले सो सम्बन्धमा जाँचबुझ गर्न एक छानविन समिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम छानविन समितिले निजलाई विकास आयुक्तको पदबाट हटाउने सुझाव दिएमा 🕮<u>मन्त्रालय</u>को सिफारिसमा नेपाल सरकारले निजलाई विकास आयुक्तको पदबाट हटाउनेछ।

२५. **<u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) प्राधिकरणमा आवश्यक संख्यामा कर्मचारीहरु रहने छन् ।

---

✄ पहिलो संशोधनद्वारा खारेज ।

✸ पहिलो संशोधनद्वारा संशोधित ।

🕮 दोस्रो संशोधनद्वारा संशोधन ।

(२) प्राधिकरणका कर्मचारीको नियुक्ति, सेवाको शर्त, सुविधा तथा काम, कर्तव्य र अधिकार प्राधिकरणले बनाएको विनियम बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम विनियम बनी कर्मचारी नियुक्ति नभएसम्म नेपाल सरकारले निजामती कर्मचारीलाई प्राधिकरणमा कार्य गर्ने गरी काजमा खटाउन सक्नेछ।

## परिच्छेद-७

## विविध

२६. **प्राधिकरणको खाताको सञ्चालनः** प्राधिकरणको खाताको सञ्चालन प्राधिकरणको लेखा सम्बन्धी कार्य गर्ने प्रमुख र विकास आयुक्तले तोकेको अधिकृत कर्मचारीले गर्नेछ ।

२७. **कार्यालयको नामाकरणः** (१) काठमाडौं उपत्यका विकास प्राधिकरणको नामले प्राधिकरणको नामाकरण गरिएकोछ ।

(२) प्राधिकरणको कार्यालय प्राधिकरणले तोकेको स्थानमा रहनेछ ।

२८. **प्राधिकरणको संगठनात्मक स्वरुप र दरवन्दीः** प्राधिकरणको संगठनात्मक स्वरुप र दरवन्दी प्राधिकरणको सिफारिसमा नेपाल सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ ।

२९. **शाखा कार्यालय स्थापना गर्न सक्नेः** (१)प्राधिकरणले आफ्नो काम कारबाही सुचारु रुपले सञ्चालन गर्नको लागि योजना क्षेत्रभित्र आवश्यकतानुसार शाखा कार्यालय स्थापना गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम स्थापना हुने शाखा कार्यालयमा कार्यरत कर्मचारीको काम, कर्तव्य र अधिकार विकास आयुक्तले तोके बमोजिम हुनेछ ।

३०. **सचिवालयः** समिति तथा सञ्चालक समितिको सचिवालय प्राधिकरणको कार्यालयमा रहनेछ।

३१. **बैठक भत्ताः** (१) समिति, सञ्चालक समिति तथा ऐनको दफा १६ बमोजिम गठित उपसमितिका अध्यक्ष र सदस्यले बैठकमा भाग लिए वापत अर्थ मन्त्रालयको स्वीकृतिमा मन्त्रालयले तोके बमोजिमको रकम बैठक भत्ता पाउने छन् ।

३२. **आर्थिक प्रशासन सम्बन्धी व्यवस्थाः** (१) प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी व्यवस्था प्राधिकरणले बनाएको आर्थिक प्रशासन सम्बन्धी विनियमावली बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम प्राधिकरणले विनियमावली नबनाएसम्म प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि ऐन, २०५५ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम हुनेछ ।

---

रुपान्तर : काठमाडौं उपत्यका विकास प्राधिकरण (दोस्रो संशोधन) नियमावली, २०७८ द्वारा रुपान्तर गरिएका शब्दहरु "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" ।

# <u>फोहरमैला व्यवस्थापन नियमावली, २०७०</u>

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०७०।०३।१०

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "फोहरमैला व्यवस्थापन नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उत्पादन स्रोत" भन्नाले फोहरमैला निस्कने, उब्जने वा फोहरमैला निस्कन शुरु हुने ठाउँ सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले फोहरमैला व्यवस्थापन ऐन, २०६८ सम्झनु पर्छ ।

(ग) "जैविक" भन्नाले छिट्टै कुहिने वा सड्ने गल्ने पदार्थ सम्झनु पर्छ र सो शब्दले जैविक चिजबस्तु प्रयोग गरी बनाइएका कागज, काठ समेतलाई जनाउँनेछ ।

(घ) "अजैविक" भन्नाले छिट्टै सडीगली नजाने वा छिट्टै नकुहिने पदार्थ सम्झनु पर्छ ।

३. **<u>फोहरमैला पृथकीकरण तथा व्यवस्थापन</u>**: (१) स्थानीय निकायले ऐनको दफा ६ बमोजिम कम्तीमा जैविक र अजैविक लगायतका फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्दा हानिकारक वा रासायनिक फोहरमैलालाई छुट्टाछुट्टै पृथकीकरण तथा व्यवस्थापन गर्ने गरी तोक्नु पर्नेछ । यसरी तोकिएकोमा फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले सोही बमोजिम पृथकीकरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पृथकीकरण गरिएको रासायनिक वा हानिकारक फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्पादकको हुनेछ ।

(३) स्थानीय निकायले उपनियम (१) बमोजिम फोहरमैला स्रोतमै छुट्याउने, फोहरमैलाको उत्पादन स्रोतमै कम गर्ने र व्यवस्थापनको उपयुक्त प्रविधि अवलम्बन गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ ।

४. **<u>फोहरमैलाको निष्काशन</u>** : (१) स्थानीय निकायले फोहरमैला निष्काशनको समय, स्थान र तरिका निर्धारण गर्दा फोहरमैला ढुवानी, प्रशोधन र अन्तिम विसर्जनका लागि सजिलो हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(२) स्थानीय निकायले प्रशोधन स्थलमा लैजानु पर्ने फोहरमैलाका लागि छुट्टै समय, स्थान र तरिका समेत निर्धारण गर्न सक्नेछ ।

(३) स्थानीय निकायले उपनियम (१) र (२) बमोजिम फोहरमैला निष्काशन तथा सोको व्यवस्थापनका लागि समय, स्थान र तरिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसका न्यूनिकरणका उपायहरु समेतलाई ध्यान दिनु पर्नेछ ।

५. **<u>हानिकारक वा रासायनिक फोहरमैला निष्काशन तथा व्यवस्थापन</u>** : (१) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला अन्य फोहरमैलासँग मिसाई निष्काशन गर्न हुँदैन।

(२) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला प्रशोधन गरी सामान्य फोहरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशनको व्यवस्था गर्नु पर्नेछ ।

(३) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला व्यवस्थापन गर्ने दायित्व भएका व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला उत्पादन, प्रशोधन, निष्काशन तथा व्यवस्थापन गर्न स्थानीय निकायबाट

स्वीकृति लिनु पर्नेछ । यसरी स्वीकृति लिएपछि फोहरमैला व्यवस्थापन गर्दा अपनाइने तरिका, मापदण्ड, विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्बन्धमा स्थानीय निकायलाई जानकारी गराई सोको अभिलेख राख्नु पर्नेछ ।

(४) स्थानीय निकायले उपनियम (३) बमोजिमको स्वीकृति दिंदा स्वीकृतिको लागि पेश गरिएको विधि र प्रविधि नेपाल सरकारले तोकेको मापदण्ड अनुकूल भए नभएको एकिन गरी स्वीकृति दिनु पर्नेछ ।

(५) स्थानीय निकायले उपनियम (३) बमोजिम स्वीकृति लिने व्यक्ति, संस्था वा निकायले हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला व्यवस्थापन गर्न लिएको स्वीकृति बमोजिमको तरिका, मापदण्ड, विधि, प्रविधि र व्यवस्थापन स्थल अनुसार व्यवस्थापन गरे नगरेको अनुगमन गर्नेछ ।

(६) प्रशोधन पश्चातको हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला स्थानीय निकाय मार्फत व्यवस्थापन गर्नु पर्ने भएमा फोहरमैला व्यवस्थापनको दायित्व भएको व्यक्ति, संस्था वा निकायले स्थानीय निकायलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भै आएमा स्थानीय निकायले सेवा शुल्क लिई उक्त फोहरमैला व्यवस्थापन गर्न सक्नेछ ।

(७) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैलाको संकलन, भण्डारण तथा स्थानान्तरण गर्दा सुरक्षित विधि अवलम्बन गर्नु पर्नेछ ।

(८) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला प्रशोधन गर्दा त्यस्तो फोहरमा रहेका हानिकारक तत्व नष्ट हुने गरी गर्नु पर्नेछ र सामान्य फोहरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशन तथा विसर्जनको व्यवस्था गर्नु पर्नेछ ।

(९) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड र प्रचलित वातावरणीय कानूनको पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

६. **स्वास्थ्य संस्थाजन्य फोहरमैलाको निष्काशन तथा व्यवस्थापन** : (१) स्वास्थ्य संस्थाले आफूले उत्पादन तथा निष्काशन गरेको स्वास्थ्य संस्थाजन्य फोहरमैलालाई स्रोतमै पृथकीकरण गरी प्रशोधन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलाको निर्मलीकरण, प्रशोधन र व्यवस्थापन गर्दा अपनाइने विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्बन्धमा स्थानीय निकायबाट स्वीकृति लिनु पर्नेछ। स्थानीय निकायले यसरी स्वीकृति दिंदा स्वीकृतिको लागि पेश गरिएको विधि, प्रविधि र व्यवस्थापन स्थल नेपाल सरकारले तोकेको मापदण्ड अनुकूल भए नभएको एकिन गरी स्वीकृति दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृति प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाजन्य फोहरमैलाको प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन सम्बन्धी कार्य आफैंले गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन सम्बन्धी कार्य आफैंले गर्न नसक्ने भएमा स्वास्थ्य संस्थाले प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन गर्नको लागि सम्बन्धित स्थानीय निकायलाई अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध गरेमा सोको प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन स्थानीय निकायले आफैंले वा आफ्नो समन्वयमा गर्न सक्नेछ ।

(५) स्वास्थ्य संस्थाबाट उत्पादन तथा निष्काशन हुने सामान्य प्रकृतिका फोहरमैला तथा स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलालाई प्रशोधन तथा निर्मलीकरण गरे पश्चात् उक्त फोहरमैला समेतलाई स्थानीय निकायले सम्बन्धित स्वास्थ्य संस्थासँग सेवा शुल्क लिई विसर्जन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(६) स्वास्थ्य संस्थाजन्य संक्रमित फोहर पूर्णरुपमा निर्मलीकरण भए नभएको सम्बन्धमा मान्यता प्राप्त प्रयोगशालाबाट जाँच गराई प्रमाणित गराउनु पर्नेछ ।

(७) स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैला उत्पादन गर्ने स्वास्थ्य संस्थाले त्यस्तो फोहरमैला व्यवस्थापन सम्बन्धमा प्रचलित वातावरणीय कानून र मापदण्डको पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

(८) उपनियम (३) बमोजिम स्वीकृति लिई स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापन गर्ने स्वास्थ्य संस्थाले स्वीकृत विधि, प्रविधि र स्थलको प्रयोग गरी व्यवस्थापन गरे नगरेको अनुगमन स्थानीय निकायले गर्नेछ ।

७. **<u>फोहरमैला ढुवानी सम्बन्धमा</u>** : स्थानीय निकायले फोहरमैला ढुवानी गर्दा देहाय बमोजिमका व्यवस्था भएका ढुवानी साधन प्रयोग गर्ने गरी व्यवस्था गर्नु पर्नेछ :-

(क) फोहर नदेखिने, नझर्ने तथा झोल पदार्थ नचुहिने,

(ख) फोहरमैलाबाट गन्ध र लिचेट बाहिर ननिस्कने,

(ग) फोहरमैला सजिलैसँग राख्न र निकाल्न सकिने,

(घ) सडकको क्षमता तथा अवस्थाको अनुकूल हुने ।

८. **<u>फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन</u>** : (१) स्थानीय निकायले फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा देहायका कुराहरु अवलम्बन गर्ने गरी गर्नु पर्नेछ :-

(क) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा निस्कने लिचेट, ग्यास र दुर्गन्ध लगायतका कारणबाट त्यस क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनिकरणका उपायहरु,

(ख) फोहरमैला व्यवस्थापन स्थलको भौगोलिक अवस्थामा आउन सक्ने परिवर्तन र त्यसको व्यवस्थापनका उपायहरु,

(ग) फोहरमैला व्यवस्थापन स्थल वरिपरिको जनजीवनमा पर्न सक्ने आर्थिक, सामाजिक, भौतिक तथा जैविक प्रभाव र त्यसको व्यवस्थापनका उपायहरु,

(घ) फोहरमैला व्यवस्थापन स्थल सञ्चालनबाट उत्पन्न हुने अवसर त्यसको सदुपयोग सम्बन्धी व्यवस्था,

(ङ) फोहरमैला व्यवस्थापन स्थल सञ्चालनका समयमा सो स्थानमा आवतजावत बन्द गर्नु पर्ने र सो सम्बन्धमा अपनाउनु पर्ने सचेतना सम्बन्धी विषय ।

(२) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन सम्बन्धी अन्य व्यवस्था स्थानीय निकायले सोको सम्बन्धमा तोकेको मापदण्ड तथा निर्देशिकामा उल्लेख गरिए बमोजिम हुनेछ ।

९. **<u>फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चातको व्यवस्थापनः</u>** (१) फोहरमैला व्यवस्थापन स्थल बन्द गरे पश्चातको व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछः-

(क) फोहरमैला व्यवस्थापन स्थलमा फोहर विसर्जन गर्ने कार्य बन्द भए पश्चात् सो स्थलबाट निस्कने लिचेट, ग्यास, दुर्गन्ध लगायतले उक्त क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव र त्यसको न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने,

(ख) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात् निस्कने ग्यासको उपयोग तथा व्यवस्थापन सम्बन्धी उपायहरु अवलम्बन गर्ने,

(ग) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात् सो क्षेत्रको पुनःप्रयोगको सम्भावना, पुनःप्रयोग गर्दा अवलम्बन गर्नु पर्ने विधि तथा उपायहरु अवलम्बन गर्ने,

(घ) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात् सो स्थल वरिपरिको प्रभावित क्षेत्रको व्यवस्थापनका उपायहरु अवलम्बन गर्ने,

(ङ) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात् निश्चित समयसम्म सो स्थलमा आवतजावत बन्द गर्नु पर्ने र अपनाउनु पर्ने सचेतना सम्बन्धी विषयहरु अवलम्बन गर्ने,

(च) प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका सुझावहरुको अवलम्बन गर्ने ।

(२) फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चातको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था स्थानीय निकायले सोको सम्बन्धमा तोकेको मापदण्ड तथा निर्देशिकामा उल्लेख गरिए बमोजिम हुनेछ ।

१०. **अनुमतिपत्रका लागि निवेदन दिने** : (१) फोहरमैला व्यवस्थापन गर्न चाहने कम्पनी, संस्था वा निकायले अनुसूची-१ बमोजिमको ढाँचामा आवश्यक कागजात तथा स्थानीय निकायले तोकेको दस्तुर संलग्न गरी ऐनको दफा १३ को उपदफा (२) मा उल्लिखित विवरणका अतिरिक्त देहायका विवरण खुलाई सम्बन्धित स्थानीय निकायमा अनुमतिपत्रका लागि निवेदन दिनु पर्नेछः-

(क) फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक स्रोत, जनशक्ति, फोहरमैला संकलन तथा ढुवानी साधन, कार्य अनुभवको विवरण,

(ख) फोहरमैला व्यवस्थापन गर्न चाहेको कार्यक्षेत्र,

(ग) फोहरमैला संकलन, स्थानान्तरण, प्रशोधन र अन्तिम विसर्जन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था,

(घ) फोहरमैला व्यवस्थापन गर्ने विधि र तरिका,

(ङ) सामाजिक दायित्व पूरा गर्ने सम्बन्धमा प्रस्तावित व्यवस्था,

(च) फोहरमैला व्यवस्थापन गर्न चाहेको समय र अवधि,

(छ) फोहरमैला व्यवस्थापनबाट वातावरणमा पर्न सक्ने प्रभाव न्यूनिकरणका उपायहरु,

(ज) फोहरमैला उत्पादकले बहन गर्नु पर्ने दायित्व र तिर्नु पर्ने शुल्क,

(झ) निवेदकले स्थानीय निकायलाई बुझाउन प्रस्ताव गरेको रकम ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा फोहरमैला व्यवस्थापन व्यावसायिक रुपमा गर्ने हो वा नाफा कमाउने उद्देश्य नराखी सामुदायिक वा सामाजिक रुपमा गर्ने हो सो कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

११. **अनुमति पत्र दिन सक्ने** : (१) नियम १० बमोजिमको निवेदनसाथ प्राप्त हुन आएको कागजात तथा विवरण उपर स्थानीय निकायले आवश्यक छानविन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त कागजात तथा विवरण उपर छानविन गर्दा आवश्यक कागजात तथा विवरण पेश नगरेको पाइएमा त्यस्तो कागजात तथा विवरण पेश गर्न सम्बन्धित निवेदकलाई पन्ध्र दिनको म्याद तोकी निवेदन परेको मितिले सात दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात तथा विवरण पेश गर्न स्थानीय निकायले म्याद तोकी सूचना दिएकोमा त्यस्तो कागजात प्राप्त भएपछि स्थानीय निकायले आवश्यक छानविन गरी स्वीकृति प्रदान गर्न उपयुक्त देखिएमा स्थानीय निकायले निर्धारण गरेको शुल्क लिई अनुसूची-२ बमोजिमको ढाँचामा तीस दिनभित्र निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(४) निवेदकलाई अनुमतिपत्र दिन उपयुक्त नहुने देखिएमा कारणसहित सात दिनभित्र सो को जानकारी दिनु पर्नेछ ।

(५) स्थानीय निकायले अनुमतिपत्र दिंदा व्यावसायिक र गैर व्यावसायिक रुपमा फोहरमैला व्यवस्थापन गर्न छुट्टाछुट्टै अनुमतिपत्रको व्यवस्था गर्न सक्नेछ ।

(६) अनुमतिपत्रको अवधि पाँच वर्षको हुनेछ ।

१२. **<u>अनुमतिपत्र रद्द गर्न सक्ने</u>**: स्थानीय निकायले नियम ११ बमोजिम दिएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) अनुमतिपत्रमा उल्लिखित शर्त उल्लंघन गरेमा,

(ख) तोकिएको मापदण्ड बमोजिम फोहरमैला व्यवस्थापन नगरेमा,

(ग) प्रचलित वातावरणीय कानूनको उल्लंघन गरेमा,

(घ) नविकरण नगरेमा ।

१३. **<u>अनुमतिपत्रको नविकरण सम्बन्धी व्यवस्थाः</u>** (१) नियम ११ बमोजिम अनुमतिपत्र प्राप्त कम्पनी, संस्था वा निकायले अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा छ महिना अगावै स्थानीय निकायले तोके बमोजिमको दस्तुर संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा अनुमतिपत्र नविकरणका लागि सम्बन्धित स्थानीय निकायमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश हुन आएको निवेदन सम्बन्धमा स्थानीय निकायले म्याद सकिनु भन्दा तीन महिना अगावै निर्णय गरिसक्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी स्थानीय निकायले अनुमतिपत्रको नविकरण गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र नविकरण नगराएमा वा अनुमतिपत्र नविकरण नहुने भएमा सो अनुमतिपत्र म्याद सकिएको मितिबाट रद्द भएको मानिनेछ । अनुमतिपत्र नविकरण नहुने अवस्थामा स्थानीय निकायले म्याद सकिनुभन्दा तीन महिना अगावै फोहरमैला व्यवस्थापनको लागि अनुमतिपत्र सम्बन्धी आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

१४. **<u>फोहरमैला व्यवस्थापन कार्यमा गैर सरकारी संस्थाको संलग्नताः</u>** (१) ऐनको दफा १५ को उपदफा (५) को प्रयोजनको लागि स्थानीय निकायले फोहरमैला स्रोतमै छुट्याउने, स्रोतमै न्यूनिकरण गर्ने, फोहरमैलाको पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग सम्बन्धमा फोहरमैला उत्पादन गर्ने कम्पनी, संस्था तथा निकायलाई सशक्तिकरण गर्न र फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिबृद्धि गराउने कार्यमा सामुदायिक एवं गैर सरकारी संस्थालाई परिचालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यका लागि स्थानीय निकायले फोहरमैला व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सामुदायिक एवं गैर सरकारी संस्थाको सूची तयार गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको कार्यका लागि सामुदायिक एवं गैर सरकारी संस्थाको सूची तयार गरी परिचालन गर्ने सम्बन्धी प्रकृया प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **<u>मापदण्डको पालनाः</u>** (१) फोहरमैला व्यवस्थापन स्थल वा प्रशोधन स्थल सञ्चालन गर्न स्थानीय निकायबाट स्वीकृति प्राप्त गरेको निजी क्षेत्रले स्थानीय निकायले तोकेको मापदण्ड तथा स्वीकृति दिंदाका शर्तहरुको अधिनमा रही कार्य गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृति प्राप्त निजी क्षेत्रले स्थानीय निकायले तोकेको मापदण्ड तथा निर्देशिकाको पालना नगरेमा स्थानीय निकायले देहाय बमोजिमको प्रकृया पुरा गरी स्वीकृति रद्द गर्न सक्नेछः-

(क) स्थानीय निकायले स्वीकृति प्राप्त निजी क्षेत्रको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन गर्दा स्थानीय निकायले तोकेको मापदण्ड र निर्देशिकाको पालना नगरेको

पाइएमा त्यस्तो निजी क्षेत्रलाई पहिलो पटकको लागि नब्बे दिनसम्मको म्याद दिई सुधार गर्न निर्देशन दिने,

(ख) निजी क्षेत्रले खण्ड (क) बमोजिमको निर्देशन बमोजिम आंशिक सुधार गरी समय नपुग भएको भनी स्थानीय निकायसंग समय थप्न माग गरेमा स्थानीय निकायले बढीमा साठी दिनसम्मको समय थप गर्न सक्ने,

(ग) खण्ड (क) बमोजिमको अवधिभित्र स्थानीय निकायले दिएको निर्देशन बमोजिम सम्बन्धित निजी क्षेत्रले सुधार नगरेमा त्यस्तो निजी क्षेत्रले पाएको स्वीकृति रद्द गर्न सक्ने,

(घ) स्थानीय निकायले खण्ड (ग) बमोजिम स्वीकृति रद्द गरेको जानकारी सम्बन्धित निजी क्षेत्र र सरोकारवाला समेतलाई दिने ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र सञ्चालन सम्बन्धी स्वीकृति रद्द भएको कारणले स्वीकृति प्राप्त निजी क्षेत्रले सो स्वीकृति बमोजिम काम नगरेको कारणले कसैलाई हानी नोक्सानी भएको पाइएमा त्यस्तो हानी नोक्सानी स्वीकृति प्राप्त निजी क्षेत्रले व्यहोर्नु पर्नेछ र त्यस्तो निजी क्षेत्रले स्थानीय निकायलाई बुझाउनु पर्ने कुनै रकम बाँकी रहेको भए सो समेत स्थानीय निकायले असूल उपर गर्नेछ ।

१६. **सेवा शुल्क निर्धारणः** (१) स्थानीय निकायले फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा शुल्क निर्धारण गर्दा ऐनको दफा १८ को उपदफा (२) मा उल्लिखित कुराहरुको अतिरिक्त देहायको आधारमा गर्नु पर्नेछः-

(क) फोहरमैला उत्पादकले उत्पादन स्रोतमा नै फोहरमैला व्यवस्थापन गर्न अवलम्बन गरेका प्रविधि, विधि र प्रक्रिया,

(ख) फोहरमैला उत्पादकले निष्काशन गर्ने फोहरको आकार, प्रकार र किसिम,

(ग) निष्काशित फोहरबाट वातावरणमा पर्ने प्रभाव,

(घ) फोहरमैला व्यवस्थापनमा लाग्ने अनुमानित खर्च ।

(२) स्थानीय निकायले निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य गरेकोमा त्यस्तो निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्थाले उठाउन पाउने सेवा शुल्क उपनियम (१) बमोजिमका आधारमा निर्धारण गर्नु पर्नेछ ।

१७. **सेवा शुल्क छुट दिन सकिनेः** (१) स्थानीय निकायले निर्धारण गरेको सेवा शुल्क तिर्न बुझाउन नसक्ने विपन्न वर्गको हकमा फोहर उत्पादकको आर्थिक अवस्थालाई विचार गरी पचास प्रतिशतसम्म छुट दिन सक्नेछ ।

(२) स्थानीय निकायले प्रत्येक वर्ष विपन्न वर्गको पहिचान गरी सो वर्गको सूची सार्वजनिक गर्नु पर्नेछ । निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्था मार्फत फोहरमैला व्यवस्थापन गर्दा सम्झौता गर्नु पूर्व नै विपन्न वर्ग तोक्नु पर्नेछ ।

(३) फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा स्रोतमा नै न्यूनिकरण गर्ने कार्यमा संलग्न घरधुरीलाई सम्बन्धित स्थानीय निकायले निर्धारण गरेको सेवा शुल्क छुट दिन सक्नेछ ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "विपन्न वर्ग" भन्नाले स्थानीय निकायबाट निर्धारित सेवा शुल्क पूर्ण रुपमा तिर्न नसक्ने भनी नगरपालिकाको हकमा सम्बन्धित वडा कार्यालय र अन्य क्षेत्रको हकमा सम्बन्धित गाउँ विकास समितिले सिफारिश गरेको व्यक्ति सम्झनु पर्छ ।

१८. **<u>फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रमा समिति गठन गर्न सक्नेः</u>** (१) ऐनको दफा २२ को उपदफा (६) को प्रयोजनका लागि स्थानीय निकायले देहाय बमोजिमका सदस्यहरु रहेको फोहरमैला व्यवस्थापनका सम्बन्धमा सुझाव दिन देहाय बमोजिमको समिति गठन गर्न सक्नेछः-

(क) फोहरमैला व्यवस्थापन स्थल रहेको सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष - संयोजक

(ख) फोहरमैला व्यवस्थापन स्थलमा पर्ने वडाका वडाध्यक्षहरु - सदस्य

(ग) फोहरमैला व्यवस्थापन स्थल तथा सो स्थलको प्रभावित क्षेत्रका गाउँ विकास समितिका प्रतिनिधिहरु तीन जना - सदस्य

(घ) फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रमा रहेको स्वास्थ्य संस्थाको प्रमुख - सदस्य

(ङ) प्रभावित क्षेत्रमा रहेको सामाजिक संघ संस्थाहरु मध्येबाट स्थानीय निकायले मनोनित गरेको कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(च) फोहरमैला व्यवस्थापन तथा वातावरणको क्षेत्रमा अनुभव प्राप्त व्यक्ति - सदस्य

(छ) स्थानीय निकायले तोकेको स्थानीय निकायको कर्मचारी -सदस्य-सचिव

(२) फोहरमैला व्यवस्थापन स्थल एकभन्दा बढी गाउँ विकास समितिमा पर्ने भएमा त्यस्ता सबै गाउँ विकास समितिका अध्यक्षहरु सदस्य हुनेछन् र निजहरु गाँउ विकास समितिको वर्णानुक्रम अनुसार प्रत्येक दुई वर्षमा पालैपालो संयोजक हुनेछन् ।

(३) उपनियम (१) बमोजिमको समितिले आफ्नो काम कारवाही सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्नेछ ।

१९. **<u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा २४ मा उल्लेख भएका काम कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धी नीतिगत विषयमा निर्णय गर्ने,

(ख) फोहरमैला व्यवस्थापनसंग सम्बन्धित निकायहरु बीच समन्वय गर्न आवश्यक संयन्त्र तथा संरचना निर्माण गर्ने,

(ग) फोहरमैला व्यवस्थापन गर्नका लागि स्थापित विभिन्न संयन्त्रको कार्यक्षेत्र तोक्ने।

२०. **<u>केन्द्रको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा २८ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी प्रविधिको उपयुक्तता सम्बन्धमा अध्ययन गरी स्थानीय निकायलाई सिफारिश गर्ने,

(ख) फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराउने,

(ग) फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रले आयात गर्ने प्रविधि र उपकरणको उपयुक्तताको सम्बन्धमा स्थानीय निकायलाई सिफारिश गर्ने,

(घ) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्न स्थानीय निकायसँग परामर्श गरी आवश्यक निर्देशिका तथा मापदण्ड तयार गर्ने,

(ङ) फोहरमैला व्यवस्थापन सम्बन्धमा स्थानीय निकायलाई प्राविधिक सहयोग उपलब्ध गराउने,

(च) फोहरमैला अत्यधिक उत्पादन हुने बस्तुको आयातमा कमी गर्न तथा त्यस्तो बस्तुको आयातमा रोक लगाउन नेपाल सरकार र स्थानीय निकायलाई सिफारिश गर्ने,

(छ) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन स्थानीय निकायलाई सुझाव दिने,

(ज) फोहरमैला व्यवस्थापन कार्यमा स्थानीय निकाय र निजी क्षेत्रलाई परिचालन गरी चेतनामूलक कार्यक्रम तथा तालिम सञ्चालन गर्ने, गराउने,

(झ) स्थानीय निकायहरुका बीच उत्पन्न हुने फोहरमैला व्यवस्थापन सम्बन्धी विवादमा मध्यस्थता गरी समाधान गर्ने,

(ञ) स्थानीय निकायहरु बीच फोहरमैला प्रशोधन तथा व्यवस्थापन स्थलको निर्माण, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने सम्बन्धमा समिति गठन गर्दा समन्वय गर्ने,

(ट) फोहरमैला व्यवस्थापन सम्बन्धी सम्पर्क निकायको रुपमा कार्य गर्ने,

(ठ) स्थानीय निकायहरुको फोहरमैला व्यवस्थापनको अवस्थाको अनुगमन गर्ने,

(ड) फोहरमैला व्यवस्थापनका सम्बन्धमा सुधारका उपायहरु अवलम्बन गर्ने ।

२१. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ३० मा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रले पेश गरेको बार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(ख) केन्द्रलाई फोहरमैला व्यवस्थापन प्रविधिको आयात सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) केन्द्रबाट तयार गरिएका निर्देशिका तथा मापदण्ड स्वीकृत गर्ने,

(घ) आवश्यकतानुसार अन्य कार्यहरु गर्ने ।

२२. **कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा र सेवा शर्त सम्बन्धी व्यवस्थाः** कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ ।

२३. **आन्तरिक लेखापरीक्षणः** (१) केन्द्रले आफ्नो आम्दानी खर्चको हिसाब किताब नियमित रुपमा मान्यता प्राप्त लेखा परीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई अद्यावधिक गराई राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आन्तरिक लेखापरीक्षण गर्दा देहायका कुराहरुमा विशेष ध्यान दिनु पर्नेछः-

(क) केन्द्रले स्वीकृत गरेको योजना तथा कार्यक्रममा खर्च गरे नगरेको,

(ख) आर्थिक विनियमावलीको पालना गरे नगरेको,

(ग) सम्पत्तिको संरक्षण गरे नगरेको,

(घ) स्वीकृत बजेट अनुसार कार्य सम्पादन गरे नगरेको,

(ङ) केन्द्र समक्ष मासिक प्रतिवेदन पेश गरे नगरेको ।

(३) मन्त्रालयले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(४) आन्तरिक लेखापरीक्षण गर्दा अपनाइने कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **निर्देशन दिन सक्नेः** (१) नेपाल सरकारले स्थानीय निकायलाई फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) स्थानीय निकायले फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायलाई देहायको विषयमा निर्देशन दिन सक्नेछः-

(क) फोहरमैला स्रोतमै घटाउने उपायहरु तथा प्रविधिको अवलम्बन गर्न,

(ख) फोहरमैलाको न्यूनिकरणका लागि फोहरको पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग सम्बन्धी स्थानीय निकायले तोकेको विधि तथा प्रक्रिया अवलम्बन गर्न,

(ग) फोहरमैलालाई स्रोतमै छुट्याउन, छुट्याइएको फोहरमैला तोकिएको स्थान, समय र तरिका बमोजिम निष्काशन गर्न,

(घ) तोकिएको सेवा शुल्क तोकिएको समयमा बुझाउन,

(ङ) फोहरमैला व्यवस्थापनसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न ।

(३) उपनियम (१) बमोजिम नेपाल सरकारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय निकाय र फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

२५. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) फोहरमैलाको पृथकीकरण, प्रशोधन, निष्काशन तथा अन्तिम विसर्जनको सम्बन्धमा अनुगमन गर्न केन्द्रयस्तरमा देहाय बमोजिमको समिति रहनेछः-

(क) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख - संयोजक

(ख) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको कम्तीमा उपसचिवस्तरको अधिकृत प्रतिनिधि - सदस्य

(ग) शहरी विकास मन्त्रालयको कम्तीमा उपसचिवस्तरको अधिकृत प्रतिनिधि - सदस्य

(घ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उपसचिवस्तरको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको अधिकृत प्रतिनिधि - सदस्य

(च) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सम्बन्धित विषय हेर्ने शाखा प्रमुख - सदस्य-सचिव

(२) समितिले अनुगमनका सिलसिलामा आवश्यकतानुसार विशेषज्ञलाई अनुगमनमा संलग्न गराउन सक्नेछ ।

(३) समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(४) स्थानीय निकायले फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा देहायका विषयमा अनुगमन गर्न सक्नेछः-

(क) फोहरमैला स्रोतमै घटाउने उपायहरु तथा प्रविधिको अवलम्बन गरे नगरेको,

(ख) फोहरमैलाको न्यूनिकरणका लागि फोहरको पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग सम्बन्धी स्थानीय निकायले तोकेको विधि अवलम्बन भए नभएको,

(ग) फोहरमैलालाई स्रोतमै छुट्याए, नछुट्याएको र छुट्याइएको फोहरमैला तोकिएको स्थान, समय र तरिका बमोजिम निस्काशन गरे नगरेको,

(घ) फोहरमैला व्यवस्थापन सम्बन्धमा स्थानीय निकायबाट तोकिएका कुराहरुको पालना भए नभएको ।

२६. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः</u>** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

२७. **<u>खारेजी तथा बचाउः</u>** (१) फोहरमैला प्रबन्ध तथा स्रोत परिचालन नियमावली, २०४६ खारेज गरिएकोछ ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

**<u>द्रष्टव्यः</u>**

(१) "गाउँ विकास समिति" हाल "गाउँपालिका" रहेको।

(२) "संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय" हाल "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" रहेको ।

## अनुसूची-१

### (नियम १० को उपनियम (१) सँग सम्बन्धित)

श्रीमान् .................................... ज्यू,

........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँ विकास समिति।

**विषयः- फोहरमैला व्यवस्थापन गर्न अनुमती पाउँ ।**

............................ स्थायी/अस्थायी ठेगाना भएको म/हामी ......................................... यस महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका /गाउँ विकास समितिको ........................... क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न चाहेकोले देहायको विवरण खोली उक्त क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ को उपदफा (३) र फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम १० को उपनियम (१) बमोजिम अनुमतिपत्र पाउन यो निवेदन पेश गरेको छु ।

विवरणः

१. फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक स्रोत, जनशक्ति, संकलन तथा ढुवानी साधन र कार्य अनुभवको विवरण,

२. फोहरमैला व्यवस्थापन गर्न चाहेको क्षेत्र,

३. फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था,

४. फोहरमैला व्यवस्थापन गर्ने तरिका एवं विधि,

५. फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

६. फोहरमैला व्यवस्थापनमा प्रयोग गर्ने प्रविधि,

७. कर चुक्ता गरेको प्रमाणपत्र,

८. संस्था/फर्म/कम्पनी नविकरण ।

निवेदक

हस्ताक्षरः

नामथरः

ठेगानाः

मितिः

**अनुसूची-२**

**(नियम ११ को उपनियम (३) सँग सम्बन्धित)**

श्री .............

.........................

**विषयः- <u>अनुमतिपत्र ।</u>**

तपाई .......................... स्थायी/अस्थायी ..............ठेगाना भएको श्री ................ले जिल्ला ........... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँ विकास समितिको क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न चाहेकोले मिति ............. मा यस कार्यालयमा निवेदन दिनु भएकोमा देहायका शर्तहरुको अधिनमा रही फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ को उपदफा (३) र फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ११ को उपनियम (३) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

शर्तहरुः

१. ..................................

२. ...................................

३. ...................................

अनुमति पत्र प्रदान गर्ने अधिकारी

दस्तखतः

नामः

मितिः

## अनुसूची-३
## (नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

श्रीमान् .........................ज्यू,

........... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँ विकास समिति ।

**विषयः- <u>अनुमतिपत्र नविकरण गरी पाऊँ ।</u>**

........... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँ विकास समितिको ...................... क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न त्यस कार्यालयवाट मिति २०../..../......मा अनुमतिपत्र प्राप्त गरेकोमा उक्त अनुमतिपत्रको म्याद मिति.................सम्म रहेको छ । फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम १३ बमोजिम उक्त अनुमतिपत्र नविकरण दस्तुर रु............................ संलग्न गरी अनुमतिपत्र नविकरणका लागि यो निवेदन पेश गरेको छु ।

निवेदक

हस्ताक्षरः

नाम, थरः

ठेगानाः

मितिः

## अनुसूची-४
## (नियम २२ सँग सम्बन्धित)
## कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवा शर्त सम्बन्धी

| | |
|---|---|
| (क) मासिक पारिश्रमिक | नेपाल सरकारको निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणी सरहको पारिश्रमिक |
| (ख) सवारी साधन | चालक सहितको एक उपयुक्त सवारी साधन |
| (ग) इन्धन | पेट्रोल/डिजेलः मासिक असी लिटर<br>मोविल/ब्रेक आयलः हरेक तीन महिनामा पाँच लिटर |
| (घ) टेलिफोन | नेपाल सरकारको निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको निजामती कर्मचारीले पाए सरह |
| (ङ) चाडपर्व खर्च | प्रत्येक वर्ष खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम |
| (च) बिदा | घर बिदा, बिरामी विदा, पर्व बिदा र भैपरी आउने बिदा निजामती सेवाका कर्मचारी सरह |
| (छ) सञ्चय कोष | मासिक पारिश्रमिकको दश प्रतिशत रकम कट्टा गरी कट्टा भएको बराबर थप रकम (यो व्यवस्था वि.सं. २०७० साल श्रावण १ गतेदेखि लागु हुनेछ ।) |
| (ज) दैनिक भ्रमण भत्ता | नेपाल सरकारको निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको निजामती कर्मचारीले पाए सरह |

# सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७७/१/२९

सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "परिवार" भन्नाले एकासगोलमा बसेका पति, पत्नी, छोरा, छोरा-बुहारी, छोरी, छोरी-ज्वाईं, आमा, बुवा, दाजु, भाउजू, भाइ, भाइ-बुहारी, दिदी, भिनाजु, बहिनी, बहिनी-ज्वाईं, बाजे, बज्यै, नाति, नातिनी सम्झनु पर्छ।

(ग) "मूल्याङ्कन समिति" भन्नाले नियम ३० बमोजिमको मूल्याङ्कन समिति सम्झनु पर्छ।

(घ) "सम्भाव्यता न्यून परिपूरक कोष" भन्नाले ऐनको दफा ४३ बमोजिमको कोष सम्झनु पर्छ।

(ङ) "सिफारिस समिति" भन्नाले ऐनको दफा १२ को उपदफा (५) बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## पदाधिकारी तथा बोर्डको संरचना सम्बन्धी व्यवस्था

३. स्वघोषणा गर्नु पर्नेः (१) ऐनको दफा ५ को उपदफा (२) को खण्ड (ञ) बमोजिम मनोनीत सदस्यले बोर्डको पहिलो बैठकमा भाग लिनु अघि देहायका विवरण सहितको स्वघोषणा गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछः-

(क) बोर्डसँग भएको कुनै ठेक्कापट्टा वा सार्वजनिक खरिदसँग सम्बन्धित करारमा निज वा निजको परिवारको कुनै सदस्य पक्ष रहे वा नरहेको र रहेको भए सोको विवरण,

(ख) नेपालमा भएको कुनै विदेशी लगानीमा निज वा निजको परिवारको कुनै सदस्य लगानीकर्ता कम्पनी वा त्यस्तो कम्पनीको साझेदार कम्पनीको सञ्चालक वा शेयरधनी वा एजेन्ट रहे वा नरहेको र रहेको भए सोको विवरण,

(ग) ऐन बमोजिम कार्यान्वयन हुने परियोजनाको लगानीमा निज वा निजको परिवारको कुनै सदस्यको हिस्सा वा शेयर रहे वा नरहेको र रहेको भए सोको विवरण ।

(२) कुनै सदस्यले स्वघोषणा गरेको विषयमा कुनै परिवर्तन भएमा सम्बन्धित सदस्यले बोर्डलाई सोको जानकारी गराउनु पर्नेछ।

(३) कुनै सदस्यले स्वघोषणा गरेको विषयमा बोर्डमा प्रश्न उठी छलफल गर्नु पर्ने भएमा वा अदालतले आदेश गरेमा बाहेक सो विषय सार्वजनिक गरिने छैन ।

४. बैठकमा भाग लिन नहुनेः बोर्डको बैठकको कार्यसूचीमा समावेश भएको कुनै विषयमा कुनै सदस्यको निजी स्वार्थ रहेको भएमा सम्बन्धित सदस्यले त्यस्तो बैठकमा भाग लिन हुँदैन ।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि "निजी स्वार्थ" भन्नाले कुनै सदस्य वा निजको परिवारको सदस्यको कुनै किसिमको हक, हित, स्वार्थ वा सरोकार रहेको देहायको विषय सम्झनु पर्छः-

(क) परियोजना वा लगानीकर्ता छनौट सम्बन्धी विषय,

(ख) लगानीको अनुमतिपत्र दिने विषय,

(ग) लगानीको अनुमतिपत्र रद्द गर्ने विषय,

(घ) परियोजनाको वातावरणीय अध्ययन सम्बन्धी विषय,

(ङ) परियोजना कार्यान्वयनको अनुगमन सम्बन्धी विषय,

(च) परियोजना हस्तान्तरण वा हस्तान्तरण भएको परियोजनाको सञ्चालन सम्बन्धी विषय,

(छ) परियोजनालाई दिइने थप सुविधा वा लगानीको संरक्षण सम्बन्धी विषय,

(ज) बोर्डले निजी स्वार्थ अन्तर्गत पर्ने भनी तोकेको अन्य विषय।

५. गोपनीयता कायम राख्नु पर्ने: बोर्डको सदस्य, सदस्य-सचिव वा कार्यालयको कर्मचारीले पदीय हैसियतमा काम गर्दा आफ्नो जानकारीमा आएको कुनै गोप्य राख्नु पर्ने सूचना अनधिकृत व्यक्तिलाई उपलब्ध गराउन, सोको स्रोत खोल्न वा त्यस्तो सूचना निज वा निजको परिवारको कुनै सदस्यको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन।

६. बोर्डको काम, कर्तव्य र अधिकार: ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लगानीसँग सम्बन्धित नीति वा कानूनको सुधार गर्न र प्रचलित कानूनलाई लगानीमैत्री बनाउन सम्बन्धित निकायलाई सुझाव दिने,

(ख) नेपालमा लगानी गर्न विदेशी लगानीकर्ता, सरकार वा अन्तर्राष्ट्रिय संस्थालाई आग्रह वा आमन्त्रण गर्ने,

(ग) लगानी प्रवर्द्धनका लागि विदेशस्थित नेपाली नियोगसँग आवश्यक संवाद, समन्वय वा सम्पर्क स्थापित गर्ने,

(घ) लगानी प्रवर्द्धन गर्न नेपाल वा अन्य मुलुकमा लगानी सम्मेलन, कार्यशाला वा लगानी मेला आयोजना गर्ने,

(ङ) परियोजना पहिचान तथा स्वीकृत गरी आशयपत्र तथा प्रस्ताव आव्हान गर्न नेपाल वा अन्य मुलुकमा प्रस्तुतीकरण (सो केस) गर्ने वा गराउने,

(च) व्यावसायिक प्रतिष्ठान स्थापना गर्ने, रकम फिर्ता लैजाने वा स्थानान्तरण गर्ने लगायतका कार्यका लागि लगानीकर्तालाई सहजीकरण गर्ने तथा सोको लागि समन्वय गर्ने,

(छ) कुनै परियोजनाको सम्बन्धमा आवश्यकता अनुसार ट्रान्जेक्सन एडभाइजरी सेवा लिने,

(ज) लगानी प्रवर्द्धनका क्षेत्रमा देखिएका समस्या समाधान गर्न वा लगानीका क्षेत्रलाई अझ बढी आकर्षक बनाउन लगानीकर्ता, लगानीकर्ताका प्रतिनिधि वा पदाधिकारीसँग समय समयमा अन्तरक्रिया वा छलफल गर्ने,

(झ) परियोजनाका लागि आवश्यक मेसिन, उपकरण, औजार वा अन्य सामग्रीको पैठारीको लागि सहजीकरण गर्ने,

(ञ) परियोजनाबाट उत्पादित वस्तु वा सेवाको निकासीको लागि आवश्यक सहजीकरण गर्ने,

(ट) अनुमतिपत्र रद्द गर्न सिफारिस भएकोमा तत् सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

७. <u>प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधिः</u> (१) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि उपयुक्त व्यक्ति छनौट गरी नाम सिफारिस गर्न सिफारिस समितिले कम्तीमा पन्ध्र दिनको म्याद दिई राष्ट्रियस्तरका कम्तीमा दुई वटा दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना बोर्डको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन भएकोमा योग्यता पुगेका इच्छुक व्यक्तिले देहायको विवरण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा सिफारिस समितिको सचिवालय समक्ष निवेदन दिनु पर्नेछः-

(क) निजको वैयक्तिक विवरण,

(ख) ऐनको दफा १२ को उपदफा (३) बमोजिम निजको योग्यता पुगेको विवरण,

(ग) निजले हासिल गरेको कार्य अनुभवको विवरण,

(घ) ऐन तथा यस नियमावलीको उद्देश्य बमोजिम प्रमुख कार्यकारी अधिकृतको हैसियतमा कार्यसम्पादन गर्दा पुऱ्याउने समग्र योगदान,

(ङ) निजले कार्यान्वयन गर्ने रणनीति र कार्ययोजना सम्बन्धी प्रस्ताव,

(च) प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि आफू उपयुक्त हुने आधार र कार्यसम्पादन गर्न सक्ने विश्वसनीयताको पुष्ट्याईं ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन तथा विवरणको मूल्याङ्कन गर्दा उपयुक्त देखिएका योग्यताक्रम अनुसारका उपलब्ध भएसम्म कम्तीमा तीन जना व्यक्तिको नाम सिफारिस समितिले सूचीकृत गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सूचीकृत भएका व्यक्तिले सिफारिस समिति समक्ष उपनियम (२) को खण्ड (ङ) बमोजिमको रणनीति र कार्ययोजनाको प्रस्तुतीकरण गर्नु पर्नेछ ।

(५) सिफारिस समितिले सूचीकृत भएका व्यक्तिसँग रणनीतिक छलफल (स्ट्र्याटेजिक डिस्कशन) गर्नु पर्ने वा अन्तर्वार्ता लिनु पर्नेछ ।

(६) सिफारिस समितिले प्रमुख कार्यकारी अधिकृत पदको लागि सिफारिस गर्दा देहायको अङ्क भारका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उपलब्ध भएसम्म तीन जना व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछः-

(क) शैक्षिक योग्यता बापत देहाय बमोजिम पाँच अङ्कः-

(१) स्नातकोत्तर बापत तीन अङ्क,

(२) विद्यावारिधी गरेको भए सो वापत थप दुई अङ्क

(ख) अनुभव बापत (काम गरेको प्रत्येक वर्षका लागि एक अङ्कका दरले) पन्ध्र अङ्क,

(ग) प्रस्तावित रणनीति र कार्ययोजना सहितको प्रस्ताव बापत पचास अङ्क,

(घ) रणनीतिगत छलफल (स्ट्र्याटेजिक डिस्कशन) वा अन्तर्वार्ता बापत पच्चीस अङ्क,

(ङ) व्यक्तित्व बापत पाँच अङ्क ।

(७) सिफारिस समितिले प्रमुख कार्यकारी अधिकृत छनौट सम्बन्धमा अपनाउने अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(८) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सिफारिस समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

८. <u>कार्यसम्पादन करार गर्नु पर्ने:</u> (१) प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त भएको व्यक्तिले नियुक्त भएको तीस दिनभित्र बोर्डको अध्यक्षसँग बार्षिक कार्यसम्पादन करार (परफर्मेन्स कन्ट्र्याक्ट) गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) प्रमुख कार्यकारी अधिकृतले सम्पादन गर्नु पर्ने कार्यको विवरण तथा निजको जिम्मेवारी,

(ख) नेपाल सरकार सम्बद्ध रहेका नीति तथा कार्यक्रम, बजेट, रणनीतिक योजना, बोर्डले गरेका निर्णय तथा निजले पेश गरेको रणनीति र कार्ययोजना सम्बन्धी प्रस्तावमा उल्लिखित व्यावसायिक कार्यक्रम, योजना, रणनीति, कार्ययोजना र सोको कार्यान्वयनको खाका तथा समय सीमा,

(ग) कार्यसम्पादनको मापन गर्न सकिने गरी तयार गरिएको सूचक वा उपलब्धिको परिमाण,

(घ) कार्यसम्पादनको गुणस्तर,

(ङ) अन्य आवश्यक विषय ।

(३) उपनियम (१) बमोजिमको कार्यसम्पादन करारमा उल्लिखित समय सीमाभित्र कार्यसम्पादनका सूचक वा उपलब्धि हासिल भएको देखिने गरी प्रमुख कार्यकारी अधिकृतले कार्यसम्पादन गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम प्रमुख कार्यकारी अधिकृतबाट सम्पादन भएको कामको परिमाण र उपलब्धि वा त्यसको गुणस्तर, कार्यसम्पादन करारमा उल्लिखित समय सीमा वा स्तर बमोजिम भए वा नभएको सम्बन्धमा बोर्डको अध्यक्षले प्रत्येक वर्ष मूल्याङ्कन गर्ने वा गराउनेछ ।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन गर्दा प्रमुख कार्यकारी अधिकृतसँग कार्यसम्पादनको परिमाण र त्यसको गुणस्तरका सम्बन्धमा छलफल गर्न सकिनेछ ।

(६) उपनियम (४) बमोजिम मूल्याङ्कन गर्दा प्रमुख कार्यकारी अधिकृतले कार्यसम्पादन करारमा तोकिएका सूचक बमोजिमको समय सीमाभित्र वा त्यस्तो करार बमोजिमको परिमाण र गुणस्तरको कार्यसम्पादन गरेको नदेखिएमा निजले कार्यसम्पादन करार बमोजिम कार्यसम्पादन गरेको मानिने छैन ।

(७) उपनियम (४) बमोजिमको मूल्याङ्कनका आधारमा आगामी वर्षको वार्षिक कार्यसम्पादन करार गरिनेछ ।

९. <u>अनुगमन तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकार:</u> अनुगमन तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लगानी स्वीकृति प्राप्त भएका परियोजना कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(ख) परियोजना कार्यान्वयनका लागि सम्बन्धित निकाय र सरोकारवालासँग समन्वय गर्ने,

(ग) परियोजनासँग सम्बन्धित सम्झौता बमोजिम परियोजना कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने,

(घ) अनुगमन प्रयोजनको लागि सम्बन्धित निकाय तथा अनुमतिपत्र प्राप्त व्यक्ति बीच सूचना आदान प्रदान गर्न उपयुक्त संयन्त्र विकास गर्ने वा गराउने,

(ङ) परियोजनाको अनुगमन गर्ने एकाइलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिने,

(च) परियोजना कार्यान्वयनमा आइपरेका समस्याको समाधान गर्न पहल गर्ने,

(छ) परियोजना कार्यान्वयनमा समय, लागत र गुणस्तरको दृष्टिले उपयुक्त हुने देखिएमा प्रोत्साहन उपलब्ध गराउन बोर्ड समक्ष सिफारिस गर्ने,

(ज) परियोजना कार्यान्वयनको कार्यतालिका अनुसार परियोजना निर्माण वा सञ्चालन नगरेको अवस्थामा त्यस्तो परियोजनाको अनुमति रद्द गर्न आधार र कारण खुलाई बोर्ड समक्ष सिफारिस गर्ने,

(झ) बोर्डले तोकिदिएका विषय तथा क्षेत्र सम्बन्धी कार्य गर्ने वा गराउने ।

१०. अनुगमन तथा सहजीकरण समितिको बैठक सम्बन्धी व्यवस्था: (१) अनुगमन तथा सहजीकरण समितिको बैठक प्रत्येक महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) अनुगमन तथा सहजीकरण समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) अनुगमन तथा सहजीकरण समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सो समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) अनुगमन तथा सहजीकरण समितिको बैठकको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) अनुगमन तथा सहजीकरण समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) अनुगमन तथा सहजीकरण समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) अनुगमन तथा सहजीकरण समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) अनुगमन तथा सहजीकरण समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति र सदस्य-सचिवले प्रमाणित गर्नेछन्।

(९) अनुगमन तथा सहजीकरण समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

११. सार्वजनिक-निजी साझेदारी एकाइ सम्बन्धी व्यवस्था: (१) सार्वजनिक-निजी साझेदारी एकाइको सङ्गठनात्मक ढाँचा बोर्डको सिफारिसमा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) सार्वजनिक-निजी साझेदारी एकाइमा प्राविधिक, प्रशासन, न्याय (कानून) लगायत अन्य सेवाका आवश्यक कर्मचारी रहन सक्नेछन् ।

(३) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाका सन्दर्भमा बोर्डले देहायका कार्य समेत सम्पादन गर्ने गरी सार्वजनिक-निजी साझेदारी एकाइलाई तोक्न सक्नेछः-

(क) परियोजनाको पहिचान तथा अध्ययन गर्ने,

(ख) परियोजनाको प्राविधिक तथा वित्तीय प्रारुप तर्जुमा गरी परियोजना तयारीको कार्य गर्ने,

(ग) परियोजनाको सम्झौताको मस्यौदा तयार गर्ने,

(घ) परियोजनाको खरिदमा प्रतिस्पर्धा बढाउन र नव प्रवर्तनलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्ने,

(ङ) परियोजना कार्यान्वयनमा बहन गर्नु पर्ने जोखिम र जवाफदेहिताका आधार तयार गरी सिफारिस गर्ने,

(च) परियोजना कार्यान्वयनमा वित्तीय र प्राविधिक गुणस्तर सम्बन्धी अनुशासन कायम गर्न आवश्यक कार्य गर्ने,

(छ) सार्वजनिक निकायलाई परियोजनाको खरिद, निर्माण, सञ्चालन र अन्य विषयमा सहजीकरण गर्ने,

(ज) परियोजनाको लागि सेवा प्रवाह एकाइको रूपमा कार्य गर्ने,

(झ) परियोजनासँग सम्बन्धित क्षेत्रगत निकायहरूसँग सम्पर्क एकाइको रूपमा कार्य गर्ने,

(ञ) सम्भाव्यता न्यून परिपूरक कोष परिचालनको लागि आवश्यक समन्वय गर्ने,

(ट) सार्वजनिक-निजी साझेदारी सम्बन्धमा राय, सुझाव दिने।

१२. <u>लगानी एकाइ सम्बन्धी व्यवस्था</u>: (१) लगानी एकाइको सङ्गठनात्मक ढाँचा बोर्डको सिफारिसमा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) लगानी एकाइमा प्राविधिक, प्रशासन, न्याय (कानून) लगायत अन्य सेवाका आवश्यक कर्मचारी रहन सक्नेछन् ।

(३) निजी लगानीमा कार्यान्वयन हुने परियोजनाका सन्दर्भमा बोर्डले देहायका कार्य समेत सम्पादन गर्ने गरी लगानी एकाइलाई तोक्न सक्नेछः-

(क) निजी लगानीमा सञ्चालन हुने परियोजनाको पहिचान तथा अध्ययन गर्ने,

(ख) लगानी प्रवर्द्धनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने,

(ग) विदेशी लगानी भित्र्याउन रोड-शो तथा यस्तै प्रकृतिका अन्य कार्यक्रम आयोजना गर्ने,

(घ) स्वदेशी वा विदेशी लगानीकर्ता तथा सम्बन्धित निकायबीच समन्वय गर्ने,

(ङ) लगानीको लागि नीतिगत सुधारका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्ने,

(च) परियोजनासँग सम्बन्धित सरोकारवाला, प्रदेश वा स्थानीय तहका प्रतिनिधिसँग परियोजनाको विकास र कार्यान्वयनको लागि अन्तर्क्रिया र समन्वय गर्ने,

(छ) लगानीकर्ता र सम्भावित लगानीकर्ताका जिज्ञासा तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाउने,

(ज) लगानी सम्बन्धमा स्वदेश तथा विदेशबाट सोधिने र सोधिएका प्रश्नावलीलाई आधार मानी निरन्तर सोधिने प्रश्न र तिनका उत्तर तयार गरी वेबसाइट मार्फत् सार्वजनिक गर्ने,

(झ) लगानी स्वीकृति, अध्ययन, मूल्याङ्कन लगायत बोर्डले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-३

## सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजना सम्बन्धी व्यवस्था

१३. <u>परियोजनाको अद्यावधिक विवरण राख्नु पर्ने:</u> (१) सम्बन्धित निकायले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने परियोजना र सो सम्बन्धी विवरण अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण अद्यावधिक गर्दा सम्बन्धित निकायले लगानीका क्षेत्र समेतका आधारमा परियोजनाको प्राथमिकताक्रम तोक्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राथमिकताक्रम तोक्दा नेपाल सरकारको विद्यमान नीति, योजना तथा कार्यक्रमलाई आधार लिनु पर्नेछ ।

१४. <u>परियोजना पहिचान, स्वीकृति तथा प्रकाशन:</u> (१) ऐनको दफा २० को उपदफा (१) बमोजिम सम्बन्धित निकायले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजनाको पहिचान गरी सूची तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पहिचान गरिएका परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन गर्दा देहायका विवरण सहितको प्रतिवेदन तयार गर्नु पर्नेछः-

(क) परियोजनाको नाम,

(ख) नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको नीति, आवधिक योजना, वार्षिक कार्यक्रम तथा सम्बन्धित निकायका वार्षिक कार्यक्रम एवं प्राथमिकतामा परियोजना परेको विवरण,

(ग) ऐनको दफा १७ को उपदफा (२) बमोजिम परियोजना कार्यान्वयन हुने तरिका र सोको आधार,

(घ) परियोजना कार्यान्वयनको कार्यतालिका,

(ङ) परियोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुन सक्ने भए सोको आधार,

(च) परियोजनाको सर्वेक्षण भए वा नभएको,

(छ) परियोजनाको अनुमानित लागत,

(ज) परियोजनाको सर्वेक्षण भई कार्यान्वयन चरणमा रहेको र कुनै कारणले कार्य सम्पन्न हुन नसकेको भए सोको यथार्थ विवरण र अवस्था,

(झ) आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव सम्बन्धी प्रारम्भिक विवरण,

(ञ) अन्य आवश्यक विवरण ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनका आधारमा सम्बन्धित निकायले प्रतिस्पर्धात्मक वा प्राथमिकताको क्षेत्र छनौट गरी परियोजनाको सूची स्वीकृत गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृत परियोजनाको सूची सम्बन्धित निकायले प्रकाशन गर्नु पर्नेछ ।

१५. <u>आशयपत्र आह्वान गर्ने:</u> (१) ऐनको दफा २३ को उपदफा (१) बमोजिम सम्बन्धित निकायले परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न ईच्छुक लगानीकर्तालाई कम्तीमा तीस दिनभित्र आशयपत्र र सो सँग सम्बन्धित कागजात पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ र त्यस्तो सूचना सम्बन्धित निकाय तथा कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आशयपत्र आह्वान सम्बन्धी सूचनामा ऐनको दफा २३ को उपदफा (२) मा उल्लिखित विवरणका अतिरिक्त देहायका विवरण खुलाउनु पर्नेछ :-

(क) परियोजनाको सम्भाव्यता अध्ययन, सर्वेक्षण वा विस्तृत डिजाइन भएको भए सोको संक्षिप्त विवरण,

(ख) सम्भाव्यता अध्ययन नभएको भए आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय रूपमा परियोजना सम्भाव्य हुन सक्ने आधार,

(ग) परियोजना कार्यान्वयन गर्दा कुनै सुविधा वा सहुलियत दिन सकिने भए सोको विवरण,

(घ) परियोजना कार्यान्वयनको तरिका,

(ङ) आशयपत्र खोलिने मिति, समय र स्थान,

(च) आशयपत्र छनौट हुने आधार,

(छ) आशयपत्रमा निर्णय हुने समय,

(ज) विद्युतीय माध्यमबाट पेश गर्न सक्ने कागजात वा विवरण,

(झ) परियोजनाको प्रकृति अनुसार अन्य आवश्यक विवरण ।

(३) उपनियम (१) बमोजिमको सूचनाको म्याद परियोजनाको प्रकृति अनुसार थप गर्न सकिनेछ ।

१६. <u>परियोजना प्रस्तुतीकरण गरी आशयपत्र वा प्रस्ताव माग गर्न सकिनेः</u> (१) नियम १५ मा जुनसुकै कुरा लेखिएको भए तापनि लगानी प्रवर्द्धन गर्ने सम्मेलनमा परियोजना प्रस्तुतीकरण (रोड शो) गरी आशयपत्र वा प्रस्ताव माग गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम प्रस्तुतीकरण गर्दा नियम १५ को उपनियम (२) बमोजिमको विवरण लगानीकर्तालाई उपलब्ध गराइनेछ।

(३) उपनियम (१) बमोजिम आशयपत्र वा प्रस्ताव माग गरी परियोजना छनौट गर्ने सम्बन्धी अन्य व्यवस्था बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

१७. <u>आशयपत्र पेश गर्नेः</u> (१) इच्छुक लगानीकर्ताले आशयपत्र सम्बन्धी कागजात सम्बन्धित निकायबाट प्राप्त गरी वा सम्बन्धित वेबसाइट मार्फत डाउनलोड गरी आशयपत्र आह्वान सम्बन्धी सूचनामा उल्लिखित कुराहरूको आधारमा आशयपत्र र सोसँग सम्बन्धित कागजात तयार गरी सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आशयपत्र पेश गर्दा देहायका विषय खुलाउनु पर्नेछः-

(क) आशयपत्र पेश गर्ने व्यक्ति, कम्पनी वा संस्थाको विवरण,

(ख) परियोजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा प्राविधिक क्षमता एवं दक्षता,

(ग) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(घ) परियोजना कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोत,

(ङ) परियोजनाको सम्भाव्यता अध्ययन नभएको भए आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय रूपमा परियोजना सम्भाव्य हुन सक्ने आधार,

(च) अन्य आवश्यक कुरा।

(३) उपनियम (१) बमोजिम आशयपत्र पेश गर्दा लगानीकर्ताले एक लाख पचास हजार रुपैयाँ दस्तुर सम्बन्धित निकायले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आशयपत्र पेश गर्ने निवेदक छनौट भएमा निजले लगानी स्वीकृतिका लागि छुट्टै दस्तुर बुझाउनु पर्ने छैन ।

(५) उपनियम (१) बमोजिम आशयपत्र पेश हुन आएमा सम्बन्धित निकायले छुट्टै दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिम पेश भई दर्ता भएका आशयपत्र सम्बन्धित लगानीकर्ता वा निजको प्रतिनिधिको रोहबरमा आशयपत्र आह्वान सम्बन्धी सूचनामा तोकिएको मिति, समय र स्थानमा खोली मुचुल्का गरी मूल्याङ्कनका लागि पेश गर्नु पर्नेछ।

तर यसरी तोकिएको मिति, समय र स्थानमा आशयपत्र पेश गर्ने लगानीकर्ता वा निजका प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आशयपत्र खोल्न बाधा पर्ने छैन।

१८. <u>आशयपत्र फिर्ता, संशोधन वा पुनः सूचना प्रकाशन गर्ने:</u> (१) कुनै निवेदकले पेश गरेको आशयपत्र फिर्ता पाउँ भनी सम्बन्धित निकाय समक्ष निवेदन दिएमा वा सम्बन्धित निकायले त्यसरी पेश भएको आशयपत्र फिर्ता गर्न आवश्यक देखेमा सोको कारण खुलाई निजले पेश गरेको आशयपत्र र सोसँग सम्बन्धित कागजात सम्बन्धित निवेदकलाई फिर्ता गर्न सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट पेश भएको आशयपत्र फिर्ता गर्नु पर्ने छैन।

तर त्यस्तो अवस्थामा आशयपत्र रद्द भएको जानकारी सम्बन्धित निवेदकलाई गराउनु पर्नेछ ।

(३) कुनै कारणवश आशयपत्र वा सोसँग सम्बन्धित कागजातमा संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यसरी संशोधन भएको व्यहोराको सूचना प्रकाशन गरी आवश्यकता अनुसार आशयपत्र पेश गर्ने म्याद थप गर्न सक्नेछ ।

१९. <u>आशयपत्रको मूल्याङ्कन तथा छनौट:</u> (१) नियम १७ बमोजिम सम्बन्धित निकायमा पेश भएका आशयपत्रको मूल्याङ्कन नियम ३० बमोजिमको मूल्याङ्कन समितिले गर्नेछ।

(२) मूल्याङ्कन समितिले सम्बन्धित निकायले कुनै परियोजनाको लागि आशयपत्रको मूल्याङ्कनको विधि, शर्त र तरिका निर्धारण गरेको भए सोही आधारमा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै विधि, शर्त र तरिका निर्धारण नगरेको अवस्थामा सम्बन्धित निकायले आशयपत्र आह्वान सम्बन्धी कागजातमा उल्लिखित छनौटका आधार बमोजिम आशयपत्र पेश गर्ने लगानीकर्ताको प्राविधिक तथा आर्थिक क्षमता र अनुभवको मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मूल्याङ्कनको लागि एक सय अङ्कमा नबढ्ने गरी परियोजनाको प्रकृति अनुसार देहायका विषयमा देहाय बमोजिम अङ्क विभाजन गरी सो बमोजिमको अङ्क दिइनेछः-

(क) प्राविधिक क्षमता बापत तीस देखि पचास अङ्क,

(ख) आर्थिक क्षमता बापत बीस देखि चालीस अङ्क,

(ग) अनुभव बापत दश देखि तीस अङ्क ।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन गर्दा देहायको आधारमा गरिनेछः-

(क) आशयपत्रदाताको प्राविधिक क्षमताको मूल्याङ्कन गर्दा सो परियोजनाको कार्यान्वयनको लागि कुनै यन्त्र, उपकरण, फर्मुला, बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार, विशिष्टता वा जनशक्ति चाहिने भए निवेदकसँग रहेको त्यस्तो यन्त्र, उपकरण, बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार, विशिष्टता वा जनशक्ति,

(ख) आशयपत्रदाताको आर्थिक क्षमताको मूल्याङ्कन गर्दा परियोजनाको सर्वेक्षण, सञ्चालन तथा मर्मत सम्भारको लागि आवश्यक आर्थिक क्षमता भए वा नभएको र त्यस्तो आशयपत्रदाता कम्पनी वा संस्था भए सोको वित्तीय विवरणको आधारमा त्यस्तो

कम्पनी वा संस्थाको वित्तीय स्रोतबाट परियोजनाको लागि व्यहोर्ने रकम, ऋण वा इक्विटी रकम,

(ग) आशयपत्रदाताको अनुभवको मूल्याङ्कन गर्दा निजले कुनै परियोजनाको निर्माण, सञ्चालन तथा कार्यान्वयन गरेको र त्यस्तै प्रकृतिको अन्य परियोजना निर्माण, सञ्चालन तथा कार्यान्वयन गरेको अनुभव,

(घ) परियोजनालाई बढी सम्भाव्य बनाउन पेश गरिएका अन्य आवश्यक कुरा ।

(६) उपनियम (५) बमोजिम मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले साठी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने मध्येबाट अधिकतम अङ्क प्राप्त गर्ने बढीमा छ वटा आशयपत्रदाताको संक्षिप्त सूची तयार गरी छनौटको लागि सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम पेश गरिएको प्रतिवेदनका आधारमा सम्बन्धित निकायले संक्षिप्त सूची स्वीकृत गर्न सक्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लगानी प्रवर्द्धन गर्ने सन्दर्भमा सम्बन्धित निकायको निर्णय अनुसार नियम १६ बमोजिम प्रस्तुतीकरण (सो केस) गरिएका परियोजनाको लागि पेश हुन आएका आशयपत्रको छनौट त्यस्तो प्रस्तुती गर्दा उल्लेख गरिएका शर्तका आधारमा गर्नु पर्नेछ।

(९) यस नियम बमोजिम आह्वान गरिएको सूचनामा एक मात्र आशयपत्र पेश भएमा पनि त्यस्तो आशयपत्र मूल्याङ्कन गर्न सकिनेछ ।

२०. संक्षिप्त सूची प्रकाशनः (१) नियम १९ को उपनियम (७) बमोजिम स्वीकृत भएको संक्षिप्त सूची सम्बन्धित निकायले प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम संक्षिप्त सूची प्रकाशन भएको सात दिनभित्र सूचीमा परेका लगानीकर्तालाई सोको जानकारी दिनु पर्नेछ।

२१. प्रस्ताव आह्वान गर्नेः (१) ऐनको दफा २६ बमोजिम प्रस्ताव आह्वान गर्दा सम्बन्धित निकायले नियम २० बमोजिमको संक्षिप्त सूचीमा समावेश भएका लगानीकर्ताबाट प्रतिस्पर्धाका आधारमा परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा देहायका कुराहरू खुलाई कम्तीमा पैंतालीस दिनको म्याद दिई अङ्ग्रेजी र नेपाली भाषामा राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछः-

(क) प्रस्ताव सम्बन्धी कागजात उपलब्ध हुने निकाय र सो बापत लाग्ने सेवा, शुल्क तथा दस्तुर,

(ख) प्रस्ताव पेश गर्ने तरिका तथा प्रस्ताव पेश गर्ने अन्तिम मिति, समय र स्थान,

(ग) प्रस्ताव खोल्ने मिति, समय र स्थान,

(घ) प्रस्ताव मूल्याङ्कनका आधार,

(ङ) प्रस्तावमा निर्णय हुने समय,

(च) अन्य आवश्यक कुरा ।

(२) उपनियम (१) बमोजिमको सूचना सम्बन्धित निकायको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

२२. प्रस्ताव सम्बन्धी कागजात तयार गर्नु पर्नेः (१) नियम २१ बमोजिम प्रस्ताव आह्वान गर्नु पूर्व सम्बन्धित निकायले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव सम्बन्धी छुट्टाछुट्टै कागजात तयार गरी स्वीकृत गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव सम्बन्धी कागजातमा सम्बन्धित निकायको छाप लगाई सम्बन्धित कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

२३. प्रस्तावकसँग पूर्व छलफलः नियम २१ मा तोकिएको प्रस्ताव पेश गर्ने समय अगावै सम्बन्धित निकायले मिति, समय र स्थान तोकी प्रस्तावकसँग आवश्यकता अनुसार पूर्व छलफल गर्न सक्नेछ ।

२४. प्रस्ताव पेश गर्नेः (१) ऐन तथा यस नियमावली बमोजिम लगानी गर्न इच्छुक प्रस्तावकले प्रस्ताव सम्बन्धी कागजात प्राप्त गरी सोमा उल्लिखित विवरण तथा देहायका कुरा समेत खुलाई प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै सीलबन्दी गरी पेश गर्नु पर्नेछः-

(क) परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) परियोजनाको प्राविधिक डिजाइन र त्यसको दीगोपना,

(ग) परियोजनाको अनुमानित लागत,

(घ) परियोजनाको वित्तीय स्रोत,

(ङ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(च) प्रारम्भिक वातावरणीय अध्ययन सम्पन्न भएकोमा सोको प्रतिवेदन वा अध्ययन गर्ने योजना,

(छ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने शुल्क र तत् सम्बन्धी अन्य आवश्यक कुरा,

(ज) उर्जा सम्बन्धी परियोजना कार्यान्वयन गर्दा नेपाल सरकारलाई अनुसूची-२ बमोजिम बुझाउने रोयल्टीको दर र भुक्तानी गर्ने रकमको किस्ताबन्दी अङ्क,

(झ) खण्ड (ज) मा उल्लिखित बाहेकका अन्य परियोजना कार्यान्वयन गर्दा नेपाल सरकारलाई कुनै प्रकारको रोयल्टी बुझाउने भए रोयल्टीको दर र भुक्तानी गर्ने रकमको किस्ताबन्दी अङ्क,

(ञ) नेपाल सरकारबाट अपेक्षित सुविधा तथा सहुलियत वा नेपाल सरकारलाई दिन प्रस्ताव गरिएका आर्थिक फाइदा,

(ट) सम्झौताको प्रस्तावित अवधि ।

(२) लगानीकर्तालै प्रस्ताव सम्बन्धी कागजात खरिद बापत अनुसूची-३ बमोजिमको शुल्क सम्बन्धित निकायले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश हुन आएका प्रस्ताव सम्बन्धित निकायले छुट्टै दर्ता किताबमा दर्ता गरी सुरक्षित राख्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम पेश हुन आएका प्रस्ताव प्रस्तावक वा निजको प्रतिनिधिको रोहबरमा सूचनामा तोकिएको मिति, स्थान र समयमा मूल्याङ्कन समितिले खोल्नु पर्नेछ ।

तर प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भएको कारणले मात्र प्रस्ताव खोल्न बाधा पुगेको मानिने छैन ।

२५. प्रस्ताव फिर्ता गर्ने, संशोधन गर्ने वा पुनः सूचना जारी गर्नेः (१) कुनै निवेदकले पेश गरेको प्रस्ताव फिर्ता पाउँ भनी सम्बन्धित निकाय समक्ष निवेदन दिएमा वा सम्बन्धित निकायले त्यसरी पेश भएको प्रस्ताव फिर्ता गर्न आवश्यक देखेमा सोको कारण खुलाई निजले पेश गरेको प्रस्ताव र सोसँग सम्बन्धित कागजात सम्बन्धित निवेदकलाई फिर्ता गर्न सक्नेछ।

(२) कुनै कारणवश प्रस्ताव वा सोसँग सम्बन्धित कागजातमा संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यसरी संशोधन भएको व्यहोराको सूचना प्रकाशन गरी आवश्यकता अनुसार प्रस्ताव पेश गर्ने म्याद थप गर्न सक्नेछ ।

२६. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौटः</u> (१) नियम २४ बमोजिम सम्बन्धित निकायमा पेश भएका प्रस्तावको मूल्याङ्कन नियम ३० बमोजिमको मूल्याङ्कन समितिले गर्नेछ ।

(२) मूल्याङ्कन समितिले सम्बन्धित निकायले कुनै परियोजनाको लागि प्रस्ताव मूल्याङ्कनको विधि, शर्त तथा तरिका निर्धारण गरेको भए सोही आधारमा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) मूल्याङ्कन समितिले यस नियम बमोजिम प्रस्ताव मूल्याङ्कन गर्दा पहिला प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) मूल्याङ्कन समितिले ऐनको दफा २७ को उपदफा (१) मा उल्लिखित आधारका अतिरिक्त देहायका आधारमा प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछः-

(क) प्रस्तावकको प्राविधिक क्षमता तथा अनुभव,

(ख) प्रस्तावित जनशक्तिको कार्यक्षमता तथा अनुभव,

(ग) परियोजना कार्यान्वयन सम्बन्धी सङ्गठनात्मक व्यवस्था, प्रक्रिया तथा कार्यतालिका,

(घ) प्रस्तावकको आर्थिक हैसियत,

(ङ) परियोजनाको आधारभूत इन्जिनियरिङ्ग डिजाइन,

(च) परियोजनाको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न अपनाउने उपाय,

(छ) परियोजनाको आर्थिक सामाजिक दायित्व,

(ज) परियोजनालाई बढी सम्भाव्य बनाउन पेश गरिएका अन्य आवश्यक कुरा ।

(५) यस नियम बमोजिम प्राविधिक प्रस्ताव छनौट हुन कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम साठी प्रतिशत अङ्क प्राप्त नगर्ने प्रस्तावकको मूल्याङ्कन समितिले छुट्टै सूची तयार गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(७) मूल्याङ्कन समितिले मूल्याङ्कन कार्य सुरु गरेको मितिले नब्बे दिनभित्र प्राविधिक प्रस्ताव छनौट सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा सम्बन्धित निकायले प्राविधिक प्रस्ताव छनौट तथा स्वीकृत गर्नेछ ।

(९) उपनियम (८) बमोजिम प्राविधिक प्रस्ताव छनौट गरिएका प्रस्तावकलाई सम्बन्धित निकायले सात दिन भित्र आर्थिक प्रस्ताव खोल्ने सूचनासहित जानकारी पठाउनु पर्नेछ ।

(१०) कुनै प्रस्तावकको प्राविधिक प्रस्ताव स्वीकृत नभएमा सम्बन्धित निकायले त्यस्तो प्रस्तावकलाई सोको जानकारी सहित निजले पेश गरेको आर्थिक प्रस्ताव फिर्ता दिनु पर्नेछ ।

(११) उपनियम (९) बमोजिम पठाइएको सूचनामा तोकिएको मिति, समय र स्थानमा मूल्याङ्कन समितिले आर्थिक प्रस्ताव खोली देहायको आधारमा मूल्याङ्कन गर्नेछः-

(क) परियोजनाको लागत,

(ख) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(ग) रोयल्टी वा राजश्व तथा सो भुक्तानी गर्ने समय र तरिका,

(घ) सम्झौताको प्रस्तावित अवधि,

(ङ) नेपाल सरकारबाट अपेक्षित सुविधा तथा सहुलियत वा नेपाल सरकारलाई उपलब्ध गराउन प्रस्ताव गरिएका आर्थिक फाइदा,

(च) अन्य आवश्यक कुरा ।

(१२) उपनियम (११) बमोजिम मूल्याङ्कन समितिले मूल्याङ्कन गरी तयार गरेको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

(१३) उपनियम (१२) बमोजिम पेश गरिएको प्रतिवेदन समेतको आधारमा सम्बन्धित निकायले आर्थिक प्रस्ताव स्वीकृत गर्नेछ ।

(१४) उपनियम (१३) बमोजिम स्वीकृत भएको प्रस्तावको प्रस्तावकलाई सम्बन्धित निकायले सात दिनभित्र सोको जानकारी दिनु पर्नेछ।

(१५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परियोजनाको सम्बन्धमा प्रस्ताव मूल्याङ्कन गर्दा प्रस्ताव आह्वान सम्बन्धी कागजातमा तोकिएको विधि, शर्त तथा तरिका बमोजिम मूल्याङ्कन गर्न सकिनेछ।

(१६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संक्षिप्त सूचीमा परेका प्रस्तावको प्राविधिक वा आर्थिक पक्षको मात्र प्रतिस्पर्धा गराई मूल्याङ्कन गर्न सकिनेछ ।

(१७) कुनै कारणवश प्रस्ताव आव्हान सम्बन्धी सूचना रद्द भएमा पेश हुन आएका प्रस्ताव सम्बन्धित प्रस्तावकलाई फिर्ता दिनु पर्नेछ ।

(१८) उपनियम (१०) वा (१७) बमोजिम प्रस्ताव फिर्ता लिन आउने सूचना सम्बन्धित प्रस्तावकलाई दिइनेछ र त्यस्तो सूचना पाएको पन्ध्र दिन भित्र प्रस्तावकले प्रस्ताव फिर्ता लिन सक्नेछ ।

(१९) उपनियम (१८) बमोजिमको म्यादभित्र कुनै प्रस्तावक आफूले पेश गरेको प्रस्ताव फिर्ता लिन नआएमा सम्बन्धित निकायले सोही व्यहोरा जनाई त्यस्तो प्रस्ताव नखोली नष्ट गर्न सक्नेछ ।

२७. <u>आह्वान नगरिएको प्रस्ताव सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा २८ बमोजिम सार्वजनिक सूचना जारी नगरेको अवस्थामा सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने गरी लगानीकर्ता स्वयंले पेश गरेको प्रस्तावलाई देहायको अवस्थामा प्रक्रियामा लैजान सकिनेछः-

(क) सम्बन्धित निकायले पहिचान नगरेको वा परियोजना सूचीमा नरहेको,

(ख) नयाँ अवधारणा, अन्वेषण तथा प्रविधि प्रयोग हुने,

(ग) सार्वजनिक हित प्रवर्द्धन गर्न सक्ने गरी राष्ट्रिय महत्व भएको भनी सरकारका नीति तथा कार्यक्रममा उल्लेख भएको,

(घ) प्रस्ताव आह्वान गरिएकोमा कुनै पनि प्रस्ताव प्राप्त नभएको वा प्रस्ताव छनौट हुन नसकेको,

(ङ) परियोजनाको सम्भाव्यता अध्ययनको सम्पूर्ण दायित्व निवेदक स्वयंले बहन गर्न मञ्जुर गरेको,

(च) प्रोप्राइटरी सामान मात्र प्रयोग हुने र निजी निकायसँग मात्र उपलब्ध हुन सक्ने सामान उपयोग हुने परियोजना भएको,

(छ) बोर्डले वा बोर्डको सिफारिसमा नेपाल सरकारले रणनीतिक रूपमा महत्त्वपूर्ण परियोजना भनी निर्णय गरेको,

(ज) नियम ४२ बमोजिम अनुमतिपत्र रद्द भएको परियोजना।

(२) यस नियम बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले ऐनको दफा २८ को उपदफा (२) मा उल्लिखित विषयका अतिरिक्त उपनियम (१) बमोजिमको व्यहोरा पुष्टयाई हुने कागजात पेश गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम प्रस्ताव पेश गर्दा सो बापत दुई लाख पचास हजार रुपैयाँ दस्तुर सम्बन्धित निकायले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम पेश गरिएको प्रस्तावको सम्बन्धमा सम्बन्धित निकायले प्रस्तावकसँग छलफल गर्न, अध्ययन वा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्न, सो प्रयोजनको लागि सम्बन्धित विषय विज्ञको सहयोग लिन वा ऐनको दफा १६ बमोजिमको विशेषज्ञ समिति वा कार्यदललाई जिम्मेवारी दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम विशेषज्ञ समिति वा कार्यदललाई जिम्मेवारी दिइएकोमा त्यस्तो समिति वा कार्यदलले सम्बन्धित प्रस्तावकसँग जानकारी लिई आवश्यक अध्ययन गर्नु पर्नेछ र सोको प्रारम्भिक अध्ययन प्रतिवेदन मूल्याङ्कनका लागि सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिमको प्रस्तावको मूल्याङ्कन गर्नु अघि सम्बन्धित निकायले त्यस्तो प्रस्तावका सम्बन्धमा यस नियमावली बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी वा सोझै तेस्रो पक्षसँग प्रस्ताव आह्वान गरी प्रतिस्पर्धात्मक तुलना गर्न सक्नेछ।

(७) यस नियम बमोजिमको प्रस्तावका सम्बन्धमा आवश्यकता, औचित्य तथा उपयुक्तता विचार गरी सम्बन्धित निकायले त्यस्तो परियोजनाका लागि परियोजनाको अध्ययन तथा सर्वेक्षण अनुमति वा परियोजना विकास वा सञ्चालनको लागि शर्त तथा प्रक्रिया तोकी स्वीकृति प्रदान गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम स्वीकृति प्रदान गरिएका प्रस्तावको प्रस्तावकसँग सम्बन्धित निकायले परियोजना कार्यान्वयनका लागि समझदारी गर्नेछ ।

(९) उपनियम (८) बमोजिम सम्बन्धित निकायसँग समझदारी गरेको प्रस्तावकले अध्ययन अनुमति प्राप्त गर्नु अघि कार्यसम्पादन जमानत बापत परियोजनाको लागत अनुमानको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम बराबरको बैङ्क जमानत पेश गर्नु पर्नेछ।

(१०) ऐनको दफा २८ को उपदफा (५) को प्रयोजनका लागि परियोजना विकासका क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा भएको खर्चको शोधभर्ना गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यसरी भएको खर्च प्रस्ताव स्वीकृत भएको प्रस्तावकबाट भराई दिन सक्नेछ ।

२८. <u>वार्ताद्वारा परियोजना कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा २९ बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न ईच्छुक लगानीकर्ताले देहायका कुरा खुलाई सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) लगानीकर्ताको नाम र ठेगाना,

(ख) निवेदक कम्पनी भए त्यस्तो कम्पनीको नाम, ठेगाना, कम्पनी संस्थापना भएको वर्ष, सङ्गठनात्मक स्वरूप, स्वामित्व तथा मुख्य कार्यालय,

(ग) कार्यान्वयन गर्न चाहेको परियोजनाको नाम र संक्षिप्त विवरण,

(घ) परियोजनाको उपादेयता र सम्भाव्यता सम्बन्धी विवरण,

(ङ) निवेदकको परियोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता तथा अनुभव सम्बन्धी विवरण,

(च) परियोजना कार्यान्वयनका लागि लगानीकर्तासँग भएका वा निजलाई उपलब्ध हुन सक्ने मेसिन, उपकरण तथा जनशक्ति,

(छ) अन्य आवश्यक कुरा ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा निवेदकले निवेदन दस्तुर बापत दुई लाख पचास हजार रुपैयाँ सम्बन्धित निकायले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर प्रारम्भिक जाँचबुझ गर्दा सो विषयमा थप कागजात वा विवरण माग गर्नु पर्ने देखिएमा सम्बन्धित निकायले निवेदकसँग त्यस्तो कागजात वा विवरण माग गर्न सक्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिम प्राप्त निवेदन तथा कागजात जाँचबुझ गर्दा मूल्याङ्कन समितिले त्यस्तो प्रस्तावक आर्थिक वा प्राविधिक रुपमा सक्षम रहे नरहेको र परियोजना सम्भाव्य, उपयोगी र दिगो रहे नरहेको मूल्याङ्कन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त भएको प्रतिवेदन समेतको आधारमा परियोजना सम्बन्धी प्रस्ताव वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब देखिएमा सम्बन्धित निकायले सो परियोजना वार्ताद्वारा कार्यान्वयन गर्नका लागि स्वीकृति प्रदान गर्न सक्नेछ ।

(६) यस नियम बमोजिम वार्ता गर्न सम्बन्धित निकायले आवश्यकता अनुसार वार्ता टोली गठन गर्न सक्नेछ ।

(७) ऐनको दफा २९ को उपदफा (४) बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा प्रस्तावित परियोजनाका सम्बन्धमा सम्बन्धित निकायले देहायका आधार समेत विचार गरी मूल्याङ्कन गर्नु पर्नेछः-

(क) परियोजनाको सम्भाव्यता र उपयोगिता,

(ख) परियोजना कार्यान्वयनबाट प्राप्त हुने राजश्व र आय,

(ग) परियोजनाबाट नेपाल सरकारलाई कुनै आर्थिक दायित्व पर्ने वा नपर्ने,

(घ) प्रत्यक्ष रोजगारी प्रदान गर्ने पक्ष,

(ङ) परियोजनाको अनुमानित लागत तथा कार्यान्वयनको पक्ष ।

२९. <u>अनुमतिपत्र सम्बन्धी व्यवस्थाः</u> (१) नियम १९, २६, २७ वा २८ बमोजिम प्रस्ताव छनौट तथा स्वीकृति प्रदान भएपछि सम्बन्धित निकायले प्रस्तावकसँग परियोजना कार्यान्वयनका सम्बन्धमा आवश्यकता अनुसार देहायको विषयका शर्तका आधारमा समझदारी गरी सर्वेक्षण अनुमतिपत्र प्रदान गर्नेछः-

(क) प्राविधिक तथा वित्तीय विषय,

(ख) प्रारम्भिक सम्भाव्यता अध्ययन तथा विस्तृत सम्भाव्यता अध्ययन,

(ग) व्यावसायिक योजना,

(घ) परियोजनामा प्रयोग हुने प्रविधि, उपकरण तथा जनशक्ति,

(ङ) परियोजनाबाट प्राप्त हुने सम्भावित लाभ,

(च) वातावरणीय तथा सामाजिक अध्ययन,

(छ) सर्वेक्षण सम्पन्न गर्ने अवधि,

(ज) स्थानीय कम्पनी दर्ता सम्बन्धी,

(झ) लगानी स्वीकृति लिनुपर्ने,

(ञ) परियोजना सम्पन्न गर्ने कार्यतालिका,

(ट) अन्य आवश्यक शर्त ।

(२) उपनियम (१) बमोजिम गरिने समझदारीपत्रमा अनुसूची-४ बमोजिमका विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्नुपूर्व लगानीकर्ताले अनुसूची-५ बमोजिमको दस्तुर सम्बन्धित निकायले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्र प्रदान गर्ने निर्णय भएको सात दिनभित्र सम्बन्धित निकायले निवेदकलाई सो कुराको जानकारी दिनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्नु पूर्व निवेदकसँग कुनै समझदारीपत्र वा सम्झौता भएको भए निवेदकले त्यस्तो समझदारीपत्र वा सम्झौता सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

(६) कुनै लगानीकर्ताले सम्बन्धित निकायले तोकेको म्यादभित्र अनुमतिपत्र लिन आउन नसकेको मनासिब कारण देखाई म्याद थपका लागि निवेदन दिएमा सम्बन्धित निकायले आवश्यकता अनुसार म्याद थप गर्न सक्नेछ ।

(७) यस नियम बमोजिम दिइने सर्वेक्षण अनुमतिपत्रको ढाँचा अनुसूची-६ बमोजिम हुनेछ।

(८) उपनियम (१) बमोजिमको सर्वेक्षण अनुमतिपत्र सोही उपनियम बमोजिमको समझदारीपत्रमा उल्लिखित अवधिसम्म बहाल रहनेछ ।

(९) उपनियम (१) बमोजिमको सर्वेक्षण अनुमतिपत्रको म्याद समाप्त भएकोमा सम्बन्धित प्रस्तावकले त्यसरी म्याद समाप्त भएको तीस दिन भित्र आधार र कारण सहित म्याद थपको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(१०) उपनियम (९) बमोजिम सम्बन्धित प्रस्तावकबाट सर्वेक्षण अनुमतिपत्रको म्याद थपको लागि निवेदन प्राप्त भएकोमा सम्बन्धित निकायले अनुसूची-५ बमोजिमको दस्तुर लिई त्यस्तो सर्वेक्षण अनुमतिपत्रको म्याद थप गर्न सक्नेछ ।

३०. <u>मूल्याङ्कन समितिः</u> (१) ऐन तथा यस नियमावली बमोजिम कुनै परियोजनाको अध्ययन, सर्वेक्षण, विकास, निर्माण, सञ्चालन तथा विस्तारका लागि आशयपत्र, प्रस्ताव लगायत अन्य कुनै निवेदन वा प्रतिवेदनका सम्बन्धमा त्यस्ता विषयको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

(क) सम्बन्धित निकायले तोकेको त्यस्तो निकायको उपलब्ध भएसम्म राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी र त्यस्तो कर्मचारी उपलब्ध नभएमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी -संयोजक

(ख) सम्बन्धित निकायले तोकेको परियोजनासँग सम्बन्धित विशेषज्ञ -सदस्य

(ग) सम्बन्धित निकायले तोकेको त्यस्तो निकायको अधिकृत स्तरको प्राविधिक कर्मचारी -सदस्य

(घ) सम्बन्धित निकायमा कार्यरत कानून अधिकृत -सदस्य

(ङ) सम्बन्धित निकायले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य-सचिव

(२) सम्बन्धित निकायले परियोजनाको प्रकृतिको आधारमा सम्बन्धित विषयको विज्ञलाई मूल्याङ्कन समितिको सदस्यको रुपमा थप गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिले आवश्यक ठानेमा सो समितिको बैठकमा कुनै निकायको पदाधिकारी वा कुनै विषय विज्ञलाई आमन्त्रण गर्न वा सम्बन्धित निकायको प्रमुखको स्वीकृति लिई प्राविधिक उपसमिति गठन गर्न सक्नेछ।

(४) मूल्याङ्कन समितिले कुनै परियोजना वा विषयमा गरेको मूल्याङ्कनको प्रतिवेदन तयार गरी सम्बन्धित निकायको प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(५) मूल्याङ्कन समितिको बैठक तथा मूल्याङ्कन सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## लगानी स्वीकृति तथा निजी लगानी

३१. लगानी स्वीकृति सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा ३ बमोजिम कुनै परियोजनामा लगानी गर्न इच्छुक लगानीकर्ताले लगानी स्वीकृतिका लागि बोर्ड समक्ष अनुसूची-७ बमोजिमको ढाँचामा नेपाली वा अङ्ग्रेजी भाषामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा लगानीकर्ताले दस्तुर बापत एक लाख पचास हजार रुपैयाँ बोर्डले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको निवेदनसाथ लगानीकर्ताले देहायको विवरण सहितको प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) निजी लगानीमा कार्यान्वयन हुने परियोजनाको हकमा परियोजनाको नाम, प्रकृति, स्थान र परियोजनाको अवधारणा सम्बन्धी विवरण,

(ख) परियोजना तयार गर्न लाग्ने अनुमानित लागतको विवरण,

(ग) स्वदेशी वा विदेशी पूँजी वा वैदेशिक ऋण भए सोको अनुमानित अंश समेत खुलाएको परियोजनाको प्रस्तावित वित्तीय स्रोत विवरण,

(घ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(ङ) परियोजना कार्यान्वयन गर्ने कार्य तालिका,

(च) निवेदक कम्पनी वा संस्थाको अद्यावधिक शेयर लगत,

(छ) अन्य आवश्यक कुरा ।

(४) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको हकमा उपनियम (१) बमोजिम दिइने निवेदन साथ उपनियम (३) बमोजिमको विवरणको अतिरिक्त सो परियोजना विकास र सञ्चालन गर्न सम्बन्धित निकायबाट निवेदक छनौट भएको विवरण समेत पेश गर्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएकोमा बोर्डले त्यस्तो निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदन साथ प्राप्त कागजात तथा प्रस्ताव अध्ययन गरी प्रस्तावित परियोजनाको आवश्यकता तथा औचित्य विचार गरी लगानी स्वीकृति दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम लगानी स्वीकृत भएमा कार्यालयले सो निर्णय भएको मितिले सात दिनभित्र निवेदकलाई अनुसूची-८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(७) यो नियमावली प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम कुनै निकायमा लगानी स्वीकृतिको प्रक्रियामा रहेको परियोजना ऐनको दफा ३ बमोजिम वा परियोजनाको क्षमता विस्तार वा अन्य कुनै कारणले

बोर्डको क्षेत्राधिकारमा पर्ने भई बोर्डबाट कारबाही अगाडि बढाउनु परेमा त्यस्तो निकायले सो परियोजनासँग सम्बन्धित सम्पूर्ण कागजात र अद्यावधिक विवरण कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ।

तर लगानी स्वीकृत भइसकेका कुनै परियोजनाको पूँजी बृद्धि, क्षमता बृद्धि, शेयर हस्तान्तरण लगायतको प्रशासन, अनुगमन वा सहजीकरण सम्बन्धी कार्य सम्बन्धित निकायबाट नै गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन ।

(८) उपनियम (७) बमोजिम सम्बन्धित निकायबाट परियोजना सम्बन्धी कागजात र विवरण प्राप्त भएमा बोर्डले आवश्यक निर्णय गरी लगानी स्वीकृति सम्बन्धी प्रक्रिया अगाडि बढाउनेछ।

(९) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परियोजना कार्यान्वयन गर्ने लगानीकर्ताले एउटै प्रकृतिको फरक फरक युनिट तथा क्षेत्र उल्लेख गरी एउटै परियोजनाको रुपमा लगानी स्वीकृतिको लागि सम्बन्धित निकायमा सो सम्बन्धी प्रस्ताव समेत संलग्न राखी निवेदन दिन सक्नेछ।

(१०) उपनियम (९) बमोजिम कुनै निवेदन प्राप्त भएमा वा सम्बन्धित निकाय समक्ष परियोजना कार्यान्वयनका लागि पेश भएका निवेदनमा फरक फरक युनिट तथा क्षेत्र उल्लेख गरेको भए तापनि त्यस्तो परियोजना एउटै परियोजनाको रुपमा विकास गर्न उपयुक्त हुने देखिएमा सम्बन्धित निकायले एउटै परियोजनाको रुपमा लगानी स्वीकृति गर्न सक्नेछ।

(११) उपनियम (१०) बमोजिम सम्बन्धित निकायले स्वीकृति प्रदान गरेका परियोजनाको कार्यान्वयन यस नियमावलीमा उल्लिखित व्यवस्थाको अधीनमा रही हुनेछ।

(१२) यस नियम बमोजिम लगानी स्वीकृतिको लागि पेश भएको निवेदन बमोजिम लगानी स्वीकृति नभएमा कार्यालयले सोको कारण सहित निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

३२. परियोजना कार्यान्वयन सम्बन्धी व्यवस्था: (१) ऐनको दफा ४ को उपदफा (२) बमोजिम कुनै निकायले पहिचान गरी सूची स्वीकृत गरेको परियोजनाको कार्यान्वयन गर्न त्यस्तो निकायले बोर्डलाई लिखित अनुरोध गरी प्रस्ताव पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव पठाउँदा देहायका कुरा खुल्ने आवश्यक कागजात समेत संलग्न राखी पठाउनु पर्नेछ :-

(क) परियोजनाको सम्भाव्यता अध्ययन,

(ख) परियोजनाको आर्थिक र प्राविधिक पक्षको विश्लेषण,

(ग) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) परियोजनाको कार्य प्रगति र यथार्थ अवस्था,

(ङ) परियोजनाको अद्यावधिक विवरण,

(च) अन्य आवश्यक कुरा ।

(३) उपनियम (१) बमोजिमको परियोजना कार्यान्वयन गर्न प्राप्त प्रस्ताव बोर्डले अध्ययन गरी त्यस्तो निकायबाट कार्यान्वयन गर्न उपयुक्त हुने ठहऱ्याई निर्णय गरेमा त्यस्तो निकाय र बोर्ड बीच परियोजना कार्यान्वयनको लागि समझदारी गरिनेछ ।

(४) उपनियम (३) बमोजिम समझदारी गर्दा देहायका विषय समेत समावेश गरिनेछः-

(क) परियोजनाको विवरण,

(ख) सम्बन्धित निकायले निर्वाह गर्नु पर्ने जिम्मेवारी,

(ग) बोर्डले निर्वाह गर्नु पर्ने जिम्मेवारी,

(घ) कार्यान्वयन गर्नु पर्ने गरी तय गरिएको कार्यतालिका तथा कार्ययोजना,

(ङ) अन्य आवश्यक कुरा ।

(५) यो नियमावली प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति प्रदान गर्ने प्रक्रियामा रहेको कुनै परियोजना ऐनको दफा ४ बमोजिम बोर्डको क्षेत्राधिकारमा पर्ने भई सो दफाको प्रयोजनका लागि बोर्डले अनुमति दिनु पर्ने वा कार्यान्वयन गर्नु पर्ने भएमा त्यस्तो निकायले कार्यालय समक्ष परियोजनाको विकास, निर्माण, सञ्चालन तथा सहजीकरण गर्न परियोजनासँग सम्बन्धित सम्पूर्ण कागजात र विवरण हस्तान्तरण गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम हस्तान्तरण भई आएमा बोर्डले आवश्यक निर्णय गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(७) यो नियमावली प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति प्राप्त गरी कुनै परियोजना कार्यान्वयनमा रहेको भए त्यस्तो परियोजनाको निर्माण र सञ्चालनको अनुगमन सोही निकायबाट गर्न सकिनेछ।

(८) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको हकमा लगानीकर्ताको लागि एकल बिन्दु सेवा लगायतको सेवाका लागि अन्य निकायलाई गरिने सिफारिस लगानी स्वीकृति प्रदान गर्ने निकायबाट प्रदान गरिनेछ र परियोजनाको अनुगमन र सम्झौताको कार्यान्वयन परियोजना कार्यान्वयन गर्ने सम्बन्धित निकायबाट हुनेछ।

(९) यो नियमावली प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम बोर्डको क्षेत्राधिकारमा परी कार्यान्वयन प्रक्रिया अघि बढाइएको परियोजना बोर्डको क्षेत्राधिकारमा नपर्ने भएमा त्यस्तो परियोजनासँग सम्बन्धित सम्पूर्ण कागजात तथा विवरण कार्यालयले सम्बन्धित निकायलाई हस्तान्तरण गर्नु पर्नेछ।

३३. निजी लगानी सम्बन्धी व्यवस्था : (१) बोर्डले ऐनको दफा ३३ बमोजिम निजी लगानीमा कार्यान्वयन हुन सक्ने परियोजना पहिचान गरी स्वीकृत गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पहिचान भएको परियोजना कार्यान्वयन गर्न इच्छुक लगानीकर्ताले बोर्ड समक्ष निवेदन दिन सक्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै लगानीकर्ताले पहिचान नभएको परियोजना कार्यान्वयनको लागि समेत बोर्ड समक्ष निवेदन दिन सक्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिम परेको निवेदन सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गरी त्यस्तो परियोजना निजी लगानीमा कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम निजी लगानीमा कार्यान्वयन गर्न स्वीकृत गरिएको परियोजना सम्बन्धमा बोर्डले लगानीकर्तालाई विस्तृत परियोजना प्रस्ताव पेश गर्न लगाउन सक्नेछ ।

(६) उपनियम (२), (३) वा (५) बमोजिम प्राप्त निवेदन वा प्रस्तावको सम्बन्धमा आवश्यकता अनुसार लगानीकर्तासँग वार्ता समेत गरी बोर्डले कुनै शर्त तोकी वा नतोकी निजी लगानीमा परियोजना कार्यान्वयनको सम्झौता गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम निजी लगानीमा कार्यान्वयन हुने परियोजनाको लगानी स्वीकृत गरी परियोजनाको अध्ययन, सर्वेक्षण, कार्यान्वयन सम्बन्धमा बोर्डले आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

(८) यस नियम बमोजिम निजी लगानीमा कार्यान्वयन गरिने परियोजनाको स्वामित्व सम्बन्धी व्यवस्था परियोजनाको प्रकृतिका आधारमा बोर्डले निर्धारण गर्नेछ ।

(९) यस नियम बमोजिम निजी लगानीमा कार्यान्वयन गरिने परियोजनाको मूल्याङ्कनका आधार, निजी लगानीकर्ताको आर्थिक क्षमता, प्राविधिक पक्ष, शेयरधनीको संरचना, विगतको कार्य अनुभव, रोजगारी सिर्जनाका आधार लगायतका विषय परियोजनाको प्रकृति अनुसार बोर्डले निर्धारण गर्नेछ ।

## परिच्छेद-५

## परियोजना सम्झौता र कार्यान्वयन

३४. विवरण पेश गर्नु पर्ने: (१) ऐनको दफा ३१ वा ३५ बमोजिम परियोजना कार्यान्वयन गर्न समझदारी भएकोमा समझदारीपत्रमा उल्लिखित अवधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न देहायका विवरण सम्बन्धित निकायमा पेश गर्नु पर्नेछः-

(क) परियोजनाको सम्भाव्यता अध्ययन,

(ख) परियोजनाको अनुमानित लागत,

(ग) परियोजनाको प्रस्तावित वित्तीय स्रोत,

(घ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(ङ) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(च) परियोजना कार्यान्वयन भएपछि त्यसका उपभोक्ताबाट असुल गर्ने अनुमानित महसुलको विवरण,

(छ) परियोजना कार्यान्वयन पश्चात नेपाल सरकारलाई बुझाउनु पर्ने रोयल्टी वा शुल्कको अनुमानित विवरण,

(ज) परियोजनाको प्राविधिक डिजाइन र त्यसको दिगोपना,

(झ) समझदारीपत्रमा कुनै कुरा उल्लेख भएकोमा सो कुरा ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र विवरण पेश गर्न नसकेको मनासिब कारण खुलाई प्रस्तावकले अवधि थपको लागि सम्बन्धित निकाय समक्ष अनुरोध गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम अनुरोध भई आएमा सम्बन्धित निकायले त्यस्तो विवरण पेश गर्न बढीमा तीस दिनसम्म अवधि थप गर्न सक्नेछ ।

३५. सम्झौता सम्बन्धी व्यवस्था: (१) ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको वार्ता समितिले सोही दफाको उपदफा (२) बमोजिम तयार गरेको सम्झौताको अन्तिम मस्यौदा सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने गरी परियोजना विकास सम्झौता भएमा अनुसूची-९ बमोजिम र परियोजना लगानी सम्झौता भएमा अनुसूची-१० बमोजिमको ढाँचामा स्वीकृतिका लागि सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्झौताको मस्यौदा तयार गर्दा वार्ता समितिले कुनै विशेषज्ञ सेवा लिन आवश्यक ठानेमा सम्बन्धित निकाय मार्फत विशेषज्ञको परामर्श सेवा लिन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको सम्झौतामा परियोजना कार्यान्वयनको अवधि उल्लेख गरी त्यस्तो अवधिभित्र कार्य सम्पन्न गर्न परियोजना कार्यान्वयनका सूचक वा उपलब्धिको कार्यतालिका समेत उल्लेख गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको सम्झौताको अन्तिम मस्यौदामा सम्बन्धित निकायले स्वीकृति दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम स्वीकृति दिइएकोमा सम्बन्धित निकायले प्रस्तावक वा लगानीकर्तासँग सम्झौता गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम सम्झौताको लागि वार्ता सम्पन्न भइसकेपछि तथा सम्झौता हुनु पूर्व लगानीकर्ताले दस्तुर बापत परियोजना लागतको शून्य दशमलव दुई प्रतिशत रकम सम्बन्धित निकायले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ।

(७) यस नियम बमोजिम स्वीकृत भएको सम्झौता सम्बन्धित निकायले वेबसाइटमा प्रकाशन गर्न सक्नेछ ।

(८) यस नियमावलीको अधीनमा रही सम्बन्धित निकायले अन्यथा निर्णय गरेकोमा बाहेक सार्वजनिक-निजी साझेदारी अवधारणामा कार्यान्वयन हुने परियोजनाको हकमा त्यस्तो परियोजनामा लगानी स्वीकृति भएको मितिले दुई वर्षभित्र र निजी लगानी सम्बन्धी परियोजनाको हकमा त्यस्तो परियोजनामा लगानी स्वीकृति भएको मितिले एक वर्षभित्र परियोजना लगानी सम्झौता सम्पन्न गरिसक्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिमको अवधिभित्र सम्झौता सम्पन्न हुन नसकेमा त्यस्तो परियोजनाको लगानी स्वीकृति स्वतः रद्द भएको मानिनेछ र यसरी रद्द भएको जानकारी सम्बन्धित लगानीकर्तालाई दिनु पर्नेछ ।

३६. <u>सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था</u> : (१) नियम ३५ बमोजिम सम्झौता गर्नु अघि लगानीकर्ताले कार्यसम्पादन बापत परियोजनाको कुल लागत अनुमानको शून्य दशमलव एक प्रतिशतले हुने रकम वा सो बराबरको बैङ्क जमानत पेश गर्नु पर्नेछ।

(२) नियम ३५ बमोजिमको सम्झौतामा उल्लिखित शर्त बमोजिमका जिम्मेवारी र दायित्व लगानीकर्ताले वहन गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम सम्झौता कार्यान्वयन गर्दा लगानीकर्ताले सम्झौताका शर्तको अधीनमा रही सम्झौता भएको मितिले तीन महिनाभित्र कार्यान्वयन कार्ययोजना बनाई सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

३७. <u>कम्पनी दर्ता गर्नु पर्ने:</u> लगानी स्वीकृति प्राप्त लगानीकर्ताको कम्पनी स्थापना नभएको भएमा त्यस्तो लगानीकर्ताले प्रचलित कानून बमोजिम कम्पनी दर्ता गर्नु पर्नेछ ।

३८. <u>वातावरणीय अध्ययन गर्नु पर्ने:</u> (१) परियोजनाको प्रकृति अनुसार त्यस्तो परियोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा लगानीकर्ताले परियोजना लगानी स्वीकृतिको जानकारी प्राप्त गरेको मितिले एक वर्षभित्र वातावरणीय अध्ययन गर्नु वा गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने वातावरणीय अध्ययनको क्षेत्र निर्धारण, कार्यसूची, विषयवस्तु तथा प्रतिवेदनको ढाँचा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम तयार भएको प्रतिवेदनको तेह्र प्रति कार्यालयमा पेश गर्नु पर्नेछ र कार्यालयले सो प्रतिवेदन उपर आवश्यक जाँचबुझ गरी कुनै निकायबाट कुनै कुरा बुझ्नु पर्ने वा राय वा सुझाव लिनु पर्ने भए सो समेत लिई सो राय वा सुझाव र आफ्नो सिफारिस सहित स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउनेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदन अध्ययन, विश्लेषण गर्दा कुनै कुरा थप अध्ययन गर्नु पर्ने वा परिमार्जन गर्नु पर्ने भएमा सिफारिस सहितको राय वा सुझावको आधारमा प्रतिवेदन परिमार्जन गर्नका लागि लगानीकर्तालाई कार्यालयले जानकारी गराउनेछ ।यसरी जानकारी गराएकोमा लगानीकर्ताले पन्ध्र दिनभित्र आफूले पेश गरेको प्रतिवेदन परिमार्जन गरी पेश गर्नु पर्नेछ ।

(५) ऐनको दफा ३ बमोजिम लगानी स्वीकृत भएको परियोजनाको कार्यान्वयन गर्दा लगानीकर्ताले वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनु पर्ने भएमा बोर्डले प्रचलित कानून बमोजिम त्यस्तो अनुमति समेत प्रदान गर्नेछ ।

३९. <u>कार्यसम्पादन जमानत जफत हुन सक्ने</u> : लगानीकर्ताले मनासिब कारण बिना सम्झौतामा उल्लिखित अवधिभित्र परियोजनाको निर्माण वा कार्यान्वयन गर्न प्रारम्भ नगरेमा वा मनासिब कारण बिना परियोजना निर्माण वा कार्यान्वयनको उपलब्धि वा सूचक हासिल नगरेमा वा सम्झौतामा उल्लिखित शर्त उल्लङ्घन गरेमा कार्यसम्पादन बापत नियम ३६ बमोजिम पेश गरेको बैङ्क जमानत जफत गर्न सकिनेछ।

४०. <u>अनुमतिपत्रको अवधि निर्धारणका आधार:</u> (१) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाका लागि ऐनको दफा ३१ बमोजिम प्रदान गरिने अनुमतिपत्रको अवधि देहायका आधारमा निर्धारण गरिनेछः-

(क) परियोजनाको प्रकृति,

(ख) परियोजनाको लागत,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना सञ्चालन गर्दा उठाउन पाउने शुल्क,

(घ) अनुमति प्राप्त व्यक्तिले नेपाल सरकारलाई बुझाउनु पर्ने कर, रोयल्टी वा अन्य प्रकारको रकम,

(ङ) परियोजना सञ्चालनबाट अनुमति प्राप्त व्यक्तिले प्राप्त गर्न सक्ने मनासिब मुनाफा,

(च) परियोजना निर्माण गर्न लाग्ने कुल अवधि तथा अनुमति प्राप्त व्यक्तिले शुल्क उठाई परियोजना सञ्चालन गर्न पाउने अवधि,

(छ) परियोजनाको वित्तीय स्रोत,

(ज) परियोजनामा नेपाल सरकारले संयुक्त लगानी गरे वा नगरेको कुरा ।

(२) उपनियम (१) बमोजिम दिइने अनुमतिपत्रको अवधि तीस वर्ष भन्दा बढी नहुने गरी सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको प्राथमिकतामा रहेको कुनै परियोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्दा सोको सम्भाव्यता अध्ययन तथा परियोजना समेतलाई लगानी तथा निर्माणका दृष्टिकोणले सम्भाव्य बनाउनु पर्ने देखिएमा सम्बन्धित निकायको सिफारिसमा नेपाल सरकारले त्यस्तो परियोजनाको लागि अनुमतिपत्रको अवधि बढीमा पचास वर्षसम्म कायम गर्न सक्नेछ।

(४) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक परेको कारण खुलाई अवधि थपका लागि अनुमतिपत्र प्राप्त व्यक्तिले म्याद समाप्त हुनुभन्दा तीस दिन अगावै सम्बन्धित निकाय समक्ष निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिब देखी सम्बन्धित निकायले नेपाल सरकार समक्ष सिफारिस गरेमा परियोजनाको प्रकृतिका आधारमा नेपाल सरकारले उपनियम (१) बमोजिमको अवधिमा बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ।

४१. <u>परियोजना कार्यान्वयनको अनुगमन:</u> (१) सार्वजनिक-निजी साझेदारीका परियोजना कार्यान्वयन गर्नको लागि सम्बन्धित निकायले अनुगमन गर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्ने प्रयोजनको लागि सम्बन्धित निकायले तालिका बनाई अनुगमन गर्नु पर्नेछ ।

(३) बोर्डसँग सम्झौता भई कार्यान्वयन भएको परियोजनाको अनुगमन गर्न बोर्डले परियोजना अनुगमन एकाइ गठन गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको एकाइमा सम्बन्धित विषयका प्राविधिक, विज्ञ तथा कर्मचारी रहन सक्नेछन् ।

(५) सम्बन्धित निकायले परियोजनाको अनुगमन गर्दा नियम ३५ को उपनियम (३) बमोजिमको कार्यतालिका अनुसार परियोजना कार्यान्वयन भई सूचक वा उपलब्धि हासिल भए वा नभएको तथा सम्झौताका शर्त पालना भए वा नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम अनुगमन गर्दा कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन नभएको वा कार्यान्वयनको सूचक वा उपलब्धि हासिल नभएको देखिएमा सात दिनको म्याद दिई लगानीकर्तासँग परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालन हुन नसकेको सम्बन्धमा सम्बन्धित निकायले स्पष्टीकरण माग गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम स्पष्टीकरण माग भएकोमा त्यस्तो कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन हुन नसकेको कारण खुलाई सम्बन्धित लगानीकर्ताले सम्बन्धित निकाय समक्ष स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम लगानीकर्ताले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण मनासिब नदेखिएमा सम्बन्धित निकायले बढीमा तीन महिनासम्मको वा सम्झौतामा उल्लेख भए बमोजिमको म्याद दिई त्यस्तो म्यादभित्र कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन गर्न सक्ने गरी सुधार गर्ने मौका दिनेछ ।

(९) उपनियम (८) बमोजिम दिइएको म्यादभित्र परियोजना कार्यान्वयनमा सुधार भएको सूचक वा उपलब्धि हासिल हुन नसकेमा सम्बन्धित निकायले त्यस्तो लगानीकर्तालाई थप तीन महिनासम्मको म्याद दिई सो म्यादभित्र सम्बन्धित निकायबाट कार्यतालिका स्वीकृत गराई परियोजना कार्यान्वयन गर्न सचेत गराउनेछ ।

(१०) उपनियम (९) बमोजिमको म्यादभित्र सम्बन्धित लगानीकर्ताले परियोजना कार्यान्वयनको कार्यतालिका सम्बन्धित निकायबाट स्वीकृत गराई सोही बमोजिम परियोजना कार्यान्वयन गर्नु पर्नेछ ।

४२. <u>अनुमतिपत्र रद्द हुने:</u> (१) लगानीकर्ताले सम्झौतामा उल्लिखित अवधिभित्र परियोजना कार्यान्वयन प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र परियोजना कार्यान्वयन प्रारम्भ गर्न नसकिने मनासिब कारण भएमा त्यस्तो कारण खुलाई सम्बन्धित लगानीकर्ताले त्यस्तो अवधि भुक्तान नहुँदै म्याद थपका लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदनको व्यहोरा मनासिब देखिएमा सम्बन्धित निकायले परियोजना कार्यान्वयन प्रारम्भ गर्न बढीमा तीन महिना म्याद थप गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम सम्बन्धित निकायले म्याद थप नगरेमा वा त्यसरी थप गरिएको म्यादमा समेत परियोजना कार्यान्वयन प्रारम्भ नभएमा सम्झौताको अधीनमा रही त्यस्तो अनुमतिपत्र रद्द हुनेछ ।

(५) कुनै परियोजनाले नियम ४१ को उपनियम (१०) बमोजिम कार्यतालिका स्वीकृत नगराएमा वा स्वीकृत कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन नगरेमा वा परियोजना कार्यान्वयन भए तापनि कार्यतालिका बमोजिमको सूचक वा उपलब्धि हासिल गर्न नसकेमा सम्बन्धित निकायले कारण र आधार खुलाई त्यस्तो परियोजनाको लगानी अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

४३. <u>परियोजना हस्तान्तरण सम्बन्धी व्यवस्था:</u> (१) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन भएका परियोजना ऐनको दफा ५५ को उपदफा (१) बमोजिम हस्तान्तरण गर्दा परियोजना र सोसँग सम्बन्धित घर, जग्गा, मेसिन, उपकरण तथा संरचना चालु हालतमा सम्बन्धित निकायलाई हस्तान्तरण गर्नु पर्नेछ । त्यसरी हस्तान्तरण गर्दा त्यस्तो परियोजना सञ्चालनका लागि अत्यावश्यक हुने सीप तथा प्रविधि समेत हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरण भएको परियोजना तथा सोसँग सम्बन्धित वस्तुको स्वामित्व नेपाल सरकारको हुनेछ ।

(३) उपनियम (२) बमोजिम हस्तान्तरण भएको परियोजना नेपाल सरकारले निर्धारण गरे बमोजिम सञ्चालन गरिनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित लगानीकर्ताले नै सोही उपनियम बमोजिम हस्तान्तरण भएको परियोजना सञ्चालन गर्न निवेदन दिएमा सम्बन्धित निकायले परियोजनाको स्वामित्व लिई त्यस्तो लगानीकर्तासँग सो प्रयोजनका लागि परियोजना सञ्चालन सम्झौता गरी त्यस्तो सम्झौतामा उल्लिखित अवधिसम्मका लागि परियोजना सञ्चालन गर्न दिन सक्नेछ ।

## परिच्छेद-६

## लगानीकर्तालाई प्रदान गरिने सुविधा, प्रोत्साहन र संरक्षण

४४. थप सुविधा सम्बन्धी व्यवस्था: (१) अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रचलित कानून बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त ऐनको दफा ४२ को उपदफा (१) बमोजिम देहायको थप आर्थिक सुविधा दिन बोर्डले नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछः-

(क) परियोजनामा प्रयोग हुने निर्माण सामग्रीमा उपयोग हुने पूँजीगत अनुदान,

(ख) परियोजना कार्यान्वयन गर्दाका बखत प्रयोग हुने विद्युत महसुलको आंशिक अनुदान,

(ग) परियोजना कार्यान्वयन गर्न सहुलियत दरमा वा निःशुल्क सरकारी जग्गा उपलब्ध गराउने व्यवस्था,

(घ) प्रचलित कानून बमोजिम पाउने छुटका अतिरिक्त कर छुट वा निर्यात अनुदान,

(ङ) परियोजना निर्माण गर्ने सिलसिलामा पैठारी गरिने वस्तुमा लाग्ने भन्सार लगायतका अन्य कर तथा दस्तुर छुट,

(च) लिज रेण्टलमा छुट,

(छ) बजारमा कायम रहेको भन्दा कम व्याज दरमा ऋण उपलब्ध गराउने व्यवस्था,

(ज) नेपाल सरकारको स्वामित्वमा रहेका मौजुदा पूर्वाधार संरचनाको निःशुल्क वा सहुलियत रकममा प्रयोग गर्न पाउने व्यवस्था,

(झ) परियोजना कार्यान्वयनको सिलसिलामा फिर्ता लैजाने गरी पैठारी हुने मालवस्तु, मेसिनरी उपकरण आदिमा भन्सार छुट दिई अभिलेख कायम गरी वा बैङ्क ग्यारेण्टीमा सामान छुटाउने सुविधा,

(ञ) बोर्डले उपयुक्त देखेका आर्थिक वा अन्य सुविधा।

(२) उपनियम (१) बमोजिम सिफारिसको लागि सम्बन्धित निकायले बोर्डलाई सिफारिस गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम बोर्डले सिफारिस गर्दा अनुगमन तथा सहजीकरण समितिको राय लिन सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिलाई ऐन वा यस नियमावली बमोजिम जुन प्रयोजनको लागि सुविधा दिइएको हो सोको उपयोग सोही प्रयोजनको लागि मात्र गर्नु पर्नेछ ।

(५) उपनियम (४) को प्रतिकूल हुने गरी ऐन वा यस नियमावली बमोजिम प्राप्त हुने सुविधा उपयोग गरेमा त्यस्तो सुविधाको दुरुपयोग भएको मानिनेछ ।

(६) उपनियम (५) बमोजिम सुविधा दुरुपयोग भएको देखिएमा त्यस्तो सुविधा रद्द नगर्नु पर्ने कुनै कारण र आधार भए सोको सफाई पेश गर्न सात दिनको म्याद दिई सम्बन्धित लगानीकर्तासँग बोर्डले स्पष्टीकरण माग गर्नेछ ।

(७) उपनियम (६) बमोजिमको म्यादभित्र स्पष्टीकरण पेश नभएमा वा पेश भएको स्पष्टीकरण मनासिब नदेखिएमा त्यस्तो परियोजनालाई ऐन वा यस नियमावली बमोजिम दिइएका सुविधा ऐनको दफा ४२ को उपदफा (३) बमोजिम रद्द गरी जरिबाना गर्न सकिनेछ ।

(८) ऐनको दफा ४४ बमोजिम कुनै थप सुविधा पाउने लगानीकर्तालाई समेत यस नियम बमोजिमको सुविधा उपलब्ध गराउन सकिनेछ ।

४५. <u>सम्भाव्यता न्यून परिपूरक कोषको सञ्चालन तथा व्यवस्थापन:</u> (१) सम्भाव्यता न्यून परिपूरक कोषको सञ्चालन तथा व्यवस्थापन बोर्डले गर्नेछ।

(२) सम्भाव्यता न्यून परिपूरक कोषको रकम प्रचलित कानून बमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(३) सम्भाव्यता न्यून परिपूरक कोषको रकमबाट बोर्डको सिफारिसमा नेपाल सरकारले गरेको निर्णय बमोजिम ऐनको दफा ४३ बमोजिम परियोजनाको लागि अनुदान वा सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ ।

(४) बोर्डले सम्भाव्यता न्यून परिपूरक कोषबाट परियोजनाको पूँजीगत तथा सञ्चालन अनुदान वा सहुलियत ऋण उपलब्ध गराउन देहायको आधारमा सिफारिस गर्न सक्नेछ :-

(क) प्राविधिक दृष्टिले उपयुक्त तर लगानीको दृष्टिकोणले कम प्रतिस्पर्धा भएको परियोजना वित्तीय रूपले सम्भाव्य बनाउनु पर्ने भएमा,

(ख) परियोजनासँग सम्बन्धित सार्वजनिक निकायबाट विश्लेषण भई पूँजीगत तथा सञ्चालन अनुदान वा ऋण सहुलियत दिने भनी निक्यौंल भएमा,

(ग) परियोजनालाई सम्भाव्य बनाउने अन्य विकल्पहरू पर्याप्त र उपयुक्त नभएमा,

(घ) नेपाल सरकारका नीति, योजना तथा कार्यक्रम भित्र परेका तर सरकारका तर्फबाट तत्काल कार्यान्वयन गर्न नसकिने भएमा,

(ङ) बोर्डले समय समयमा तोकेका अन्य आधारमा ।

(५) उपनियम (१) बमोजिम बोर्डले नेपाल सरकार समक्ष सिफारिस गर्दा सम्बन्धित निकायको अनुरोध समेतको आधारमा देहायका क्षेत्रगत परियोजनालाई ऐनको दफा ४३ को उपदफा (२) बमोजिमको सुविधाको लागि सिफारिस गर्न सक्नेछः-

(क) राष्ट्रिय गौरव, रुपान्तरणकारी वा राष्ट्रिय प्राथमिकता प्राप्त परियोजना,

(ख) नेपाल सरकारले तोकेका जलाशययुक्त बहुउद्देश्यीय विद्युत परियोजना,

(ग) यातायात पूर्वाधार परियोजना,

(घ) कृषिलाई आधुनिकीकरण गर्ने परियोजना,

(ङ) वेष्ट टु इनर्जी परियोजना,

(च) खानेपानी प्रशोधन वा फोहोर पानी प्रशोधन परियोजना,

(छ) बोर्डले तोकेका अन्य परियोजना।

(६) सम्भाव्यता न्यून परिपूरक कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-७

## विविध

४६. <u>एकल बिन्दु सेवा केन्द्रः</u> (१) एकल बिन्दु सेवा केन्द्रमा कार्यालयका कर्मचारीको अतिरिक्त देहायका निकायको प्रतिनिधित्व हुने गरी तत् तत् निकायका कर्मचारी रहने छन्ः-

(क) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,

(ख) भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय,

(ग) वन तथा वातावरण मन्त्रालय,

(घ) नेपाल राष्ट्र बैङ्क,

(ङ) अध्यागमन विभाग,

(च) आन्तरिक राजस्व विभाग,

(छ) उद्योग विभाग,

(ज) खानी तथा भूगर्भ विभाग,

(झ) भन्सार विभाग,

(ञ) श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग,

(ट) विद्युत विकास विभाग,

(ठ) कम्पनी रजिष्ट्रारको कार्यालय,

(ड) नेपाल दूरसञ्चार प्राधिकरण,

(ढ) नेपाल विद्युत प्राधिकरण,

(ण) बोर्डले तोकेका अन्य निकाय ।

(२) उपनियम (१) बमोजिमका निकायबाट प्रतिनिधित्व गर्न कार्यालयले आवश्यकता अनुसार कर्मचारी माग गर्नेछ र त्यस्तो कर्मचारी उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(३) एकल बिन्दु सेवा केन्द्रले देहाय बमोजिमका कार्यका लागि सहजीकरण गर्नेछः-

(क) कम्पनी, फर्म, उद्योगको दर्ता, अनुमति, इजाजत, स्थापना, नवीकरण, कारोबार अनुमति लगायतका कार्यको लागि एकद्वार प्रणाली विकास गरी लगानीकर्तालाई सेवा उपलब्ध गराउने,

(ख) परियोजना विकासका लागि सम्बन्धित निकायमा सिफारिस पत्र जारी गर्ने,

(ग) लगानीकर्तालाई स्थायी लेखा नम्बर उपलब्ध गराउने,

(घ) प्रचलित कानून बमोजिम विदेशी लगानीको स्वीकृति र रकम फिर्ता लैजाने (रिप्याट्रियशन) कार्यको लागि सिफारिस तथा सहजीकरण गर्ने,

(ङ) परियोजना निर्माणको लागि आवश्यक औद्योगिक पूर्वाधार निर्माणमा सहजीकरण गर्ने,

(च) प्रचलित कानून बमोजिम विदेशी लगानीकर्ता तथा कामदारलाई श्रम स्वीकृति तथा भिसा उपलब्ध गराउन सहजीकरण गर्ने,

(छ) लगानी पोर्टलको स्थापना र सञ्चालन गरी लगानी सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने,

(ज) परियोजना विकासका लागि प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनीको पूँजी वृद्धि, उद्देश्य थप, उद्देश्य परिवर्तन, नामसारी, ठाउँसारी वा स्थानान्तरणको स्वीकृति सम्बन्धी कार्य गर्ने वा सहजीकरण गर्ने वा सो सम्बन्धी सिफारिस गर्ने,

(झ) परियोजना कार्यान्वयन सम्बन्धमा आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने,

(ञ) बोर्डले तोकेको अन्य कार्य गर्ने ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले उद्योग विभागसँग आवश्यक समझदारी गरी औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ को उपदफा (१) बमोजिम नेपाल सरकारले स्थापना गरेको एकल बिन्दु सेवा केन्द्र मार्फत् एकल बिन्दु सेवा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

४७. <u>बोर्डको कोष सम्बन्धी व्यवस्था</u>: (१) ऐनको दफा ५७ बमोजिमको कोषमा रहने रकम बोर्डले तोकेको प्रचलित कानून बमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी र कार्यालयको लेखा शाखाको प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

४८. <u>विशेषज्ञ समूह वा कार्यदल</u>: (१) ऐनको दफा १६ को उपदफा (१) बमोजिम विशेषज्ञ समिति वा कार्यदल गठन गर्दा सामान्यता देहायका क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेका विशेषज्ञ समावेश गर्नु पर्नेछः-

(क) इन्जिनियरिङ्ग,

(ख) पूर्वाधार संरचना निर्माण वा सञ्चालन,

(ग) चिकित्साशास्त्र,

(घ) सञ्चार तथा सूचना प्रविधि,

(ङ) वित्त विश्लेषण तथा लेखापरीक्षण,

(च) व्यवस्थापन, वाणिज्यशास्त्र, अर्थशास्त्र, बैकिङ्ग वा बीमा,

(छ) कानून,

(ज) वन तथा वन्यजन्तु संरक्षण,

(झ) कृषि,

(ञ) वातावरण संरक्षण,

(ट) परियोजना विश्लेषण,

(ठ) बौद्धिक सम्पत्ति,

(ड) पर्यटन,

(ढ) बोर्डले तोकेको अन्य क्षेत्र ।

(२) उपनियम (१) बमोजिम विशेषज्ञ समिति वा कार्यदल गठन गर्नको लागि कार्यालयले सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको सूची खडा गरी त्यस्तो सूची अद्यावधिक गर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूची तयार गर्न कार्यालयले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी सम्बन्धित विशेषज्ञको वैयक्तिक विवरण माग गरी त्यस्तो सूची अद्यावधिक गर्न सक्नेछ ।

(४) विशेषज्ञ समिति वा कार्यदलका सदस्यको पारिश्रमिक तथा अन्य सुविधा त्यस्तो समिति वा कार्यदल गठन गर्दाका बखत निर्धारण भए बमोजिम हुनेछ ।

४९. क्षतिपूर्ति निर्धारण सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा ६२ को उपदफा (१) बमोजिम हानि नोक्सानी परेको पक्षले सम्बन्धित निकाय समक्ष त्यस्तो हानि नोक्सानीको क्षतिपूर्तिको लागि निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सोको जाँचबुझ गरी क्षतिको मूल्याङ्कन गर्न ऐनको दफा ६२ को उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित निकायले स्वतन्त्र मूल्याङ्कनकर्ता नियुक्त गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम स्वतन्त्र मूल्याङ्कनकर्ताको नियुक्ति तथा अन्य शर्तहरु सम्बन्धित निकायले निर्धारण गरे बमोजिम हुनेछ।

(४) स्वतन्त्र मूल्याङ्कनकर्ताले मूल्याङ्कन गरी राय सहितको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रतिवेदनको आधारमा क्षतिपूर्ति निर्धारण गरी सम्बन्धित निकायले हानि नोक्सानी गर्ने पक्षबाट त्यस्तो क्षतिपूर्ति भराइदिनु पर्नेछ।

५०. सहमति लिनु पर्नेः ऐन तथा यस नियमावली बमोजिम बोर्डको सङ्गठन संरचना बनाउँदा, विशेषज्ञ नियुक्ति गर्दा, कुनै समिति वा कार्यदल गठन गर्दा वा कुनै कार्यविधि वा निर्देशिका बनाउँदा आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

५१. खारेजी तथा बचाउः (१) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी नियमावली,२०६४ र लगानी बोर्ड नियमावली,२०६९ खारेज गरिएका छन्।

(२) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी नियमावली,२०६४ र लगानी बोर्ड नियमावली,२०६९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

<u>प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिको सिफारिसका लागि दिइने निवेदनको ढाँचा</u>

श्रीमान् संयोजकज्यू,
सिफारिस समिति।

मितिः

विषयः निवेदन पेश गरेको ।

महोदय,

लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस गर्न त्यस समितिबाट मिति .................. मा प्रकाशित सूचना बमोजिम देहायका विवरण सहित यो निवेदन पेश गरेको छु ।

विवरणः-

<u>निवेदकको:</u>

हस्ताक्षरः

नामः

ठेगानाः

सम्पर्क नं.:

## अनुसूची-२

(नियम २४ को उपनियम (१) को खण्ड (ज) सँग सम्बन्धित)

नेपाल सरकारलाई बुझाउनु पर्ने रोयल्टीको दर (उर्जा क्षेत्र)

१. अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको पन्ध्र वर्षसम्म प्रति जडित किलोवाट वार्षिक एक सय रुपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको दुई प्रतिशतका दरले,

२. क्रमसङ्ख्या १. मा उल्लिखित अवधिपछि अनुमतिपत्र प्राप्त व्यक्तिले प्रति जडित किलोवाट वार्षिक एकहजार रुपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको दश प्रतिशतका दरले,

३. वैकल्पिक उर्जा (सौर्य शक्ति वा वायु शक्ति) को हकमा जलविद्युत परियोजना सरहको रोयल्टी ।

## अनुसूची-३

(नियम २४ को उपनियम (२) सँग सम्बन्धित)

प्रस्ताव सम्बन्धी कागजात खरिद वापत लाग्ने शुल्क

| क्र.सं. | परियोजना लागत (रु.) | सेवा शुल्क |
|---|---|---|
| १. | ६ अर्ब भन्दा कम | रु. १,००,०००।- |
| २. | ६ अर्ब देखि १० अर्बसम्म | रु. १,५०,०००।- |
| ३. | १० अर्ब देखि १५ अर्बसम्म | रु. २,००,०००।- |
| ४. | १५ अर्ब देखि २० अर्बसम्म | रु. २,५०,०००।- |
| ५. | २० अर्ब देखि ३० अर्बसम्म | रु. ३,००,०००।- |
| ६. | ३० अर्ब भन्दा बढी | रु.३,५०,०००।- |

## अनुसूची-४

(नियम २९ को उपनियम (२) सँग सम्बन्धित)

<u>समझदारीपत्रमा उल्लेख गर्नु पर्ने विवरण</u>

१. परिभाषाः

२. उद्देश्यः

३. कम्पनीको दायित्व/जिम्मेवारीः

४. कार्ययोजना तथा समय सारिणीः

५. सरोकारवाला सरकारी निकायको अधिकार तथा दायित्व/जिम्मेवारीः

६. कार्यसम्पादन बापतको जमानतः

७. सूचना आदान-प्रदानः

८. अवधिः

९. समझदारीपत्र बहाल रहने/नरहने अवस्थाः

१०. समझदारीपत्र भङ्ग हुने अवस्थाः

११. कम्पनीको प्रतिनिधित्व/जमानीः

१२. अन्यः

## अनुसूची-५

(नियम २९ को उपनियम (३) र (१०) सँग सम्बन्धित)

<u>सर्वेक्षण अनुमति तथा म्याद थप बापतको दस्तुर</u>

**(क) जलविद्युत**

| क्र.सं. | जडान क्षमता | अनुमतिपत्र दस्तुर | म्याद थप दस्तुर |
|---|---|---|---|
| १. | २०० मेगावाट देखि ५०० मेगावाट सम्म | प्रति वर्ष एकमुष्ट ५० लाख रुपैयाँ | प्रति वर्ष अनुमतिपत्र दस्तुर सरह |
| २. | ५०० मेगावाट भन्दा बढी | प्रति वर्ष एकमुष्ट ६० लाख रुपैयाँ | प्रति वर्ष अनुमतिपत्र दस्तुर सरह |

(ख) **वैकल्पिक उर्जा** (सौर्य शक्ति, वायु शक्ति, खनिज, कोइला, ग्याँस वा वायोमास वा फोहोर लगायत अन्य कुनै पदार्थ वा साधनको उपयोगबाट) उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि प्रति मेगावाट प्रति वर्ष १० हजार रुपैयाँ।

**(ग) अन्य पूर्वाधार**

| क्र.सं. | परियोजना लागत (रु.) | अनुमति दस्तुर |
|---|---|---|
| १. | ६ अर्ब भन्दा कम | रु. ३,००,०००।- |
| २. | ६ अर्ब देखि १० अर्बसम्म | रु. ५,००,०००।- |
| ३. | १० अर्ब देखि १५ अर्बसम्म | रु. १०,००,०००।- |
| ४. | १५ अर्ब देखि २० अर्बसम्म | रु. १५,००,०००।- |
| ५. | २० अर्ब देखि ३० अर्बसम्म | रु. २०,००,०००।- |
| ६. | ३० अर्ब भन्दा बढी | रु. २५,००,०००।- |

## अनुसूची-६

(नियम २९ को उपनियम (७) सँग सम्बन्धित)

सर्वेक्षण अनुमतिपत्रको ढाँचा

महाशय,

तपाईले..............परियोजना कार्यान्वयनको सम्बन्धमा सर्वेक्षण अनुमतिका लागि दिनु भएको निवेदन सम्बन्धमा लगानी बोर्डको मिति ......................को निर्णय अनुसार सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७६ को नियम २९ को उपनियम (१) बमोजिम देहाय बमोजिमको सर्वेक्षण अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमति पाउने कम्पनी, व्यक्ति वा सङ्गठित संस्थाको नाम र ठेगानाः-

२. परियोजनाको नामः-

३. परियोजनाको किसिमः-

४. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने भए जलस्रोतको नाम वा अन्यको भए सोही अनुसारको स्रोतः-

५. प्रस्तावित क्षेत्रः-

(क) प्रदेशः- (ख) जिल्लाः-

(ग) गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाः-

(घ) चार किल्लाः-

पूर्व------------ पश्चिम------------------उत्तर--------------- दक्षिण-----------

६. सर्वेक्षणको प्रकृतिः- (सरकारी वा निजी जग्गा, यातायात पूर्वाधार तथा परिबहन, वन यस्तै प्रकारको परियोजनाको प्रकृति खुलाउने)

७. अनुमतिपत्र बहाल रहने अवधिः- मिति........देखि मिति ..........सम्म

८. अन्य आवश्यक शर्तः-

(क)

(ख)

९. अन्य नियमनकारी निकायबाट अन्य कुनै विषयमा अनुमति वा स्वीकृति लिनुपर्ने भए सोको विवरणः-

अनुमतिपत्र दिने अधिकारीको.

हस्ताक्षरः

(कार्यालयको छाप) नामः-

पदः

मितिः-

## अनुसूची-७

(नियम ३१ को उपनियम (१) सँग सम्बन्धित)

<u>लगानी स्वीकृतिको लागि निवेदन</u>

(नेपाली)                    मिति

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,
लगानी बोर्डको कार्यालय ।

.............परियोजनाको लगानी स्वीकृतिको लागि सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७६ को नियम ३१ बमोजिम देहायका विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

१. निवेदक कम्पनी, व्यक्ति वा सङ्गठित संस्थाको नाम र ठेगानाः-

२. परियोजनाको किसिमः-

३. लगानी गर्ने क्षेत्रः- जलविद्युत/पर्यटन/यातायात पूर्वाधार........... (खुलाउने)

४. लगानी गर्ने प्रस्तावित स्थानः-

(क) प्रदेशः-

(ख) जिल्लाः-

(ग) गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिका

(घ) चार किल्लाः-

पूर्व---------------- पश्चिम-------------उत्तर------------ दक्षिण------------

५. लगानीको किसिमः-

६. परियोजनाको अनुमानित लागत (स्वःपूँजी/ऋण लगानी अनुपात) रु. .......

(पुष्ट्याईं/विवरण संलग्न गर्नु पर्ने)

७. लगानी गर्ने अवधिः- मिति ................ देखि........ सम्म

८. अन्य आवश्यक विवरणः-

(क)

(ख)

माथि उल्लिखित व्यहोरा ठीक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।
(सङ्गठित संस्था भए सोको छाप)

<u>निवेदकको,</u>
हस्ताक्षरः-
नामः-
ठेगानाः-

**Schedule-7**
( Relating to sub-rule (1) of Rule 31)

**Application for Investment Approval**
(English) Date

To
The Chief Executive Officer,
Office of the Investment Board

I hereby submit this application, along with the following details, for investment approval of ……….. Project, as per Rule 31 …… of the Public-Private Partnership and Investment Regulation, 2020.

1. Name and Address of Applicant Company, Person or Corporate Body:
2. Type of Project:
3. Sector of Investment : Hydropower/Tourism/Transport Infrastructure…. (to be explained)
4. Proposed Area of Investment:
   a. Province:
   b. District:
   c. Rural Municipality/Municipality/Sub-Municipal Corporation/Municipal Corporation:

   d. Boundaries:
   East-----------------West-------------------North----------------- South--------------------
5. Type of Investment:
6. Estimated Cost of Project (Equity/Debt ratio) Rs—
   ( Explanation/Description to be attached)
7.Period of Investment: From………. To………
8. Other necessary details :
   (a)
   (b)

The above mentioned information is true and correct, if proved false, I shall bear and pay in accordance with law.
(Seal in the case of Corporate Body)

Applicant's,
Signature:
Name:
Address:

**अनुसूची-८**
(नियम ३१ को उपनियम (६) सँग सम्बन्धित)

लगानी अनुमतिपत्रको ढाँचा

महाशय,

................परियोजनाको अध्ययन तथा विकास गर्नका लागि तपाइले निवेदन दिनु भएकोमा लगानी बोर्डको मिति .......................को निर्णय अनुसार सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ३ बमोजिम उक्त परियोजनामा लगानी स्वीकृति प्रदान गरेकोले सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७६ को नियम ३१ को उपनियम (६) बमोजिम लगानी अनुमतिपत्र प्रदान गरिएको छ ।

१. निवेदक कम्पनी, व्यक्ति वा सङ्गठित संस्थाको नाम र ठेगानाः-

२. लगानी हुने परियोजनाको नामः-

३. परियोजनाको किसिमः -

४. स्वीकृत लगानी रकमः-

स्वःपूँजीः- ऋणः-

कुल जम्माः-

५. स्थानीय साझेदारः-

६. लगानी गर्ने प्रस्तावित स्थानः-

(क) प्रदेशः- (ख) जिल्लाः-

(ग) गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिकाः

(घ) चार किल्लाः-

पूर्व---------------- पश्चिम-------------उत्तर--------------- दक्षिण--------------

७. लगानीको प्रकृतिः-

८. लगानी बहाल रहने अवधिः- मिति............देखि मिति............सम्म

९. अन्य आवश्यक शर्तहरुः-

<u>लगानी स्वीकृति दिने अधिकारीको,</u>

हस्ताक्षरः-

(कार्यालयको छाप) नामः-

पदः-

मितिः-

## अनुसूची-९

(नियम ३५ को उपनियम (१) सँग सम्बन्धित)

परियोजना विकास सम्झौताको ढाँचा

१. परिभाषा तथा व्याख्या:
२. परियोजना लगानी अनुमतिपत्रको प्रारम्भ हुने मिति तथा अवधि:
३. शर्तहरु:
४. परियोजना अनुगमन एकाइको व्यवस्था तथा अधिकार र जिम्मेवारी:
५. परियोजना पुनरावलोकन (विज्ञ) समूहको व्यवस्था तथा अधिकार र जिम्मेवारी:
६. परियोजना लगानीको स्रोतको व्यवस्था:
७. परियोजना विकास-निर्माण, सञ्चालन व्यवस्था तथा तरिका:
८. जग्गा प्राप्ति सम्बन्धी व्यवस्था:
९. कर तथा अन्य छुट:
१०. बोर्ड तथा सम्बन्धित निकायको जिम्मेवारी:
११. लगानीकर्ताको जिम्मेवारी:
१२. रोयल्टी शुल्क तथा जमानत सम्बन्धी व्यवस्था:
१३. काबू बाहिरको परिस्थिति:
१४. शर्त पूरा नभएको र सम्झौता भङ्ग हुने अवस्था:
१५. अधिकार र हिस्सेदारी बाँडफाँड:
१६. विवाद समाधान:
१७. प्रतिनिधित्व तथा वारेण्टी:
१८. अन्य:

## अनुसूची-१०

(नियम ३५ को उपनियम (१) सँग सम्बन्धित)

परियोजना लगानी सम्झौताको ढाँचा

१. परिभाषा तथा व्याख्याः
२. शुल्क निर्धारणः
३. परियोजना लगानीको प्रारम्भ हुने मिति तथा अवधिः
४. परियोजनाले समेटेको क्षेत्रः
५. लगानीको स्वामित्वः
६. परियोजनास्थलः
७. परियोजनाको समय सीमाः
८. आर्थिक तथा अन्य सुविधाः
९. कार्यसम्पादन जमानतः
१०. लगानी बोर्डको जिम्मेवारीः
११. परियोजना कम्पनीको जिम्मेवारीः
१२. काबू बाहिरको परिस्थितिः
१३. शर्त पूरा नभएको र सम्झौता भङ्ग हुने अवस्थाः
१४. विवाद समाधानः
१५. प्रतिनिधित्व तथा वारेण्टीः
१६. अन्य विषयः

# "राष्ट्रिय आवास कम्पनी लिमिटेड" को प्रबन्धपत्र

पहिलो संशोधन मिति: २०७९

१. **कम्पनीको नाम**: यस कम्पनीको नाम "राष्ट्रिय आवास कम्पनी लिमिटेड" हुनेछ । जसलाई अंग्रेजीमा "*Rastriya Aawas Company Limited" लेखिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना**: यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ र आवश्यकता अनुसार नेपाल भित्र विभिन्न स्थानहरूमा शाखा, योजना कार्यालय,# .... इकाई @वा सम्पर्क कार्यालयहरू रहनेछन ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति**: कम्पनीले गर्ने व्यवसाय वा कारोवार व्यापारमूलक एवम् सेवामूलक हुनेछ ।

४. **कम्पनीको उद्देश्य**: (१) यस कम्पनीको उद्देश्यहरू देहाय बमोजिम हुनेछन्,–

(क) *प्राकृतिक प्रकोप र अन्य कारणले आवास विहिन परिवारलाई नेपाल सरकारको निर्देशन बमोजिम जग्गा वा आर्थिक श्रोतको व्यवस्थापन गर्ने।

(ख) योजनावद्ध @आवास तथा वस्ती विकास गर्ने ।

(ग) *स्थानीय तहसँगको समन्वयमा प्रचलित कानूनी प्रकृया पुरा गरी जग्गा एकीकरण (Land Pooling) आयोजना सञ्चालन गर्ने।

(घ) *नेपाल सरकारको निर्देशन बमोजिम पुनः स्थापना सम्बन्धी कार्य गर्ने ।

(ङ) #............

(च) राष्ट्रिय आवास नीतिमा उल्लेखित कार्यक्रम एवम् नीतिहरुमा कम्पनीले सम्भव भएसम्मको योगदान एवम् सहभागी भएर कार्यक्रमहरू सञ्चालन गर्ने ।

(छ) शहरी क्षेत्रमा आवासको लागि आवासीय योजना, परियोजनाहरू सञ्चालन गर्ने/गराउने ।

(ज) नागरिक चाहना र यस कम्पनीको उद्देश्य अनुरूप @देशका विभिन्न स्थानमा कम लागतका घर (Low Cost Housing), भवनहरू निर्माण गरी तिनको बिक्री वितरण गर्ने/गराउने ।

(झ) नेपाल सरकारमा कार्यरत राष्ट्र सेवक कर्मचारीहरू र सेवा निवृत कर्मचारीहरूको लागि समेत @तोकिए बमोजिम जग्गा विकास गरी आवास सुविधा उपलब्ध गराउने।

(ञ) नेपाल सरकारले विभिन्न समयमा जारी गरिएको नीति र कार्यक्रम अनुसार आवास कार्यक्रम सञ्चालन गर्ने ।

(ट) नेपालका विभिन्न #... स्थानहरूमा सम्भव भएसम्म सपिङ्ग कम्प्लेक्स, सटर, कवलहरू निर्माण गरी तिनको बिक्री वितरण र बहालमा दिने ।

(ठ) *नेपाल सरकार र दातृसंस्थाहरूसँग सम्पर्क र समन्वय गरी आवास तथा वस्ती विकास कार्यक्रमलाई व्यवस्थित गर्ने ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

# पहिलो संशोधनद्वारा झिकिएको।

@ पहिलो संशोधनद्वारा थपिएको।

@ पहिलो संशोधनद्वारा थपिएको

# पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

(ड) माथि उल्लेखित उद्देश्यहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्ध भएका *निकायहरूसँग समन्वय र सहकार्य गरी आवास #......सम्बन्धी कार्यहरूको प्रबन्ध गर्ने ।

(२) *उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न कम्पनीले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गर्नेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनुमति वा इजाजत पत्रको प्रतिलिपि कार्यालयमा पेश गरिने छ ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरूः** यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरू गर्ने छः

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरू निर्धारण गर्ने।

(ग) कम्पनीको नाममा बैंक तथा वित्तिय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तिय संस्थाबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशीनरी, भवन लगायतका सबै प्रकारका सम्पत्तिहरूको बिमा गराउने ।

(च) प्रचलित कानुनको अधिनमा रही कम्पनीको प्रत्यक्ष किसिमले लाभप्रद प्राविधिक ज्ञान तथा सीपहरु उपलब्ध गराउने र सो को लागि व्यक्ति वा कम्पनीसँग सम्झौता गर्ने ।

(छ) कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरूसँग अनुरोध गर्ने ।

(ज) कम्पनीको तर्फबाट वा विरूद्धमा परेका मुद्दा मामिलाहरूको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानुनी सेवा प्राप्त गरी आफ्नो हक अधिकार र सहुलियत सुविधालाई सुरक्षित राख्ने ।

(झ) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि आफ्नो क्रियाकलापको सम्बन्धमा सर्वसाधारणलाई #... जानकारी गराउन विभिन्न सञ्चार *माध्यम तथा पत्रपत्रिका*मा विज्ञापन/सूचना #...प्रशारण *तथा प्रकाशन गर्ने/गराउने।

(ञ) कम्पनीको हितलाई ध्यानमा राखी कर्मचारी तथा सल्लाहकार भर्ना गर्ने, कारवाही गर्ने, सस्पेण्ड गर्ने, स्पष्टीकरण लिने, राजिनामा स्वीकृत गर्ने, सेवाबाट हटाउने आदि जस्ता सम्पूर्ण कार्य गर्ने।

(ट) #...उद्योग विभागमा मिति २०२०।११।११ मा नेपाल सरकारको पूर्ण स्वामित्वमा रही साविकमा दर्ता भएको नेपाल पुनर्वास कम्पनी प्रा.लि. लाई कम्पनी ऐन, २०२१ अनुसार नेपाल सरकारको ५२ प्रतिशत शेयर *रहने गरी कम्पनी ऐन, २०२१ को दफा १३७ (क)(२) अनुसार ग्रामीण आवास तथा वस्ती विकास कम्पनी लिमिटेड (हाल परिवर्तित राष्ट्रिय आवास कम्पनी लिमिटेड.) #..... बाट पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हुँदा साविक नेपाल पुनर्वास कम्पनीको जायजेथा कम्पनीलाई वितरण गर्न नेपाल सरकारले दिएको सम्पूर्ण जमिन र कम्पनीसँग भएको नेपाल सरकारलाई तिर्नु पर्ने

---

# पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

रकम र नेपाल सरकारको तर्फबाट कम्पनीले तिर्नु पर्ने रकम दायित्व मूल्याङ्कन गरी दायित्वको मूल्याङ्कन कटाई हुन आउने जायजेथाको मूल्याङ्कन बराबरको शेयर नेपाल सरकारलाई दिने । साविक नेपाल पुनर्वास कम्पनी प्रा.लि. *र #.... ग्रामीण आवास तथा वस्ती विकास कम्पनी लिमिटेड @को दायित्व र सम्पति #.... राष्ट्रिय आवास कम्पनी लिमिटेडले सकार्नेछ ।

(ठ) आवश्यकता अनुसार आवास क्षेत्र विकासका लागि #...... जग्गा प्राप्त गर्ने र उक्त जग्गाको विकास गर्ने।

(ड) आवास क्षेत्र विकासका लागि सम्बन्धित निकायहरूसँग सम्पर्क राखी खानेपानी, ढल, सडक, विद्युत, स्वास्थ्य, शिक्षा जस्ता पुर्वाधारहरु खडा गर्ने/गर्न लगाउने ।

(ढ) आवासीय क्षेत्रका प्लटहरू बिक्री वितरण गर्ने ।

(ण) आवास क्षेत्र विकास तथा *प्राकृतिक प्रकोपबाट पीडित परिवार र आयोजना सञ्चालन हुँदा विस्थापित हुने परिवारहरूका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी संघ, संस्थाहरूबाट आर्थिक अनुदान, वस्तुगत सहायता र ऋण सहयोग प्राप्त गर्ने ।

(त) घडेरी खरिद गर्न र आवास निर्माणमा सहयोग पुऱ्याउन विभिन्न बैंक र वित्तिय संस्थाहरूबाट दीर्घकालीन आवास ऋणको व्यवस्था मिलाउने, यस्तो आवास ऋण प्रदान गर्ने कार्यमा निर्दिष्ट आवास क्षेत्रहरूमा आवास घर निर्माण गर्न निम्न आय वर्गका परिवारहरूलाई प्राथमिकता दिने।

(थ) आवास निर्माण र @वस्ति विकास गर्दा स्थानीय सामाग्रीहरू #..... उपयोगमा ल्याउन *सम्बन्धित निकायहरूको सहयोगमा स्थानीय जनताहरूलाई प्रोत्साहित गर्ने #....................।

(द) आवास कार्यक्रम सञ्चालन गरिएको क्षेत्रमा सम्बन्धित *निकायको सहयोगमा *स्वस्थकर आवास वातावरण सिर्जना गर्न जनताहरूलाई उत्प्रेरित गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ध) कम्पनी अन्तर्गत वितरण गर्न बाँकी जग्गाको उपयुक्तता हेरी आवास कार्यक्रमका लागि उपयोगमा ल्याउने ।

(न) आवास योजनाहरूमा आवश्यकता अनुसार कार्यालयहरू खोली आवास सम्बन्धी लक्षित #.............. कार्यक्रमहरु सञ्चालन गर्ने।

(प) #..................।

(फ) #..................।

(ब) कम्पनीको कार्यको लागि आवश्यक पर्ने चल, अचल सम्पत्ति खरिद गर्ने, प्राप्त गर्ने ।

(भ) खरिद गरी वा अन्य किसिमबाट प्राप्त कम्पनीको चल, अचल सम्पत्ति बिक्री गर्ने, भाडामा दिने, लिजमा दिने ।

(म) कम्पनीको सबै वा केही उद्देश्य अनुरूपका कम्पनी संस्थानहरूको शेयर खरिद गरी वा नगरी त्यस्तो कम्पनी वा संस्थानहरूलाई सञ्चालन गर्ने ।

(य) #..... कम्पनीले उचित ठहराए बमोजिम *आफ्नो सम्पति ऋण दिने वा लगानी गर्ने र त्यस्तो ऋण वा लगानी गरिएको रकम असुल गर्ने ।

---

@ पहिलो संशोधनद्वारा थपिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

@ पहिलो संशोधनद्वारा थपिएको।

# पहिलो संशोधनद्वारा झिकिएको

(र) कम्पनीको सबै वा केही उद्देश्यसँग मेल खाने वा कम्पनीको सम्वर्द्धन तथा विकासमा सहयोग हुने कुनै कम्पनी वा संस्थानका शेयर खरिद गर्ने वा अन्य कुनै किसिमबाट त्यस्तो अधिकार प्राप्त गर्ने।

(ल) विल अफ एक्सचेन्ज, प्रमिसरी नोट, चेक तथा अन्य नेगोसिएवल डकुमेन्ट खिच्ने, स्वीकार गर्ने, बनाउने, दरपिठ गर्ने ।

(व) कम्पनीले उचित सम्झे बमोजिम (स्वीकृति लिनु परेमा स्वीकृति लिई) ऋण पत्र, डिवेन्चर, वचत पत्र जारी गर्ने ।

(श) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी, कामदार, विशेषज्ञ नियुक्ति गर्ने, निजहरुको तलव, भत्ता, पारिश्रमिक तोक्ने र आवश्यक परे तिनिहरुलाई निलम्वन गर्ने, वरखास्त गर्ने, हटाउने ।

(ष) *कम्पनीको विकास तथा प्रवर्द्धन गर्नको लागि लागेको सबै मूल्य शुल्क तथा अन्य प्रशासनिक खर्च कम्पनीले व्यहोर्ने र भुक्तानी गर्ने ।

(स) वैदेशिक रोजगारमा विदेश गएका व्यक्तिहरूसँग सहकार्य तथा सम्बन्ध स्थापित गरी विशेष प्रकारका सुन्दर *वस्ती र शहर बनाउन आवश्यक पहल गर्ने ।

(ह) माथि उल्लेखित कार्यहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्ध भएका अन्य विषय सम्बन्धी कार्य गर्ने/गराउने ।

६. **कम्पनीको पुँजीको संरचना**ः कम्पनीको पुंजीको संरचना देहाय बमोजिम हुनेछः

(क) कम्पनीको अधिकृत पुंजी रु. २०,००,००,०००।- (बीस करोड रुपैयाँ) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १००।- (एक सय रुपैयाँ) दरका २०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । कम्पनीले अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरेको छैन ।

(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पुँजी रु. १०,००,००,०००।- (दश करोड रुपैयाँ) हुनेछ। सो पुँजीलाई प्रतिशेयर रु. १००।-दरका १०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कवुल गरेको पुँजी रु. ५,२०,००,०००।- (पाँच करोड बीस लाख रुपैयाँ) हुनेछ ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५२ प्रतिशत हुनेछ ।

(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरीद गर्ने शेयरधनीलाई समूह “ख” मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४८ प्रतिशत हुने छ । उक्त शेयरहरु सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

(च) कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानुनको अधिनमा रही कम्पनीले आफ्नो पुँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

(छ) उक्त जारी पुँजी मध्ये साविक नेपाल पुनर्वास कम्पनी यस कम्पनीमा परिणत भएको हुँदा साविक कम्पनीको सम्पत्ति मूल्याङ्कन गरी सो बराबरको शेयर नेपाल सरकारलाई दिइनेछ ।

७. **कम्पनीको शेयरको किसिम**ः हाल साधारण शेयर बाहेक अन्य प्रकारको शेयरको व्यवस्था नगरिएको हुँदा कम्पनीको शेयरको किसिम साधारण शेयर मात्र हुने छ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा *आवश्यक संशोधन गरी प्रचलित कानुनको रित पुऱ्याई त्यस्तो शेयर जारी गर्न सकिनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

८. **शेयर खरीद तथा हस्तान्तरण सम्बन्धी व्यवस्थाः**

(क) यस कम्पनीको शेयरधनिहरूले कम्पनीको प्रथम बार्षिक साधारण सभा नभएसम्म र निजको नाममा जारी भएको शेयरको कम्पनीबाट माग भएको मूल्य पूर्ण रूपमा चुक्ता नभएसम्म आफूले लिएको शेयर बिक्री वितरण वा कुनै किसिमबाट हक छाडी दिन र धितो वन्धक राख्न पाइने छैन । तर कम्पनीको सञ्चालक/प्रबन्ध निर्देशकले ग्रहण गरेको शेयर कम्तीमा पाँच बर्षसम्म कसैलाई पनि हस्तान्तरण गर्न पाउने छैन। तर निजको मृत्यु भई शेयर नामसारी हुने सम्बन्धमा यो व्यवस्था लागु हुने छैन ।

(ख) *खण्ड (क) बमोजिमको अवस्था पुरा भई शेयर धनीहरू बाहेक अन्यलाई बिक्री वितरण वा हक छाडी दिन वा धितोबन्धक राख्नु परेमा सञ्चालक समितिको पूर्व स्वीकृति लिएर मात्र गर्न सकिने छ ।

(ग) कुनै शेयरवालाको मृत्यु भएमा सो शेयरवालाले आफ्नो मृत्यु पछि फलानो व्यक्तिलाई मेरो नामको शेयर नामसारी गरी दिनु भनि कम्पनीमा लेखि दिएको रहेछ भने सोही इच्छाईएको व्यक्तिका नाउँमा र सो रहेनछ भने निजको सबै भन्दा नजिकको हकदारको नाउँमा नामसारी गरिनेछ ।

९. **शेयर वापतको रकमको भुक्तानी**ः (१) कम्पनीले आफ्नो आवश्यकता अनुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पुर्ण रूपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयर वापत कम्पनीले माग गरेको रकम निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने *सम्बन्धमा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

१०. **दायित्व सीमित हुनेः** #..... कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन ।

११. **अन्य आवश्यक कुराहरू**ः (१) कम्पनीको स्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्ने छ ।

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक कुनै पनि किसिमको अचल सम्पत्तीबाट कम्पनीको शेयर खरिद गर्न वा शेयरमा हक पाउन सक्ने छ ।

(३) कम्पनीले कारोबार शुरु गर्दाको बखत संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्ने छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने कुरा कम्पनीको साधारण सभाको निर्णय बमोजिम हुनेछ ।

(५) कम्पनीको शेयर बिक्री वा हस्तान्तरणमा भएका बन्देज सम्बन्धी *प्रावधान प्रबन्धपत्रको दफा ८ बमोजिम हुनेछ ।

१२. **प्रबन्धपत्रमा संशोधन भएमा लागु हुने अवस्था**ः यस प्रबन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी वा विशेष साधारण सभाबाट निर्णय गरी सो प्रस्ताव वा निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१३. **प्रबन्धपत्रमा बाझिएको हदसम्म अमान्य हुनेः** प्रबन्धपत्रमा लेखिएको कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

---

# पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

१४. **<u>संस्थापकले तत्काल लिन कवुल गरेको शेयर संख्या र उद्घोषण</u>**: हामी “राष्ट्रिय आवास कम्पनी लिमिटेड” का संस्थापकहरूले यो कम्पनी स्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मन्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कवुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुठ्ठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएको कुरा साँचो हो, झुठ्ठा ठहरे कानुन बमोजिम सहन बुझाउन मन्जुर छौ भनी सहिछाप गरेका छौं ।

१५. **<u>बचाउ</u>**: यो प्रबन्ध पत्र लागु हुनु अघि प्रचलनमा रहेको प्रबन्धपत्र बमोजिम भए गरेका काम कारवाही यो प्रबन्धपत्र लागू भएपछि यसै प्रबन्धपत्र बमोजिम भएको मानिनेछ ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखतः<br>नामः नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>र<br>दस्तखतः<br>महालेखा नियन्त्रकको कार्यालय | | | १,८०,००० थान | दस्तखतः<br>नामः<br>ठेगानाः<br>दा. वा. | |
| दस्तखतः<br>नामः नेपाल सरकार<br>वन @<u>तथा भूसंरक्षण</u> विभाग<br>र<br>दस्तखतः<br>महालेखा नियन्त्रकको कार्यालय | | | १,७०,००० थान | दस्तखतः<br>नामः<br>ठेगानाः<br>दा. वा. | |

---

@ पहिलो संशोधनद्वारा थप

# राष्ट्रिय आवास कम्पनी लिमिटेडको नियमावली

स्वीकृत मिति २०७५

पहिलो संशोधन मिति २०७९

## परिच्छेद–१
## प्रारम्भिक

१. **कम्पनीको नामः** यस कम्पनीको नाम "राष्ट्रिय आवास कम्पनी लिमिटेड" हुनेछ। जसलाई अंग्रेजीमा "*Rastriya Aawas Company Limited" लेखिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ र आवश्यकता अनुसार नेपालभित्र विभिन्न स्थानहरुमा शाखा, योजना कार्यालय,#....इकाई @वा सम्पर्क कार्यालयहरु रहनेछन् ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ लाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "कम्पनी" भन्नाले राष्ट्रिय आवास कम्पनी लिमिटेडलाई सम्झनु पर्दछ ।

(घ) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्दछ ।

(च) "प्रबन्धपत्र" भन्नाले यसै कम्पनीको प्रबन्धपत्र र समय समयमा त्यसमा हुने संशोधन समेतलाई जनाउँनेछ।

(छ) "नियमावली" भन्नाले यसै कम्पनीको नियमावली र समय समयमा त्यसमा हुने संशोधन समेतलाई जनाउँनेछ ।

(ज) "लेखापरीक्षक" भन्नाले कम्पनीको हिसावको लेखापरीक्षण गर्नको लागि नियुक्त व्यक्ति तथा निकायलाई सम्झनु पर्दछ ।

(झ) "लिक्वीडेटर" भन्नाले कम्पनी खारेजीको प्रकृयामा कम्पनीद्वारा नियुक्त व्यक्ति तथा निकायलाई सम्झनु पर्दछ ।

(ञ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि आषाढ मसान्त सम्मलाई जनाउँनेछ ।

(ट) "*रजिष्ट्रर" भन्नाले शेयरवालाहरुको नाम दर्ता भएको किताबलाई जनाउँनेछ ।

(ठ) "संस्थापक" भन्नाले कम्पनी दर्ता हुँदाका बखत प्रबन्धपत्र र नियमावलीमा शेयर लिने गरी दस्तखत गर्ने शेयरवालाहरुलाई जनाउँनेछ ।

(ड) "शेयरवाला" भन्नाले कम्पनीको एक वा बढी शेयर लिनेलाई जनाउँनेछ ।

(ढ) "समुह" भन्नाले कम्पनीको क, ख श्रेणीका समुहलाई जनाउँनेछ ।

(ण) "समिति" भन्नाले कम्पनीको सञ्चालक समितिलाई जनाउँनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

# पहिलो संशोधनद्वारा झिकिएको ।

@ पहिलो संशोधनद्वारा थपिएको।

* पहिलो संशोधनद्वारा संशोधित ।

(त) “सञ्चालक” भन्नाले कम्पनीको भइरहेका सञ्चालक र सो शब्दले वैकल्पिक सञ्चालक समेतलाई जनाउँनेछ। “प्रथम सञ्चालक” भन्नाले कम्पनी दर्ता भएका बखत लेखिएको संस्थापक सञ्चालकलाई जनाउँनेछ।

(थ) “शेयर” भन्नाले कम्पनीको शेयर पुँजीको खास मुल्य र संस्थामा विभाजन गरिएको विभिन्न श्रेणीको शेयरलाई बुझाउँनेछ ।

(द) “लाभांश” भन्नाले @शेयर वापतको प्रतिफल सम्झनु पर्दछ र सो शब्दले वोनस समेतलाई जनाउँनेछ ।

(ध) “एकवचन” शब्दले बहुवचन र “बहुवचन” शब्दले एक वचन समेत जनाउँनेछ ।

(न) “पुरुष लिङ्ग” जनाउँने शब्दले *अन्य लिङ्ग समेतलाई जनाउँनेछ ।

(प) “व्यक्ति” भन्नाले फर्म, साझेदारी तथा संगठित संस्था समेतलाई सम्झनु पर्दछ ।

(फ) “विनियम” भन्नाले सञ्चालक समितिले कर्मचारी तथा मजदुरहरुको नियुक्ति, सजाय र आन्तरिक प्रशासकीय तथा आर्थिक व्यवस्था एवम् अन्य कारोवार सम्बन्धमा यस नियमावलीले दिएको अधिकार प्रयोग गरी बनाई लागू गरेको विनियमलाई मान्नु पर्दछ ।

(ब) “विभाग” भन्नाले कम्पनी ऐन, २०६३ मा उल्लेख भए बमोजिम नेपाल सरकारको उद्योग विभाग वा नेपाल सरकारले तोकेको अन्य कुनै विभाग वा कार्यालयलाई सम्झनु पर्छ ।

@(भ) “रजिष्ट्रार” भन्नाले यस कम्पनीको प्रबन्धपत्र र नियमावलीको रेकर्ड राख्ने कम्पनी रजिष्ट्रार कार्यालय सम्झनु पर्दछ।

४. **कम्पनीको उदेश्य**: कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद—२

## शेयर पुँजी तथा ऋण

५. **शेयरको अंकित मूल्य**: यस कम्पनीको शेयरको अंकित मुल्य रु. १००।- हुनेछ ।

६. **शेयरमा लियनः** (१) शेयरवालाले कम्पनीलाई शेयरको भुक्तान गर्नु पर्ने रकम वापत निजहरुका नाममा दर्ता भएको सबै शेयरहरु, त्यसको बिक्रीबाट आउने सबै रकम र त्यस्ता शेयरहरुको सम्बन्धमा समय समयमा घोषित गरिने सबै लाभांशहरु माथि कम्पनीको सबैभन्दा पहिलो लियन रहनेछ र त्यस्तो शेयरहरुको सम्बन्धमा तिर्नुपर्ने सबै लाभांशहरु उपर पनि कम्पनीको लियन रहनेछ ।

(२) त्यस्तो लियन लागु गर्ने प्रयोजनको निमित्त सञ्चालक समितिले आफूले उपयुक्त देखे बमोजिम आफ्नो लियन भएको शेयरहरु बिक्री गर्न सक्नेछ। तर कम्पनीको बाँकी जुन रकम वापत सो शेयर लियन रहेको छ, सो रकम भुक्तानी गर्न दिइएको म्याद नपुगेसम्म त्यसरी बिक्री गर्ने मनसायको लिखित सूचना त्यस्तो शेयरवाला वा निजको कानुनी हकवालालाई *नदिएसम्म शेयरहरु बिक्री गर्न सकिने छैन ।

(३) त्यस्तो शेयर बिक्रीबाट उठेको रकमबाट कम्पनीलाई सो लियन अन्तर्गतका शेयर वापत तत्काल भुक्तानी गर्न बाँकी रहेको #.... सबै रकम सोधभर्ना गरिनेछ र त्यसबाट रकम बचत हुन आएमा सो वचत रकम त्यस्तो शेयरवाला वा निजको कानुनी प्रतिनिधिलाई फिर्ता दिइनेछ ।

---

@ पहिलो संशोधनद्वारा थपिएको।

* पहिलो संशोधनद्वारा संशोधित ।

@ पहिलो संशोधनद्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित ।

# पहिलो संशोधनद्वारा झिकिएको ।

(४) *यस नियम अन्तर्गत जफत गरिएको कुनै शेयर बिक्री गरिए पछि समितिले त्यस्तो बिक्री गरेको शेयरहरु खरिद गर्ने व्यक्तिको नाममा सो शेयर दर्ता गराउन सक्नेछ । #......

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु:** *कम्पनीले साधारण शेयर मात्र जारी गर्नेछ।

८. **शेयरधनीको अधिकारमा हेरफेर र स्वीकृति सम्बन्धी व्यवस्था:** नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने #.... शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृती सम्बन्धी व्यवस्था आवश्यक *पर्ने छैन ।

९. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था:** कम्पनीको सम्पुर्ण शेयर साधारण शेयर मात्र रहेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेमा प्रचलित कानूनको अधिनमा रही सम्बन्धित निकायको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ।

१०. **संस्थापकले लिनु पर्ने शेयर:** कम्पनीको संस्थापक हुन न्यूनतम ५०० कित्ता शेयर लिएको हुनु पर्नेछ।

११. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था:** (१) सञ्चालक समितिले आफुले उपयुक्त देखे बमोजिम समय समयमा शेयरवालाहरुलाई निजहरुले लिएको शेयर वापत बुझाउनु पर्ने बाँकी रुपैयाको भुक्तानीको माग (कल) गर्न सक्नेछ र प्रत्येक शेयरवालाले यसरी माग गरिएको प्रत्येक किस्ता #... रकम सञ्चालक समितिले तोकेको व्यक्तिलाई तोकिएको समय स्थानमा बुझाउनु पर्छ, *यस्तो बाँकी रकम किस्ताबन्दीमा भुक्तानी गर्नु पर्ने गरी माग गर्न सकिनेछ। सञ्चालक समितिले त्यस्तो कुनै भुक्तानी माग गर्ने अख्तियारी दिई प्रस्ताव गरेपछि सो भुक्तानी माग गरिएको मानिनेछ ।

(२) *उपनियम (१) बमोजिम शेयर वापत बुझाउनु पर्ने बाँकी रुपैयाको निमित्त कम्पनीले ३०/३० दिनको म्याद र स्थान तोकी प्रत्येक शेयरवालालाई कम्पनी ऐनमा तोकिएको ढाँचामा लिखित सूचना पठाउनु पर्छ ।

(३) @उपनियम (२) बमोजिम तोकिएको समयमा कुनै शेयरवालाले कुनै शेयरको भुक्तान गर्नु पर्ने रकम वा किस्ता रकम #..... भुक्तानी नगरेमा सो वापत निजले भुक्तानी गर्न तोकिएको मितिले वास्तविक भुक्तानी भएको मितिसम्म@को अवधिलाई *वार्षिक दश प्रतिशतका दरले व्याज तिर्नु पर्नेछ । त्यस्तो व्याजको रकम सबै वा केही तिर्नु नपर्ने निर्णय गर्ने अधिकार समितिलाई रहनेछ ।

(४) *साझेदारीमा लिएको शेयर वापत कम्पनीलाई *भुक्तान गर्नु पर्ने रकम वा किस्ता रकमको भुक्तानीको निमित्त साझेदारहरु संयुक्त रुपमा वा अलग अलग पनि *जिम्मेवार हुनेछन् ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

# पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

# पहिलो संशोधनद्वारा झिकिएको।

# पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

@ पहिलो संशोधनद्वारा थप ।

@ पहिलो संशोधनद्वारा थप ।

(५) *उपनियम (२) बमोजिम तोकिएको समयमा कम्पनीलाई भुक्तानी गर्नुपर्ने रकम वा किस्ता रकम नबुझाउने शेयरधनीलाई समितिले थप ३५ दिनको म्याद दिई ब्याज सहित हुन आउने रकम बुझाउन सूचना पठाउनेछ। उक्त म्यादभित्र रकम नबुझाएमा शेयर जफत हुने व्यहोरा समेत सोही सूचनामा जानकारी गराइनेछ।

(६) *उपनियम (५) बमोजिम सूचनादिदाँ पनि शेयर बापत बुझाउनु पर्ने रकम भुक्तानी नगरी बाँकी राख्ने शेयरधनीहरुको शेयर जुनसुकै बखत समितिबाट निर्णय गरी जफत गर्न सकिनेछ र समितिबाट भएको यस किसिमको निर्णय शेयर जफतको अन्तिम निर्णय हुनेछ ।

तर शेयर जफत हुनुभन्दा अघी त्यस्तो शेयरका सम्बन्धमा घोषणा भएको भुक्तानी हुन बाँकी सबै लाभांशहरु समावेश गरिनेछ ।

(७) #..... उपनियम (६) मा लेखिए बमोजिमको कुनै शेयर जफत गरिएपछि जफत हुनु भन्दा अघिसम्म सो शेयर जुन शेयरवालाको नाममा कायम रहेको थियो निजलाई जफत सम्बन्धी *निर्णयको सूचना पठाइनेछ र जफत गरिएको #.... मिति समेत तुरुन्त *रजिष्ट्ररमा चढाइनेछ ।

(८) #.... जफत गरिएको शेयर कम्पनीको सम्पत्ति हुनेछ र *त्यस्तो शेयरलाई समितिले उपयुक्त देखे बमोजिमको शर्त र तरिकाबाट बेचविखन वा पुनः बाँडफाड #... गर्न सक्नेछ ।

(९) कुनै शेयर जफत भएपछि सो शेयर उपरको @साविकका शेयरधनी हरुको सबै हकहरु समाप्त हुनेछ र सो शेयर वापत कम्पनीको विरुद्ध कुनै हक दावी लाग्न सक्ने छैन ।

१२. **शेयर बिक्री वा *धितो बन्धक सम्बन्धी व्यवस्थाः** (१) कम्पनीको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितो बन्धक राख्न सकिनेछ ।

(२) शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था *धितोपत्र कारोवार सम्बन्धि ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **शेयरको प्रमाण पत्रः** (१) शेयरवालाहरुलाई शेयरको प्रमाणपत्र दिदाँ कम्पनीको छाप र कुनै सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये #..... २ (दुई) जनाको दस्तखत गराई दिइनेछ ।

(२) त्यस्तो प्रत्येक प्रमाण पत्रमा सिलसिलेवार नम्बर सहित शेयरको रकम र त्यसको भुक्तानी भएको रकम जनाइनेछ ।

(३) प्रत्येक शेयरवालाले आफ्नो नाममा दर्ता भएको शेयरको एउटा प्रमाण पत्र वा प्रत्येक शेयरको भिन्नाभिन्नै प्रमाणपत्र पाउन सक्नेछ ।

(४) कुनै प्रमाण पत्र झुत्रो भएमा वा हराएमा सञ्चालक समिति समक्ष त्यसको धनीले सो हराएको वा नोक्सान भएको थाहा पाएको ३५ (पैतीस) दिनभित्र कम्पनीको मुख्य कार्यालयमा दरखास्त दिनु पर्नेछ । त्यस्तो दरखास्त पर्न आएमा समितिले ऐन बमोजिमको रित पुऱ्याई सो हराएको वा नष्ट भएको प्रमाणपत्रको सट्टा नयाँ प्रमाणपत्र दिन सक्नेछ। यस *उपनियम अनुसार नयाँ प्रमाणपत्र दिदाँ कम्पनीलाई प्रत्येक प्रमाणपत्रको रु. १००।- (सय) दस्तुर बुझाउनु पर्नेछ ।

(५) दुई वा दुई भन्दा बढी व्यक्तिहरु मिलि संयुक्त रुपले शेयर कित्ता लिएमा तिनिहरु मध्ये जसको नाम कम्पनीको दर्ता किताबमा सबभन्दा पहिला लेखिएको छ उसलाई शेयर प्रमाणपत्र दिइनेछ ।

---

# पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

@ पहिलो संशोधनद्वारा थप

@(६) यस नियमको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अभौतिकीकरण भएका शेयरका सम्बन्धमा दिइने प्रमाणपत्र सम्बन्धी व्यवस्था विद्युतीय शेयर कारोबार सम्बन्धी कानून बमोजिम हुनेछ ।

१४. **शेयर पुँजी हेरफेर सम्बन्धी व्यवस्था**: (१) कम्पनीको साधारण सभामा विशेष प्रस्ताव पास गरी सम्बन्धित निकायको स्वीकृति लिई उक्त प्रस्तावमा तोकिएको मुल्यको शेयरहरुमा विभाजन हुने गरी आफ्नो शेयर पुँजी बढाउन सक्नेछ ।

(२) कम्पनीले विशेष प्रस्तावद्वारा आफनो शेयर पुँजीलाई कम्पनी ऐन अनुसार सम्बन्धित निकायको स्वीकृति लिई घटाउन सक्नेछ ।

१५. **आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्था**: (१) ऐनको अधिनमा रही सम्बन्धित निकायको स्वीकृति लिई कम्पनीले आफ्नो शेयर आफै खरिद गर्न सक्नेछ ।

(२) कम्पनीले आफ्नो शेयर आफै खरिद गर्दा ऐनको अधिनमा रही सञ्चालक समितिले तोके बमोजिमको प्रतिशतसम्म खरिद गर्न सकिनेछ ।

(३) कम्पनीले आफ्नो शेयर आफै खरीद गर्दा *प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

१६. **ऋण वा डिवेन्चर सम्बन्धी व्यवस्था**: (१) कम्पनीले प्रचलित कानूनको अधिनमा रही ऋण वा डिवेन्चर उठाउन सक्नेछ ।

@तर जारी पुँजी पूर्ण रुपमा चुक्ता नभएसम्म कम्पनीले डिवेन्चर उठाउन सक्ने छैन ।

(२) #......

(३) @ऐनमा उल्लेख भए बमोजिम साधारण सभाले अनुमोदन गरी कम्पनीले जारी गरेको डिवेन्चर शेयरमा परिणत हुन सक्नेछ । #......

(४) उपनियम (३) बमोजिम डिवेन्चर शेयरमा परिणत गर्नु पर्दा सो सम्बन्धी कुनै शर्त तोक्नु परेमा सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

(५) कम्पनीको डिवेन्चर अन्य चल सम्पती सरह धितो बन्धक राख्न सकिनेछ ।

(६) ऋण वा डिवेन्चर सम्बन्धी अन्य *व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(७) डिवेन्चर *हस्तान्तरण र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

१७. **शेयर तथा डिवेन्चर दर्ता किताबको निरीक्षण**: शेयरधनी तथा डिवेन्चरवालाले कम्पनीको शेयर वा डिवेन्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा १० दिन अगावै सूचना टाँस गरी एक बर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

## परिच्छेद–३
## साधारण सभा

१८. **कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्था**: (१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन्:-

(क) वार्षिक साधारण सभा र

* पहिलो संशोधनद्वारा संशोधित।

@ पहिलो संशोधनद्वारा थपिएको।

# पहिलो संशोधनद्वारा झिकिएको।

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनी स्थापना भएको मितिले १२ (बाह्र) महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको ६ (छ) महिनाभित्र गरिनेछ ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ। सो कुराको सूचना कम्तिमा २ (दुई) पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा पनि प्रकाशित गर्नु पर्नेछ।

(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ।

(५) उपनियम (४) मा उल्लेखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कुल सञ्चालकहरु मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनु पर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरु मध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपुरक सङ्ख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तीमा ७ दिन अघि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रित पूर्वकको सूचना दिएको मानिनेछ ।

१९. <u>साधारण सभाको कार्यविधि</u>: (१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकले आफु मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफु मध्येबाट छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारवाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपुरक सङ्ख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपुरक सङ्ख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले विधिवत @<u>सभा</u> सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा निर्णय नभई अध्यक्षले अनुमती दिएकोमा बाहेक अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रकृया अनुसार मत सङ्कलन गरिनेछ ।

---

@ पहिलो संशोधनद्वारा थपिएको।

२०. **साधारण सभामा पेश गर्ने अन्य विषय**: कम्पनीको सञ्चालक समितिले साधारण सभामा कुनै विषय पेश गर्ने भनी बहुमतबाट निर्णय गरेमा जुनसुकै विषय पनि साधारण सभामा पेश गरी सो उपर छलफल गर्न सकिनेछ।

२१. **विशेष प्रस्तावः** ऐनमा उल्लेख भएका विषय बाहेक देहायका विषयमा निर्णय गर्दा कम्पनीको साधारण सभामा विशेष प्रस्ताव पारित गरी वा विशेष साधारण सभाले निर्णय गरी पारित गर्नु पर्नेछः

*(क) ऋण वा डिवेन्चर सम्बन्धी विषय।

*(ख) कम्पनीको खारेजी विषय।

*(ग) प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन सम्बन्धी विषय।

२२. **विशेष साधरण सभाः** ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३. **गणपुरक सङ्ख्या**: बाँडफाड भएको कुल शेयर सङ्ख्याको कम्तीमा ६७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुने छैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कुल शेयर सङ्ख्याको कम्तीमा ३३ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरु स्वयम् वा आफनो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

२४. **प्रोक्सी मत सम्बन्धी व्यवस्था**: (१) @कुनै शेयरधनीले प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई @आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न *सक्नेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफु स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्ध भएको मानिनेछ।

(३) प्रतिनिधि नियुक्त गरिएकोमा निज प्रतिनिधि मार्फत मतदान गर्न पाइनेछ ।

(४) प्रतिनिधि मार्फत मतदान गर्दा शेयरवालाको शेयरको हदसम्म निजले मतदान गर्न पाउनेछ ।

(५) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफुलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधित्वको हैसियतले मतदान गर्न पाउने छैन ।

२५. **मतदान**: (१) ऐन तथा यस विनियमावली अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एकमत दिने अधिकार हुनेछ ।

(२) #.....

(३) साधारण सभामा मताधिकार नहुने प्रकृतिका कुनै किसिमको शेयर जारी गरिने छैन ।

(४) #....

(५) सञ्चालक @सदस्यको निर्वाचन गर्दा मतदान नगरी नियम २७ *को उपनियम (३) बमोजिम गरिनेछ।

२६. **साधारण सभाको निर्णय विवरणको अभिलेख**: (१) ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारवाही तथा निर्णयका विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा प्रबन्ध सञ्चालकले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा प्रबन्ध सञ्चालक अनुपस्थित भएको वा प्रबन्ध

---

* पहिलो संशोधनद्वारा संशोधित।

@ पहिलो संशोधनद्वारा थपिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

# पहिलो संशोधनद्वारा झिकिएको।

सञ्चालकको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा प्रबन्ध सञ्चालक वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद–४

## सञ्चालक समिति

२७. **सञ्चालक समितिको गठन, सङ्ख्या र कार्यकाल**ः (१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन प्रचलित कम्पनी सम्बन्धी कानून तथा कम्पनी ऐनको अधिनमा रही कम्पनीको बार्षिक साधारण सभाबाट हुनेछ ।

तर #.... कम्पनीको प्रथम बार्षिक साधारण सभा नभएसम्म सञ्चालकहरुको नियुक्ति संस्थापकद्वारा गरिनेछ।

(२) कम्पनीमा कम्तीमा ६ जना र बढीमा ११ जनासम्म सञ्चालक भएको सञ्चालक समिति रहनेछ।

(३) सञ्चालक समितिको गठन गर्दा #..... नेपाल सरकारको तर्फबाट @नेपाल सरकारले तोके बमोजिम @र #... सर्वसाधारण शेयरधनीको तर्फबाट २ (दुई) जना सञ्चालक नियुक्त हुनेछन् ।

@(३क) सञ्चालक समितिको अध्यक्षको नियुक्ति तालुक मन्त्रालयको सिफारिसमा नेपाल सरकारले नियुक्ति गर्नेछ। निजको पदावधि बढीमा ४ (चार) वर्षको रहनेछ।

(४) #....

(५) नेपाल सरकारबाट मनोनित हुने सञ्चालक बाहेक अरु सञ्चालकहरुको पदावधि र अवकाश *सम्बन्धी व्यवस्था कम्पनी ऐनमा *उल्लेख भए अनुसार हुनेछ ।

*(६) कुनै सञ्चालकको कार्यकाल पुरा नहुँदै बीचमा पद रिक्त भएमा सो पदमा बाँकी कार्यकालको लागि मात्र नयाँ सञ्चालकको नियुक्ति हुनेछ ।

(७) सञ्चालकको निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

२८. **सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर सङ्ख्या**ः यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनुको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा ५०० @कित्ता शेयर लिएको हुनु पर्नेछ । @तर नेपाल सरकारको हकमा ५०० थान शेयर लिइरहनु पर्ने वाध्यता रहने छैन ।

२९. **शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्न पर्दा निजहरुको सङ्ख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रकृया सम्बन्धी व्यवस्थाः** हाल व्यवस्था गरिएको छैन ।

३०. **सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने**ः एकपटक सञ्चालक भैसकेको व्यक्ति जतिसुकै पटक पनि सञ्चालकमा नियुक्त हुन सक्नेछ ।

३१. **सञ्चालक नियुक्ति सम्बन्धी विशेष व्यवस्था**ः *सञ्चालक नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ ।

*(क) २१ बर्ष उमेर पूरा गरेको नेपाली नागरिक,

---

# पहिलो संशोधनद्वारा झिकिएको।

@ पहिलो संशोधनद्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

*(ख) बैंक वा वित्तिय संस्थासँगको कुनै कारोबारमा कालो सूचीमा नरहेको,

*(ग) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

३२. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाः** (१) *सञ्चालक समितिको प्रत्येक बैठकमा भाग लिएबापत प्रत्येक सञ्चालकलाई साधारण सभाद्वारा तोकिएको रकम कम्पनीको कोषबाट बैठक भत्ता दिइनेछ ।

(२) सञ्चालकको पारिश्रमिक, दैनिक *तथा भ्रमण भत्ता लगायतका अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ ।

#...........

(३) उपनियम (२) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि साधारण सभाबाट निर्धारण नभएसम्म त्यस्तो पारिश्रमिक, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैंले तोक्न सक्नेछ।

#....

(४) #.....

३३. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारहरुः** (१) *कम्पनीको बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।

(२) कम्पनी ऐन, प्रबन्धपत्र एवम् नियमावली बमोजिम #..... साधारण सभाको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

(३) कम्पनीको हितमा हुने कार्यहरु गर्ने ।

(४) कम्पनी ऐन, प्रबन्धपत्र एवम् नियमावलीमा लेखिएका कुराहरु र साधारण सभाको निर्णयको अधिनमा रही कम्पनीको सम्पुर्ण कारोबारको व्यवस्थापन, अधिकारहरुको प्रयोग र कर्तव्यको पालना गर्ने ।

(५) *नियम ३४ बमोजिम सञ्चालक समितिमा रहेको अधिकार प्रत्यायोजन गर्ने ।

(६) @नेपाल सरकार वा अन्य निकायको परामर्श एवम् स्वीकृति लिनुपर्ने भए सो समेत लिई कम्पनीको कर्मचारी सेवा शर्त विनियमावली, आर्थिक विनियमावली तथा कारोवार सम्बन्धी अन्य विनियमावली बनाई लागु गर्ने । #....

(७) शेयरधनिहरुले शेयर वापत बुझाउन बाँकी रकमको *भुक्तानी माग गर्न व्यवस्थापनलाई निर्देशन दिने ।

(८) कम्पनीको कोषमा रहेको रकम *ऋण दिन वा लगानी गर्न स्वीकृति दिने ।

(९) *नियमानुसार कम्पनीले ऋण दिने लिने स्वीकृति प्रदान गर्ने।

३४ **अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्थाः** (१) सञ्चालक समितिले आफनो अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको अधिकार प्रत्यायोजन गर्दा जुनसुकै विषयमा पनि कम्पनीको अध्यक्ष वा कार्यकारी प्रमुख (महाप्रबन्धक) वा कुनै उपसमिति बनाई उक्त उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३५. **प्रबन्ध सञ्चालक सम्बन्धी व्यवस्थाः** यस कम्पनीमा हाल प्रबन्ध सञ्चालक सम्बन्धी व्यवस्था गरिएको छैन। कम्पनीको आवश्यकता अनुसार प्रबन्ध सञ्चालक सम्बन्धी व्यवस्था थप गर्न सकिनेछ।

---

# पहिलो संशोधनद्वारा झिकिएको।

@ पहिलो संशोधनद्वारा थपिएको।

# पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

३६. **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्थाः** (१) कम्पनीको कार्यकारी प्रमुख एंव सञ्चालक समितिको सदस्य सचिव समेत भई काम गर्न नेपाल सरकारले एकजना महाप्रबन्धक नियुक्त गर्नेछ। यसरी नियुक्त भएको महाप्रबन्धकले नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक तथा सुविधाहरु पाउनेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त भएको महाप्रबन्धकको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुनेछ।

(३) #.....

@(३क) महाप्रबन्धकको पदमा नियुक्त हुनको लागि देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछन:

(क) कम्तीमा स्नातक उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ख) प्रचलित कानून बमोजिम भ्रष्टाचारको कसूर प्रमाणित नभएको,

(ग) नैतिक पतन देखिने, फौजदारी अभियोगमा सजाय नभएको,

(घ) ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको,

(च) अन्य योग्यता ऐन, नियम र प्रचलित कानून बमोजिम हुने छ ।

@(३ख) ऐन तथा यस नियमावलीको अधिनमा रही महाप्रबन्धकको काम, कर्तव्य, जिम्मेवारी, अधिकार देहाय बमोजिम हुनेछन्:

(क) कम्पनीको दैनिक प्रशासनिक कार्यहरू सञ्चालन गर्ने,

(ख) कम्पनीको कर्मचारी प्रशासन सम्बन्धी कार्यहरू सञ्चालन गर्ने,

(ग) कम्पनीको आर्थिक प्रशासन सम्बन्धी कार्यहरू सञ्चालन गर्ने,

(घ) कम्पनीको वित्तीय प्रशासन सम्बन्धी कार्यहरू सञ्चालन गर्ने,

(ङ) साधारणसभा तथा सञ्चालक समितिले गरेको निर्णयहरू कार्यान्वयन गर्ने/गराउने,

(च) साधारण सभाको सूचना पठाउने तथा साधारणसभाको बैठकको निर्णयहरू अद्यावधिक अभिलेख राख्ने,

(छ) सञ्चालक समितिको सदस्य सचिव भई कार्य गर्ने,

(ज) कम्पनीको उद्देश्य प्राप्तीका लागि अन्य आवश्यक सबै प्रकारका व्यवस्थापकीय कार्यहरु गर्ने।

(४) #.....................................

@(४क) महाप्रबन्धकको पदमुक्त सम्बन्धी व्यवस्थाः देहायको कुनै अवस्थामा महाप्रबन्धक पदमुक्त हुनेछ:

(क) स्वेच्छाले राजिनामा दिएमा,

(ख) भ्रष्टाचारको कसुर प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगको सजाय भएमा,

(घ) ६५ वर्ष उमेर पूरा भएमा,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा,

(च) यस उपनियम मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना गर्न नसकेको, खराब आचरण भएको, कार्यक्षमताको अभाव भएको वा अन्य यस्तै कारणबाट

---

@ पहिलो संशोधनद्वारा थपिएको।

# पहिलो संशोधनद्वारा झिकिएको।

महाप्रबन्धकलाई आफ्नो पदमा राखि राख्न उपयुक्त छैन भन्ने नेपाल सरकारलाई लागेमा पदावधि पुरा हुनु अगावै नेपाल सरकारले महाप्रबन्धकलाई पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि त्यस्तो महाप्रबन्धकलाई आफ्नो भनाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

३७. **<u>सञ्चालक समितिको बैठक आव्हान सम्बन्धी व्यवस्था:</u>** सञ्चालक समितिको बैठक कम्पनीको अध्यक्षको आदेश बमोजिम महाप्रबन्धक वा कम्पनी सचिवले बोलाउन सक्नेछ ।

३८. **<u>सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि:</u>** (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कुल सञ्चालक सङ्ख्याको कम्तीमा २५ (पच्चीस) प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा २५ प्रतिशत सञ्चालकहरुले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन्। यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रूपमा, विद्युतीय सञ्चार माध्यमबाट वा राष्ट्रिय दैनिक पत्रिका मार्फत दिन सकिनेछ ।

(३) सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनु पर्नेछ ।

(४) सञ्चालकहरुको कुल सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुने छैन । तर गणपुरक सङ्ख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपुरक संख्या नपुगेमा उपस्थित सञ्चालकले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफुमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर आफ्ना निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफनो असहमती जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ। त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ।

३९. **<u>सञ्चालक समितिको निर्णयको अभिलेख:</u>** (१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरू मध्ये कम्तीमा ५१ प्रतिशत सञ्चालकले सहि गर्नु पर्नेछ। तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । त्यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद—५

## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

४०. **कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षणः** (१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरूप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नुपर्ने हिसाबकिताबमा प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रूपमा राख्नुपर्नेछ।

(३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाबकिताब लेखापरीक्षण गराउनेछ ।

(४) #.......... कम्पनीको साधारण सभाले *लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ। त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिन भित्र निजको नाम कार्यालयमा पठाउनेछ । #...............

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफुले लेखापरीक्षण गरेको हिसावकिताव र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाव एवम् नगद प्रवाह विवरण प्रमाणित गरी आफुलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ। कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपी प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

(६) कम्पनीको अद्यावधिक हिसाबकिताब कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समय भित्र #.... निरीक्षण गर्न दिनु पर्नेछ ।

४१. **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्थाः** कम्पनी ऐन, २०६३ को दफा १६४ बमोजिम १ (एक) लेखापरीक्षण समिति गठन गरिनेछ र सो समितिको सोही ऐनको दफा १६५ बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ।

## परिच्छेद—६

## विविध

४२. **लाभांश सम्बन्धी व्यवस्थाः** (१) लाभांश वितरण गर्ने निर्णय भएको पैतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको व्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

(३) अन्तरिम लाभांश वितरण गरिने छैन ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ ।

४३. **शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिइने तथा निजबाट प्राप्त हुने सुचनाः** कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिवेञ्चरवालाहरुले कम्पनीका सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी लिखित रुपमा, विद्युतीय सञ्चार माध्यमबाट, राष्ट्रिय दैनिक पत्रिका वा अन्य कुनै माध्यमबाट पनि दिन सकिनेछ ।

---

# पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

# पहिलो संशोधनद्वारा झिकिएको।

४४. **कम्पनी सचिव सम्बन्धी व्यवस्था:** कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी सचिव नियुक्त गरिने र निजको पदावधि, सेवा, शर्त एवम् काम, कर्तव्य तथा अधिकार सोही ऐन बमोजिम हुनेछ ।

४५. **कम्पनीको छाप सम्बन्धी व्यवस्था:** (१) कम्पनीको छाप महाप्रबन्धक वा निजले तोकेको कर्मचारीको जिम्मामा रहनेछ ।

(२) कम्पनीको छाप अनाधिकृत रुपमा प्रयोग गरी कम्पनीलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सृजना हुने रकम असुल उपर गरिनेछ ।

४६. **प्रतिलिपी दस्तुर सम्बन्धी व्यवस्था:** (१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक अर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताब, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपी कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा प्रतिपृष्ठ *रु. १०।- दस्तुर लिई प्रतिलिपी दिइनेछ ।

(२) साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपी प्राप्त गर्न प्रति पृष्ठ *रु. १०।- दस्तुर लाग्नेछ।

(३) सञ्चालक समितिको निर्णयको प्रतिलिपी प्राप्त गर्न प्रति पृष्ठ *रु.१०।- दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाणपत्रको प्रतिलिपी प्राप्त गर्न रु. १००।- दस्तुर लाग्नेछ ।

(५) शेयरधनी वा डिवेञ्चरवालाको दर्ता किताबको प्रतिलिपी प्राप्त गर्न प्रतिपृष्ठ रु. १०।- दस्तुर लाग्नेछ।

४७. **कम्पनी गाभिने व्यवस्था:** (१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी वा विशेष साधारण सभाबाट निर्णय गरी ऐन बमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(२) कम्पनी अर्को कम्पनीसँग गाभिँदा शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको बिक्रीमा सहमती नजनाउँने शेयरधनीको हकमा वहुमत शेयरधनीहरुको निर्णयबाट पारित व्यवस्था लागु हुनेछ।

४८. **कम्पनीको खारेजी:** (१) प्रचलित कानूनको अधिनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी वा विशेष साधारण सभाबाट निर्णय गरी कम्पनी खारेज गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एक भन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ती गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

४९. **नियमावलीमा संशोधन भएमा लागु हुने अवस्था:** यस नियमावलीमा कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी वा विशेष साधारण सभाबाट निर्णय गरी त्यस्तो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

५०. **नियमावली बाझिएको हदसम्म अमान्य हुने:** यस नियमावलीमा लेखिएका कुरा ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो कुरा स्वतः बदर हुनेछ ।

५१. **संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या र उद्घोषण:** हामी "**राष्ट्रिय आवास कम्पनी लिमिटेड**" को संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मन्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले

---

* पहिलो संशोधनद्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएको कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मन्जुर छौं भनी सहिछाप गरेका छौं ।

५२. **<u>बचाउः</u>** यो नियमावली लागू हुनु अघि प्रचलनमा रहेको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भएको मानिनेछ ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखतः<br>नामः नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>र<br>दस्तखतः<br>महालेखा नियन्त्रकको कार्यालय | | | १,८०,००० थान | दस्तखतः<br>नामः<br>ठेगानाः<br>दा. वा. | |
| दस्तखतः<br>नामः नेपाल सरकार, वन <u>तथा भूसंरक्षण विभाग</u><br>र<br>दस्तखतः<br>महालेखा नियन्त्रकको कार्यालय | | | १,७०,००० थान | दस्तखतः<br>नामः<br>ठेगानाः<br>दा. वा. | |
| दस्तखतः<br>नामः नेपाल सरकार, कृषि विभाग<br>र<br>दस्तखतः<br>महालेखा नियन्त्रकको कार्यालय | | | १,७०,००० थान | दस्तखतः<br>नामः<br>ठेगानाः<br>दा. वा. | |

# नीति

# फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९

नेपाल सरकार, म.प.बाट स्वीकृत मिति २०७९/०१/२५

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न र वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ । साथै, धारा ३५ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको छ । संविधानले जनसाधरणमा वातावरणीय स्वच्छतासम्बन्धी सचेतना बढाई वातावरणमा परेको नकारात्मक प्रभावको न्यूनीकरण गर्दै पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीतिसमेत अङ्गिकार गरेको छ । यसका साथै नेपालको संविधानले खानेपानी तथा सरसफाइ संघ र प्रदेशको अधिकारको साझा सूचीमा, आधारभूत स्वास्थ्य तथा सरसफाइ स्थानीय तहको अधिकारको सूचीमा तथा वातावरण र पर्यावरणसम्बन्धी विषय संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीअन्तर्गत समावेश गरेको छ ।

त्यसैगरी, पन्ध्रौं योजनाले सबै नागरिकलाई आधारभूतस्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मलमूत्र र फोहर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउने उद्देश्य राखेको छ ।

जनसङ्ख्या तथा शहरीकरणमा भएको वृद्धि, बढ्दो औद्योगिकीकरण, उपभोग प्रवृत्तिमा आएको परिवर्तनसँगै फोहरमैलाको प्रकृति र परिमाणमा बढोत्तरी हुँदै गएको छ । फोहरमैलाको सङ्कलन, ढुवानी तथा विसर्जनमा आधुनिक प्रविधिको अनुसरण र वैज्ञानिक व्यवस्थापन हुन नसक्दा स्रोतको रूपमा पुनः उपयोग हुनसक्ने वस्तु ठूलो बोझको विषय बन्न गएको छ । फोहरमैला व्यवस्थापन विशेष गरी शहरी क्षेत्र र ग्रामीण बजार केन्द्रहरूमा चुनौतीपूर्ण बन्न पुगेको छ।

प्रस्तुत सन्दर्भमा सरसफाइ र वातावरण संरक्षणसम्बन्धी संवैधानिक व्यवस्था एवं अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि राष्ट्रिय मापदण्ड, तहगत सरकारको जिम्मेवारी र अन्तरसम्बन्ध एवं निजी, सामुदायिक र गैरसरकारी संघ/संस्थाको भूमिकालाई मार्गदर्शनको लागि नीतिगत प्रबन्ध गर्न आवश्यक रहेको छ ।

## २. विगतका प्रयासहरू

फोहरमैला व्यवस्थापनका लागि नेपाल सरकारले विगतदेखि नै आवश्यक कानूनी तथा संस्थागत व्यवस्थाहरू गर्दै आएको छ । यस सन्दर्भमा फोहरमैला प्रबन्ध तथा स्रोत परिचालन ऐन, २०४४ वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, फोहरमैला व्यवस्थापन ऐन, २०६८, फोहरमैला व्यवस्थापन नियमावली, २०७० लगायतका प्रमुख कानूनी व्यवस्था गरिएको ।

त्यसैगरी फोहरमैला व्यवस्थापन सम्बन्धमा प्राविधिक तथा व्यवस्थापकीय सहयोगका लागि फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको स्थापना एवं वातवारणीय स्वच्छता र सरसफाइलाई स्थानीय तहको नेतृत्वमा घरपरिवार तहदेखि नै जिम्मेवार बनाई अभियानका रूपमा सञ्चालन गर्न वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७० कार्यान्वयनमा ल्याइएको थियो।

जनस्वास्थ्य तथा वातावरणमा प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पार्ने खानेपानी तथा ढल निकास, फोहरपानी प्रशोधन, फोहरमैला व्यवस्थापन, प्रदूषण न्यूनीकरण, वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकूलन जस्ता विषयहरू आवधिक योजनामा समेत समावेश हुनुका साथै यससम्बन्धी राष्ट्रिय नीति कानून तथा कार्यक्रमको कार्यान्वयन समेत हुँदै आएको छ ।

उपरोक्त नीतिगत तथा कानूनी व्यवस्थाको प्रमुख उद्देश्य फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्ने नकारात्मक असरलाई घटाई सफा तथा स्वच्छ वातावरण कायम गर्नु रहेको थियो भने फोहरमैला सङ्कलन,

प्रशोधन र व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरूको निर्माण र सञ्चालनको जिम्मेवारी स्थानीय निकायलाई प्रदान गरिएको थियो ।

## ३. वर्तमान स्थिति

नेपालको संविधानले आधारभूत स्वास्थ्य र सरसफाइको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। संविधान प्रदत्त अधिकार कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयस्तरको सरसफाइ तथा फोहरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुने स्पष्ट व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय वातावरण नीति, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६ र सोसम्बन्धी नियमावली, २०७७ ले समेत फोहरमैलाको प्रकृतिअनुसार वर्गीकरण गरी उचित व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेको छ। यसका साथै प्लाष्टिक झोला प्रतिबन्धसम्बन्धी कार्ययोजना, २०७८ र वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ समेत स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

एसियाली विकास बैंकले सन् २०१३ मा गरेको अध्ययन अनुसार सन् २०११ मा प्रतिव्यक्ति प्रति दिन १७० ग्रामको दरले फोहरमैला उत्पादन हुने गरेको छ । त्यसैगरी केन्द्रीय तथ्याङ्क विभागले सन् २०२० मा २७१ वटा नगरपालिकामा गरेको आधाररेखा सर्वेक्षणअनुसार सङ्कलित फोहरमैलाको आयतनको आधारमा कुहिने फोहरको अंश ५४ प्रतिशत, रासायनिक फोहरको अंश ३३.३ प्रतिशत र अन्य फोहरको मात्रा १२.७ प्रतिशत रहेको देखाएको छ। सर्वेक्षणले सङ्कलित फोहरमैलामध्ये ४८.६ प्रतिशत ल्याण्डफिल साइटमा विसर्जन हुने, ३२.१ प्रतिशत जलाउने र २७.४ प्रतिशत फोहर नदी किनारमा थुपार्ने गरिएको देखाएको छ।

सर्वेक्षण गरेका नगरपालिकामध्ये ४२.१ प्रतिशतले मात्र ल्याण्डफिल साइटको प्रयोग गर्ने गरेका र ल्याण्डफिल साइटको प्रयोग गर्नेमध्ये ८५.१ प्रतिशतले आफ्नै ल्याण्डसाइट प्रयोग गर्ने गरेको देखिन्छ। उपलब्ध ल्याण्डफिल साइटको औसत आकार १५ हेक्टर रहेकोछ भने औसत क्षमता २९.८७७ घनमिटर रहेको देखिन्छ। ल्याण्डफिल साइटको औसत दूरी ४.३ किलोमिटर र औसत आयु १६.३ वर्ष रहेको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७७ मा गरेको क्षमता विकास आवश्यकता पहिचानसम्बन्धी अध्ययन अनुसार १२ प्रतिशत स्थानीय तहको संस्थागत संरचनामा फोहरमैला व्यवस्थापन शाखा/उपशाखा/एकाइको प्रबन्ध भएको देखिन्छ । उक्त अध्ययनले १२ प्रतिशत स्थानीय तहमा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रको परिचालन गरेको देखाएको छ । यसैगरी साबिकमा स्थानीय तहको लागि फोहरमैला व्यवस्थापनमा प्राविधिक सहयोग उपलब्ध गराउने जिम्मेवारी रहेको फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र खारेज भइसकेको अवस्था छ ।

## ४. समस्या तथा चुनौती

नेपालमा शहरीकरण र जीवनपद्धतिमा आएको परिवर्तनसँगै शहरी तथा ग्रामीण बजार क्षेत्रहरूमा फोहरमैला व्यवस्थापनको चुनौती बढ्दै गएको छ। शहरी जनसङ्ख्यामा भएको वृद्धिसँगै शहरी खानेपानी र सरसफाइ सुविधाको चापमा अत्याधिक वृद्धि भएको छ । केन्द्रीय तथ्याङ्क विभागले सन् २०१९/२० मा गरेको सर्वेक्षण अनुसार ४५ प्रतिशत नगरपालिकाहरू मात्र ढल निकासको प्रणालीमा आबद्ध रहेका छन् भने ९.४ प्रतिशत घरपरिवार मात्र सुविधायुक्त पानी निकास प्रणालीमा जोडिएका छन्। आधुनिक जीवनशैलीको अवलम्बन, औद्योगिक तथा व्यावसायिक गतिविधिमा भएको वृद्धिजस्ता कारणले घरायसी, संस्थागत तथा व्यावसायिक क्षेत्रबाट निष्काशन हुने फोहरमैलामा समेत वृद्धि भइरहेको छ। त्यसबाहेक जनचेतना र सरोकारवालाको सहभागिताको कमी, कमजोर पूर्वाधार, प्रविधिको न्यून उपयोग, कमजोर समन्वय र न्यून संस्थागत क्षमताजस्ता कारणले फोहरमैला व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ ।

फोहरमैला सम्बन्धी तथ्याङ्क व्यवस्थापन, सङ्घीय संरचनामा आधारित फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा गर्ने, अन्तर तह समन्वय, सार्वजनिक निजी साझेदारीको प्रवर्द्धन र अनुसन्धान तथा विकास फोहरमैला व्यवस्थापन क्षेत्रका थप समस्या तथा चुनौतीहरू हुन्।

५. **नयाँ नीतिको आवश्यकता**

जनसङ्ख्याको निरन्तर बढोत्तरी, तीव्र शहरीकरण, तीन तहको सरकार सहितको शासकीय प्रणालीजस्ता पक्षले फोहरमैला व्यवस्थापन एक जटिल र अन्तरसम्बन्धित विषयको रूपमा रहेको छ । फोहरमैला व्यवस्थापनमा सबै तहका सरकारको समन्वयात्मक प्रयासबाट मात्र राज्यको दीर्घकालीन सोच, दिगो विकास लक्ष्यको प्राप्तिका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेको प्रतिबद्धताको कार्यान्वयन गरी अपेक्षित लक्ष्य हासिल गर्न सम्भव हुन्छ । यसका अतिरिक्त फोहरमैला व्यवस्थापनको क्षेत्रमा अन्तर तह सहलगानी र साझेदारी पूर्वाधार तथा संरचना निर्माण, नागरिक सहभागिता, सार्वजनिक निजी साझेदारी, विकास सहायता परिचालन, प्रविधि विकास र हस्तान्तरण तथा ज्ञान, सीप र अनुभव आदान प्रदानलाई सहज, प्रभावकारी र व्यवस्थित बनाउन राष्ट्रिय नीतिको आवश्यकता देखिएको छ ।

६. **दूरदृष्टि**

"फोहरमैलाको उचित व्यवस्थापनमार्फत स्वच्छ, स्वस्थ र समुन्नत समाजको स्थापना"

७. **लक्ष्य**

फोहरमैलाको दिगो व्यवस्थापनद्वारा नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्ने।

८. **उद्देश्य**

८.१ घरेलु औद्योगिक र सेवा क्षेत्रबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापनसम्बन्धी कानून तथा मापदण्डलाई मार्गदर्शन गर्नु,

८.२ फोहरमैलाबाट हुने वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्नु,

८.३ फोहरमैला व्यवस्थापनमा सङ्घीय एकाइहरूको भूमिका स्पष्ट गर्नु,

८.४ फोहरमैला व्यवस्थापनमा नवीनतम प्रविधिको उपयोग र लगानी प्रवर्द्धनलाई प्रोत्साहन गर्दै फोहरलाई स्रोतको रूपमा परिचालन गरी अर्थतन्त्रमा योगदान गर्नु ।

९. **रणनीति**

९.१ फोहरमैलाको प्रकृति अनुसार वर्गीकरण गरी व्यवस्थापनका लागि कानूनी आधार तयार गर्ने,

९.२ फोहरमैलाको प्रकृति अनुसारको वर्गीकरण गरी अलग अलग मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने

९.३ फोहरमैलालाई स्रोतमै न्यूनीकरण गरी विसर्जन स्थलको उपयोगलाई दिगो बनाउने,

९.४ फोहरमैला व्यवस्थापनमा नागरिक दायित्व अभिवृद्धि गर्ने,

९.५ फोहरमैला व्यवस्थापनमा संघ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्ने,

९.६ फोहरमैला व्यवस्थापनमा सहलगानी, साझेदारी, सहकार्य र सहभागिता अभिवृद्धि गर्ने,

९.७ फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान र सुदृढ तथ्याङ्कीय आधार तयार गर्ने,

९.८ फोहरमैला व्यवस्थापनमा संलग्न निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।

१०. **कार्यनीति**

यस नीतिको लक्ष्य र उद्देश्य हासिल गर्न तथा रणनीति कार्यान्वयन गर्न देहाय अनुसार कार्यनीतिको अवलम्बन गरिनेछः

रणनीति ९.१ः फोहरमैलाको प्रकृतिअनुसार वर्गीकरण गरी व्यवस्थापनका लागि कानूनी आधार तयार गर्ने,

९.१.१. फोहरमैला व्यवस्थापनसम्बन्धी एकीकृत कानून निर्माण गरी हानिकारक, रासायनिक, औद्योगिक, स्वास्थ्य संस्थाजन्य र घरायसी फोहरमैलाको नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

९.१.२. घरेलु फोहरमैला व्यवस्थापनका लागि स्थानीय तहलाई र हानिकारक, रासायनिक,औद्योगिक र स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापनका लागि सम्बन्धित उत्पादक व्यक्ति वा निकायलाई जिम्मेवार बनाइनेछ।

९.१.३. फोहरमैला व्यवस्थापनसम्बन्धी कानून निर्माणका लागि प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

९.१.४. फोहरमैला व्यवस्थापनसम्बन्धी कानून तर्जुमा गर्दा फोहरमैला वर्गीकरण, न्यूनीकरण, पुनः प्रयोग तथा प्रशोधनलाई प्रोत्साहन गरिनेछ ।

९.१.५. भूकम्प, बाढी, पहिरो, आगलागीजस्ता प्रकोपबाट सिर्जना हुने विपद्जन्य तथा निर्माणजन्य फोहरको व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

रणनीति ९.२ः फोहरमैलाको प्रकृति अनुसार वर्गीकरण गरी अलग अलग मापदण्ड तर्जुमाका साथै कार्यान्वयन गर्ने,

९.२.१. हानिकारक, रासायनिक, औद्योगिक, स्वास्थ्य संस्थाजन्य र घरेलु फोहरमैला व्यवस्थापनको लागि अलग अलग मापदण्ड तर्जुमा गरी नियामक निकायको व्यवस्था गरिनेछ ।

९.२.२. संघ, प्रदेश र स्थानीय तहमा फोहरमैला व्यवस्थापनसम्बन्धी उपयुक्त संस्थागत संरचनाको व्यवस्था गरी मापदण्डको परिपालना र समन्वयलाई प्रभावकारी बनाइनेछ ।

९.२.३. फोहरमैला व्यवस्थापनसम्बन्धी मापदण्डको कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

९.२.४. फोहरमैला विसर्जन स्थलको मापदण्ड निर्धारण गरी नदी प्रणाली, ताल, सिमसार क्षेत्र, वन्यजन्तुको वासस्थल, धार्मिकस्थल, सम्पदाक्षेत्र, संरक्षित क्षेत्र, सडक अधिकार क्षेत्र वा अन्य सार्वजनिक स्थानमा फोहरमैला विसर्जन गर्न पूर्णरूपले प्रतिबन्धित गरिनेछ ।

रणनीति ९.३ः फोहरमैलालाई स्रोतमै न्यूनीकरण गरी विसर्जन स्थलको उपयोगलाई दिगो बनाउने,

९.३.१. घरेलु फोहरमैलाको स्रोतमा वर्गीकरण गरी पुनःप्रयोग,प्रशोधन र कम्पोष्टिङ गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

९.३.२. हानिकारक, रासायनिक, औद्योगिक र स्वास्थ्य संस्थाजन्य फोहरमैलालाई प्रशोधन गरी बाँकी रहेको फोहरमैलालाई स्थानीय तहसँगको समन्वयमा सुरक्षित रूपले विसर्जन गर्ने व्यवस्था मिलाइनेछ ।

९.३.३. फोहरमैला विसर्जन स्थलको दिगो उपयोगका लागि स्थानीय तहहरू बीचको साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

९.३.४. नदी, ताल र सिमसार क्षेत्रको स्वच्छता कायम राख्न प्रदूषित पानी, ढल र फोहरमैलालाई नदी, ताल र सिमसार क्षेत्रमा मिसाउने तथा विसर्जन गर्ने कार्यलाई नियन्त्रण गरिनेछ ।

९.३.५. फोहरमैलाको प्रकृति र परिमाण अनुसार सेवा शुल्कको व्यवस्था गरी "फोहर गर्नेले तिर्ने" सिद्धान्तलाई अवलम्बन गरिनेछ ।

९.३.६. शहरोन्मुख क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि आधारभूत पूर्वाधार सेवाको विकास र विस्तार गर्दै लगिनेछ।

९.३.७. फोहरमैलाको दिगो व्यवस्थापन गरी यसबाट जलवायु परिवर्तनमा हुने असरहरू न्यूनीकरण गरी राष्ट्रिय निर्धारित योगदान (National Determined Contribution) का लक्ष्य प्राप्तिमा सहयोग पुयाउने ।

रणनीति ९.४: फोहरमैला व्यवस्थापनमा नागरिक दायित्व अभिवृद्धि गर्ने,

९.४.१. फोहरमैलाको वर्गीकरण, न्यूनीकरण र निष्कासन सम्बन्धी नागरिक दायित्व बारे सचेतना कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

९.४.२. फोहरमैला व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धिका लागि सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरिनेछ ।

९.४.३. फोहरमैला व्यवस्थापन सम्बन्धी असल अभ्यासहरूको आदान प्रदान र समुदाय तहसम्म प्रचार प्रसार गरिनेछ।

९.४.४. फोहरमैला व्यवस्थापनमा घरपरिवार, समुदाय, टोल विकास संस्था र अन्य सरोकारवालाको सहभागिता र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

९.४.५. विद्यालय शिक्षा तथा अनौपचारिक शिक्षाको पाठ्यक्रममा फोहरमैला व्यवस्थापन सम्बन्धी विषय समावेश गरी जनचेतना अभिवृद्धिलाई फराकिलो तथा संस्थागत गरिनेछ ।

९.४.६. फोहरमैलाको समग्र व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरिनेछ।

रणनीति ९.५: फोहरमैला व्यवस्थापनमा संघ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्ने,

९.५.१. फोहरमैला व्यवस्थापनमा नेपाल सरकारको भूमिका नीति, कानून र मापदण्ड निर्माण, अध्ययन अनुसन्धान र प्रविधि विकास, वैदेशिक सहायता परिचालनमा केन्द्रित गरिनेछ ।

९.५.२. फोहरमैला व्यवस्थापनसम्बन्धी पूर्वाधार निर्माणमा सहलगानी र स्थानीय तहहरूबीचको समन्वयका लागि प्रदेश सरकारको भूमिकालाई स्थापित गरिनेछ ।

९.५.३. फोहरमैलाको सङ्कलन, विसर्जन तथा प्रशोधनको लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालनमा स्थानीय तहलाई जिम्मेवार बनाइनेछ ।

रणनीति ९.६: फोहरमैला व्यवस्थापनमा सहलगानी, साझेदारी, सहकार्य र सहभागिता अभिवृद्धि गर्ने,

९.६.१. फोहरमैला सम्बन्धी ठूला पूर्वाधार तथा संरचना निर्माणमा संघ, प्रदेश र स्थानीय तहबीचको सहलगानी एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँगको साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

९.६.२. फोहरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम निजी क्षेत्रलाई परिचालन गरिनेछ।

९.६.३. फोहरमैला व्यवस्थापनसम्बन्धी नागरिक सचेतना अभिवृद्धिका लागि गैर सरकारी संस्था परिचालनमा जोड दिइनेछ ।

९.६.४. फोहरमैला व्यवस्थापनमा टोल विकास संस्था, युवा क्लब, महिला समूह जस्ता समुदायमा आधारित संघसंस्थाको सहकार्य र सहभागिता अभिवृद्धि गरिनेछ ।

रणनीति ९.७: फोहरमैला व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान र सुदृढ तथ्याङ्कीय आधार तयार गर्ने,

९.७.१. फोहरमैला व्यवस्थापन सम्बन्धमा नवीनतम प्रविधिको विकास सम्बन्धी अध्ययन अनुसन्धान कार्यलाई प्रोत्साहन गरिनेछ ।

९.७.२. फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धानमा प्राज्ञिक संस्थाहरूसँग सहकार्य र समन्वय गरिनेछ।

९.७.३. फोहरमैला व्यवस्थापन सम्बन्धी सूचना प्रणालीको विकास एवं सुदृढ तथ्याङ्कीय आधार तयार गरिनेछ ।

९.७.४. परम्परागत ज्ञान, सीप र अनुभवमा आधारित, स्थानीय परिवेश अनुकूल प्रविधिको विकास तथा उपयोग गरिनेछ।

९.७.५. फोहरमैलालाई पुनःप्रयोग र प्रशोधनको माध्यमबाट ऊर्जा, प्राङ्गारिक मलजस्ता उत्पादनमूलक कार्यका लागि स्रोतको रूपमा उपयोग गर्न आवश्यक प्रविधिको विकासमा जोड दिइनेछ ।

रणनीति ९.८: फोहरमैला व्यवस्थापनमा संलग्न निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,

९.८.१. फोहरमैला व्यवस्थापन सम्बन्धी स्वदेशी तथा विदेशी अनुभव तथा सिकाइ आदान प्रदान गर्ने कार्यलाई नियमित गरिनेछ ।

९.८.२. फोहरमैला व्यवस्थापन सम्बन्धी तालिम, अध्ययन तथा अवलोकन भ्रमणलाई नियमित रूपमा सञ्चालन गरिनेछ।

९.८.३. फोहरमैला व्यवस्थापन सम्बन्धी ज्ञान व्यवस्थापन र स्थानीय तहका असल अभ्यासहरूको आदान प्रदानका लागि सिकाइ केन्द्रको स्थापना र सञ्चालनलाई प्रोत्साहन गरिनेछ ।

९.८.४. तालिम प्रदायक संस्थाहरूबाट फोहरमैला व्यवस्थापन सम्बन्धी विशेष तालिमहरू सञ्चालन गरिनेछ ।

९.८.५. फोहरमैला व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यमा विकास साझेदारको सहयोग परिचालन गरिनेछ ।

९.८.६. फोहरमैला व्यवस्थापन सम्बन्धी प्रविधि तथा पूर्वाधार संरचनाको डिजाइन, निर्माण र सञ्चालनमा स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

९.८.७. फोहरमैला व्यवस्थापनमा प्रत्यक्ष रूपमा संलग्न कर्मचारी तथा कामदारको पेसागत सुरक्षा र स्वास्थ्य सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

## ११. संस्थागत संरचना

यस नीतिको लक्ष्य तथा उद्देश्य प्राप्ति र संस्थागत संरचना सम्बन्धी कानूनी व्यवस्था नभएसम्म फोहरमैला व्यवस्थापन सम्बन्धमा समन्वय र सहजीकरण गर्न देहाय अनुसारको फोहरमैला व्यवस्थापन राष्ट्रिय समन्वय समितिको गठन गरिनेछः

| | | |
|---|---|---|
| (क) | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -संयोजक |
| (ख) | सहसचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) | सहसचिव, शहरी विकास मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (च) | सहसचिव, खानेपानी मन्त्रालय | -सदस्य |
| (छ) | सहसचिव, वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (ज) | सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | -सदस्य |
| (झ) | सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना हेर्ने) | -सदस्य |
| (ञ) | महानिर्देशक, स्थानीय पूर्वाधार विभाग | -सदस्य-सचिव |

समितिले आवश्यकताअनुसार नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य निकायका प्रतिनिधि तथा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१२. **नीति कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय सरकारको भूमिका**

फोहरमैला व्यवस्थापनमा नेपाल सरकारको भूमिका नीति, कानून र मापदण्ड निर्माण, अध्ययन अनुसन्धान र प्रविधि विकास, वैदेशिक सहायता परिचालनमा केन्द्रित रहनेछ । प्रदेश सरकारले पूर्वाधार निर्माणमा सहलगानी र स्थानीय तहहरूबीचको समन्वयको भूमिका निर्वाह गर्ने र फोहरमैलाको सङ्कलन, प्रशोधन र विसर्जन लगायत समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुनेछ ।

१३. **स्रोत व्यवस्थापन**

फोहरमैला व्यवस्थापनको समग्र जिम्मेवारी स्थानीय तहको रहेको हुँदा यस नीतिको कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत सम्बन्धित स्थानीय तहले आ-आफ्नो बजेट तथा कार्यक्रममा समावेश गरी व्यवस्थापन गर्नेछन् ।

पूर्वाधार निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहले सहलगानीका साथै नेपाल सरकारले वैदेशिक सहायता परिचालन तथा सार्वजनिक निजी साझेदारीमार्फत स्रोत व्यवस्थापनमा समन्वय र सहजीकरण गर्नेछ ।

१४. **कानूनी व्यवस्था**

यस नीतिले लिएका लक्ष्य, उद्देश्य, नीति तथा रणनीतिक व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यमान कानूनी व्यवस्थाहरूलाई समय सापेक्ष रूपमा संशोधन र परिमार्जन गरिनेछ । सङ्घीय मापदण्ड अनुकूल हुने गरी आवश्यकता अनुसार प्रदेश र स्थानीय तहबाट कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१५. **अनुगमन तथा मूल्याङ्कन**

यस नीतिको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राष्ट्रिय योजना आयोग र वन तथा वातावरण मन्त्रालय समेतको सहभागितामा आवश्यक व्यवस्था मिलाउनेछ । आवश्यकता अनुसार प्रदेश तहमा फोहरमैला व्यवस्थापन हेर्ने मन्त्रालयले सरोकारवालाको समेत सहभागितामा अनुगमन सम्बन्धी व्यवस्था मिलाउनेछ ।

१६. **जोखिम**

फोहरमैला व्यवस्थापन सम्बन्धी ठूला पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने स्रोत व्यवस्थापन, अन्तर निकाय समन्वय एवं जनस्तरबाट फोहरमैलाको वर्गीकरण, न्यूनीकरण र व्यवस्थित निष्कासनमा अपेक्षित सहयोग र सहकार्य हुन नसकेमा यस नीतिको लक्ष्य प्राप्ति कठिन हुन सक्दछ ।

# राष्ट्रिय शहरी नीति, २०८१
# नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत मिति २०८१/८/२८

## १. पृष्ठभूमि

सघन जनघनत्व र गैहृकृषि आर्थिक क्रियाकलापको बाहुल्य भएको स्तरीय सेवा सुविधा प्रवाह गर्न सक्ने बस्तीको उच्चतम रूप शहर हो। शहरले मानिसलाई बसोबास गर्न, काम गर्न र मनोरञ्जन प्राप्त गर्न स्थान दिन्छ। शहरमा मानिसका जन्मदेखि मृत्युसम्मका आधारभूत आवश्यकताहरू परिपूर्ति गर्नसक्ने पूर्वाधारको उपलब्धता हुनुपर्दछ। शहर मानव सभ्यता र विकासको मानकको रूपमा रहिआएको छ। पूर्वाधार विकास, आर्थिक क्रियाकलाप, औद्योगीकरण र बसाइँसराइलगायतका शहरी विकासका प्रमुख संवाहकहरूको वृद्धिसँगै शहरीकरण बढ्दै गएको छ। व्यवस्थित शहरका लागि उचित भूउपयोग, सुव्यवस्थित निर्मित क्षेत्र र सहज आवागमन प्रणालीलाई तीन मुख्य अवयवका रूपमा लिइन्छ। ग्रामीण विकासको तुलनामा शहरी विकास बहुआयामिक विषय भएकोले शहरी विकासमा धेरैवटा निकायहरूबीचको नीतिगत सामञ्जस्यता, विज्ञता, समन्वय र कार्यात्मक अन्तरआबद्धता आवश्यक रहन्छ।

राष्ट्रिय शहरी नीति, २०६४ ले कम्तीमा पाँच हजार जनसङ्ख्या, १० व्यक्ति प्रति हेक्टर जनघनत्व, १० वर्षभन्दा माथिका कुल जनसङ्ख्या (विद्यार्थी बाहेक) मध्ये कम्तीमा ५० प्रतिशत औद्योगिक, व्यापारिक तथा अन्य सेवाजस्ता गैर कृषि क्षेत्रका क्रियाकलापमा आबद्ध रहेको र क्रमबद्ध रूपमा भौतिक विकास एवं विस्तार भएको बस्तीलाई शहर (Urban Area) मानेको थियो भने, कानूनबमोजिम घोषणा गरिएको शहरी क्षेत्र र त्यसको व्यवस्थापन सम्बन्धी संरचनालाई नगरपालिका (Municipality) परिभाषित गरेको थियो। विभिन्न राष्ट्रहरूमा शहरको परिभाषा फरक फरक भएको सन्दर्भमा संयुक्त राष्ट्र सङ्घ आर्थिक तथा सामाजिक परिषद् (UN-ECOSOC) ले विश्वव्यापी रूपमा शहरलाई परिभाषित गर्ने क्रममा लिइएको आधार अनुसार शहरीकरणको श्रेणीगत वर्गीकरण (Degree of Urbanization- DEGURBA) ले ५०,००० जनसङ्ख्या तथा न्यूनतम १५०० प्रति वर्ग कि.मी. जनघनत्व भएकोलाई शहरी केन्द्र, तथा ३००० जनसङ्ख्या तथा न्यूनतम ३०० देखि १५०० प्रति वर्ग कि.मी. जनघनत्व भएकोलाई अर्ध-शहरी केन्द्र मानेको छ।

शहरीकरण ग्रामीण बस्तीको रूपान्तरण, शहरको स्थापना र विस्तारको प्रक्रिया हो। नेपालको वर्तमान सामाजिक, आर्थिक, राजनीतिक परिवेशका कारण गाउँ बस्तीहरूबाट अत्यधिक वाह्य बसाइँसराइका कारण तीव्र शहरीकरण भइरहेको हुँदा यसको समूचित व्यवस्थापन गर्न आवश्यक भएको छ। अन्तर निर्भरतामा रहेका पृष्ठप्रदेशका भूभाग, बजार केन्द्र, साना शहर, मझौला शहर लगायत ठूला शहरी आर्थिक केन्द्र समेटिएको समग्र शहरी प्रणालीको योजना, विकास र व्यवस्थापन यस सन्दर्भमा महत्वपूर्ण हुन्छ।

## २. विगतका प्रयास

सप्तरी जिल्लाको हनुमान नगरका बासिन्दालाई पुनर्स्थापना गराउन सन् १९३८ मा राजविराजबाट आधुनिक बस्ती विकास योजनाको अभ्यास नेपालमा शुरू भएको थियो। सन् १९६० को दशकमा रणनीतिक रूपमा हिमाल र पहाडमा प्राकृतिक प्रकोपबाट विस्थापित परिवारहरूलाई तराईको समथर मैदानमा बसाइँसराइको क्रममा थप योजनावद्ध बस्ती विकासको प्रयास भएको देखिन्छ। सन् १९६९ मा तर्जुमा गरिएको काठमाडौं उपत्यकाको भौतिक विकास योजना (Physical Development Plan) बाट नेपालमा स्थलीय योजना (Spatial Planning) स्थापित भयो। पाँचौं पञ्चवर्षीय आवधिक योजनाबाट निर्देशित रही सन् १९७० को दशकमा चारवटा क्षेत्रीय सदरमुकाम (धनकुटा, पोखरा, सुर्खेत र दिपायल) को भौतिक विकास गुरुयोजना तर्जुमा र कार्यान्वयनबाट नेपालमा क्षेत्रीय विकासको अवधारणा आयो। त्यसैगरी सन् १९८० को दशकमा तत्कालीन शहरी केन्द्रहरूको संरचनागत योजना (Structure Plan) तर्जुमा भई कार्यान्वयन पनि आरम्भ भयो। ती

शहरहरू मध्ये महेन्द्रनगर, टीकापुर, वीरेन्द्रनगर, कोहलपुर, घोराही, तुलसीपुर, दमौली, भरतपुर, हेटौंडा, लहान, दुहबी, विराटनगर, धरानजस्ता शहरहरू योजनावद्ध शहरको रूपमा रहेका छन्। सन् १९९० को दशकमा एकीकृत कार्यमूलक योजना (Integrated Action Plan) प्रचलनमा रहेका भए पनि वि.सं. २०५५ मा आवधिक योजना (Periodic Plan) मा रूपान्तरण गरी सबै नगरपालिकाको हकमा अनिवार्य गरी एक्काइसौं शताब्दीको पहिलो दशकसम्म प्रचलनमा रह्यो। सन् २००१ मा काठमाडौं उपत्यकाको दीर्घकालीन विकास योजना (सोच २०२०) तर्जुमा भयो। सेवा सुविधा विकास, निर्देशित जग्गा विकास तथा जग्गा एकीकरणजस्ता जग्गा विकासका माध्यमबाट नेपालमा स्थानीय योजना कार्यान्वयन हुँदै आएको पाइन्छ। यी यावत् भौतिक विकास योजनाका अभ्यासहरूको बाबजुद पनि नेपालका प्रमुख शहरी केन्द्रहरूको निर्दिष्ट शहरी विकास योजना कार्यान्वयन गर्ने ठोस कानूनी र संस्थागत संयन्त्र स्थापना गर्न सकिएन।

विश्वस्तरमा भइरहेको तीव्र शहरीकरणलाई समेत मध्यनजर गरी नेपालको शहरीकरणलाई व्यवस्थित गर्न सन्तुलित राष्ट्रिय शहरी स्वरूप हासिल गर्ने, शहरी वातावरणीय सुधार तथा शहरी व्यवस्थापन प्रभावकारी बनाउने उद्देश्यसहित राष्ट्रिय शहरी नीति,२०६४ लागु भयो। नीति कार्यान्वयनको शिलशिलामा शहरी-ग्रामीण अन्तरसम्बन्ध सुदृढ गर्ने उद्देश्यले आ.व. २०६७/६८ बाट मध्य पहाडी लोकमार्गमा पर्ने १० स्थानमा नयाँ शहर विकासको कार्य हुँदै आएको छ। नेपाल सरकारले वि.सं. २०६९ मा शहरी विकास मन्त्रालय गठन गरेसँगै शहरी क्षेत्रमा केन्द्रीत भई थप अध्ययन अनुसन्धान, योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यहरू भइरहेको छ। विद्यमान शहरीकरण र सम्भाव्यताको आधारमा राष्ट्रिय तथा प्रादेशिक शहरी प्रणालीको मध्य र दीर्घकालीन रणनीतिको विकास गर्ने उद्देश्यले राष्ट्रिय शहरी विकास रणनीति, २०७३ तर्जुमा गरिएको छ। उक्त रणनीतिले पहिचान गरेको शहरी क्षेत्रका तुलनात्मक लाभको फाइदा लिन अत्यावश्यक पूर्वाधारमा लगानी निर्देशित गर्दै अपेक्षित मानक र स्तरअनुसार हुनेगरी शहरी विकासका क्षेत्रमा लगानी हुँदै आएको छ। साथै, तुलनात्मक रूपमा बढी जनघनत्व र पूर्वाधारको अवस्था कमजोर रहेका नगरपालिकाहरूमा सघन शहरी कार्यक्रममार्फत भौतिक, सामाजिक र आर्थिक पूर्वाधार निर्माणमा लगानी गरिंदै आएको छ। क्षेत्रीय शहरी विकास आयोजना, शहरी शासकीय सुधार आयोजनालगायत आयोजनाहरूमार्फत विकास साझेदारको लगानीमा क्षेत्रीय शहरी विकासको क्षेत्रमा कार्य हुँदै आएको छ। त्यसैगरी शहरी योजनालाई शहरी विकासको अभिन्न अङ्ग रूपमा लिई १८५ वटा नगरपालिकाहरूको एकीकृत शहरी विकास योजना (Integrated Urban Development Plan) तर्जुमा गरीएको छ भने बाँकी नगरपालिकाहरूको योजना तर्जुमा गर्ने कार्य भई रहेको छ। नगर विकास कोषमार्फत शहरी पूर्वाधार विकासका लागि वैकल्पिक वित्तीय उपकरण प्रवर्द्धन हुँदै आएको छ।

## ३. वर्तमान अवस्था

नेपालमा वि.सं. २०६८ सम्म ५८ वटा नगरपालिका रहेकोमा पछिल्लो समयमा राज्यको पुनर्संरचनासँगै नगरपालिकाहरूको सङ्ख्या २९३ हुन पुगेको छ। ग्रामीण बाहुल्य क्षेत्रहरूसमेत समेटेर नगरपालिकाहरू गठन भएको हुँदा २०७८ को जनगणनानुसार हाल नगरपालिकाहरूमा बसोबास गर्ने जनसङ्ख्या करिब ६६.०१ प्रतिशत पुगेको छ। तथापि निर्मित क्षेत्र र जनघनत्वको आधारमा नेपालको शहरी जनसङ्ख्या २७.०७ प्रतिशत र शहरोन्मुख (Peri-Urban) जनसङ्ख्या ३९.७५ प्रतिशत भएको पाइएको छ। विद्यमान नगरपालिकाहरूमा समेत भौतिक तथा सामाजिक पूर्वाधार, सेवा सुविधा र अवसरहरूमा ठूलो असमानता रहेको छ। राष्ट्रिय शहरी रणनीति, २०७३ का अनुसार शहरी पूर्वाधार अवस्था सूचकमा (काठमाडौं महानगरपालिका ०.९१ र गुलरिया नगरपालिका ०.१६ सहित) नगरपालिकाहरूबीचमा ठूलो अन्तर छ। काठमाडौं महानगरपालिकामा कुल क्षेत्रफलको ०.४८ प्रतिशत र ललितपुर महानगरपालिकामा ०.०६ प्रतिशत मात्र खुला क्षेत्र रहेकोबाट पनि शहरी क्षेत्रमा अत्यावश्यक सामाजिक पूर्वाधारको अभाव रहेको स्पष्ट

हुन्छ। शहरमा जग्गा विकास कार्यक्रमलगायत योजनाबद्ध र संस्थागत प्रयासबाट करिब ६ प्रतिशत मात्रै विकसित घडेरी आपूर्ति हुन सकेको छ।

बसाईंसराइ र ग्रामीण-शहरी रूपान्तरणका कारण नगरपालिकामा बस्ने जनसङ्ख्यामा भएको वृद्धिले शहरी योजना तथा व्यवस्थापनको क्षेत्रमा थुप्रै चुनौतीहरू थपिएका छन् भने व्यवस्थित बसोबास विकासको अवसरसमेत सिर्जना भएको छ। उपयुक्त स्थलीय योजना (Spatial Planning) र रणनीतिक लगानीबिना शहरहरू विस्तार हुँदै जाँदा वातावरणीय ह्रास, सेवा सुविधाको अपर्याप्तता, सम्पदायुक्त बस्ती र हरित क्षेत्रको विनाश, खाद्य सङ्कट एवं विपद् घटना वृद्धिका कारण नेपालले शहरीकरणको पर्याप्त लाभ लिन सकेको छैन। आवधिक योजना तर्जुमा गर्ने व्यवस्था भएता पनि शहरी विकासका लागि छाता ऐन नभएको अवस्थामा सरोकारवालाको स्पष्ट भूमिकासहित योजनाबद्ध, एकीकृत र तहगत विकास हुन सकेको छैन। पूर्वाधार मागको तुलनामा शहरी लगानी अझै अपर्याप्त रहेको अवस्थामा निजी तथा सार्वजनिक क्षेत्रसँगको लगानी, प्रविधि र कार्यात्मक साझेदारीमा अगाडि बढ्नु पर्ने आवश्यकता छ। जसले गर्दा शहरी संरचनामा सन्तुलन र शहरी प्रणालीमा परिपक्वता ल्याउने छ।साथै, राज्यको तीनवटै तहका सरकारहरूको समन्वय र सहकार्यमा सेवा सुविधामा पहुँच बढाउनु छ भने शहरीकरणको व्यवस्थापनमार्फत भविष्यमा शहरहरू आकर्षणको केन्द्र बनाउनुका साथै शहर र बस्तीहरूको सञ्जाल मार्फत वस्तु र सेवाहरूको विनिमयद्वारा राष्ट्रिय अर्थ प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनु पर्नेछ।

## ४. समस्या, चुनौती र अवसर

### ४.१ समस्या

(क) हिमाली तथा पहाडी क्षेत्रबाट तराई तथा उपत्यकाहरूमा बसाईंसराइ क्रम बढनु, वि.सं. २०७८ को जनगणना अनुसार ३४ पहाडी जिल्लामा जनसङ्ख्या वृद्धि ऋणात्मक हुनु, १७ प्रतिशत भूभाग रहेको तराईक्षेत्रमा करिब ५४ प्रतिशत जनसङ्ख्यासहित शहरी प्रणाली तथा पूर्वाधारमा चाप हुनु,

(ख) बहुसङ्ख्यक नगरपालिकाहरू शहरी भन्दा पनि ग्रामीण चरित्रको भएको सन्दर्भमा शहरी प्रणालीको सोपानअनुरूप सेवा तथा सुविधा पुर्‍याउन र शहरी क्षेत्रले पूर्वाधार सेवा र रोजगारीको मागलाई पर्याप्त मात्रामा सम्बोधन गर्न नसक्नु,

(ग) वातावरणीय ह्रास, भिडभाड, शहरी गरिबी, अव्यवस्थित शहरी बस्ती, बेरोजगारी र अपर्याप्त पूर्वाधार सेवाजस्ता अव्यवस्थित शहरीकरणका विषमताहरू रहनु, तथा शहरी सेवा पूर्वाधारहरू अपाङ्गता, बालबालिका र जेष्ठ नागरिक मैत्री नहुनु,

(घ) स्थलीय योजना तर्जुमा र कार्यान्वयन, भूउपयोग तथा भौतिक विकासको नियमन, रणनीतिक पूर्वाधार निर्माणमा लगानी र शहरी व्यवस्थापनका औजार र साधनहरू पर्याप्त नहुनु,

(ङ) शहरीकरण प्रक्रियामा परम्परागत ज्ञान, अनुभव, सीप र प्रविधिको उपयोग हुन नसक्दा मौलिक वास्तुकला र सम्पदा बस्तीहरूको संरक्षण हुन नसक्नु,

(च) शहरी मामिला र शहरी विकासलाई प्रशासनिक दृष्टिकोणबाट सम्बोधन गर्न खोजिनु, शहरी योजना कार्यान्वयन र शहरी व्यवस्थापनमा प्राविधिक जनशक्तिको उपयोगमा कमी हुनु।

### ४.२ चुनौती

(क) शहरी सेवा र सुविधा पुर्‍याउने कार्यमा बहुसङ्ख्यक निकाय, सङ्घ तथा संस्थाहरू संलग्न रहेको सन्दर्भमा ती निकायहरूबीच समन्वय कायम गरी एकीकृत रूपमा सेवा पूर्वाधार प्रबन्ध गर्नु,

(ख) सार्वजनिक निजी साझेदारीलगायतका वैकल्पिक लगानीको महत्तम उपयोगसहित शहरी क्षेत्रमा अपेक्षित लगानी गर्नु,

(ग) शहरी पूर्वाधारहरू विपद् उत्थानशील र दिगो बनाउनु,

(घ) शहरीकरणका प्रयासबीच सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरतह तथा निकायगत सामञ्जस्यता तथा अन्तरआबद्धता गर्नु।

**४.३ अवसर**

(क) विविधतामा एकता भएको नेपाली सामाजिक संरचनाको परिवेशमा विभिन्न शहर तथा बस्तीहरूका आआफ्नै विशिष्ट र पृथक पहिचान रहेकोले नेपाली मौलिक शहरहरू विकास गर्ने सम्भावना रहनु,

(ख) सङ्घीयता कार्यान्वयनसँगै स्थानीय तहको निर्वाचनबाट राजनीतिक दूरदृष्टि तथा इच्छाशक्तिसहितको सबल नेतृत्व भएकोले आधुनिक पूर्वाधारयुक्त, योजनाबद्ध, वातावरणमैत्री, लैङ्गिकमैत्री, ज्येष्ठ नागरिक र अपाङ्गतामैत्री, व्यवस्थित, समावेशी, आर्थिक रूपमा गतिशील र सुरम्य शहर निर्माण गरी मानव बस्तीलाई दिगो र उत्थानशील बनाउन अनुकूल वातावरण हुनु,

(ग) बसाइँसराइका कारण तीव्र भइरहेको शहरीकरणलाई व्यवस्थित गरी सबैको लागि स्तरीय, पर्याप्त र सुरक्षित शहरी सेवासुविधा उपलब्ध गराई शहरीकरणको लाभ लिन सकिने सम्भावना रहनु,

(घ) योजनाबद्ध जग्गा तथा आवास विकास, बसोबास क्षेत्र सुधार, शहरी पुनरूत्थान र सबै प्रकारको जग्गा चक्लाबन्दी गरी शहरी पूर्वाधारको लागि उपयुक्त जग्गा उपलब्ध गराउने विषयको राष्ट्रिय, अन्तराष्ट्रिय असल अभ्यास र सिकाईहरूलाई नेपालको परिप्रेक्ष्यमा उपयोग गरी व्यवस्थित र बसोबासयोग्य शहर निर्माण गर्न सकिने वातावरण हुनु,

(ङ) शहरी योजनामा जलवायु परिवर्तन र विपद् व्यवस्थापनको पक्षलाई समेत समावेश गरी सुरक्षित, सुविधा सम्पन्न, सूचना प्रविधियुक्त, वातावरणमैत्री, दिगो, व्यवस्थित र भविष्यमुखी (Futuristic) शहरहरूको निर्माण तथा विकास गरी आकर्षणको केन्द्र बनाउने सम्भावना रहनु,

(च) सुकुम्वासीलगायत अव्यवस्थित बसोवासीको व्यवस्थापन गरी आवासको हक सुनिश्चित गर्ने अवसर रहनु,

(छ) देशभित्र र बाहिरबाट शहरी योजना तथा व्यवस्थापनमा योगदान पुऱ्याउने जनशक्ति वृद्धि भएको सन्दर्भमा सोको सदुपयोग गर्न सकिने वातावरण रहनु,

(ज) शहरी योजना, लगानी र व्यवस्थापनमा विकास साझेदारहरूको संलग्नता बढ्दै जानु,

(झ) दिगो विकास लक्ष्य (सन् २०१५–३०), नयाँ शहरी कार्यसूची (सन् २०१६–३६), जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, विपद् जोखिम न्यूनीकरणको लागि सेण्डाई फ्रेमवर्कजस्ता नेपाल पक्ष राष्ट्र भई प्रतिबद्धता जनाएका शहरी विकास, विपद् र वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने दस्ताबेजहरूको कार्यान्वयन गर्नु।

## ५. शहरी नीतिको आवश्यकता

वर्तमान राष्ट्रिय शहरी नीति, २०६४ तर्जुमा भएको डेढ दशकभन्दा बढी समय व्यतीत भइसकेको छ। यस अवधिमा नयाँ संविधान जारी भई राज्यको पुनर्संरचनासमेत भएको र शहरी विकास, विपद् र वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न दस्ताबेजहरू नेपाल सरकारबाट अनुमोदन भइसकेको सन्दर्भमा संविधानको मर्म र भावनाबमोजिम शहरी विकास नीतिमा समयानुकुल परिमार्जन आवश्यक भएकोले नयाँ नीति तर्जुमा गरिएको हो।

निम्न आधार तथा कारणहरूले गर्दा राष्ट्रिय शहरी नीति, २०८१ आवश्यक देखिएको हो।

(क) नयाँ संविधान जारी भई राज्यको पुनर्संरचनासमेत भएको हुँदा नेपालको संविधानको मर्म र भावनाबमोजिम नीतिमा परिमार्जन आवश्यक भएकोले,

(ख) सङ्घीय संरचनामा रूपान्तरित भएर मुलुकका तीनवटै तहमा निर्वाचित सरकारहरू क्रियाशील भइसकेको र शहरी विकाससँग सम्बन्धित निकायहरूको भूमिका र अधिकार क्षेत्रमा समेत परिवर्तन

भएको सन्दर्भमा तदनुकूल भूमिका, काम, कर्तव्य तथा पारस्परिक समन्वयलाई परिभाषित गर्नु आवश्यक भएकोले,

(ग) शहरी विकाससँग सम्बन्धित राष्ट्रिय शहरी विकास रणनीति, प्लानिङ्ग नर्म्स एण्ड स्टयाण्डर्ड्स, शहरी वातावरण निर्देशिकासमेतका दस्तावेजहरू निर्माण हुनुको साथै काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन तथा नियमावली लागु भएको हुँदा शहरी नीतिमा ती दस्ताबेजका प्रावधानहरू प्रतिविम्बित हुनु आवश्यक भएकोले,

(घ) राष्ट्रिय भूउपयोग नीति, वातावरणमैत्री सवारी तथा यातायात नीति, खानेपानी तथा सरसफाइ नीति, फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, औद्योगिक नीति, सूचना तथा सञ्चार नीतिजस्ता शहरी विकासका विभिन्न आयामहरूसँग प्रत्यक्ष सम्बन्ध राख्ने अन्य नीतिहरूसँगको समन्वय आवश्यक भएको, साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र भूउपयोग ऐन, २०७६ सँग परिपूरकता हुनुपर्ने आवश्यकता रहेकोले,

(ङ) दिगो विकास लक्ष्य (सन् २०१५—३०), नयाँ शहरी कार्यसूची (सन् २०१६—३६), जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, विपद् जोखिम न्यूनीकरणको लागि सेण्डाई संरचनाजस्ता शहरी विकास, विपद् र वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने दस्ताबेजहरू नेपाल सरकारबाट अनुमोदन गरिसकेको सन्दर्भमा नीतिगत तालमेल आवश्यक भएकोले,

(च) राष्ट्रिय शहरी नीति, २०६४ ले शहरी योजना तर्जुमा, शहरी निर्माण (सुधार तथा विस्तार), शहरी भूउपयोग र भौतिक विकासको नियमन र शहरी व्यवस्थापनको सन्दर्भमा स्पष्ट आधारहरू प्रस्तुत गर्न नसकेको हुँदा सो सम्बोधन आवश्यक भएकोले,

(छ) वर्तमान नीतिले मुख्य शहरहरू (क्षेत्रीय आर्थिक केन्द्र एवं प्रशासनिक केन्द्र) बीच सम्पर्क सम्बन्ध कायम गर्ने र त्यस्ता शहरहरूको बीचमा अवस्थित साना तथा मझौला शहरहरूको स्थलीय अन्तरसम्बन्धलाई समेट्न नसकेको हुँदा शहरी आर्थिक कोरिडोर, नयाँ शहर, स्मार्ट सिटी, वृहत्तर शहरी क्षेत्र (मेगा सिटी) जस्ता शहरी विकासका नवीन आयाम र कार्यक्रमहरूलाई समेट्न आवश्यक भएकोले,

(ज) विगत बीस वर्षयता नेपालको शहरी विकास क्षेत्रमा देखिएका सकारात्मक तथा नकारात्मक प्रवृत्तिको समीक्षा र मूल्याङ्कन गर्दै असल अभ्यासलाई प्रोत्साहन गर्दै, शहरी विकासका लागि प्रभावकारी साधन र उपकरणको विकास गर्न आवश्यक भएकोले,

(झ) विकाससम्बन्धी नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू एवं नेपाल सरकारबाट स्वीकृत विभिन्न नीतिहरूको आधारमा शहर र शहरीकरणलाई व्यवस्थित गर्दै लैजान मार्गदर्शक सिद्धान्तको रुपमा दिगोपना, समावेशीता, उत्थानशीलता, हरित उन्मुखता र प्रभावकारितालाई यस नीतिमा समावेश गर्न आवश्यक भएकोले।

## ६. दूरदृष्टि

व्यवस्थित, समावेशी र समृद्ध शहर

## ७. लक्ष्य

सन् २०३६ भित्र नेपालका शहरी क्षेत्रहरूको शहरी पूर्वाधार अवस्था सूचक (Urban Infrastructure Condition Index) कम्तीमा ५० प्रतिशत हुने गरी औसतमा १५ प्रतिशतले वृद्धि गर्ने।

## ८. उद्देश्य

सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा शहरी योजना निर्माण, नियमन र व्यवस्थापनका उपयुक्त माध्यममार्फत उत्थानशील शहरी पूर्वाधारमा पहुँच विस्तार गर्नु यस नीतिको उद्देश्य रहेको छ। ।

## ९. नीति

शहरी विकासको दूरदृष्टि, लक्ष्य र उद्देश्यको परिधिभित्र रही देहायबमोजिमको नीति अवलम्बन गरिनेछ।

**नीति १ः समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरूपको विकास गर्ने,**

**नीति २ः उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार गर्ने,**

**नीति ३ः व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्ने,**

**नीति ४ः अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने।**

## १०. रणनीति

**नीति १ः समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरूपको विकास गर्ने**

१.१ शहर र शहरी प्रणालीबीचको अन्तरआवद्धतालाई प्रवर्द्धन गर्ने।

१.२ शहरी-ग्रामीण तथा क्षेत्रीय सम्बन्धलाई सुदृढ गर्दै पिछडिएको क्षेत्रलाई प्रतिस्पर्धी बनाउने।

१.३ प्रदेश राजधानीलगायतका देशका ठुला शहरहरूलाई प्रमुख आर्थिक केन्द्रको रूपमा विकास गर्ने।

१.४ विविधतायुक्त मौलिक शहरी तथा बस्ती स्वरूपको पहिचान, संरक्षण, पुनरूत्थान एवं विकास गर्ने।

**नीति २ः उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार गर्ने**

२.१ आधारभूत शहरी पूर्वाधार र सेवामा सबैको पहुँच सुनिश्चित गर्ने।

२.२ एकीकृत रूपमा शहरी पूर्वाधारको स्तरोन्नति र विस्तार गर्ने।

२.३ विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनको आन्तरिकीकरणलाई प्राथमिकता दिई दिगो र पर्यावरणमैत्री पूर्वाधारको विकास गर्ने।

२.४ शहरी पूर्वाधार सम्पत्तिको व्यवस्थापन एवं आवधिक मर्मत सम्भार गर्ने ।

**नीति ३ः व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्ने**

३.१ बहुक्षेत्रगत लगानी योजना (Multi Sectoral Investment Plan: MSIP) तयार गरी प्राथमिकताको आधारमा तीनै तहको सरकारको स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गर्ने।

३.२ वैकल्पिक वित्तीय उपकरणहरू र स्रोत साधन परिचालन गर्ने।

३.३ शहरी पूर्वाधारको डिजाइन, निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी, सहकारी, वित्तीय, संस्थागत क्षेत्र, स्वदेशी तथा वैदेशिक क्षेत्र र समुदायको साझेदारीलाई प्रोत्साहन र परिचालन गर्ने।

३.४ अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलाप र रोजगारीलाई शहरी विकासमा आबद्ध गर्ने।

**नीति ४ः अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने**

४.१ शहरी क्षेत्रमा क्रियाशील सरोकारवालाहरूको क्षमता अभिवृद्धिसहित सिधा सम्पर्क र समन्वय स्थापित गर्ने।

४.२ तहगत शहरी योजनाको स्वीकृति र कार्यान्वयनको लागि कानूनी आधारसहित स्पष्ट खाका तयार गर्ने।

४.३ एकीकृत एवं स्वस्फूर्त रूपमा शहरी सेवा प्रवाह गर्ने।

४.४ शहरी योजना तथा पूर्वाधार शासनलाई समावेशी बनाउने।

## ११. कार्यनीति

११.१. समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरूपको विकास गर्नेसँग सम्बन्धित रणनीतिहरूको कार्यनीतिः

### ११.१.१. शहर र शहरी प्रणालीबिचको अन्तरआबद्धतालाई प्रवर्द्धन गर्ने

(क) शहर तथा बस्तीहरूको वैज्ञानिक वर्गीकरण गरी उपलब्ध हुनुपर्ने न्यूनतम सेवा सुविधा र पूर्वाधारको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ। त्यसैगरी मेगा सिटी, स्मार्ट सिटी, नयाँ शहर, हिमाली शहर, एरोसिटी, खाद्य हरियाली शहर, शहरी आर्थिक कोरिडोरजस्ता शब्दावलीहरूको परिभाषा तथा मानक तयार गरिनेछ।

(ख) अन्तर शहर र बस्तीहरू बीचको यातायात पहुँच अभिवृद्धि गर्न सरोकारवालासँगको सहकार्य र समन्वयमा द्रुत, अर्धद्रुत र स्थानीय मल्टीमोडल परिवहन पूर्वाधारको विकास गरिनेछ।

(ग) ट्रान्जिट ओरिएण्टेड विकास (Transit Oriented Development) लाई प्रोत्साहन गरिनेछ।

(घ) वृहत्तर शहरी क्षेत्र (Mega-city Cluster) र शहरी आर्थिक करिडोर (Urban Economic Corridor) को एकीकृत विकास गरिनेछ।

### ११.१.२. शहरी-ग्रामीण तथा क्षेत्रीय सम्बन्धलाई सुदृढ गर्दै पिछडिएको क्षेत्रलाई प्रतिस्पर्धी बनाउने

(क) सुदृढ यातायात र सञ्चार सम्पर्क (Connectivity) सहित उच्चस्तरीय शहरी सेवा र पूर्वाधारमा ग्रामीण क्षेत्रको पहुँच र अन्तरआबद्धता (Rural-Urban Linkage) विस्तार गरिनेछ।

(ख) अर्ध-शहरी (Peri-urban) क्षेत्रका परम्परागत मौलिक बस्तीहरूलाई शहरी ग्राम(Urban Village)को रूपमा विकास गरिनेछ।

(ग) शहर विस्तार गर्दा जल, वन तथा कृषि क्षेत्रको संरक्षणमा जोड दिइ पृष्ठप्रदेश (Hinterland) लाई कृषि, पशुपालन एवं निश्चित आर्थिक पकेट क्षेत्रको रूपमा विकास गर्न प्रोत्साहन गरिनेछ।

(घ) आरोग्य शहरी जीवन र खाद्य सुरक्षाका लागि सरोकारवालाको समन्वय र सहकार्यमा रैथाने बाली संरक्षणसहित शहरमा कम्तीमा तीन महिनालाई पुग्ने खाद्य तथा इन्धन भण्डारण पूर्वाधारको विकास गरिनेछ।

(ङ) मध्य पहाडी लोकमार्ग, हुलाकी लोकमार्ग, ग्रेट हिमालयन ट्रेल आसपासमा अवस्थित बस्तीहरूको योजनाबद्ध विकासको लागि स्रोत साधन र लगानी वृद्धि गरिनेछ। साथै, पिछडिएको क्षेत्रमा औद्योगिक क्रियाकलापलाई प्रोत्साहन गर्न आवश्यक जग्गाको व्यवस्थापन र पूर्वाधार विकास गरिनेछ।

(च) असुरक्षित एवं अपायकमा छरिएर रहेका बस्तीहरूलाई आर्थिक आबद्धतासहित क्रमश: सुरक्षित स्थानमा स्थानान्तरण गर्दै एकीकृत र उत्थानशील बस्तीको रूपमा विकास गरिनेछ।

(छ) ग्रामीण क्षेत्रका बजार केन्द्र र साना शहरहरूको व्यवस्थित विकास गर्दै जनसङ्ख्यालाई यथास्थानमै बसोबास (Retain) गर्न आर्कषण गराई आन्तरिक बसाइँसराइ र जनसाङ्ख्यिक सन्तुलन कायम गरिनेछ ।

### ११.१.३. प्रदेश राजधानी लगायत देशका ठुला शहरहरूलाई प्रमुख आर्थिक केन्द्रको रूपमा विकास गर्ने

(क) एक शहर एक वा बहु पहिचानमा आधारित भएर शहरहरूको तुलनात्मक लाभका क्षेत्रको प्रस्फुटनसहित शहरहरूलाई विकास गरिनेछ।

(ख) अव्यवस्थित शहरी विस्तार (Urban Sprawl) रोक्नका लागि शहरहरूको प्राकृतिक क्षमता, पृष्ठप्रदेशसँगको अन्तरसम्बन्ध एवं जनसङ्ख्या वृद्धिको आधारमा शहर विस्तार योजना (Urban Expansion Planning) कार्यान्वयन गरिनेछ।

(ग) ठुला शहरहरूमा गतिशील जनसङ्ख्या (Floating Population) को चापसमेतलाई मध्यनजर गरी आधारभूत सेवा पूर्वाधार विकास गरिनेछ।

(घ) सङ्घीय राजधानी काठमाडौं उपत्यकालाई सांस्कृतिक शहरको रूपमा विकास गरिनेछ।

(ङ) निश्चित मापदण्ड, नवप्रवर्तन र सघन लगानीका माध्यमबाट प्रदेश राजधानीहरूलाई प्रतिस्पर्धी र जीवन्त शहर बनाइनेछ।

(च) नगरपालिका र गाउँपालिकाको प्रशासनिक तथा आर्थिक केन्द्रहरूको योजनाबद्ध विकास गरिनेछ।

**११.१.४. विविधतायुक्त मौलिक शहरी तथा बस्ती स्वरूपको पहिचान, संरक्षण, पुनरूत्थान एवं विकास गर्ने**

(क) राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सम्पदा बस्तीहरूको अभिलेख तयार गरी दिगो संरक्षण र आर्थिक उन्नतिका लागि स्थानीय उत्पादन र पर्यटन प्रवर्द्धनसँग आवद्ध गरी मौलिक वास्तुकला संरक्षण र शहरी पुनरूत्थानका योजनाहरू कार्यान्वयन गरिनेछ।

(ख) स्थानीय तहहरूको सहकार्यमा अभिलेखीकरण र नयाँ पुस्तालाई ज्ञान हस्तान्तरण सहित विविधतायुक्त पर्यावरणीय, सामाजिक, आर्थिक आधार सहितका बस्ती स्वरूपको संरक्षण र प्रवर्द्धन (Morphological Retainment and Enhancement) गरिनेछ।

(ग) परम्परागत ढुङ्गेधारा, इनार, पोखरी, पाटीपौवा, देवल, चोक चौतारालगायतका पूर्वाधारको संरक्षण र संवर्द्धन गर्न स्थानीय स्रोत साधान, सीप र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

(घ) शहरी दृश्यावलीमा प्रतिकूल प्रभाव पार्ने तार, होर्डिंग बोर्ड, पार्किङलगायतको नियन्त्रण तथा नियमन गर्न एवं शहरी सौन्दर्य अभिवृद्धिका लागि शहरी भू-आकृति (Urban Landscape) कार्यविधि तयार गरी लागु गरिनेछ।

(ङ) नयाँ शहर तथा बस्ती योजनामा नेपाली मौलिकता र विविधता अनुसार तहगत पदमार्ग, किनारा, क्षेत्र, नोड र ल्याण्डमार्क (Paths, Edges, Districts, Nodes, and Landmarks) हरू समावेश गरिनेछ।

११.२. उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार गर्नेसँग सम्बन्धित रणनीतिहरूको कार्यनीतिः

**११.२.१. आधारभूत शहरी पूर्वाधार र सेवामा सबैको पहुँच सुनिश्चित गर्ने**

(क) संयुक्त आवास, सामूहिक आवास, सामाजिक आवास, भाडाको आवास, सहकारी आवासलगायत व्यवस्थित आवास निर्माण एवं भइरहेका आवासहरूको स्तरोन्नतिका माध्यमबाट सबैको लागि सुरक्षित र सुपथ (Affordable) सहितको न्यूनतम आवास सुविधा प्रत्याभूति गरिनेछ। साथै, जग्गा वा आवास विकास योजनामा अनिवार्य रूपमा न्यून आय वर्गलाई समावेश गरिनेछ।

(ख) शहरी वासिन्दाका लागि पर्याप्त सुरक्षित खानेपानी, सरसफाइ पूर्वाधार र बाढीजन्य प्रकोप न्यूनीकरणका लागि सरोकारवालासँगको समन्वय र सहकार्यमा शहरी जल व्यवस्थापन (Urban Water Management) को दिगो पूर्वाधार विकास गरिनेछ।

(ग) स्वच्छ र सुरक्षित शहरी वातावरणको लागि बसोबास क्षेत्र सुधार गरिनेछ। साथै, आधारभूत आवास एकाइ र कृषि भूमिको हकमा आर्थिक सहुलियतका विकल्प सहित निर्मित क्षेत्र विस्तारलाई निरूत्साहित गरी हरित क्षेत्र संरक्षणको लागि समन्वय गरिनेछ।

(घ) सबैको लागि पहुँचयुक्त, सुविधायुक्त, सुरक्षित र वातावरणमैत्री शहरी यातायातका लागि सरोकारवालासँगको सहकार्य र समन्वयमा मास ट्रान्जिट, पैदलमैत्री, साईकलमैत्री एवं नवीकरण उर्जामा आधारित यातायात पूर्वाधार विकास गरिनेछ।

(ङ) शहरी पूर्वाधारलाई ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिसहित लैङ्गिकमैत्री बनाइनेछ।

**११.२.२. एकीकृत रूपमा शहरी पूर्वाधारको स्तरोन्नति र विस्तार गर्ने**

(क) एकीकृत र समन्वयात्मक (Holistic Approach) रूपमा शहरी भौतिक पूर्वाधारहरूको योजना तथा निर्माण गरिनेछ। आवश्यकतानुसारका पूर्वाधारहरूलाई व्यवस्थित र भूमिगत गर्दै लगिनेछ।

(ख) पूर्वाधार र सेवा सुविधा सञ्जालसहितको योजनाबद्ध आवासीय क्षेत्रहरू निर्माण गर्न प्राथमिकता र प्रोत्साहन दिइनेछ। यसका लागि जग्गा तथा आवास एकीकरण विधिको विस्तारित र बहुउपयोगी (Scale-up and Flexible) उपयोग गर्ने गरी कार्यविधि र मापदण्ड तर्जुमा गरिनेछ।

(ग) व्यवस्थित सार्वजनिक शौचालय, पाटी, पौवा, चौतारा, उद्यान, सामुदायिक केन्द्र, पुस्तकालयजस्ता सामाजिक मिलनका स्थलहरू संरक्षण एवं डिजिटल सुविधा सहित विकास गरिनेछ।

(घ) सरोकारवालासँग सहकार्य र समन्वयमा शहरमा आवश्यक शिक्षा, स्वास्थ्य, खेलकुद, सांस्कृतिक, पर्यटकीय र मनोरञ्जनात्मक पूर्वाधारहरू विकास गरिनेछ।

(ङ) शहरी क्षेत्रमा हाटबजार, बसपार्क, व्यवसाय शुरूवाती स्थल (Start-up Business Space), प्रशोधन केन्द्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्रलगायतका दिगो आर्थिक आय आर्जन गर्ने खालका पूर्वाधार विकासमा समन्वय र सहकार्य गरिनेछ।

## ११.२.३. विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनको आन्तरिकरणलाई प्राथमिकता दिइ दिगो र पर्यावरण मैत्री पूर्वाधारको विकास गर्ने

(क) शहरमा विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना र पूर्वतयारीका सेवा र पूर्वाधारको व्यवस्था गरिनेछ। बहुविपद् जोखिमको अवस्था आकलन गरी भूउपयोग र भौतिक विकास नियमन एवं जोखिमपूर्ण बस्तीहरूको स्थानान्तरण गरिनेछ।

(ख) शहरी वन तथा कृषिलाई योजनामा आबद्ध गरी तह अनुसार आवश्यक खुल्ला क्षेत्र (चौतारा, पोखरी, उद्यान, चोक, खेलमैदान, टुँडिखेल, आदि) र हरियाली क्षेत्रको विकास गरिनेछ।

(ग) शहरी जल सुरक्षा (Urban Water Security) का लागि परिवार, समुदाय, नगरस्तर र क्षेत्रीयस्तरमा भूमिगत जल संरक्षण एवं पुनर्भरण (Recharge) गरिनेछ। जमिनको प्राकृतिक बनोट र पानीको प्राकृतिक बहावलाई अवरोध नहुने गरी जलप्रणालीको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

(घ) फोहरमैलाको उत्पादन घटाउने, पुन: प्रयोग गर्ने र स्रोतमा वर्गीकरण गरी चक्रीय प्रयोगबाट फोहरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न प्राविधिक सहयोग र आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

(ङ) शहरमा फैलन सक्ने महामारी नियन्त्रणका लागि आवश्यक पर्ने संरचना र सुविधाहरूको योजना तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

(च) पूर्वाधार निर्माणमा वातावरणमैत्री निर्माण सामग्री र हरित प्रविधिलाई प्रोत्साहन, न्यून कार्बन उत्सर्जनसहित जलवायु अनुकूलन पद्धति र प्रविधिलाई अनुसरण गरिनेछ ।

(छ) बहुविपद् जोखिमको न्यूनीकरणको लागि मौजुदा संहिता र मापदण्डलाई समय सापेक्ष परिर्वतन गर्दै लागु गर्न प्रोत्साहनका विधिहरू समेत अवलम्बन गरिनेछ।

(ज) विपद्पछिको पुनर्निर्माणमा विगतको कमी कमजोरी र सिकाईको विश्लेषण गरी अझ राम्रो निर्माण (Build Back Better) को अवधारणा अनुसरण गरिनेछ। नेपालमा विपद् जोखिम अवश्यम्भावी रहेकोले कुनै एक घटना केन्द्रीत उपचारको सट्टा रोकथाम र पूर्वतयारीको लागि अनवरत रूपमा सञ्चालित दीर्घकालीन प्रणाली प्रवर्द्धन गरिनेछ।

## ११.२.४. शहरी पूर्वाधार सम्पत्तिको व्यवस्थापन एवं आवधिक मर्मत सम्भार गर्ने

(क) शहरी पूर्वाधारहरूको डिजिटल अभिलेख तयारी र अद्यावधिक गरी सरोकारवाला निकायहरूबीच सूचना आदानप्रदान गर्न समन्वय र सहकार्य गरिनेछ।

(ख) सार्वजनिक, ऐलानी तथा पर्ती जग्गाको अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापनका साथै, सबै तहका सडक तथा सार्वजनिक पूर्वाधारहरूले ओगटेको जमिनको कित्ताकाटसहित अभिलेख राख्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।

(ग) शहरी पूर्वाधारहरू अविच्छिन्न सञ्चालन गर्न तत्कालिक र आवधिक मर्मत सम्भार योजना तयार गरी कार्यान्वयनमा समन्वय गरिनेछ। यसका लागि प्रतिकार्य संयन्त्र (Response Mechanism) को व्यवस्था गर्न सहकार्य गरिनेछ।

(घ) शहरी पूर्वाधारको तहगत वर्गीकरण गरी सोहीअनुरूप तत् तत् तह र निकायलाई अभिलेखीकरण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनमा जिम्मेवार बनाइनेछ।

(ङ) महत्वपूर्ण शहरी पूर्वाधारहरूको उपयोग समय (Functional Life Span) तोक्ने व्यवस्था गरिनेछ। पूर्वाधारको जीवनचक्र खर्च (Life Cycle Cost) न्यून गर्न आकस्मिक मर्मत सम्भारको लागि बीमा (Insurance) का साथै नियमित मर्मत सम्भार र उपयोग समय पछिको निर्माणको लागि वार्षिक वृत्ति कोष (Sinking Fund) लगायतका विकल्पहरूको व्यवस्था गर्न आवश्यक कार्यविधि र मापदण्ड बनाईनेछ।

११.३. व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्नेसँग सम्बन्धित रणनीतिहरूको कार्यनीतिः

### ११.३.१. बहुक्षेत्रगत लगानी योजना (MSIP) तयार गरी प्राथमिकताको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको सरकारको स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गर्ने

(क) अधिकतम सामाजिक तथा आर्थिक प्रतिफल प्राप्त हुने रूपान्तरणकारी शहरी पूर्वाधारको पहिचान र प्राथमिकीकरण गरी बहुक्षेत्रगत लगानीलाई दिशानिर्देश गरिनेछ।

(ख) निश्चित मापदण्ड बनाई जनसहभागितामा आधारित जग्गा तथा आवास विकास, बसोबास क्षेत्र सुधार, शहरी पुनरोत्थान र चक्लाबन्दीलगायतका योजनाबद्ध बस्ती विकासमा सरकारी लगानी वृद्धि गरी योजनाबद्ध विकास बाहेकका क्षेत्रमा लगानी निरूत्साहित गरिनेछ।

(ग) शहरी योजना, वित्तीय संरचना तथा विनियोजन प्रणालीबिच सामञ्जस्य कायम गरी रणनीतिक शहरी पूर्वाधारमा लगानी एवं सहलगानीका लागि आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

(घ) स्थानीय स्रोत साधन (मानव संशाधन, निर्माण सामग्री, वित्त, ज्ञान, प्रविधि आदि) को पहिचान, समुचित उपयोग र प्रवर्द्धनबाट शहरको आन्तरिक क्षमता वृद्धि गरी अनुदानमाथिको परनिर्भरता कम गर्दै लगिनेछ।

### ११.३.२. वैकल्पिक वित्तीय उपकरणहरू र स्रोत साधन परिचालन गर्ने

(क) शहरी पूर्वाधारको विकासबाट घरजग्गा र संरचनामा हुने मूल्य अभिवृद्धि (Value Capture) लाई शहरको आन्तरिक स्रोत बढाउने साधनको रूपमा प्रयोग गरिनेछ। यसका लागि घरजग्गाको मूल्याङ्कनलाई वैज्ञानिक बनाई एकरूपता ल्याउनका लागि स्वचालित प्रणाली (Land Value Index) को विकास गर्न सम्बन्धित निकायसँग सहकार्य गरिनेछ। खाली घडेरी (Vacant land) र आधारभूत आवास एकाइभन्दा बढी क्षेत्रफलको घर निर्माणमा प्रगतिशील करको माध्यमबाट अनुत्पादक क्षेत्रको लगानीलाई निरूत्साहित गरिनेछ।

(ख) शहरी पूर्वाधारका लागि जग्गा प्राप्तिमा जग्गा पुनर्समायोजन (Land Readjustment), जग्गा एकीकरण (Land Pooling), सट्टापट्टा, अल्पकालीन स्वामित्व हस्तान्तरण (Lease), जग्गा साझेदारी (Land Sharing), विकास अधिकार हस्तान्तरण (Development Right Transfer), चक्लाबन्दी, भूमि बैङ्कजस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्न आवश्यक कानून र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

(ग) योजनाबद्ध शहरी विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध ज्ञान, सीप, प्रविधि, सिकाई, नवप्रवर्तनका साथै आर्थिक र भौतिक स्रोत साधन परिचालन गरिनेछ।

(घ) योजनाबद्ध शहरी विकासका लागि कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, कल्याणकारी कोष, जग्गा विकास चक्रकोष, नगर विकास कोष, विकास प्राधिकरण कोष, सामाजिक सुरक्षा कोष, विप्रेषणलगायत वित्तीय स्रोतको परिचालन गरिनेछ।

(ङ) अनुदान मिश्रित ऋण, मिश्रित वित्त (Blended Finance), सार्वजनिक निजी साझेदारी (Public Private Partnership), प्रभावी वित्तीय लगानी (Impact Investment Financing), शहरी ऋणपत्र (Municipal Bond) र सामुदायिक लागत सहभागिता लगायतका वैकल्पिक वित्तीय उपकरणहरू परिचालन गरिनेछ।

(च) हरित कोष, जलवायु कोष, विश्व वातावरण सुविधा (Global Environment Facility), विश्व जैविक विविधता कार्यढाँचा कोष (Global Bio-Diversity Framework Fund), हरित उर्जा वित्त साझेदारी सुविधा (Clean Energy Financing Partnership Facility), कार्बन कर्जा (Carbon Credit), Innovation Fund, Adaptation Fund, Loss and Damage Fund लगायतका विभिन्न अन्तरराष्ट्रिय हरित वित्तीय संस्थाहरूको स्रोतमाथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न नगर विकास कोषलाई हरित लगानी वाहक (Green Financing Vehicle) को रूपमा प्रवर्द्धन तथा परिचालन गरिनेछ।

(छ) शहरी तथा क्षेत्रीय विकासमा अनुभवी तथा सेवा निवृत्त जनशक्तिको ज्ञान, अनुभव र सीपलाई पूँजीकृत गर्न एवं प्रविधि हस्तान्तरणका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

### ११.३.३. शहरी पूर्वाधारको डिजाइन, निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी, सहकारी, वित्तीय, संस्थागत क्षेत्र, स्वदेशी तथा वैदेशिक क्षेत्र र समुदायको साझेदारितालाई प्रोत्साहन र परिचालन गर्ने

(क) न्यून आय वर्गलाई सहुलियतसहित शहरी सेवा पूर्वाधारमा लागत असुली (Cost Recovery) को लागि मानक र कार्यविधि तयार गरी लागु गरिनेछ।

(ख) निजी क्षेत्र, विभिन्न कोष, वित्तीय संस्था, संयुक्त राष्ट्रसङ्घीय निकाय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरूलाई निश्चित लक्ष्य वा क्षेत्रसँग आबद्ध गरी वृहत्तर परिचालन गरिनेछ।

(ग) स्थानीय स्तरका शहरी पूर्वाधारको निर्माण र व्यवस्थापनमा लाभग्राही समुदायसँग लागत साझेदारीलाई प्रोत्साहन गरिनेछ।

(घ) शहरी पूर्वाधारका रूपान्तरणकारी आयोजनाहरू प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

### ११.३.४. अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलाप र रोजगारीलाई शहरी विकासमा आबद्ध गर्ने

(क) अनौपचारिक आर्थिक गतिविधि पहिचान गरी शहरी सेवा सुविधामा आबद्ध गरिनेछ।

(ख) पुन: प्रयोग योग्य फोहरमैला र सामग्रीहरूको सङ्कलन र व्यवस्थापनलाई प्रोत्साहन गर्न नीतिगत सुधार गरिनेछ।

(ग) एक पटक प्रयोग भइसकेका सरसामानहरू (लत्ता कपडा, पुस्तक, विद्युतीय सामग्री, फर्निचर आदि) को सङ्कलन, बिक्री, सट्टापट्टा गरी पुन: प्रयोग गर्ने शहरी सेवा केन्द्रहरूको विकास गरिनेछ।

(घ) शहरी गरिब तथा कृषकलाई शहरभित्र निश्चित स्थान र समय तोकी स्थानीय उत्पादन र दैनिक उपभोग्य वस्तुहरूको व्यापार व्यवसाय गर्न व्यवस्थित क्षेत्रहरू विकास गरिनेछ।

(ङ) अनौपचारिक क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरी क्रमश: औपचारिक आर्थिक आबद्धता बढाइनेछ।

११.४. व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्नेसँग सम्बन्धित रणनीतिहरूको कार्यनीतिः

### ११.४.१. शहरी क्षेत्रमा क्रियाशील सरोकारवालाहरूको क्षमता अभिवृद्धि सहित सिधा सम्पर्क र समन्वय स्थापित गर्ने

(क) शहरी विकासका असल अभ्यास, सिकाई तथा अनुसन्धानलाई विस्तार एवं नवप्रवर्तन र सिर्जनशीलताको प्रवर्द्धन गर्दै शहरी क्षेत्रको ज्ञान, सीप, अनुभव र प्रविधिलाई प्रदेश एवं स्थानीय तहमा हस्तान्तरण गरिनेछ।

(ख) शहरहरूबीचको स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहन र असल अभ्यासलाई पुरस्कृत गरिनेछ। सङ्घीय शहरी लगानी एवं सहलगानीको पूर्वसर्तको रूपमा भौतिक विकासको नियमन, व्यवस्थित जग्गा तथा आवास विकास, वातावरण सुधार, भूमिगत जलसञ्चय तथा फोहरमैला व्यवस्थापन समेतलाई लिने गरी कार्यविधि कार्यान्वयनमा ल्याईनेछ।

(ग) प्रदेश तथा स्थानीय तहमा आवश्यकताअनुसार आर्किटेक्ट, प्लानर र अन्य विज्ञ जनशक्तिको उपलब्धता सुनिश्चित गरिनेछ। साना र मझौला स्तरका शहरी योजना तर्जुमा र पूर्वाधार डिजाईनमा आन्तरिक प्राविधिक क्षमता वृद्धि गरी परामर्शदाताको परनिर्भरता कम गर्दै लगिनेछ।

(घ) नगर विकास समितिहरूलाई विज्ञ समूह (Think Tank) का रूपमा रूपान्तरण गर्न क्षमता अभिवृद्धि गरिनेछ।

(ङ) शहरी विकासका विविध आयामहरूमा निर्वाचित जनप्रतिनिधिहरू, निजी क्षेत्र, गैरसरकारी संस्था, उपभोक्ताको अभिमुखिकरण, अन्तरक्रिया एवं सचेतना अभिवृद्धिमार्फत सशक्तिकरण र राजनीतिक प्रतिबद्धता हासिल गरिनेछ।

(च) अन्तर तह तथा अन्तर निकाय समन्वयका लागि आवश्यक संयन्त्र र एकीकृत शहरी सूचना व्यवस्थापन प्रणाली (Urban Management Information System: UMIS) स्थापना गरिनेछ।

(छ) शहरी क्षेत्रीय वा उपक्षेत्रीय विकासको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

(ज) शहरी क्षेत्रमा क्रियाशील निकायहरूबिच ज्ञानको आदानप्रदान, अध्ययन अनुसन्धान, योजना तर्जुमा र कार्यान्वयनमा सहकार्य र समन्वय गर्न नेपाल राष्ट्रिय शहरी मञ्च गठन गरिनेछ।

### ११.४.२. तहगत शहरी योजनाको स्वीकृति र कार्यान्वयनको लागि कानूनी आधारसहित स्पष्ट खाका तयार गर्ने

(क) शहरी स्थलीय योजना तर्जुमा, स्वीकृति, भौतिक विकासको नियमन र कार्यान्वयनको लागि आवश्यक शहरी एवं बस्ती विकाससम्बन्धी कानून तर्जुमा गरी लागु गरिनेछ। शहरी मामिला र पूर्वाधार विकासलाई समग्र शहरी सुशासनको अङ्गको रूपमा अगाडि बढाइनेछ।

(ख) शहरी पूर्वाधार विकास र सेवा प्रवाहमा दोहोरो नपर्ने गरी निश्चित सेवा पूर्वाधारको मापदण्ड र निकाय तोकिनेछ।

(ग) समुदायको अग्रसरतामा स्थानीय परिवेश सुहाउँदो बस्ती विकास, शहरी योजना तथा निर्माणसम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन गरी शहरी भौतिक विकासको नियमन गरिनेछ।

(घ) तराई, पहाड र हिमाली क्षेत्रको विशिष्ट भौगोलिक परिवेशको साथै बस्तीको आर्थिक आधार र चरित्र (शहरी, अर्ध-शहरी, ग्रामीण) लाई सम्बोधन गर्ने गरी योजना तर्जुमा र मापदण्ड तोकी तहगत शहरी तथा बस्ती विकासको कार्य प्रदेश र स्थानीय तहहरूमा हस्तान्तरण गरिनेछ।

(ङ) भौतिक विकास योजना, संरचनात्मक योजना, एकीकृत कार्यमुलक योजना, आवधिक योजना, रणनीतिक योजना, एकीकृत शहरी विकास योजना जस्ता शहरी योजनाका प्राविधिक शब्दावलीहरूको परिभाषा तथा मानक तयार गरी अवलम्बन गरिनेछ।

(च) Urban Infrastructure Condition Index, City Prosperity Index, Urban Competitiveness Index, Smart City Indicator, Urban Resiliency Report Card, Degree of Urbanization, जस्ता शहरी तथ्याङ्कलाई व्यवस्थित र अद्यावधिक गरी एवं सरोकारवालाहरूको पहुँचमा ल्याई तथ्याङ्कमा आधारित निर्णय, योजना र लगानीलाई अनुसरण गरिनेछ।

### ११.४.३. एकीकृत एवं स्वतःस्फूर्त रूपमा शहरी सेवा प्रवाह गर्ने

(क) डिजिटल नेपाल फ्रेमवर्क अवधारणाअनुरूप सूचना प्रविधिको उच्चतम उपयोग गर्दै शहरी सूचना पहुँच र शहरी सेवा प्रवाह थप प्रभावकारी बनाइनेछ।

(ख) सरकारी कार्यालय परिसरहरूलाई क्रमशः एकीकृत बनाउँदै लगिनेछ। त्यसैगरी यातायात ट्रान्जिट एवं घनाबस्तीको केन्द्रमा शहरी सेवा केन्द्रमार्फत सार्वजनिक सेवा प्रदान गरिनेछ।

(ग) घरजग्गाको कारोबारलाई व्यवसायिक, पारदर्शी, प्रतिस्पर्धी र जवाफदेही बनाउन उद्योगको रूपमा विकास गरिनेछ। साथै, घरजग्गा व्यवसायलाई एकद्वार प्रणालीबाट नियमन गर्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ।

(घ) शहरी सेवा प्रवाहको सन्दर्भमा गुनासो सम्बोधन गर्नका लागि स्थानीय तहमा प्रभावकारी गुनासो सम्बोधन संयन्त्र स्थापना गरिनेछ।

### ११.४.४. शहरी योजना तथा पूर्वाधार शासनलाई समावेशी बनाउने

(क) आवासविहीन तथा शहरी गरिबका सवालहरूको सम्बोधन गर्न आधारभूत सेवा र पूर्वाधारको पहुँच प्रवर्द्धन गरिनेछ।

(ख) शहरी विकासमा आदिवासी जनजातिलगायत विशेष समुदायको सामाजिक, साँस्कृतिक एवं वातावरणीय अधिकारहरूको सम्मान तथा संवर्द्धन गरिनेछ।

(ग) शहरी निर्णय प्रक्रिया र लाभ वितरणमा सबै वर्ग लिङ्ग र समुदायको सूचनामा पहुँचसहित सहभागिता सुनिश्चित गरिनेछ। साथै, युवा वर्गको ज्ञान, सीप, सिर्जनशीलता पहिचान गरी शहरी विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ।

(घ) साविकका बासिन्दाहरू विस्थापित नहुने गरी जग्गा पुनर्समायोजन वा उचित मुआब्जाको व्यवस्था गरी शहरी पूर्वाधारका लागि आवश्यक जग्गा प्राप्त गरिनेछ।

(ङ) शहरी पूर्वाधारहरूको रेखदेख, मर्मत सम्भार र व्यवस्थापनमा समुदाय र खासगरी सीमान्तकृत वर्गको क्षमता अभिवृद्धि र अपनत्वसहित परिचालन गरिनेछ।

(च) शहरी पूर्वाधारहरूको वातावरणीय परीक्षणका साथै समावेशीता र पहुँचयोग्यता परीक्षण गरिनेछ।

## १२. नीति कार्यान्वयनको जिम्मेवारी

यस नीतिको लक्ष्य तथा उद्देश्य प्राप्तिमा लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूले आआफ्ना नीति तथा कार्यक्रममा समावेश गरी नीति कार्यान्वयन गर्नेछन्। नीति कार्यान्वयनको जिम्मेवारी देहायअनुसार हुनेछः

### १२.१ सङ्घीय सरकारको जिम्मेवारी

(क) शहरी विकास सम्बद्ध राष्ट्रिय नीतिहरू, कानून, कार्यविधि, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(ख) शहर तथा बस्तीहरूको वैज्ञानिक वर्गीकरण तथा न्यूनतम सेवा सुविधाको मापदण्ड तर्जुमा,

(ग) शहरी विकाससम्बन्धी राष्ट्रिय एवं अन्तरराष्ट्रिय सङ्घ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क, समन्वय र कार्यान्वयन,

(घ) तहगत शहरी योजनाको तर्जुमा र कार्यान्वयनमा समन्वय,

(ङ) शहरी पूर्वाधारको तहगत वर्गीकरण र कार्यान्वयनको जिम्मेवारी निर्धारण,

(च) विशिष्ट शहरी संरचना विकास,

(छ) शहरी आर्थिक करिडोर, विशेष र वृहत्तर शहरी क्षेत्रहरूको एकीकृत र समन्वयात्मक विकासका लागि संस्थागत व्यवस्था;

(ज) प्रदेश तथा स्थानीय तहको शहरी व्यवस्थापनमा समन्वय, सहजीकरण र नियमन,

(झ) वातावरणमैत्री र हरित प्रविधिलाई प्रोत्साहन, जलवायु अनुकूलन पद्धति विकास, कार्यान्वयन र नियमन,

(ञ) बहुविपद् जोखिम न्यूनीकरणसम्बन्धी मापदण्ड लागु गर्न प्रोत्साहनका विधिहरू अवलम्बन,

(ट) पूर्वाधारहरूको डिजिटल अभिलेखसहितको शहरी तथ्याङ्कमा आधारित निर्णय, योजना र लगानी;

(ठ) जग्गा तथा आवास विकास, बसोबास क्षेत्र सुधार, शहरी पुनरोत्थान र चक्लाबन्दी लगायतका योजनाबद्ध बस्ती विकासका लागि नर्म्स र मापदण्ड निर्धारण,

(ड) भौतिक विकासको नियमन, व्यवस्थित जग्गा तथा आवास विकास, वातावरण सुधार तथा फोहरमैला व्यवस्थापनलाई पूर्वसर्तको रूपमा लिई रणनीतिक शहरी पूर्वाधारमा लगानी र सहलगानीका लागि आवश्यक कार्यविधि तर्जुमा तथा कार्यान्वयन,

(ढ) शहरी विकासका असल अभ्यास, नवप्रवर्तन, परम्परागत ज्ञान, सिपको अभिलेखीकरण, अनुसन्धान र प्रविधिलाई प्रदेश एवं स्थानीय तहमा हस्तान्तरण,

(ण) सम्पदा बस्तीहरुको वर्गीकरण तथा राष्ट्रिय महत्वका बस्तीहरूको अभिलेखीकरण, संरक्षण र संवर्द्धन,

(त) अन्तर तह तथा अन्तर निकाय समन्वयका लागि आवश्यक संयन्त्र र शहरी सूचना व्यवस्थापन प्रणाली (UMIS) विकास,

(थ) घरजग्गा व्यवसाय नियमन गर्न सरोकारवाला निकायसँग समन्वय र सहजीकरण,

(द) शहरी क्षेत्रका प्राविधिक शव्दावलीहरूको परिभाषा तथा मानक निर्धारण।

**१२.२ प्रदेश सरकारको जिम्मेवारी**

(क) राष्ट्रिय नीति तथा मापदण्डको अधिनमा रही प्रदेशको शहरी विकाससम्बन्धी नीति र कानूनको तर्जुमा र नियमन,

(ख) प्रादेशिक शहरी प्रणालीको पहिचान र प्रवर्द्धनसहित प्रदेश राजधानीलाई आर्थिक केन्द्रको रूपमा विकास,

(ग) उत्थानशील बस्ती विकासलाई प्रोत्साहन,

(घ) प्रादेशिक महत्त्वका सम्पदा बस्तीहरूको अभिलेखीकरण, संरक्षण र संवर्द्धन,

(ङ) स्थानीय तहहरु बीच एकीकृत र समन्वयात्मक रूपमा शहरी भौतिक पूर्वाधारहरूको योजना निर्माण तथा अन्तर स्थानीय तह वृहत्तर शहरी क्षेत्र विकास,

(च) शहरी तथा क्षेत्रीय विकासमा ज्ञान, अनुभव र सीपलाई पूँजीकृत गर्न एवं प्रविधि हस्तान्तरणका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन।

**१२.३ स्थानीय तहको जिम्मेवारी**

(क) राष्ट्रिय तथा प्रादेशिक नीति तथा मापदण्डको अधिनमा रही मौलिक पहिचान सहितको शहरी विकाससम्बन्धी नीति, कानून र मापदण्डको तर्जुमा र नियमन,

(ख) स्थानीय परिवेश सुहाउँदो बस्ती विकास, शहरी योजना तथा निर्माणसम्बन्धी मापदण्ड तर्जुमा, कार्यान्वयन तथा भौतिक विकासको नियमन,

(ग) पहिचानमा आधारित शहरहरूको विकास,

(घ) परम्परागत पूर्वाधारको संरक्षण र संवर्द्धन गर्न स्थानीय स्रोत साधन, सीप र प्रविधिको प्रयोगमा प्रोत्साहन,

(ङ) स्थानीय सम्पदा बस्तीको अभिलेखीकरण, संरक्षण र संवर्द्धन,

(च) आधारभूत आवास आपूर्तिको योजना तर्जुमा र कार्यान्वयन,

(छ) सार्वजनिक, ऐलानी तथा पर्ती जग्गा, खुल्ला क्षेत्र एवं सामाजिक मिलन केन्द्रहरूको अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन,

(ज) शहरी भौतिक पूर्वाधारहरूको एकीकृत योजना निर्माण र समन्वयात्मक कार्यान्वयन,

(झ) शहर विस्तार क्षेत्र, प्रशासनिक तथा आर्थिक केन्द्रहरूको योजनाबद्ध विकास,

(ञ) नवप्रवर्तनका साथै आर्थिक र भौतिक स्रोत साधन परिचालन गरी स्थानीय शहरी व्यवस्थापन,

(ट) स्थानीय स्रोत साधनको पहिचान, समुचित उपयोग र प्रवर्द्धनबाट शहरको आन्तरिक क्षमता वृद्धि,

(ठ) शहरी सेवा प्रवाहको सन्दर्भमा गुनासो सम्बोधन संयन्त्र स्थापना र प्रभावकारी कार्यान्वयन,

(ड) शहरी पूर्वाधारहरूको वातावरणीय परीक्षणका साथै समावेशिता र पहुँचयोग्यता परीक्षण,

(ढ) शहरी पूर्वाधारहरूको रेखदेख, मर्मत सम्भार र व्यवस्थापनमा समुदाय र सीमान्तकृत वर्गको क्षमता अभिवृद्धि र परिचालन।

**१३. संस्थागत व्यवस्था**

यस नीतिको कार्यान्वयन शहरी विकास मन्त्रालय र मातहतका निकायहरू, सम्बन्धित प्रदेश मन्त्रालयहरू, स्थानीय तहहरू, नगर विकास समिति तथा प्राधिकरणहरूले गर्नेछन्। यो नीति कार्यान्वयनको लागि आवश्यक समन्वय तथा अनुगमन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा परिषद् /समितिहरू गठन हुनेछन्। उक्त परिषद्/ समितिहरूको प्रारूप निम्नानुसार हुनेछः

**१३.१ राष्ट्रिय शहरी विकास (समन्वय) परिषद्**

शहरी विकासको काम एकीकृत तथा समन्वयात्मक रुपमा गर्न गराउन देहायबमोजिमको सरोकारवाला एवं विषयगत विज्ञ रहने गरी एक राष्ट्रिय शहरी विकास समन्वय परिषद् गठन

(क) मन्त्री, शहरी विकास मन्त्रालय – अध्यक्ष

(ख) प्रदेश सरकारका शहरी विकास सम्बन्धी विषय हेर्ने मन्त्री, सात जना – सदस्य

(ग) सदस्य (शहरी विकास हेर्ने), राष्ट्रिय योजना आयोग – सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय – सदस्य

(ङ) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय –सदस्य

(च) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय –सदस्य

(छ) सचिव, शहरी विकास मन्त्रालय – सदस्य

(ज) सातै प्रदेशको प्रतिनिधित्व हुने गरी गाउँपालिका वा नगरपालिकाको अध्यक्ष, उपाध्यक्ष वा प्रमुख, उपप्रमुखमध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा तीन जना महिलासहित बढीमा सात जना

(झ) संयोजक, नेपाल राष्ट्रिय शहरी विकास मञ्च –सदस्य

(ञ) मन्त्रालयको सम्बन्धित महाशाखा हेर्ने सहसचिव – सदस्य सचिव

परिषद्ले आवश्यकतानुसार सरोकारवाला निकाय/विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ। खण्ड (ज) को हकमा सदस्यहरुको अवधि दुई वर्षको हुनेछ।

**१३.२ शहरी विकास राष्ट्रिय निर्देशक समिति**

शहरी विकाससम्बन्धी विभिन्न आयोजना तथा परियोजनाको काम कारबाहीलाई एकीकृत रुपमा गर्न गराउन,अनुसन्धान एवं नवप्रवर्तनलाई प्रोत्साहन गर्न तथा विभिन्न दातृ एवं साझेदार निकायको सहयोगलाई

शहरी विकासमा अधिकतम उपयोग गर्न शहरी विकास राष्ट्रिय निर्देशक समितिको सङ्गठनात्मक संरचना देहायबमोजिम रहनेछ।

| | | |
|---|---|---|
| (क) | सचिव, शहरी विकास मन्त्रालय | – अध्यक्ष |
| (ख) | सहसचिव, राष्ट्रिय योजना आयोग | – सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | – सदस्य |
| (घ) | सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | – सदस्य |
| (ङ) | सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | – सदस्य |
| (च) | महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग | – सदस्य |
| (छ) | महानिर्देशक, स्थानीय पूर्वाधार विभाग | – सदस्य |
| (ज) | सचिव, शहरी विकास विषय हेर्ने प्रदेश मन्त्रालय, सात जना | – सदस्य |
| (झ) | कार्यकारी निर्देशक, नगर विकास कोष | – सदस्य |
| (ञ) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोपाधि प्राप्त गरी शहरी विकासको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरु मध्येबाट मन्त्रालयबाट मनोनित कम्तीमा एक जना महिला सहित बढीमा तीन जना | – सदस्य |
| (ट) | सहसचिव, शहरी विकास मन्त्रालय (शहरी विकास महाशाखा) | –सदस्य सचिव |

समितिले आवश्यकता अनुसार सरोकारवाला निकाय/ विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ। खण्ड (ञ) को हकमा सदस्यहरूको अवधि दुई वर्षको हुनेछ।

१३.३ एक वा एकभन्दा बढी स्थानी तह वा प्रदेशको भौगोलिक क्षेबमा पर्ने सङ्घीय तथा प्रादेशिक योजना कार्यान्वयन गर्न आवश्यकतानुसार संस्थागत व्यवस्था गरिनेछ।

१३.४ मागका आधारमा स्थानीय तहहरुको योजना तथा प्राविधिक क्षमता अभिवृद्धिका लागि संस्थागत संरचनाहरुको परिचालन गरिनेछ।

१३.५ शहरी क्षेत्रमा क्रियाशील निकायहरु बीच ज्ञानको आदाप्रदान, अध्ययन अनुसन्धान, योजना तर्जुमा र कार्यान्वयनमा सहकार्य र समन्वय गर्न राष्ट्रिय एवं अन्तराष्ट्रिय सङ्घ संस्था तथा प्राज्ञिक एकाइहरु, शहरी विकास साझेदारहरु तथा अध्ययन संस्थानहरुको प्रतिनिधित्व रहेन गरी आवश्यकतानुसार नेपाल राष्ट्रिय शहरी मञ्च (Nepal National Urban Forum) गठन गरिनेछ।

## १४. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन गर्न संङ्घ, प्रदेश र स्थानीय तहको वार्षिक कार्यक्रमको रूपमा विनियोजन हुने बजेट तथा कार्यक्रमहरूबाट स्रोत व्यवस्थापन गरिनेछ। नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पूँजी परिचालन गरिनेछ। साथै, शहरी लगानीका लागि वैकल्पिक स्रोतहरू, साझेदारी, हरित एवं जलवायु लगानी, घरजग्गाको भ्यालु क्याप्चर तथा पुनर्समायोजन र अन्य वित्तीय उपकरणहरूको परिचालन गरिनेछ।

## १५. कानूनी व्यवस्था

शहरी विकासको कार्यलाई निर्देशन तथा नियमन गर्न तहगत शहरी योजना तर्जुमा तथा कार्यान्वयन, विकास नियमन, योजनाबद्ध जग्गा तथा आवास विकास, एकीकृत शहरी पूर्वाधार (युटिलिटी कोरीडोर), घरजग्गाको व्यावसायिक कारोबारसमेतका विषयहरू समावेश गरी छाता ऐनको रूपमा शहरी विकास ऐन तर्जुमा गरी लागु

गरिनेछ। यसका अतिरिक्त यस नीतिको कार्यान्वयनको लागि संङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यकतानुसार विभिन्न अन्य कानूनी प्रबन्ध गरिनेछ।

**१६. अनुगमन तथा मूल्याङ्कन**

सङ्घीय तहमा यस नीतिको कार्यान्वयनको नियमित अनुगमन शहरी विकास मन्त्रालयबाट गरिनेछ। वार्षिक रूपमा शहरी विकास मन्त्रालयले क्षेत्रगत एकीकृत प्रतिवेदन प्रकाशन गर्नेछ। नीति कार्यान्वयनको स्थिति, सान्दर्भिकता, प्रभावकारिता तथा उपलब्धिको मूल्याङ्कन राष्ट्रिय योजना आयोगमार्फत सोझै वा तेश्रो पक्षको संलग्नतामा गराइनेछ। शहरी क्षेत्रसँग अन्तरआबद्धता रहेका नीतिहरूमा शहरी विकासको विषय समावेश भए नभएको सम्बन्धमा समीक्षा गरिनेछ। यस नीति कार्यान्वयन प्रभावकारिताको मूल्याङ्कन स्वतन्त्र रूपमा, सहाभागितामूलक र समन्वयात्मक तवरबाट राष्ट्रिय विकासका सूचकहरूसँग तादम्यता मिलाई प्रत्येक ५-५ वर्षमा गरिनेछ। साथै, मूल्याङ्कनको आधारमा नीतिको पुनरावलोकन आवश्कता अनुसार गरिनेछ।

**१७. नीति कार्यान्वयनको जोखिम र न्यूनीकरणका उपायहरू**

राष्ट्रिय शहरी नीति, २०८१ कार्यान्वयनका सम्भावित जोखिमहरू र तिनीहरूको न्यूनीकरणका उपायहरूको देहायबमोजिम आकलन गरिएको छः

**१७.१ जोखिमहरू**

(क) राष्ट्रिय शहरी नीति लागु गर्ने क्रममा अन्तर निकायगत र अन्तर तहगत सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली विकास हुन नसक्ने,

(ख) पर्याप्त स्रोत साधनको व्यवस्था एवं शहरी विकाससम्बन्धी कानूनी तथा साङ्गठानिक पुनर्संरचनाका प्रावधानहरू लागु नहुन सक्ने,

(ग) निजी क्षेत्र, गैर सरकारी निकाय तथा शहरी सरोकारवालाहरूको अपेक्षित सहयोग प्राप्त गर्न कठिनाइ हुन सक्ने,

(घ) प्रक्षेपित आर्थिक वृद्धिदर हासिल हुन नसकेमा शहरी क्षेत्रमा राज्यको लगानी अपर्याप्त हुन सक्ने,

(ङ) जलवायु र विपद्का घटनाहरूमा अस्वाभाविक वृद्धिबाट जटिलता हुन सक्ने,

(च) शहरी जनसङ्ख्या वृद्धि र बसाईँसराइको प्रवृति अनुमानयोग्य हुन नसक्ने।

**१७.२ जोखिम न्यूनीकरणका उपायहरू**

(क) शहरी विकासको काम एकीकृत तथा समन्वयात्मक रूपमा गर्न गराउन आवश्यक व्यवस्था गरिनेछ,

(ख) प्रदेश तथा स्थानीय तहहरूको नीति, कानून, मापदण्ड निर्माणमा प्राविधिक सहयोग पुऱ्याउन क्रमशः क्षमता अभिवृद्धि गरिनेछ,

(ग) सहलगानी लगायत वैकल्पिक आर्थिक स्रोत परिचालनको व्यवस्था गरिनेछ,

(घ) नीति कार्यान्वयनका लागि सरकारी स्रोतको अतिरिक्त विकास साझेदारबाट प्राप्त हुने तथा लागत आपूरणको सिद्धान्तअनुरूप निजी क्षेत्रको स्रोत समेत आकर्षित गरिनेछ,

(ङ) शहरी पूर्वाधारको पहिचान तथा निर्माणमा शहर शहरबीच सहकार्यात्मक प्रणाली विकास गरिनेछ,

(च) विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनलाई शहरी विकास प्रक्रियामा आन्तरिकीकरण गरिनेछ।

**१८. खारेजी**

राष्ट्रिय शहरी नीति, २०६४ खारेज गरिएको छ। उक्त नीतिबमोजिम भए गरेका कामकारबाहीहरू यसै नीतिबमोजिम भएको मानिनेछ।

## अनुसूची १: नीति कार्यान्वयनको जिम्मेवारी तालिका

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका: सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|---|---|
| १. | नीति १: समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरूपको विकास गर्ने। | १.१ शहर र शहरी प्रणालीबीचको अन्तर आबद्धतालाई प्रवर्द्धन गर्ने। | (क) शहर तथा बस्तीहरूको वैज्ञानिक वर्गीकरण गरी उपलब्ध हुनुपर्ने न्यूनतम सेवा सुविधा र पूर्वाधारको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ। त्यसैगरी मेगा सिटी, स्मार्ट सिटी, नयाँ शहर, हिमाली शहर, एरोसिटी, खाद्य हरियाली शहर, शहरी आर्थिक कोरिडोर जस्ता शब्दावलीहरूको परिभाषा तथा मानक तयार गरिनेछ। | ✓ | | |
| | | | (ख) अन्तर शहर र बस्तीहरू बीचको यातायात पहुँच अभिवृद्धि गर्न सरोकारवालासँगको सहकार्य र समन्वयमा द्रुत, अर्धद्रुत र स्थानीय मल्टीमोडल परिवहन पूर्वाधारको विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) ट्रान्जिट ओरिएण्टेड विकास (Transit Oriented Development) लाई प्रोत्साहन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) वृहत्तर शहरी क्षेत्र (Mega-city Cluster) र शहरी आर्थिक करिडोर (Urban Economic Corridor) को एकीकृत विकास गरिनेछ। | ✓ | ✓ | |
| | | १.२ शहरी-ग्रामीण तथा क्षेत्रीय सम्बन्धलाई सुदृढ गर्दै पिछडिएको क्षेत्रलाई प्रतिस्पर्धी बनाउने। | (क) सुदृढ यातायात र सञ्चार सम्पर्क (Connectivity) सहित उच्चस्तरीय शहरी सेवा र पूर्वाधारमा ग्रामीण क्षेत्रको पहुँच र अन्तरआबद्धता (Rural-Urban Linkage) विस्तार गरिनेछ । | ✓ | ✓ | ✓ |
| | | | (ख) अर्ध-शहरी (Peri-urban) क्षेत्रका परम्परागत मौलिक बस्तीहरूलाई शहरी ग्राम (Urban Village) को रुपमा विकास गरिनेछ। | | ✓ | ✓ |
| | | | (ग) शहर विस्तार गर्दा जल, वन तथा कृषि क्षेत्रको संरक्षणमा जोड दिई पृष्ठप्रदेश (Hinterland) लाई कृषि, पशुपालन एवं निश्चित आर्थिक पकेट क्षेत्रको रूपमा विकास गर्न प्रोत्साहन गरिनेछ। | | ✓ | ✓ |
| | | | (घ) आरोग्य शहरी जीवन र खाद्य सुरक्षाका लागि सरोकारवालाको समन्वय र सहकार्यमा रैथाने बाली संरक्षणसहित शहरमा कम्तीमा तीन महिनालाई पुग्ने खाद्य तथा इन्धन भण्डारण पूर्वाधारको विकास गरिनेछ। | | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (ङ) मध्य पहाडी लोकमार्ग, हुलाकी लोकमार्ग, ग्रेट हिमालयन ट्रेल आसपासमा अवस्थित बस्तीहरूको योजनाबद्ध विकासको लागि स्रोत साधन र लगानी वृद्धि गरिनेछ। साथै, पिछडिएको क्षेत्रमा औद्योगिक क्रियाकलापलाई प्रोत्साहन गर्न आवश्यक जग्गाको व्यवस्थापन र पूर्वाधार विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (च) असुरक्षित एवं अपायकमा छरिएर रहेका बस्तीहरूलाई आर्थिक आबद्धतासहित क्रमश: सुरक्षित स्थानमा स्थानान्तरण गर्दै एकीकृत र उत्थानशील बस्तीको रूपमा विकास गरिनेछ। | | ✓ | ✓ |
| | | | (छ) ग्रामीण क्षेत्रका बजार केन्द्र र साना शहरहरूको व्यवस्थित विकास गर्दै जनसङ्ख्यालाई यथास्थानमै बसोबास (Retain) गर्न आर्कषण गराई आन्तरिक बसाइँसराइ र जनसाङ्ख्यिक सन्तुलन कायम गरिनेछ। | | ✓ | ✓ |
| | | १.३ प्रदेश राजधानी लगायत देशका ठुला शहरहरूलाई प्रमुख आर्थिक केन्द्रको रूपमा विकास गर्ने | (क) एक शहर एक वा बहु पहिचानमा आधारित भएर शहरहरूको तुलनात्मक लाभका क्षेत्रको प्रस्फुटनसहित शहरहरूलाई विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) अव्यवस्थित शहरी विस्तार (Urban Sprawl) रोक्नका लागि शहरहरूको प्राकृतिक क्षमता, पृष्ठप्रदेशसँगको अन्तरसम्बन्ध एवं जनसङ्ख्या वृद्धिको आधारमा शहर विस्तार योजना (Urban Expansion Planning) कार्यान्वयन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) ठुला शहरहरूमा गतिशील जनसङ्ख्या (Floating Population) को चाप समेतलाई मध्यनजर गरी आधारभूत सेवा पूर्वाधार विकास गरिनेछ। | ✓ | ✓ | |
| | | | (घ) सङ्घीय राजधानी काठमाडौं उपत्यकालाई सांस्कृतिक शहरको रूपमा विकास गरिनेछ। | ✓ | | |
| | | | (ङ) निश्चित मापदण्ड, नवप्रवर्तन र सघन लगानीका माध्यमबाट प्रदेश राजधानीहरूलाई प्रतिस्पर्धी र जीवन्त शहर बनाइनेछ। | ✓ | ✓ | |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (च) नगरपालिका र गाउँपालिकाको प्रशासनिक तथा आर्थिक केन्द्रहरूको योजनाबद्ध विकास गरिनेछ। | | ✓ | ✓ |
| | | १.४ विविधतायुक्त मौलिक शहरी तथा बस्ती स्वरूपको पहिचान, संरक्षण, पुनरूत्थान एवं विकास गर्ने। | (क) राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सम्पदा बस्तीहरूको अभिलेख तयार गरी दिगो संरक्षण र आर्थिक उन्नतिका लागि स्थानीय उत्पादन र पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी मौलिक वास्तुकला संरक्षण र शहरी पुनरूत्थानका योजनाहरू कार्यान्वयन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) स्थानीय तहहरूको सहकार्यमा अभिलेखीकरण र नयाँ पुस्तालाई ज्ञान हस्तान्तरण सहित विविधतायुक्त पर्यावरणीय, सामाजिक, आर्थिक आधारसहितका बस्ती स्वरूपको संरक्षण र प्रवर्द्धन (Morphological Retainment and Enhancement) गरिनेछ। | | ✓ | ✓ |
| | | | (ग) परम्परागत ढुङ्गेधारा, इनार, पोखरी, पाटीपौवा, देवल, चोक चौतारालगायतका पूर्वाधारको संरक्षण र संवर्द्धन गर्न स्थानीय स्रोत साधन, सीप र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ। | | | ✓ |
| | | | (घ) शहरी दृश्यावलीमा प्रतिकूल प्रभाव पार्ने तार, होर्डिंग बोर्ड, पार्किङहरुको जस्ता नियन्त्रण तथा नियमन गर्न एवं शहरी सौन्दर्य अभिवृद्धिका लागि शहरी भू-आकृति (Urban Landscape) कार्यविधि तयार गरी लागु गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) नयाँ शहर तथा बस्ती योजनामा नेपाली मौलिकता र विविधताअनुसार तहगत पदमार्ग, किनारा, क्षेत्र, नोड र ल्याण्डमार्क (Paths, Edges, Districts, Nodes, and Landmarks) हरू समावेश गरिनेछ। | ✓ | ✓ | ✓ |
| | नीति २: उत्थानशील शहरी | २.१आधारभूत शहरी पूर्वाधार र सेवामा | (क) संयुक्त आवास, सामुहिक आवास, सामाजिक आवास, भाडाको आवास, सहकारी आवासलगायत व्यवस्थित आवास निर्माण एवं भइरहेका आवासहरूको स्तरोन्नतिका माध्यमबाट सबैको लागि सुरक्षित र सुपथ (Affordable) न्यूनतम आवास सुविधा प्रत्याभूति गरिनेछ। साथै, जग्गा वा आवास विकास योजनामा अनिवार्य रूपमा न्यून | ✓ | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| २. | | सबैको पहुँच सुनिश्चित गर्ने | आय वर्गलाई समावेश गरिनेछ। | | | |
| | | | (ख) शहरी बासिन्दाका लागि पर्याप्त सुरक्षित खानेपानी, सरसफाइ पूर्वाधार र बाढीजन्य प्रकोप न्यूनीकरणका लागि सरोकारवालासँगको समन्वय र सहकार्यमा शहरी जल व्यवस्थापन (Urban Water Management) को दिगो पूर्वाधार विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) स्वच्छ र सुरक्षित शहरी वातावरणको लागि बसोबास क्षेत्र सुधार गरिनेछ। साथै, आधारभूत आवास एकाइ र कृषि भूमिको हकमा आर्थिक सहुलियतका विकल्पसहित निर्मित क्षेत्र विस्तारलाई निरूत्साहित गरी हरित क्षेत्र संरक्षणको लागि समन्वय गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) सबैको लागि पहुँचयुक्त, सुविधायुक्त, सुरक्षित र वातावरणमैत्री शहरी यातायातका लागि सरोकारवालासँगको सहकार्य र समन्वयमा मास ट्रान्जिट, पैदलमैत्री, साईकलमैत्री एवं नवीकरण उर्जामा आधारित यातायात पूर्वाधार विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) शहरी पूर्वाधारलई ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति सहित लैङ्गिकमैत्री बनाइनेछ। | ✓ | ✓ | ✓ |
| | | २.२ एकीकृत रूपमा शहरी पूर्वाधारको स्तरोन्नति र विस्तार गर्ने। | (क) एकीकृत र समन्वयात्मक (Holistic Approach) रूपमा शहरी भौतिक पूर्वाधारहरूको योजना तथा निर्माण गरिनेछ; आवश्यकता अनुसारका पूर्वाधारहरूलाई व्यवस्थित र भूमिगत गर्दै लगिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) पूर्वाधार र सेवा सुविधा सञ्जालसहितको योजनाबद्ध आवासीय क्षेत्रहरू निर्माण गर्न प्राथमिकता र प्रोत्साहन दिइनेछ। यसका लागि जग्गा तथा आवास एकीकरण विधिको विस्तारित र बहुउपयोगी (Scale-up and Flexible) उपयोग गर्ने गरी कार्यविधि र मापदण्ड तर्जुमा गरिनेछ। | | ✓ | ✓ |
| | | | (ग) व्यवस्थित सार्वजनिक शौचालय, पाटी, पौवा, चौतारा, उद्यान, सामुदायिक केन्द्र, | | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | पुस्तकालयजस्ता सामाजिक मिलनका स्थलहरू संरक्षण एवं डिजिटल सुविधासहित विकास गरिनेछ। | | | |
| | | | (घ) सरोकारवालासँग सहकार्य र समन्वयमा शहरमा आवश्यक शिक्षा, स्वास्थ्य, खेलकुद, सांस्कृतिक, पर्यटकीय र मनोरञ्जनात्मक पूर्वाधारहरू विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) शहरी क्षेत्रमा हाटबजार, बसपार्क, व्यवसाय शुरूवाती स्थल (Start-up Business Space), प्रशोधन केन्द्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्रलगायतका दिगो आर्थिक आय आर्जन गर्ने खालका पूर्वाधार विकासमा समन्वय र सहकार्य गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | २.३ विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनको आन्तरिकरणलाई प्राथमिकता दिई दिगो र पर्यावरण मैत्री पूर्वाधारको विकास गर्ने । | (क) शहरमा विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना र पूर्वतयारीका सेवा र पूर्वाधारको व्यवस्था गरिनेछ। बहुविपद् जोखिमको अवस्था आकलन गरी भूउपयोग र भौतिक विकास नियमन एवं जोखिमपूर्ण बस्तीहरूको स्थानान्तरण गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) शहरी वन तथा कृषिलाई योजनामा आबद्ध गरी तहअनुसार आवश्यक खुल्ला क्षेत्र (चौतारा, पोखरी, उद्यान, चोक, खेलमैदान, टुँडिखेल, आदि) र हरियाली क्षेत्रको विकास गरिनेछ। | ✓ | | ✓ |
| | | | (ग) शहरी जल सुरक्षा (Urban Water Security) का लागि परिवार, समुदाय, नगरस्तर र क्षेत्रीयस्तरमा भूमिगत जल संरक्षण एवं पुनर्भरण (Recharge) गरिनेछ। जमिनको प्राकृतिक बनोट र पानीको प्राकृतिक बहावलाई अवरोध नहुने गरी जलप्रणालीको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) फोहरमैलाको उत्पादन घटाउने, पुन: प्रयोग गर्ने र स्रोतमा वर्गीकरण गरी चक्रीय प्रयोगबाट फोहरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न प्राविधिक सहयोग र आवश्यक पूर्वाधार निर्माण गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) शहरमा फैलन सक्ने महामारी नियन्त्रणका लागि आवश्यक पर्ने संरचना र | ✓ | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | सुविधाहरूको योजना तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ। | | | |
| | | | (च) पूर्वाधार निर्माणमा वातावरणमैत्री निर्माण सामग्री र हरित प्रविधिलाई प्रोत्साहन, न्यून कार्बन उत्सर्जनसहित जलवायु अनुकूलन पद्धति र प्रविधिलाई अनुसरण गरिनेछ । | ✓ | ✓ | ✓ |
| | | | (छ) बहुविपद् जोखिमको न्यूनीकरणको लागि मौजुदा संहिता र मापदण्डलाई समय सापेक्ष परिर्वतन गर्दै लागु गर्न प्रोत्साहनका विधिहरू समेत अवलम्बन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ज) विपद्पछिको पुनर्निर्माणमा विगतको कमी कमजोरी र सिकाईको विश्लेषण गरी अझ राम्रो निर्माण (Build Back Better) को अवधारणा अनुसरण गरिनेछ। नेपालमा विपद् जोखिम अवश्यम्भावी रहेकोले कुनै एक घटना केन्द्रीत उपचारको सट्टा रोकथाम र पूर्वतयारीको लागि अनवरत रूपमा सञ्चालित दीर्घकालीन प्रणाली प्रवर्द्धन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | २.४ शहरी पूर्वाधार सम्पत्तिको व्यवस्थापन एवं आवधिक मर्मत सम्भार गर्ने। | (क) शहरी पूर्वाधारहरूको डिजिटल अभिलेख तयारी र अद्यावधिक गरी सरोकारवाला निकायहरू बीच सूचना आदानप्रदान गर्न समन्वय र सहकार्य गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) सार्वजनिक, ऐलानी तथा पर्ती जग्गाको अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापनका साथै, सबै तहका सडक तथा सार्वजनिक पूर्वाधारहरूले ओगटेको जमिनको कित्ताकाटसहित अभिलेख राख्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ। | | ✓ | ✓ |
| | | | (ग) शहरी पूर्वाधारहरू अविच्छिन्न सञ्चालन गर्न तत्कालिक र आवधिक मर्मत सम्भार योजना तयार गरी कार्यान्वयनमा समन्वय गरिनेछ। यसका लागि प्रतिकार्य संयन्त्र (Response Mechanism) को व्यवस्था गर्न सहकार्य गरिनेछ। | | ✓ | ✓ |
| | | | (घ) शहरी पूर्वाधारको तहगत वर्गीकरण गरी सोहीअनुरूप तत् तत् तह र निकायलाई अभिलेखीकरण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनमा जिम्मेवार बनाइनेछ। | ✓ | | |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (ङ) महत्वपूर्ण शहरी पूर्वाधारहरूको उपयोग समय (Functional Life Span) तोक्ने व्यवस्था गरिने छ। पूर्वाधारको जीवनचक्र खर्च (Life Cycle Cost) न्यून गर्न आकस्मिक मर्मत सम्भारको लागि बीमा (Insurance) का साथै नियमित मर्मत सम्भार र उपयोग समय पछिको निर्माणको लागि वार्षिक वृत्ति कोष (Sinking Fund) लगायतका विकल्पहरूको व्यवस्था गर्न आवश्यक कार्यविधि र मापदण्ड बनाईनेछ। | ✓ | ✓ | |

| सि.नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| ३. | **नीति ३: व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्ने।** | ३.१ बहुक्षेत्रगत लगानी योजना (MSIP) तयार गरी प्राथमिकताको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको सरकारको स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गर्ने। | (क) अधिकतम सामाजिक तथा आर्थिक प्रतिफल प्राप्त हुने रूपान्तरणकारी शहरी पूर्वाधारको पहिचान र प्राथमिकीकरण गरी बहुक्षेत्रगत लगानीलाई दिशानिर्देश गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) निश्चित मापदण्ड बनाई जनसहभागितामा आधारित जग्गा तथा आवास विकास, बसोबास क्षेत्र सुधार, शहरी पुनरोत्थान र चक्लाबन्दीलगायतका योजनाबद्ध बस्ती विकासमा सरकारी लगानी वृद्धि गरी योजनाबद्ध विकास बाहेकका क्षेत्रमा लगानी निरूत्साहित गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) शहरी योजना, वित्तीय संरचना तथा विनियोजन प्रणालीबीच सामञ्जस्य कायम गरी रणनीतिक शहरी पूर्वाधारमा लगानी एवं सहलगानीका लागि आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। | ✓ | ✓ | ✓ |

| सि.नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (घ) स्थानीय स्रोत साधन (मानव संशाधन, निर्माण सामग्री, वित्त, ज्ञान, प्रविधि आदि) को पहिचान, समुचित उपयोग र प्रवर्द्धनबाट शहरको आन्तरिक क्षमता वृद्धि गरी अनुदानमाथिको परनिर्भरता कम गर्दै लगिनेछ। | | | ✓ |
| | | ३.२ वैकल्पिक वित्तीय उपकरणहरू र स्रोत साधन परिचालन गर्ने। | (क) शहरी पूर्वाधारको विकासबाट घरजग्गा र संरचनामा हुने मूल्य अभिवृद्धि (Value Capture) लाई शहरको आन्तरिक स्रोत बढाउने साधनको रूपमा प्रयोग गरिनेछ। यसका लागि घरजग्गाको मूल्याङ्कनलाई वैज्ञानिक बनाई एकरूपता ल्याउनका लागि स्वचालित प्रणाली (Land Value Index) को विकास गर्न सम्बन्धित निकायसँग सहकार्य गरिनेछ। खाली घडेरी (Vacant land) र आधारभूत आवास एकाइभन्दा बढी क्षेत्रफलको घर निर्माणमा प्रगतिशील करको माध्यमबाट अनुत्पादक क्षेत्रको लगानीलाई निरूत्साहित गरिने छ। | ✓ | ✓ | ✓ |
| | | | (ख) शहरी पूर्वाधारका लागि जग्गा प्राप्तिमा जग्गा पुनर्समायोजन (Land Readjustment), जग्गा एकीकरण (Land Pooling), सट्टापट्टा, अल्पकालीन स्वामित्व हस्तान्तरण (Lease), जग्गा साझेदारी (Land Sharing), विकास अधिकार हस्तान्तरण (Development Right Transfer), चक्लाबन्दी, भूमि बैङ्कजस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्न आवश्यक कानून र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) योजनाबद्ध शहरी विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उपलब्ध ज्ञान, सीप, प्रविधि, सिकाई, नवप्रवर्तनका साथै आर्थिक र भौतिक स्रोत साधन परिचालन गरिनेछ। | ✓ | ✓ | |
| | | | (घ) योजनाबद्ध शहरी विकासका लागि कर्मचारी सञ्चय कोष, नागरिक लगानी | ✓ | ✓ | ✓ |

| सि.नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | कोष, कल्याणकारी कोष, जग्गा विकास चक्रकोष, नगर विकास कोष, विकास प्राधिकरण कोष, सामाजिक सुरक्षा कोष, विप्रेषणलगायत वित्तीय स्रोतको परिचालन गरिनेछ। | | | |
| | | | (ङ) अनुदान मिश्रित ऋण, मिश्रित वित्त (Blended Finance), सार्वजनिक निजी साझेदारी (Public Private Partnership), प्रभावी वित्तीय लगानी (Impact Investment Financing), शहरी ऋणपत्र (Municipal Bond) र सामुदायिक लागत सहभागिता लगायतका वैकल्पिक वित्तीय उपकरणहरू परिचालन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (च) हरित कोष, जलवायु कोष, विश्व वातावरण सुविधा (Global Environment Facility), विश्व जैविक विविधता कार्यढाँचा कोष (Global Bio-Diversity Framework Fund), हरित उर्जा वित्त साझेदारी सुविधा (Clean Energy Financing Partnership Facility), कार्बन कर्जा (Carbon Credit), Innovation Fund, Adaptation Fund, Loss and Damage Fund लगायतका विभिन्न अन्तराष्ट्रिय हरित वित्तीय संस्थाहरूको स्रोत माथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न नगर विकास कोषलाई हरित लगानी वाहक (Green Financing Vehicle) को रूपमा प्रवर्द्धन तथा परिचालन गरिनेछ। | ✓ | | |
| | | | (छ) शहरी तथा क्षेत्रीय विकासमा अनुभवी तथा सेवा निवृत्त जनशक्तिको ज्ञान, अनुभव र सीपलाई पुँजीकृत गर्न एवं प्रविधि हस्तान्तरणका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | ३.३ शहरी | (क) न्यून आय वर्गलाई सहुलियतसहित शहरी सेवा पूर्वाधारमा लागत असुली | ✓ | | |

| सि.नं. | नीति | रणनीतिहरु | | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | पूर्वाधारको डिजाइन, निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी, सहकारी, वित्तीय, संस्थागत क्षेत्र, स्वदेशी तथा वैदेशिक क्षेत्र र समुदायको साझेदारितालाई प्रोत्साहन र परिचालन गर्ने। | | (Cost Recovery) को लागि मानक र कार्यविधि तयार गरी लागु गरिनेछ। | | | |
| | | | (ख) | निजी क्षेत्र, विभिन्न कोष, वित्तीय संस्था, संयुक्त राष्ट्रसङ्घीय निकाय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरूलाई निश्चित लक्ष्य वा क्षेत्रसँग आबद्ध गरी वृहत्तर परिचालन गरिनेछ। | ✓ | | ✓ |
| | | | (ग) | स्थानीय स्तरका शहरी पूर्वाधारको निर्माण र व्यवस्थापनमा लाभग्राही समुदायसँग लागत साझेदारीलाई प्रोत्साहन गरिनेछ। | | | ✓ |
| | | | (घ) | शहरी पूर्वाधारका रूपान्तरणकारी आयोजनाहरू प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ। | ✓ | ✓ | |
| | | ३.४ अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलाप र रोजगारीलाई शहरी विकासमा आबद्ध गर्ने। | (क) | अनौपचारिक आर्थिक गतिविधि पहिचान गरी शहरी सेवा सुविधामा आबद्ध गरिनेछ। | | | ✓ |
| | | | (ख) | पुनः प्रयोग योग्य फोहरमैला र सामग्रीहरूको सङ्कलन र व्यवस्थापनलाई प्रोत्साहन गर्न नीतिगत सुधार गरिनेछ। | | ✓ | ✓ |
| | | | (ग) | एक पटक प्रयोग भइसकेका सरसामानहरू (लत्ता कपडा, पुस्तक, विद्युतीय सामग्री, फर्निचर आदि) को सङ्कलन, बिक्री, सट्टापट्टा गरी पुनः प्रयोग गर्ने शहरी सेवा केन्द्रहरूको विकास गरिनेछ। | | ✓ | ✓ |
| | | | (घ) | शहरी गरिब तथा कृषकलाई शहरभित्र निश्चित स्थान र समय तोकी स्थानीय उत्पादन र दैनिक उपभोग्य वस्तुहरूको व्यापार व्यवसाय गर्ने व्यवस्थित क्षेत्रहरू विकास गरिनेछ। | | | ✓ |

| सि.नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (ङ) अनौपचारिक क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरी क्रमशः औपचारिक आर्थिक आबद्धता बढाइनेछ। | | | ✓ |

| सि.नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय |
| ४. | नीति ४: अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने। | ४.१ शहरी क्षेत्रमा क्रियाशील सरोकारवालाहरू को क्षमता अभिवृद्धि सहित सिधा सम्पर्क र समन्वय स्थापित गर्ने। | (क) शहरी विकासका असल अभ्यास, सिकाई तथा अनुसन्धानलाई विस्तार एवं नवप्रवर्तन र सिर्जनशीलताको प्रवर्द्धन गर्दै शहरी क्षेत्रको ज्ञान, सीप, अनुभव र प्रविधिलाई प्रदेश एवं स्थानीय तहमा हस्तान्तरण गरिनेछ। | ✓ | | |
| | | | (ख) शहरहरू बीचको स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहन र असल अभ्यासलाई पुरस्कृत गरिनेछ। सङ्घीय शहरी लगानी एवं सहलगानीको पूर्वशर्तको रूपमा भौतिक विकासको नियमन, व्यवस्थित जग्गा तथा आवास विकास, वातावरण सुधार, भूमिगत जलसञ्चय तथा फोहरमैला व्यवस्थापनसमेतलाई लिने गरी कार्यविधि कार्यान्वयनमा ल्याईनेछ। | ✓ | | ✓ |
| | | | (ग) प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुसार आर्किटेक्ट, प्लानर र अन्य विज्ञ जनशक्तिको उपलब्धता सुनिश्चित गरिनेछ। साना र मझौला स्तरका शहरी योजना तर्जुमा र पूर्वाधार डिजाईनमा आन्तरिक प्राविधिक क्षमता वृद्धि गरी परामर्शदाताको परनिर्भरता कम गर्दै लगिनेछ। | | ✓ | ✓ |
| | | | (घ) नगर विकास समितिहरूलाई विज्ञ समूह (Think Tank) का रूपमा रूपान्तरण गर्न क्षमता अभिवृद्धि गरिनेछ। | ✓ | | ✓ |

| सि.नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय |
| | | | (ङ) शहरी विकासका विविध आयामहरूमा निर्वाचित जनप्रतिनिधिहरू, निजी क्षेत्र, गैर सरकारी संस्था, उपभोक्ताको अभिमुखिकरण, अन्तरक्रिया एवं सचेतना अभिवृद्धिमार्फत सशक्तिकरण र राजनीतिक प्रतिबद्धता हासिल गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (च) अन्तर तह तथा अन्तर निकाय समन्वयका लागि आवश्यक संयन्त्र र एकीकृत शहरी सूचना व्यवस्थापन प्रणाली (Urban Management Information System: UMIS) स्थापना गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (छ) शहरी क्षेत्रीय वा उपक्षेत्रीय विकासको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ। | ✓ | | |
| | | | (ज) शहरी क्षेत्रमा क्रियाशील निकायहरू बीच ज्ञानको आदानप्रदान, अध्ययन अनुसन्धान, योजना तर्जुमा र कार्यान्वयनमा सहकार्य र समन्वय गर्न नेपाल राष्ट्रिय शहरी मञ्च गठन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | ४.२ तहगत शहरी योजनाको स्वीकृति र कार्यान्वयनको लागि कानूनी आधार सहित स्पष्ट खाका तयार गर्ने। | (क) शहरी स्थलीय योजना तर्जुमा, स्वीकृति, भौतिक विकासको नियमन र कार्यान्वयनको लागि आवश्यक शहरी एवं बस्ती विकाससम्बन्धी कानून तर्जुमा गरी लागु गरिनेछ। शहरी मामिला र पूर्वाधार विकासलाई समग्र शहरी सुशासनको अङ्गको रूपमा अगाडि बढाइनेछ। | ✓ | | |
| | | | (ख) शहरी पूर्वाधार विकास र सेवा प्रवाहमा दोहोरो नपर्ने गरी निश्चित सेवा पूर्वाधारको मापदण्ड र निकाय तोकिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) समुदायको अग्रसरतामा स्थानीय परिवेश सुहाउँदो बस्ती विकास, शहरी योजना तथा निर्माण सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन गरी शहरी भौतिक विकासको नियमन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) तराई, पहाड र हिमाली क्षेत्रको विशिष्ट भौगोलिक परिवेशको साथै बस्तीको आर्थिक आधार र चरित्र (शहरी, अर्ध-शहरी, ग्रामीण) लाई सम्बोधन गर्ने गरी | ✓ | ✓ | ✓ |

| सि.नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय |
| | | | योजना तर्जुमा र मापदण्ड तोकी तहगत शहरी तथा बस्ती विकासको कार्य प्रदेश र स्थानीय तहहरूमा हस्तान्तरण गरिनेछ। | | | |
| | | | (ङ) भौतिक विकास योजना, संरचनात्मक योजना, एकीकृत कार्यमुलक योजना, आवधिक योजना, रणनीतिक योजना, एकीकृत शहरी विकास योजना जस्ता शहरी योजनाका प्राविधिक शब्दावलीहरूको परिभाषा तथा मानक तयार गरी अवलम्बन गरिनेछ। | ✓ | | |
| | | | (च) Urban Infrastructure Condition Index, City Prosperity Index, Urban Competitiveness Index, Smart City Indicator, Urban Resiliency Report Card, Degree of Urbanization, जस्ता शहरी तथ्याङ्कलाई व्यवस्थित र अद्यावधिक गरी एवं सरोकारवालाहरूको पहुँचमा ल्याई तथ्याङ्कमा आधारित निर्णय, योजना र लगानीलाई अनुसरण गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | ४.३ एकीकृत एवं स्वतः स्फूर्त रूपमा शहरी सेवा प्रवाह गर्ने। | (क) डिजिटल नेपाल फ्रेमवर्क अवधारणाअनुरूप सूचना प्रविधिको उच्चतम उपयोग गर्दै शहरी सूचना पहुँच र शहरी सेवा प्रवाह थप प्रभावकारी बनाइनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) सरकारी कार्यालय परिसरहरूलाई क्रमशः एकीकृत बनाउँदै लगिनेछ। त्यसैगरी यातायात ट्रान्जिट एवं घनाबस्तीको केन्द्रमा शहरी सेवा केन्द्रमार्फत सार्वजनिक सेवा प्रदान गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) घरजग्गाको कारोबारलाई व्यवसायिक, पारदर्शी, प्रतिस्पर्धी र जवाफदेही बनाउन उद्योगको रूपमा विकास गरिनेछ। साथै, घरजग्गा व्यवसायलाई एकद्वार प्रणालीबाट नियमन गर्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) शहरी सेवा प्रवाहको सन्दर्भमा गुनासो सम्बोधन गर्नका लागि स्थानीय तहमा प्रभावकारी गुनासो सम्बोधन संयन्त्र स्थापना गरिनेछ। | ✓ | | ✓ |
| | | ४.४ शहरी | (क) आवासविहीन तथा शहरी गरिबका सवालहरूको सम्बोधन गर्न आधारभूत सेवा र | ✓ | ✓ | ✓ |

| सि.नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय |
| | | योजना तथा पूर्वाधार शासनलाई समावेशी बनाउने। | पूर्वाधारको पहुँच प्रवर्द्धन गरिनेछ। | | | |
| | | | (ख) शहरी विकासमा आदिवासी जनजातिलगायत विशेष समुदायको सामाजिक, साँस्कृतिक एवं वातावरणीय अधिकारहरूको सम्मान तथा संवर्द्धन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) शहरी निर्णय प्रक्रिया र लाभ वितरणमा सबै वर्ग लिङ्ग र समुदायको सूचनामा पहुँचकसहित सहभागिता सुनिश्चित गरिनेछ। साथै युवा वर्गको ज्ञान, सीप, सिर्जनशीलता पहिचान गरी शहरी विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ। | ✓ | | |
| | | | (घ) साविकका बासिन्दाहरू विस्थापित नहुने गरी जग्गा पुनर्समायोजन वा उचित मुआब्जाको व्यवस्था गरी शहरी पूर्वाधारका लागि आवश्यक जग्गा प्राप्त गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) शहरी पूर्वाधारहरूको रेखदेख, मर्मत सम्भार र व्यवस्थापनमा समुदाय र खासगरी सीमान्तकृत वर्गको क्षमता अभिवृद्धि र अपनत्वसहित परिचालन गरिनेछ। | | | ✓ |
| | | | (च) शहरी पूर्वाधारहरूको वातावरणीय परीक्षणका साथै समावेशिता र पहुँचयोग्यता परीक्षण गरिनेछ। | | | ✓ |

नोटः अनुसूची-१ राष्ट्रिय शहरी नीतिको प्रकरण नं.१२ सँग सम्बन्धित ।

# गठन आदेश

# अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३
## (नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत मितिः- २०७३/१०/६)

| संशोधन गर्ने आदेश | नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत मिति |
|---|---|
| **अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति (पहिलो संशोधन) आदेश, २०७४** | **२०७४/८/६** |
| **अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति (दोस्रो संशोधन) आदेश, २०७५** | **२०७५/८/१७** |
| **अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति (तेस्रो संशोधन) आदेश, २०८१** | **२०८१/३/१०** |
| **अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति (चौथो संशोधन) आदेश, २०८२** | **२०८२/१/२** |
| **अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति (पाँचौं संशोधन) आदेश, २०८२** | **२०८२/२/६** |

वागमती नदी र यसका सहायक नदीहरुको उद्‌गमस्थलदेखि कटुवाल दहसम्मको नदी प्रणाली प्रदुषण मुक्त गराई संरक्षण र सम्बर्द्धन गरी उपत्यकाको वातावरणीय स्वच्छता, पवित्रता र सुन्दरता कायम गर्ने, नदी प्रणालीसँग सम्वद्ध ऐतिहासिक, पुरातात्विक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने, समग्र वागमती सभ्यताको पहिचान एवं जगेर्ना गर्नुका साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा अन्य प्राकृतिक स्रोतको समुचित व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारले देहायको समिति गठन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस समितिको नाम अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति रहनेछ ।

(२) समितिले आफ्नो कार्य तुरुन्त प्रारम्भ गर्नेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "मन्त्रालय" भन्नाले शहरी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले यस आदेशको दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ग) "कार्यकारी समिति" भन्नाले यस आदेशको दफा ८ बमोजिम गठित कार्यकारी समितिलाई सम्झनु पर्दछ।

(घ) "आयोजना" भन्नाले वागमती क्षेत्र भौतिक पूर्वाधार विकास आयोजनालाई सम्झनु पर्दछ ।

(ङ) "कोष" भन्नाले अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको नाउँमा रहेको वागमती सभ्यता कोषलाई सम्झनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले यस आदेशको दफा ८ को उपदफा (१) को खण्ड (क) अनुसार गठित कार्यकारी समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "आयोजना प्रमुख" भन्नाले मन्त्रालयले तोकेको निजामती सेवाको नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, @विल्डिङ्ग एण्ड आर्किटेक्ट उप-समूहको रा.प. प्रथम श्रेणीको अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "सदस्य सचिव" भन्नाले अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

३. **समितिको गठनः** [α](१) समितिको गठन देहाय बमोजिम हुनेछः-

---

@ चौथो संशोधनद्वारा संशोधित

α दोस्रो संशोधनद्वारा संशोधित

(क) शहरी विकास मन्त्री -∂संयोजक

(ख) सचिव, शहरी विकास मन्त्रालय -सदस्य

(ग) दफा ८ बमोजिम गठित कार्यकारी समितिका अध्यक्ष तथा सबै सदस्यहरु -सदस्य

@(घ) काठमाडौं उपत्यका भित्रका स्थानीय तहका प्रमुख -सदस्य

!(ङ) ...............

!(च) ...............

(छ) सदस्य सचिव, पशुपति क्षेत्र विकास कोष -सदस्य

(ज) @प्रतिनिधि (रा.प. प्रथम श्रेणी), खानेपानी मन्त्रालय -सदस्य

(झ) प्रमुख, काठमाडौं उपत्यका विकास प्राधिकरण -सदस्य

(ञ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी) अर्थ मन्त्रालय -सदस्य

(ट) वाग्मती नदी र यसका सहायक सात वटा नदी क्षेत्रबाट समेत प्रतिनिधित्व हुने गरी काठमाडौं उपत्यकामा बसोबास भएका व्यक्तिहरुमध्ये लब्ध प्रतिष्ठित, समाजसेवी, बुद्धिजीवी, नदीनाला सरसफाई अभियन्ता, महिला, जनजाति र दलित समेतको प्रतिनिधित्व रहने गरी मन्त्रालयद्वारा मनोनित ५ जना -सदस्य

(ठ) वाग्मती नदी र यसका सहायक सात वटा नदी क्षेत्रबाट समेत प्रतिनिधित्व हुने गरी वातावरण विज्ञ, जलस्रोत विज्ञ, जलाधार तथा भूसंरक्षण विज्ञ, खानेपानी तथा सरसफाई विज्ञ, धर्म तथा संस्कृती विज्ञ जग्गा नापजाँच विज्ञ वा नदीनाला व्यवस्थापन विज्ञहरु मध्येबाट मन्त्रालयद्वारा मनोनित ५ जना -सदस्य

(ड) आयोजना प्रमुख -सदस्य-सचिव

(२) समितिको मनोनित सदस्यको पदावधि बढीमा ∂चार वर्षको हुनेछ ।

@(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा वा पद अनुकूलको आचरण पालना नगरेमा त्यस्तो सदस्यलाई मन्त्रालयले जुनसुकै बखत सो पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(४) आयोजनाले समितिको सचिवालयको काम गर्नेछ ।

४. **सदस्यको योग्यता:** समितिको र कार्यकारी समितिको मनोनित सदस्य हुनको लागि निम्न योग्यता पूरा गरेको हुनुपर्नेछः-

@(क) कार्यकारी समितिको हकमा कुनै विषयमा मान्यता प्राप्त विश्विविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको।

तर विज्ञ सदस्यको लागि सम्बन्धित विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनु पर्नेछ।

---

∂ पाँचौं संशोधनद्वारा संशोधित

@ चौथो संशोधनद्वारा संशोधित

! चौथो संशोधनद्वारा झिकिएको

! चौथो संशोधनद्वारा झिकिएको

@ चौथो संशोधनद्वारा संशोधित

∂ पाँचौं संशोधनद्वारा संशोधित

@ **चौथो संशोधनद्वारा संशोधित**

@ चौथो संशोधनद्वारा संशोधित

(ख) २५ वर्ष पुरा भएको नेपाली नागरिक ।

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।

(ङ) समितिसँगको कुनै ठेक्कापट्टामा व्यक्तिगत स्वार्थ नरहेको ।

(च) समितिको कार्यक्षेत्र भित्र स्थायी बसोबास भएको ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** [!].... समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको आम्दानी तथा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रहम तर्फको कार्यकारी समितिले पेश गरेको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने ।

(ख) वाग्मती नदी र यसका सहायक नदीहरुको संरक्षण, सम्वर्द्धन तथा समुचित प्रयोग सम्बन्धी दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने र त्यसका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापनका लागि नेपाल सरकारमा सिफारिश गर्ने ।

(ग) कार्यकारी समितिबाट पेश भएका नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

(घ) समितिबाट सञ्चालन हुने योजना कार्यान्वयन गर्नको लागि सम्बद्ध मन्त्रालय तथा निकायसँग समन्वय गर्ने, कार्यकारी समितिलाई निर्देशन दिने तथा सहयोग गर्ने ।

(ङ) नदीको सुरक्षा तथा सुन्दरता अभिवृद्धिको लागि आवश्यक कार्य गर्न कार्यकारी समितिलाई निर्देशन दिने ।

(च) वाग्मती र यसका सहायक नदीनाला तथा तिनीहरुसँग जोडिएको सभ्यताको संरक्षणको लागि उपयुक्त नीति निर्माणको लागि नेपाल सरकारलाई सिफारिश गर्ने।

(छ) समितिका सदस्यहरुको आचार संहिता तयार गरी लागू गर्ने ।

(ज) कार्यकारी समितिबाट भए गरेका काम कारबाहीको अनुगमन गर्ने, गराउने तथा आवश्यक समन्वय गर्ने ।

(झ) अन्य आवश्यक कार्य गर्ने ।

६. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक [∂]<u>संयोजक</u>ले तोकेको मिति, समय र स्थानमा [!]...... बस्नेछ ।

(२) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

तर, पहिलो पटक बैठकको गणपूरक संख्या नपुगी दोश्रो पटक बैठक बस्नु पर्दा तेत्तीस प्रतिशत सदस्य उपस्थित भएपनि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको [∂]<u>संयोजक</u>ले गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

---

[!] चौथो संशोधनद्वारा झिकिएको

[∂] पाँचौं संशोधनद्वारा संशोधित

[!] चौथो संशोधनद्वारा झिकिएको

[∂] पाँचौं संशोधनद्वारा संशोधित

७. **<u>समिति सदस्यहरुको सुविधाः</u>** (१) समितिका मनोनित सदस्यहरु अवैतनिक हुनेछन् ।

(२) समितिका सदस्यहरुलाई बैठक बसेको दिन नेपाल सरकारको प्रचलित कानुन बमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

@८. **<u>कार्यकारी समितिः</u>** (१) समितिको काम कारबाहीलाई छिटो छरितो, प्रभावकारी तथा गुणस्तरीय रुपमा सञ्चालन गर्नका लागि कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले तोकेको व्यक्ति | -अध्यक्ष |
| ℘(क१) | दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिमका सदस्य मध्येबाट मन्त्रालयले तोकेको तीन जना | -सदस्य |
| (ख) | प्रतिनिधि (रा.प.प्रथम श्रेणी), मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि (रा.प.प्रथम श्रेणी), गृह मन्त्रालय | -सदस्य |
| (घ) | प्रतिनिधि (रा.प.प्रथम श्रेणी), भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | -सदस्य |
| (ङ) | प्रतिनिधि (रा.प.प्रथम श्रेणी), अर्थ मन्त्रालय | -सदस्य |
| (च) | प्रमुख जिल्ला अधिकारी (काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला प्रशासन कार्यालय) | -सदस्य |
| (छ) | प्रमुख, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | -सदस्य |
| (ज) | प्रमुख प्रशासकीय अधिकृत (काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिका) | -सदस्य |
| (झ) | जलस्रोत विज्ञ, खानेपानी तथा सरसफाई विज्ञ, धर्म तथा संस्कृति विज्ञ, जग्गा नापजाँच विज्ञ वा नदीनाला व्यवस्थापन विज्ञबाट मन्त्रालयद्वारा मनोनित पाँच जना | -सदस्य |
| (ञ) | काठमाडौं उपत्यकामा बसोबास भएका बाग्मती नदी र यसका सहायक π..... नदी क्षेत्रका लब्ध प्रतिष्ठित समाजसेवी, बुद्धिजीवी, नदिनाला सरसफाई अभियन्ताको प्रतिनिधित्व हुने गरी मन्त्रालयद्वारा मनोनित तीन जना | -सदस्य |
| (ट) | आयोजना प्रमुख | -सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (झ) र (ञ) बमोजिमका सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नु पर्नेछ।

(३) अध्यक्ष तथा मन्त्रालयबाट मनोनित सदस्यको पदावधि बढीमा ∂<u>चार</u> वर्षको हुनेछ।

---

@ चौथो संशोधनद्वारा संशोधित

℘ पाँचौं संशोधनद्वारा थपिएको

π पाँचौं संशोधनद्वारा झिकिएको।

∂ पाँचौं संशोधनद्वारा संशोधित

(४) उपदफा (१) को खण्ड (क) बमोजिम अध्यक्ष तोक्दा उपदफा (७) बमोजिमको योग्यता पुगेको व्यक्तिमध्येबाट तोक्नु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा नेपाल सरकारले अध्यक्षलाई र मन्त्रालयले सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) समितिको हित विपरीत हुने कुनै काम गरेमा,

(ग) पद अनुकूलको आचरण पालना नगरेमा ।

(६) उपदफा (५) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) अध्यक्षको पदमा नियुक्त हुन देहायको व्यक्ति योग्य हुनेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतिस वर्ष उमेर पूरा गरी साठी वर्ष उमेर ननाघेको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट ⁰स्नातक तह उत्तीर्ण गरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा सोको लागि आवेदन नदिएको ।

**स्पष्टीकरण**ः यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

९. **कार्यकारी समितिको बैठक र निर्णयः** (१) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) कार्यकारी समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

तर, पहिलो पटक बैठकको गणपूरक संख्या नपुगी दोश्रो पटक बैठक बस्नु पर्दा तेत्तीस प्रतिशत सदस्य उपस्थित भए पनि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता कार्यकारी समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(४) कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) कार्यकारी समितिको वैठकमा समय समयमा आवश्यकता अनुसार व्यक्ति वा संस्थालाई आमन्त्रित गर्न सक्नेछ ।

(६) कार्यकारी ⁰समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

---

⁰ पाँचौं संशोधनद्वारा संशोधित

(७) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **<u>कार्यकारी समितिका सदस्यहरुको सुविधाः</u>** (१) कार्यकारी समितिका अध्यक्ष पूर्णकालीन वैतनिक र मन्त्रालयबाट मनोनित अन्य सदस्यहरु अवैतनिक हुनेछन् ।

(२) अध्यक्षले नेपाल सरकारबाट निर्धारण गरिदिएको तलब भत्ता तथा अन्य सुविधा पाउनेछ ।

(३) समितिका अध्यक्ष तथा अन्य सदस्यहरुलाई बैठक बसेको दिन नेपाल सरकारको प्रचलित कानुन बमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

११. **<u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u>** कार्यकारी समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको उद्देश्य पूर्तिका लागि आवश्यक विषयमा अध्ययन गरी योजना तर्जुमा गर्ने ।

(ख) समितिकी उद्देश्य अनुरुपका कार्यहरुको कार्यान्वयन, निरीक्षण, अनुगमन, मूल्याङ्कन र समन्वय गर्ने तथा सो सम्बन्धमा सम्बन्धित व्यक्ति वा संस्थालाई आवश्यक निर्देशन दिने ।

(ग) समितिको कार्यक्षेत्रमा सञ्चालित योजनाको तर्जुमा तथा प्रभावकारी कार्यान्वयनका लागि सहयोग, समन्वय वा निर्देशन दिने ।

(घ) समितिको कोषबाट सञ्चालन हुने योजनाको वार्षिक कार्यक्रम, बजेट तर्जुमा गरी स्वीकृतीका लागि समितिमा पेश गर्ने ।

(ङ) समितिबाट सञ्चालन हुने योजना कार्यान्वयन गर्नको लागि सम्बद्ध मन्त्रालय तथा निकायसँग प्राविधिक तथा अन्य सहयोग लिने ।

(च) ढल निर्माण तथा अन्य कामको लागि आवश्यक जग्गा प्राप्त गर्ने ।

(छ) आफ्नो कार्यक्षेत्र भित्रका नदीको वहावक्षेत्र निर्धारण गर्ने र दुवै किनारामा हरित क्षेत्र तथा बाटो निर्माणका लागि आवश्यक जग्गाको क्षेत्रफल एकिन गरी दीर्घकालीन रुपमा नदी किनारा कायम गरी नापी नक्शा जनाउन तथा स्रेस्ता कायम गर्न सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयमा लेखी पठाउने ।

(ज) नदीको सुरक्षा तथा सुन्दरता अभिवृद्धिको लागि नदीको किनारामा हरितक्षेत्र निर्माण गर्ने।

(झ) नदी किनारामा गरिने विकास निर्माण तथा अन्य कामका सम्बन्धमा मापदण्ड तयार गरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

(ञ) नदी किनारामा अनधिकृत रुपमा वा अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाउने।

(ट) नदीको बहाव क्षेत्रलाई प्रतिकूल असर पार्ने, नदी किनारामा भू-क्षय गर्ने वा नदी संरक्षणका लागि निर्माण भएका संरचना, पुलपुलेसा वा सडकलाई प्रतिकूल असर पर्ने गरी नदीबाट वालुवा झिक्न नदिने ।

(ठ) कसैले प्रचलित कानुन विपरित नदी वा नदी किनाराको कुनै जग्गा दर्ता गरे गराएमा सो दर्ता वदरको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(ड) कसैले समितिको कार्यक्षेत्र भित्रका नदीलाई प्रदुषित बनाउने कुनै किसिमको काम गरे गराएमा कानून बमोजिम सजाय गर्न तथा सो कार्य निषेध गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ढ) समितिबाट गरिने कामको लागि आवश्यकता अनुसार विशेषज्ञ तथा परामर्श सेवा लिने ।

---

[०] पाँचौं संशोधनद्वारा संशोधित।

तर, विदेशी विशेषज्ञ वा परामर्शदाताको सेवा लिनु परेमा नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ।

(ण) समितिको कार्य क्षेत्र भित्र अन्य निकायले ढल विछ्याउने वा ढल प्रशोधन केन्द्र निर्माण गर्ने जस्ता कार्य गर्दा समितिसँग समन्वय गर्नु पर्ने व्यवस्था गर्ने।

(त) समितिबाट वाग्मती सभ्यता कोष सञ्चालन सम्बन्धी प्राप्त निर्देशन बमोजिम आवश्यक कार्यक्रम प्रस्ताव गरी अनुमोदनको लागि समितिमा पेश गर्ने ।

(थ) आयोजनाबाट निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरुको नियमित सञ्चालन तथा मर्मत सम्भार कार्यको लागि सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने।

(द) समितिको निम्ति आर्थिक श्रोत साधन जुटाउने ।

(ध) काठमाडौं उपत्यका भित्रका नदीहरुको लागि एकीकृत नदी व्यवस्थापन संगठन (River Basin Organization) को रुपमा निम्न कार्य गर्ने,-

(१) वाग्मती र यसका सहायक नदीहरुको उपलब्ध जलस्रोत र अन्य प्राकृतिक स्रोतको आधारमा जनसहभागितामा आधारित एकीकृत जलस्रोत व्यवस्थापन (Participatory IWRM) आयोजनाहरुको पहिचान गरी एकीकृत नदी व्यवस्थापन योजना तयार गर्ने ।

(२) एकीकृत नदी व्यवस्थापन योजनाहरु तयार गर्दा जलवायु परिवर्तनबाट पानीको उपलब्धतामा हुनसक्ने अनिश्चिततालाई सम्बोधन गर्न त्यस्ता भैपरी आउने परिदृश्यमा के कस्तो उपाय अवलम्बन गर्ने भन्ने वैकल्पिक योजना पनि समावेश गर्ने ।

(३) नदीको पानी प्रयोग सम्बन्धी अनुमती पत्र (License) जारी गर्न सिफारिस गर्ने ।

(४) नदीको पानी बाँडफाँड र पानीको गुणस्तरको जारी अनुमति पत्र अनुसार भए नभएको अनुगमन तथा मुल्यांकन गर्ने ।

(५) नदीको सतह तथा भूमिगत पानीको तथ्यांक तयार गरी समय समयमा अद्यावधिक गर्ने।

(६) नदीको पानी सम्बन्धी आयोजना कार्यान्वयनको लागि प्राविधिक फुकुवा (Technical Clearance) को लागि सिफारिश गर्ने

(७) समितिको कार्य क्षेत्र भित्रको जलश्रोत सम्बन्धी समष्टिगत आवधिक योजना तर्जुमा गर्ने।

(८) भूमिगत जलश्रोत र सतह जल उपभोग बीच सामञ्जस्यता राखी योजना तर्जुमा गर्ने।

(९) वातावरणीय प्रयोजनको लागि पानीको आवश्यक परिमाण र गुणस्तर कायम राख्ने।

(१०) नदीको पानीको सांस्कृतिक र अन्य उपयोगको लागि आवश्यक व्यवस्थापन गर्ने।

(११) समुदायको सहभागिताको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी सञ्चालन तथा व्यवस्थापन गर्ने।

(१२) सरोकारवालाहरुको क्षमता अभिवृद्धिको लागि एकीकृत जलश्रोत व्यवस्थापन सम्बन्धी शैक्षिक तथा अन्य तालिम कार्यक्रमहरु आयोजना गर्ने ।

(१३) नदीको पानीको उपयोग सम्बन्धमा विभिन्न क्षेत्र (Sector) बीच समन्वय कायम गर्ने तथा उत्पन्न विवाद समाधान गर्ने/गर्न सिफारिश गर्ने।

१२. **कार्यकारी समितिको सचिवालयः** कार्यकारी समितिको सचिवालयको रुपमा आयोजनाले कार्य गर्नेछ।

१३. **हरितक्षेत्र घोषणा गर्नेः** (१) नदी किनारामा रहेको सार्वजनिक जग्गा गैरकानूनी रुपमा कुनै व्यक्तिको नाममा दर्ता भएको देखिएमा कार्यकारी समितिले त्यस्तो दर्ता बदर गराई सार्वजनिक जग्गा कायम गरी नापी नक्सा तथा स्रेस्ता तयार गर्ने गराउनेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक जग्गा कायम गरिएको स्थानलाई कार्यकारी समितिले हरितक्षेत्रको रुपमा विकास गर्ने, घोषणा गर्ने वा आयोजनाको लागि आवश्यक पूर्वाधार निर्माणमा प्रयोग गर्नेछ ।

१४. **समन्वय गर्ने तथा सहयोग लिन सक्नेः** (१) *कार्यकारी समितिको अध्यक्षले नेपाल सरकारसँग प्राविधिक सहयोग र सल्लाह समेतको लागि सम्बन्धित मन्त्रालयसँग समन्वय गर्न तथा त्यस्तो निकायबाट आवश्यक सहयोग र सल्लाह लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम @कार्यकारी समितिको अध्यक्षले कुनै मन्त्रालयसँग सहयोग र सल्लाह माग गरेमा समितिलाई आवश्यक सहयोग र सल्लाह दिनु सम्बन्धित मन्त्रालयको कर्तव्य हुनेछ ।

१५. **कार्यक्रम स्वीकृत गराउनु पर्नेः** (१) कार्यकारी समितिले आफ्नो कार्य क्षेत्रभित्र गर्ने काम कारबाहीको सम्बन्धमा प्रचलित कानून बमोजिम कुनै निकायबाट कार्यक्रम स्वीकृत गराउनु पर्ने भए त्यस्तो निकायबाट कार्यक्रम स्वीकृत गराउनु पर्नेछ ।

(२) कार्यकारी समितिले पशुपति क्षेत्र विकास कोषको क्षेत्राधिकार भित्र काम गर्दा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्सँग समन्वय गर्नुपर्नेछ ।

१६. **उपसमिति गठन गर्न सक्नेः** कार्यकारी समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

१७. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यकारी समितिका अध्यक्षलाई कार्य सम्पादन गर्न देहायका कानून अन्तर्गतका देहायका अधिकारहरु प्रदान गरेकोः

(क) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ख. बमोजिमको अधिकार र सोही ऐनको दफा ३ को प्रयोजनका लागि जग्गा (नापजाँच) नियमावली, २०५८ को नियम ३, ४, ५, ६ तथा नियम १७, १८ बमोजिमका अधिकार,

(ख) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२), दफा २९ र ३० बाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार,

(ग) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र मालपोत नियमावली, २०३६ को नियम १६४ को उपनियम (१) बमोजिम तोकिएको समितिको अधिकार,

(घ) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (६क) को अधिकार,

(ङ) जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ अन्तर्गतको अधिकार,

(च) जग्गा प्राप्त गर्न प्रारम्भिक कारबाही चलाउने तथा प्रचलित कानूनले तोकेको अन्य अधिकारीको काम आफैले वा समितिको कुनै सदस्य वा कर्मचारीबाट चलाउने अधिकार,

(छ) अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ र जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्त गर्ने सम्बन्धमा प्रारम्भिक कारबाहीदेखि अन्तिम कारबाहीसम्मको अधिकार ।

(२) समितिको कोषबाट सञ्चालन गर्न सकिने दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने।

(३) समितिको कोषबाट सञ्चालन हुने गरी स्वीकृत दीर्घकालीन योजना र वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने वा गराउने ।

(४) कार्यकारी समितिबाट भए गरेका कामहरुको प्रगति विवरण आवधिक रुपमा समितिमा प्रस्तुत गर्ने ।

---

*** पहिलो संशोधनद्वारा संशोधित**

@ चौथो संशोधनद्वारा संशोधित

(५) स्थानीय समुदाय तथा संघ संस्थाहरुको परिचालन गरी नदी किनाराको खाली जग्गामा उद्यान, वाटिका निर्माण तथा हरितक्षेत्र कायम राख्न निश्चित क्षेत्र तोकिदिई सम्बन्धित समुदाय तथा संघ संस्थाहरुसँग सम्झौता गर्ने ।

(६) समिति अन्तर्गत सञ्चालित आयोजनाहरुको कार्यक्षेत्रमा आइपर्ने अड्चन, बाधा व्यवधान समाधानको लागि आवश्यक कार्य गर्ने ।

(७) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने वा गराउने ।

©(८) आयोजना प्रमुखको बिदा एवं काज स्वीकृत गर्ने ।

©(९) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा आयोजना प्रमुखलाई निर्देशन दिने ।

१८. **सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** (१) आयोजनाको प्रमुखले समितिको सदस्य-सचिवको रुपमा निम्न कार्यहरु गर्नेछः-

(क) समिति र कार्यकारी समितिको बैठक सञ्चालन गर्ने ।

(ख) कार्यकारी समितिको प्रमुख प्रशासकीय अधिकारीको रुपमा कार्य गर्ने ।

(ग) सदस्य-सचिवको अन्य काम, कर्तव्य र अधिकार कार्यकारी समितिले तोके बमोजिम हुनेछ।

©(घ) आयोजनाको रेखदेख, अनुगमन र सुपरिवेक्षण गर्ने ।

१९. **आयोजना प्रमुखको काम, कर्तव्य र अधिकारः** मन्त्रालयले तोकेको नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, øबिल्डिङ्ग एण्ड आर्किटेक्ट !..... उप-समूहको रा.प. प्रथम श्रेणीको अधिकृत आयोजनाको प्रमुख हुनेछ र निजले निम्न कार्यहरु गर्नेछ ।

(क) आयोजना प्रमुखलाई प्रचलित कानूनले विभागीय प्रमुखलाई दिए सरहको अधिकार हुनेछ।

(ख) आयोजनाले सम्पादन गरेको कार्यको प्रगति विवरण तोकिए बमोजिम समिति र कार्यकारी समितिमा जानकारी गराउने ।

(ग) समितिको कोषको रकमबाट सञ्चालन हुने आयोजनाहरुको लागि योजना तथा वार्षिक कार्यक्रम तयार गरी तोकिएबमोजिम समिति र कार्यकारी समितिमा पेश गर्ने।

©(घ) कार्यकारी समितिको लागि आवश्यक कर्मचारीहरुको व्यवस्थापन गर्ने ।

२०. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) आयोजनामा आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) आयोजनाको कार्य सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी शहरी विकास मन्त्रालय मार्फत काजमा झिकाई व्यवस्था गरिनेछ ।

(३) उपदफा (२) बमोजिम कर्मचारी उपलब्ध गराउन नसकिएमा *आयोजना प्रमुखले अध्यक्षको परामर्शमा शहरी विकास मन्त्रालयको स्वीकृती लिई आवश्यक कर्मचारी सेवा करारमा लिन सक्नेछ।

(४) समितिमा कार्यरत कर्मचारीको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्तहरु सेवासँग सम्बन्धित कानून बमोजिम हुनेछन् ।

---

© पहिलो संशोधनद्वारा थप

© **पहिलो संशोधनद्वारा थप**

ø दोस्रो संशोधनद्वारा थप

! **चौथो संशोधनद्वारा झिकिएको**

© **पहिलो संशोधनद्वारा थप**

* **पहिलो संशोधनद्वारा संशोधित**

तर, सेवा करारमा लिइएका कर्मचारीको सेवा शर्त त्यसरी कर्मचारी करारमा लिंदाको बखतमा तोकिनेछ ।

२१. **समितिको कोष:** (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछः-

(क) नेपाल सरकारबाट अनुदान प्राप्त रकम,

≠(क१) प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) समितिले आर्जन गरेको रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थाबाट चन्दा वा अनुदान प्राप्त रकम,

तर, विदेशी व्यक्ति वा संघ संस्थाबाट अनुदान वा चन्दा लिनुपर्दा नेपाल सरकारबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम समितिको उद्देश्य पूर्तिका लागि ≠कार्यकारी समितिको निर्णय अनुसार खर्च गरिने छ।

(३) उपदफा (१) बमोजिम कोषको सञ्चालन ♣सदस्य सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ। कोषको लेखापालन आयोजनाको आर्थिक प्रशासन शाखाले गर्नेछ ।

२२. **लेखा तथा लेखापरीक्षणः** (१) समितिको लेखा नेपाल सरकारले अपनाएको प्रकृया बमोजिम हुनेछ।

(२) समितिको आय व्ययको लेखापरीक्षण महालेखा परीक्षकको @कार्यालयबाट हुनेछ।

२३. **समितिको कार्यावधिः** समितिको कार्यावधि €२०८३ असार मसान्तसम्म हुनेछ र नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको कार्यावधि थप गर्न सक्नेछ ।

२४. **नेपाल सरकारसँग सम्पर्कः** समितिले आफ्नो कारबाहीको सिलसिलामा नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा शहरी विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२५. **खारेजी र बचाउः** (१) अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) खारेज गरिएको छ ।

(२) अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

(३) अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) बमोजिम गठित समितिका मनोनित उन्नाइस जना सदस्यहरुको पदावधि यो आदेश लागु हुनासाथ स्वतः समाप्त हुनेछ । तर अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) बमोजिम गठित समितिका अध्यक्ष यसै आदेश बमोजिमको कार्याकारी समितिको अध्यक्ष मानिनेछन् र निजको नियुक्ति हुँदाको बाँकी पदावधिसम्म यसै आदेश बमोजिम कार्यकारी अध्यक्षका रुपमा कार्यरत रहनेछन् ।

(४) अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) बमोजिमको समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा हक दायित्वहरु समेत यस समितिमा सरेको मानिनेछ ।

---

≠ चौथो संशोधनद्वारा थपिएको

≠ चौथो संशोधनद्वारा थपिएको

♣ तेस्रो संशोधनद्वारा संशोधित

@ चौथो संशोधनद्वारा संशोधित

€ मिति २०८०/४/२२ को नेपाल राजपत्रको सूचना बमोजिम संशोधित

# विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१

नेपाल राजपत्रमा प्रकाशन मिति २०८१/०८/०३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सहरी विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विशिष्ट संरचना" भन्नाले अनुसूचीमा उल्लिखित संरचना सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा समितिको सदस्य-सचिवलाई समेत जनाउँछ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिमको विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

३. **समितिको गठनः** (१) नेपाल सरकारले निर्माण गरेको विशिष्ट संरचनाको सञ्चालन तथा व्यवस्थापन गर्न विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति नामको एक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | सहसचिव, नेपाल सरकारको अर्थ मन्त्रालय | -सदस्य |
| (ग) | सहसचिव, नेपाल सरकारको गृह मन्त्रालय | -सदस्य |
| (घ) | सहसचिव, नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, आवास, भवन तथा योजना महाशाखा, मन्त्रालय | -सदस्य |
| (च) | महानिर्देशक, सहरी विकास तथा भवन निर्माण विभाग | -सदस्य |
| (छ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ वा निजले तोकेको प्रतिनिधि | -सदस्य |
| (ज) | अध्यक्ष, होटल सङ्घ नेपाल | -सदस्य |
| (झ) | कार्यकारी निर्देशक | -सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिमको समितिमा सम्बन्धित विशिष्ट संरचनाको सम्बन्धमा निर्णय हुने बैठकमा त्यस्तो संरचना रहेको स्थानीय तहको प्रमुख वा निजले तोकेको सो स्थानीय तहको पदाधिकारीसमेत सदस्य रहनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विशिष्ट संरचनाको प्रकृतिको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने वा अन्य मेला प्रदर्शनी आयोजना गर्ने स्थान सम्बन्धमा आवश्यक व्यवस्था गर्ने र सोबापत शुल्क लगाउने,

(ख) विशिष्ट संरचनाको चलअचल सम्पत्तिको रेखदेख, नियन्त्रण, सम्भार र संरक्षण गर्ने, गराउने,

(ग) समितिमा पेस भएका नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(घ) विशिष्ट संरचनालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने,

(ङ) विशिष्ट संरचनाको दीर्घकालीन व्यवस्थापनका लागि नेपाल सरकारलाई सुझाव दिने,

(च) विशिष्ट संरचनाको आधारभूत भौतिक संरचना तथा स्वीकृत गुरुयोजनामा परिवर्तन नहुने गरी आवश्यक काम गर्ने, गराउने,

(छ) समितिलाई हस्तान्तरण भई आएका विशिष्ट संरचनाको प्रचलित कानून बमोजिम करार, लिज, भाडा वा अन्य उपयुक्त विधिबाट सञ्चालन गर्ने, गराउने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने।

५. **<u>समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) अध्यक्षको निर्देशन बमोजिम समितिको सदस्य-सचिवले समितिको बैठकमा छलफल हुने कार्यसूचीसहित बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडि सदस्यलाई दिनु पर्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकको निर्णय बैठकमा उपस्थित सदस्यको सर्वसम्मतिबाट हुनेछ। सर्वसम्मति कायम हुन नसकेमा बहुमत सदस्यको निर्णय मान्य हुनेछ ।

(६) समितिको बैठकको निर्णयमा उपस्थित सम्पूर्ण सदस्यले हस्ताक्षर गर्नु पर्नेछ।

(७) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **<u>कार्यकारी निर्देशकः</u>** (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न समितिमा एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, जन प्रशासन, कानून, इन्जिनियरिङ्ग वा मानविकी तथा समाजशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव र व्यवस्थापकीय क्षमता भएका व्यक्तिमध्येबाट खुला प्रतिस्पर्धाको आधारमा नेपाल सरकारले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति हुने कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजको पदावधि अर्को एक पटकको लागि थप गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै वा सबै अवस्थामा नेपाल सरकारले कार्यकारी निर्देशकलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) कार्यसम्पादन करार बमोजिम वार्षिक कार्यसम्पादनको मूल्याङ्कन गर्दा पचास प्रतिशतभन्दा कम अङ्क प्राप्त गरेमा,

(ख) इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा,

(ग) समितिको हित विपरीत हुने कुनै काम गरेमा,

(घ) पदअनुसारको आचरण नगरेमा वा निजको आचरण खराब देखिएमा।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) कार्यकारी निर्देशकको पदमा नियुक्ति हुन देहायको व्यक्ति अयोग्य हुनेछः-

(क) गैरनेपाली नागरिक,

(ख) पैंतिस वर्ष उमेर पूरा नभएको,

(ग) साठी वर्ष उमेर पूरा भएको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्ति हुन वा बहाल रहन योग्य नभएको,

(च) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा सोको लागि आवेदन दिएको।

<u>**स्पष्टीकरण**</u>ः यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(६) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछ :-

(क) निजले अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा,

(ख) उपदफा (३) बमोजिमको पदावधि पूरा भएमा,

(ग) उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) उपदफा (५) बमोजिम निजको अयोग्यता सृजना भएमा वा निज सो उपदफा बमोजिम अयोग्य रहेको भन्ने पत्ता लागेमा, वा

(ङ) निजको मृत्यु भएमा ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्म वा निलम्बन भएमा वा कुनै कारणबाट पद रिक्त भएमा नेपाल सरकारले निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको अधिकृतलाई कार्यकारी निर्देशकको रूपमा काम गर्ने गरी काजमा खटाउन सक्नेछ।

७. <u>**कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार**</u>ः यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिमा पेस गर्ने,

(ख) विशिष्ट संरचनाको रेखदेख, नियन्त्रण, सम्भार, संरक्षण र प्रवर्द्धनको लागि समितिमा कार्ययोजना पेस गर्ने र स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको चलअचल सम्पत्तिको संरक्षण गर्ने, गराउने र सोको अभिलेख अद्यावधिक गरी राख्ने,

(घ) समितिको बैठकबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिको प्रशासनिक तथा आर्थिक कामकारबाही सञ्चालन, नियन्त्रण तथा अनुगमन गर्ने,

(च) समितिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(छ) समितिको वार्षिक प्रगति विवरण तयार गरी समितिमा पेस गर्ने,

(ज) समितिले तोकेका अन्य काम गर्ने, गराउने ।

८. **कार्यसम्पादन करार गर्नुपर्नेः** (१) कार्यकारी निर्देशकले आफू नियुक्त भएको तीस दिनभित्र अध्यक्षसँग कार्यसम्पादन करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) कार्यकारी निर्देशकले गर्नुपर्ने कामको विवरण,

(ख) विशिष्ट संरचनाको रेखदेख, नियन्त्रण, सम्भार र संरक्षण तथा प्रवर्द्धनको लागि कार्यान्वयन गरिने योजना, रणनीति, कार्यक्रम र कार्यान्वयन तालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्यसम्पादन गर्दा देखिने वा प्राप्त हुने अपेक्षित प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिम प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्याङ्कन संयन्त्र,

(ङ) कार्यकारी निर्देशकको कार्यसम्पादनसँग सम्बन्धित अन्य आवश्यक विषय।

९. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) समितिको कार्यसम्पादनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिम समितिमा रहने कर्मचारीको पद, सङ्ख्या तथा समितिको सङ्गठन संरचना मन्त्रालयको सहमतिमा समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

तर नयाँ दरबन्दी सिर्जना गर्दा वा थप आर्थिक दायित्व सिर्जना हुने गरी दरबन्दी हेरफेर गर्दा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) समितिका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको सर्त तथा सुविधासम्बन्धी व्यवस्था कर्मचारी सम्बन्धी विनियमावलीमा उल्लेख भएबमोजिम हुनेछ।

(४) समितिका कर्मचारीको पद कुनै कारणले पूर्ति नभई रिक्त रहेको अवस्थामा समितिले एक पटकमा छ महिनामा नबढ्ने गरी रिक्त पदमा करारमा कर्मचारी राख्न सक्नेछ ।

तर सो पदमा स्थायी कर्मचारी नियुक्ति भएमा करारमा कार्यरत कर्मचारी स्वतः पदमुक्त हुनेछ।

(५) समितिमा कर्मचारीको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **समितिको कोषः** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा विदेशी सरकारबाट ऋण वा अनुदानबापत प्राप्त रकम,

(घ) सेवा शुल्क बापत सङ्कलित रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) समितिले उपदफा (१) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) समितिको कोषमा रहने रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(४) समितिको तर्फबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) समितिको कोषको खाता कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(६) समितिको कोषमा प्राप्त हुन आएको रकममध्ये नेपाल सरकारले तोकेबमोजिमको रकम नेपाल सरकारको सङ्घीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(७) समितिको कोष सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **लेखा र लेखापरीक्षणः** (१) समितिको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) समितिले तोकिए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) समितिको आन्तरिक लेखापरीक्षण समितिले तोकेको लेखापरीक्षकले गर्नेछ।

(४) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ।

१२. **उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** (१) समितिले आफूले गर्नुपर्ने काम सुचारु रूपले गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार तथा कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत निर्धारण गरे बमोजिम हुनेछ।

१३. **बैठक भत्ताः** समितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत नेपाल सरकारको अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई समितिले निर्धारण गरे बमोजिमको बैठक भत्ता पाउनेछन्।

१४. **अधिकार प्रत्यायोजनः** (१) समितिले आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१५. **प्रतिवेदन पेस गर्नु पर्नेः** (१) समितिले आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयसमक्ष पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्य, समितिको वार्षिक नीति, योजना र कार्यक्रमको कार्यान्वयन स्थिति र त्यसको उपलब्धि तथा लागत, समितिबाट भएको वार्षिक खर्चको विवरण तथा तोकिए बमोजिमका अन्य विवरण उल्लेख गर्नु पर्नेछ ।

१६. **समितिको कार्यालयः** समितिको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र समितिले आवश्यकता अनुसार विशिष्ट संरचना भएको स्थानमा शाखा कार्यालय खोल्न सक्नेछ ।

१७. **नेपाल सरकारसँग सम्पर्कः** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नु पर्नेछ।

१८. **निर्देशन दिन सक्नेः** नेपाल सरकारले विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१९. **नियम बनाउन सक्नेः** (१) समितिले यस आदेशको कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

२०. **विनियमावली बनाउन सक्नेः** (१) यस आदेशको प्रतिकूल नहुने गरी समितिले आवश्यक विनियमावली बनाउन सक्नेछ र त्यस्तो विनियमावली मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम विनियमावली बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

२१. **खारेजी र बचाउः** (१) अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश, २०५१ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चलअचल सम्पत्ति, हक, लगानी र दायित्व समितिमा सर्नेछ ।

(३) उपदफा (१) बमोजिमको आदेशअन्तर्गत गठित समितिले गरेको सम्पूर्ण काम कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

(४) उपदफा (१) बमोजिमको आदेश अन्तर्गतको समितिका स्थायी कर्मचारी साविकको सेवा, सर्त र सुविधा नघट्ने गरी यो आदेश बमोजिमको समितिका स्थायी कर्मचारीको रूपमा कायम रहनेछन्।

**अनुसूची**

**(दफा २ को खण्ड (ङ) सँग सम्बन्धित)**

**विशिष्ट संरचना**

१. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौं ।
२. सनराइज सभाहल, गोदावरी, ललितपुर ।
३. बुटवल अन्तर्राष्ट्रिय सभाहल, रुपन्देही ।
४. बुटवल अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र, रुपन्देही ।
५. धरहरा, सुन्धारा, काठमाडौं ।
६. दमक भ्यू टावर (दमक व्यापारिक कम्प्लेक्स), दमक, झापा ।
७. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य संरचना।

# मापदण्ड

# बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२

**नेपाल राजपत्रमा प्रकाशन मिति २०७२/१२/२६**

**संशोधन** **नेपाल राजपत्रमा प्रकाशन मिति**

**१. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण (पहिलो संशोधन) मापदण्ड, २०७२** २०७३/१२/२८

**२. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण (दोस्रो संशोधन) मापदण्ड, २०७८** २०७९/२/१६

संवत् २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत्पश्चातका परकम्पहरुको कारण भौतिक संरचनामा क्षति पुग्न गई धेरै जनधनको नोक्सानी भएको सन्दर्भमा यस्ता क्षतिलाई न्यूनीकरण गर्ने तथा व्यवस्थित बस्ती विकास गराउने प्रयोजनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको "बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७२" स्वीकृत गरी लागू गरेको छः-

१. **प्रारम्भिकः**

देशका केही स्थानीय तहहरुमा स्वीकृत भवन निर्माण मापदण्ड लागू भएको अवस्था भए पनि धेरैजसो स्थानीय तहहरुमा सो अवस्था नरहेकाले अनियन्त्रित र असुरक्षित बस्तीहरु बढदै गइरहेका छन् । यस्तो अनियन्त्रित विकासलाई एउटा सकारात्मक दिशा तर्फ डोऱ्याउनु आवश्यक भएकोले सुरक्षित एवम् भूकम्प प्रतिरोधात्मक बसोबास, भौतिक योजनाको तर्जुमा तथा कार्यान्वयन र भवन ऐन २०५५ ले तोकेका "क", "ख", "ग" र "घ" वर्गका भवनहरु निर्माण गर्न गराउनका लागि नेपाल सरकारले यो आधारभूत निर्माण मापदण्ड, २०७२ लागू गरेको छ ।

२. **पारिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "जग्गा उपयोग प्रतिशत (Ground Coverage)" भन्नाले भवनको भूँई तलाको क्षेत्रफल र भवन बन्ने जग्गा वा घडेरीको क्षेत्रफलको अनुपातलाई १०० ले गुणन गर्दा हुन आउने प्रतिशतलाई सम्झनु पर्छ ।

(ख) "भूई क्षेत्रको अनुपात (FAR: Floor Area Ratio)" भन्नाले भवनको सम्पूर्ण तलाहरुमा निर्मित क्षेत्रफलको योगफललाई भवन बन्ने जग्गा वा घडेरीको क्षेत्रफलले भाग गरेर आएको भागफललाई सम्झनु पर्छ ।

(ग) "सडकको अधिकार क्षेत्र (Right of Way)" भन्नाले ऐन, नियम तथा स्वीकृत मापदण्डले तोकेको सडकको चौडाइलाई सम्झनु पर्छ ।

(घ) "सेटब्याक (Set Back)" भन्नाले आफुले आफ्नो जग्गामा भवन बनाउँदा साँधसिमाना, सार्वजनिक सम्पत्ति र सडक अधिकार क्षेत्रबाट छाड्नु पर्ने न्यूनतम दुरीलाई सम्झनु पर्छ ।

(ङ) "किरण सतह (Light Plane)" भन्नाले सेटब्याक रेखा माथी सडकको अधिकार क्षेत्र र दुवै तर्फको सेटब्याक जोडदा हुनआउने योगफलको दुई गुणा उचाईबाट सडकको अर्को तर्फको सेटब्याक रेखा जोडने काल्पनिक सतहलाई सम्झनु पर्छ ।

(च) "खुल्ला क्षेत्र (Open Space)" भन्नाले बस्ती विकास क्षेत्रमा जमिनभित्र अत्यावश्यक सार्वजनिक पूर्वाधार सेवा विस्तार गर्न बाहेक कुनै भौतिक संरचना निर्माण गर्न निषेध गरिएको क्षेत्रलाई सम्झनु पर्छ ।

(छ) "टाँसिएको भवन (Attached Building)" भन्नाले जग्गाको साँधसीमानामा टाँसेर बनाउन प्रस्ताव गरिएको वा बनाएको भवनलाई सम्झनु पर्छ ।

(ज) "जोडिएको भवन (Joint Building)" भन्नाले वेग्गावेग्लै स्वामित्व भएको एक आपसमा भारवहन अंगहरु संयुक्त रुपमा निर्माण भएको भवनहरुलाई सम्झनु पर्छ ।

(झ) "आंशिक निर्माण सम्पन्न" भन्नाले उपयोग गर्न मिल्ने गरी न्यूनतम १ तला निर्माण भएको भवनलाई सम्झनु पर्छ ।

(ञ) "नगरपालिका" भन्नाले भन्नाले महानगरपालिका तथा उपमहानगरपालिका समेतलाई सम्झनु पर्छ ।

(ट) "स्थानीय तह" भन्नाले नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(ठ) "शहरी विकास कार्यालय" भन्नाले सम्वन्धित जिल्ला हेर्ने शहरी विकास तथा भवन निर्माण विभाग, $सघन शहरी तथा भवन निर्माण आयोजना वा संघीय आयोजना कार्यान्वयन इकाईलाई सम्झनु पर्छ।

(ड) $"प्राविधिक समिति" भन्नाले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निजले तोकेको इन्जिनियर, शहरी विकास कार्यालयको इन्जिनियर तथा आमन्त्रित विशेषज्ञ सहितको समितिलाई सम्झनु पर्छ ।

(ढ) "नियन्त्रित भौतिक योजना (Secured Physical Plan)" भन्नाले नियन्त्रित रुपमा मात्र प्रयोग हुने, साँधसिमानालाई पर्खाल लगाएर सुरक्षित गरिएको भौतिक योजनालाई सम्झनु पर्छ ।

(ण) "सार्वजनिक भौतिक योजना (Public Physical Plan)" भन्नाले केही स्वामित्वकर्ताहरुले आफ्नो लगानीमा विकास गरेको तर तिनका सडक, खुल्ला क्षेत्र आदि सार्वजनिक प्रयोगको लागि समेत खुल्ला गरिएको भौतिक योजनालाई सम्झनु पर्छ ।

(त) "वातावरण मैत्री स्थानीय शासनको प्रारुप" भन्नाले नेपाल सरकारले मिति २०७०/०६/२३ मा स्वीकृत गरेको वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७० (Environment Friendly Local governance Framework, 2013) लाई सम्झनु पर्छ ।

(थ) " "क" वर्गका भवन" भन्नाले भवन ऐन, २०५५ को दफा ८ को खण्ड (क) अनुसारको अत्याधुनिक प्रविधि अपनाई निर्माण हुने वा भएका भवनलाई सम्झनु पर्छ ।

(द) " "ख" वर्गका भवन" भन्नाले भवन ऐन, २०५५ को दफा ८ को खण्ड (ख) अनुसारको भूँइ तलाको क्षेत्रफल १००० वर्ग फिट भन्दा बढी, ३ तला भन्दा अग्ला वा स्ट्रक्चरल स्पान (Structural Span) ४.५ मिटर भन्दा बढी भएका भवनलाई सम्झनु पर्छ ।

(ध) ""ग" वर्गका भवन" भन्नाले भवन ऐन २०५५ को दफा ८ को खण्ड (ग) अनुसारको भूँइ तलाको क्षेत्रफल १००० वर्ग फिट सम्म र उचाई ३ तला सम्म वा स्ट्रक्चरल स्पान (Structural Span) ४.५ मिटर भन्दा कम भएका भवनलाई सम्झनु पर्छ ।

(न) ""घ" वर्गका भवन" भन्नाले भवन ऐन २०५५ को दफा ८ को खण्ड (घ) अनुसारको "क", "ख", र "ग" वर्गमा नपरेका ईंटा, ढूंगा, माटो, बाँस, खर, आदि प्रयोग गरी निर्माण भएको अधिकतम दुई तले भवनलाई सम्झनु पर्छ।

(प) "माटो परीक्षण" भन्नाले शहरी विकास मन्त्रालयले जारी गरेको माटो परीक्षण निर्देशिकाले तोकेको परिक्षण प्रकृया/विधिलाई सम्झनु पर्छ ।

(फ) "आधारभूत सार्वजनिक पूर्वाधार सेवाहरु" भन्नाले सडक, ढल, खानेपानी, विजुली आदिलाई सम्झनु पर्छ।

(ब) "संवेदनशील क्षेत्र" भन्नाले राष्ट्रपती निवास लगायत शहरी विकास मन्त्रालयले संवेदनशील क्षेत्र भनी तोकेको अन्य क्षेत्रहरुलाई सम्झनु पर्छ ।

---

$ दोस्रो संशोधनद्वारा संशोधित

$ दोस्रो संशोधनद्वारा संशोधित

(भ) "संस्थागत भवन" भन्नाले विद्यालय, उच्च विद्यालय, अस्पताल, सरकारी, निजी तथा पव्लिक लिमिटेडका कार्यालय भवन आदिलाई सम्झनु पर्छ ।

(म) "सभा—सम्मेलन भवन" भन्नाले मानिसहरु जमघट हुने गैर आवासीय प्रयोजनका सिनेमा हल, संयुक्त/विशाल बजार, मल्टिल्पेक्स, तारे होटल आदिलाई सम्झनु पर्छ ।

(य) "सार्वजनिक भवन" भन्नाले संस्थागत भवन, सभा सम्मेलन भवन लगायत सभाहल, साँस्कृतिक समारोह तथा भोजभतेर स्थल, आदिलाई सम्झनु पर्छ ।

@(र) "व्यापारिक भवन" भन्नाले व्यापारिक प्रयोजनका लागि बनेको भवनलाई सम्झनु पर्छ ।

#(र१) "मिश्रित आवासीय भवन" भन्नाले तल्लो तला व्यापारिक प्रयोजनमा रहेको र माथिल्लो तला आवासीय प्रयोजनमा भएको भवनलाई सम्झनु पर्छ ।

(ल) "भवन एकिकरण (House Pooling)" भन्नाले एकल स्वामित्वका छुट्टा—छुट्टै पुराना भवनहरुलाई भत्काएर नयाँ बन्ने बहुस्वामित्वको एउटै भवनलाई सम्झनु पर्छ ।

(व) "आर्किटेक्ट इन्जिनियर" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भई इन्जिनियरिङ्ग व्यवसाय गर्ने अनुमति प्राप्त विशेषज्ञलाई सम्झनु पर्छ ।

#(श) "सम्पदा बस्ती" भन्नाले बुँदा १४क. को उपबुँदा १४क.३ बमोजिम सूचीकृत गरिएको बस्तीलाई सम्झनुपर्छ।

३. **केन्द्रीय शहरी योजना तथा भवन निर्माण मापदण्ड सुदृढीकरण तथा सुपरीवेक्षण समितिः**

३.१ यो मापदण्डको कार्यान्वयन एवम् सुपरीवेक्षणको नियमित समीक्षा तथा स्थानीय तहलाई आवश्यक सहजीकरण एवम् पृष्ठपोषणको निमित्त देहायको एक समिति रहनेछ ।

(क) सचिव, शहरी विकास मन्त्रालय -संयोजक

(ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय -सदस्य

(घ) सहसचिव, गृह मन्त्रालय -सदस्य

(ङ) सहसचिव , भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय -सदस्य

(च) सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -सदस्य

(छ) सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ज) सहसचिव, स्थानीत तह क्षमता विकास महाशाखा, सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(झ) सहसचिव, शहरी विकास महाशाखा, शहरी विकास मन्त्रालय -सदस्य

(ञ) विकास आयुक्त, काठमाडौं उपत्यका विकास प्राधिकरण -सदस्य

(ट) महानिर्देशक, खानी तथा भूगर्भ विभाग -सदस्य

(ठ) महानिर्देशक, नापी विभाग -सदस्य

---

@ पहिलो संशोधनद्वारा संशोधित

# पहिलो संशोधनद्वारा थपिएको

# पहिलो संशोधनद्वारा थपिएको

(ड) महानिर्देशक, पुरातत्व विभाग -सदस्य

(ढ) महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग -सदस्य

(ण) प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका अधिकृत, काठमाडौं महानगरपालिका -सदस्य

(त) उपमहानिर्देशक (शहरी), शहरी विकास तथा भवन निर्माण विभाग -सदस्य-सचिव

३.२ उपबुँदा ३.१ बमोजिमको समितिले आवश्यकता अनुसार आफ्नो बैठकमा विशेषज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

३.३ उपबुँदा ३.१ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यो मापदण्ड कार्यान्वयनका सम्बन्धमा अनुगमन गर्नुका साथै स्थानीय तहहरुलाई नीतिगत मार्गदर्शन प्रदान गर्ने।

(ख) स्थानीय तहको परिषद्बाट पारित शहरी योजना तथा भवन निर्माण मापदण्डको विनियमावली सम्बन्धमा आवश्यक प्राविधिक पृष्ठपोषण प्रदान गर्ने ।

(ग) यो मापदण्ड एंव भवन संहिता कार्यान्वयन सम्बन्धमा आवश्यक सूचना तथा शैक्षिक सामग्रीहरुको गुणस्तर सुनिश्चित गर्ने ।

(घ) यो मापदण्डको कार्यान्वयनको निमित्त स्थानीय तहको क्षमता विकास कार्यक्रमहरु तर्जुमा गर्न सहयोग गर्ने ।

३.४ उपबुँदा ३.१ बमोजिमको समितिले प्रचलित कानूनको परिधिभित्र रही आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ।

३.५ उपबुँदा ३.१ बमोजिमको समितिको नियमित कार्य गर्न शहरी विकास तथा भवन निर्माण विभागले यस सम्बन्धी सचिवालयको काम गर्नेछ ।

४. <u>**यो मापदण्ड कार्यान्वयनार्थ आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन**</u>ः

४.१ यो मापदण्ड कार्यान्वयन गर्न शहरी विकास मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ-आफ्ना मातहतका निकायहरुमा आवश्यकता अनुसार जनशक्ति व्यवस्था गर्नेछन् ।

४.२ गाउँपालिकाहरुमा पर्याप्त प्राविधिक जनशक्ति व्यवस्था नहुन्जेल सम्म यो मापदण्ड कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति व्यवस्थापन र यसको कार्य प्रक्रिया निर्धारण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्नेछ । स्थानीय तहको परिषद्बाट स्वीकृत भई पदपूर्ति नहुन्जेल सम्मका लागि करारबाट आवश्यक पर्ने जनशक्तिको व्यवस्था गर्न सकिनेछ ।

५. <u>**भवनको ढाँचा तयार गर्ने र निर्माण सुपरीवेक्षण सम्बन्धी व्यवस्थाहरुः**</u>

५.१ <u>**नक्सा डिजाइन गर्न नपाउनेः**</u> जिल्ला विकास समिति र स्थानीय तहको आफ्नो कार्यक्रम बाहेकका निर्माण हुने संरचनाहरुको योजना, ढाँचा र नक्सा बनाउने कार्यमा सोही स्थानीय तहमा कार्यरत प्राविधिक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुन पाउने छैन ।

<u>**५.२**</u> <u>**भवनको ढाँचा/नक्सा तयार गर्ने तथा निर्माण सुपरीवेक्षण अनुमतिः**</u> आर्थिक वर्ष २०७२।७३ देखि भवन ऐन, २०५५ को दफा ८ अनुसार “क” र “ख” वर्गका भवनहरुको ढाँचा, नक्सा, स्ट्रक्चर तथा विशेष सुविधाहरुको डिजाइन र निर्माण सुपरीवेक्षण आर्किटेक्ट वा इन्जिनियरबाट गराउनु पर्नेछ। नेपाल इन्जिनियरिङ्ग परिषद्ले इन्जिनियरहरुको सूची तयार गरी व्यावसायिक अनुमति (Professional Engineering License) प्रदान नगरुन्जेल “क” र “ख” वर्गको भवनको लागि सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण गरी @<u>नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भई</u> ५ वर्ष सम्वन्धित क्षेत्रमा अनुभव हासिल गरेको इन्जिनियरबाट स्ट्रक्चर तथा विशेष

@ पहिलो संशोधनद्वारा संशोधित

सुविधाहरुको डिजाइन गराउनुपर्नेछ । "ग" र "घ" वर्गका भवनको लागि भवन सम्बन्धी विधामा कमसेकम प्रमाणपत्र तह उत्तीर्ण गरेको प्राविधिकबाट भवनको ढाँचा/नक्सा तयार र निर्माण सुपरीवेक्षण गराउनु पर्नेछ।

**५.३** **निर्माण सम्पन्न प्रमाणपत्र दिनेः** भवन निर्माण मापदण्ड अनुशरण गरी नक्सा तयार, स्ट्रक्चरल डिजाइन र सुपरीवेक्षण गरिएको भनी प्राविधिकले सिफारिश गरेको भवनलाई मात्र स्थानीय तहले आफ्ना प्राविधिकबाट समेत जाँचपास गराई निर्माण सम्पन्न प्रमाणपत्र दिनेछ। मापदण्ड विपरित नक्सा तथा डिजाइन प्रमाणित गर्ने प्राविधिकलाई नेपाल ईन्जिनियरिङ परिषद्ले छानविन गरी कानूनी कारवाही गर्नु पर्नेछ।

५.४ **आधारभूत सार्वजनिक पूर्वाधार सेवाहरुको उपभोगः** पूर्ण वा आंशिक रुपमा निर्माण सम्पन्न प्रमाणपत्र लिएका भवनहरुमा मात्र स्थानीय तहले आधारभूत सार्वजनिक पूर्वाधार सेवाहरु जडानको सिफारिस गर्नेछ । स्थानीय तहको स्वीकृति बिना सम्वन्धित निकायहरुले उपभोक्ताहरुलाई यी सेवाहरु प्रदान गर्ने छैनन् ।

[$] ५.५ **गाउँपालिकाले "क" र "ख" वर्गको भवन निर्माण स्वीकृति दिनेः** गाउँपालिकाले "क" र "ख" वर्गको भवन निर्माणको अनुमति दिँदा प्राविधिक समितिको सिफारिसमा राष्ट्रिय भवन संहिता, २०६० को पालना हुने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको पक्रिया पुरा गरेर मात्र स्वीकृति दिइनेछ । यस्तो स्वीकृति नलिई कुनै पनि निर्माण कार्य गर्न पाइने छैन ।

[$]५.६ **गाउँपालिकाले "ग" र "घ" वर्गको भवन निर्माण स्वीकृति दिनेः** गाउँपालिकाले "ग" र "घ" वर्गका भवन निर्माणको अनुमति दिँदा प्राविधिक समितिको सिफारिसमा राष्ट्रिय भवन संहिता, २०६० को पालना हुने गरी मात्र निर्माण स्वीकृति दिनेछ । यस्तो स्वीकृति नलिई कुनै पनि निर्माण कार्य गर्न पाइने छैन ।

५.७ **तेश्रो पक्ष जाँच (Third Party verification) गर्नु पर्नेः** क र ख वर्गको भवनलाई निर्माण अनुमति तथा निर्माण सम्पन्न प्रतिवेदन दिँदा स्थानीय तहले तेश्रो पक्ष जाँचको व्यवस्था गर्न सक्नेछ । सोको लागि स्थानीय तहले इन्जिनियरहरुको सूची (रोष्टर) तयार गरी आर्किटेक्ट वा सिभिल ईन्जिनियरबाट मात्र तेस्रो पक्षीय जाँच गराउनु पर्नेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका तथा जटिल प्रकृतिको भवन संरचनाको डिजाइनमा स्थानीय तहले आमन्त्रित विशेषज्ञहरु समेतबाट समकक्षी पुनरावलोकन (Peer Review) को व्यवस्था समेत गर्न सक्नेछ।

५.८ **भवन निर्माणको अनुमति दिनेः** भवन निर्माणको अनुमति दिँदा सम्पूर्ण निर्माणको अनुमति नदिई पहिलो पटक डिपिसि सम्मको मात्र निर्माण अनुमति दिइनेछ । भवन निर्माण मापदण्ड अनुसार सो डिपिसी बनाइएको भए मात्र माथिल्लो तल्लाको निर्माण अनुमति दिइनेछ । प्रक्रिया पूरा गरी निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र स्थानीय तहले निवेदन सम्बन्धमा निर्णय गर्नेछ ।

५.९ **सार्वजनिक निकायले नियम पालना नगरी भवन निर्माण गर्न नहुनेः** भवन निर्माण मापदण्ड विपरित हुने गरी सार्वजनिक निकायले आफ्नो लगानीबाट भवन निर्माण गर्नु हुँदैन । यसो गरेमा भवनको डिजाइन तथा निर्माणमा संलग्न हुने कर्मचारीहरु व्यक्तिगत रुपमा जिम्मेवार हुनेछन् ।

५.१० **निर्माण सम्पन्न प्रमाणपत्र नलिएका भवनहरु सार्वजनिक प्रयोजनमा ल्याउन नपाइनेः** सरकारी तथा अर्धसरकारी निकायहरु, स्वास्थ्यसंस्था, विद्यालय र सँगठित संस्थाहरुले भवन भाडामा लिंदा निर्माण सम्पन्न प्रमाणपत्र पाएका भवन मात्र भाडामा लिनेछन् ।

[$]६. **सार्वजनिक क्षेत्राधिकार भित्र बनेका गैर कानूनी संरचना हटाउनेः** स्थानीय तहको प्रमुख वा अध्यक्षको नेतृत्वमा स्थानीय प्रहरी प्रमुख, सम्बन्धित शहरी विकास कार्यालयको प्रमुख वा प्रतिनिधि, मालपोत कार्यालयको प्रमुख वा प्रतिनिधि, नापी कार्यालयको प्रमुख वा प्रतिनिधि, वन कार्यालयको प्रमुख वा प्रतिनिधि र सडक डिभिजन कार्यालय भए सोको प्रमुख वा प्रतिनिधि समेत रहेको समिति गठन गरी सो समितले सडक, सार्वजनिक, ऐलानी, पर्ती जग्गा

---

[$] दोस्रो संशोधनद्वारा संशोधित

[$] दोस्रो संशोधनद्वारा संशोधित

[$] दोस्रो संशोधनद्वारा संशोधित ।

भित्र बनेका संरचनाहरु हटाउने निर्णय गरी लेखी पठाए पश्चात् जिल्ला प्रशासन कार्यालयको समन्वयमा त्यस्तो संरचनाहरु हटाइने छ ।

७. **खुल्ला क्षेत्र सम्बन्धी व्यवस्थाः** स्थानिय निकायहरुले आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरु तथा खुल्ला क्षेत्रहरुको संरक्षण गर्नेछन् र आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुलाई खुल्ला क्षेत्रको रुपमा घोषणा गरी सो क्षेत्रलाई सार्वजनिक हरियाली उद्यानहरुमा रुपान्तर गर्नेछन् । सार्वजनिक, ऐलानी र पर्ती जग्गाहरुलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बिना हकभोग हस्तान्तरण गर्न तथा लिज वा भाडामा दिइने छैन ।

८. **पूर्व निर्मित भवन नियमित गर्न सक्नेः**

८.१ आंशिक रुपमा नक्शा पास गरेको १७ मिटर भन्दा कम उचाइको भवनले स्थानीय तहद्वारा लागु गरिएको भवन निर्माण मापदण्ड, भवन संहिता तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा यो मापदण्ड लागू भएको मितिले एक वर्षको समय दिई नक्शा पास गर्न आह्वान गर्दा भवन स्वामित्वकर्ताले उक्त भवन तत्कालिन मापदण्ड अनुसार रहेको भन्ने प्राविधिक प्रतिवेदन सहित निवेदन दिएमा स्थानीय तहले तोकेको प्रकृया पुऱ्याई नक्सा पास गरिदिनेछ। उपर्युक्त बमोजिम निवेदन नदिएका र सडक, सरकारी, ऐलानी, पर्ति जग्गा आदि अतिक्रमण गरेका भवनहरु स्थानीय तहले भत्काउन लगाउने वा भत्काउनेछ ।

८.२ निर्माण भइसकेको १७ मिटर भन्दा अग्ला भवनको हकमा शहरी विकास कार्यालयको सिफारिसमा स्थानीय तहले उपबुँदा ८.१ बमोजिम नक्सा पास गरी दिइने छ ।

८.३ यो मापदण्ड लागू हुन पूर्व भवन संहिता लागू नभएका स्थानीय तहहरुमा भवन संहिता अनुसरण नगरी तर स्थानीय तहको #वा नगरपालिका बन्नु पूर्व नक्सा पास गर्ने प्रावधान नभएका साविकका गाउँ विकास समितिहरुमा निर्माण भएका $आवासीय भवनहरु स्थानीय तहले तोकेको प्रकृया अनुसार स्थानीय तहको अभिलेखमा दर्ता गराउनु पर्नेछ। अभिलेखीकरण नगरिएका भवनहरुलाई सरकारी, अर्धसरकारी वा संस्थाहरुले भाडामा लिने पाउने छैनन् ।

९. **भवन निर्माणस्थलमा निर्माण अनुमतिपत्र राख्नुपर्नेः** भवनको स्वामित्वकर्ताले भवन निर्माण अवधि सम्म आवश्यक विवरणहरु खुल्ने गरी स्थानीय तहले दिएको निर्माण अनुमतिपत्र र स्वीकृत नक्साको साइट प्लान (Site Plan) निर्माणस्थलमा सर्वसाधारणले प्रष्ट देख्ने गरी राख्नु पर्नेछ ।

१०. **भवन निर्माण सम्बन्धी नमूना मापदण्डका आधारमा निर्माण अनुमति दिनु पर्नेः** यो मापदण्ड भन्दा न्यून मापदण्ड लागू गरेका स्थानीय तहहरुले यस मापदण्डमा उल्लेख भएको विषयमा यसै बमोजिम र यसमा उल्लेख नभएकोमा शहरी विकास मन्त्रालयबाट तयार गरिएको “भवन निर्माणको नमूना मापदण्ड, २०७१” को आधारमा मापदण्ड बनाई आफ्नो $सभाबाट अनुमोदन गराई कार्यान्वयनमा ल्याउने छन् । काठमान्डौ उपत्यका भित्रका स्थानीय तहहरुले यस मापदण्डमा उल्लेख भएकोमा बाहेक अन्य विषयमा “काठमान्डौ उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गाउँपालिकामा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४” का प्रावधान अनुसार मापदण्ड $सभाबाट अनुमोदन गराइ कार्यान्वयनमा ल्याउने छन् ।

११. **भू–उपयोग योजना कार्यान्वयन सम्बन्धी व्यवस्थाः** स्थानीय तहहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको प्रकिया पूरा गरी नगर क्षेत्रमा पूर्ण वा आंशिकरुपमा जोखिम संवेदनशिल भू-उपयोग नक्शा (Risk sensitive Land Use Map) कार्यान्वयनमा ल्याउने छन् । यस प्रयोजनका लागि स्थानीय तहको परिषद्ले राष्ट्रिय

---

# पहिलो संशोधनद्वारा थपिएको।

$ दोस्रो संशोधनद्वारा संशोधित ।

$ दोस्रो संशोधनद्वारा संशोधित ।

$ दोस्रो संशोधनद्वारा संशोधित ।

वन नीति, २०७१ ले आत्मसाथ गरेको "एक घर-एक रुख, एक गाउँ-एक वन, एक नगर-अनेक उद्यान" को अवधारणालाई मध्यनजर गर्दै $"राष्ट्रिय भू-उपयोग नीति, २०७२ र राष्ट्रिय भू-उपयोग ऐन, २०७६" का आधारमा भूमिलाई विभाजन गर्ने गरी भू-उपयोग नक्सा तयार गरी तोकिएको क्षेत्रमा तोकिएको प्रयोजनको लागि मात्र भवन निर्माण अनुमति प्रदान गर्नेछ । $जिल्ला विपद व्यवस्थापन समितिले विशेषज्ञहरुको संलग्नतामा जोखिमयुक्त क्षेत्रको पहिचान गरी भवन निर्माण गर्न प्रतिबन्ध लगाउन सिफारिश गरेमा स्थानीय तहले त्यस्तो क्षेत्रमा भवन निर्माण स्वीकृति दिने छैन ।

१२. **सार्वजनिक जमीन र सडकको सीमा घट्ने गरी हालसाविक गर्न बन्देजः** सार्वजनिक, ऐलानी, पर्ती, नदी, नाला, राजकुलो, बाटो, चौतारा, चोक र वनक्षेत्र आदि तथा अन्य परम्परागत खुल्ला क्षेत्र एवं सरकारी जमीनको साविकको क्षेत्रफल र सडकको साविकको चौडाई घटने गरी निजी जग्गाहरुको हालसाविक गरिने छैन । यसो गरिएमा सोबाट हुनआउने नोक्सानी यसमा संलग्न पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरी निजहरुलाई कानून बमोजिम कारवाही समेत गरिनेछ ।

१३. **योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्डहरुः**

१३.१ मापदण्डहरु पुरा गर्ने प्रयोजनको लागि कसैको सँधियारको मन्जूरीनामाको आधारमा भवन निर्माण अनुमति दिइने छैन । मापदण्ड पुऱ्याएर भवन निर्माण अनुमति वा निर्माण सम्पन्न प्रमाणपत्र लिइसकेको भवनले पछि कित्ताकाट गरी वा कुनै खाली कित्ता बेचबिखन गर्दा स्वीकृत मापदण्ड कायम नहुने गरी कित्ताकाट वा बेचविखन गरेमा सो भवनको निर्माण सम्पन्न प्रमाणपत्र स्वतः खारेज हुनेछ र स्थानीय तहले त्यस्तो भवन आफैंले भत्काउनेछ वा भत्काउन लगाउनेछ । #आवासीय भवनको हकमा मूल सडकबाट ५० मिटरसम्मको कम्तीमा ४ मिटरको बाटो खोली नयाँ घर बनाउन सकिनेछ र यस्तो बाटोमा छिमेकीले त्यस्तो बाटो प्रयोग नगर्ने अवस्थामा मात्र थप सेट व्याक छोडनु पर्ने छैन।

१३.२ भवन निर्माण मापदण्ड प्रतिकूल हुने गरी कुनै पनि कवुलियत गराई वा शर्त तोकी भवन निर्माण अनुमति दिइने छैन ।

१३.३ निर्माण सम्पन्न प्रमाणपत्र नलिइ सार्वजनिक भवनलाई उपयोगमा ल्याउन दिइने छैन । तर, व्यापारिक र आवासीय भवनहरु आंशिक निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरी उपयोगमा ल्याउन दिइनेछ ।

१३.४ भवनको प्रयोजन परिवर्तन गर्नु परेमा भवन निर्माण मापदण्ड र भवन संहिता विपरित नहुने गरी स्थानीय तहबाट स्वीकृति लिएर मात्र गर्न दिइनेछ । स्वीकृति विना उपयोग परिवर्तन गरेमा स्थानीय तहले उक्त भवनलाई आफ्नो सेवाबाट बन्चित गर्नुको साथै आधारभूत सार्वजनिक सेवाहरुबाट बन्चित गर्न सम्बन्धित निकायलाई लेखी पठाउनेछ र सम्बन्धित निकायहरुले पनि लेखि आए बमोजिम गरी दिनेछन् ।

१३.५. जतिसुकै तलाका सार्वजनिक र "क" वर्गका भवन तथा "ख" वर्गका ३ तला भन्दा अग्ला सबै भवन निर्माण गर्न अनिवार्य रुपमा शहरी विकास मन्त्रालयले जारी गरेको माटो परीक्षण निर्देशिका अनुसार माटो परिक्षण गर्नु पर्नेछ। खानी तथा भूगर्भ विभागले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निषेध गरेका क्षेत्रमा भवन निर्माण गर्न पाइने छैन।स्थानीय तहले आफैं माटो परीक्षण गराई तोकिदिएको क्षेत्रमा मात्र १७ मिटर भन्दा अग्ला संरचना निर्माण गर्न अनुमति दिनेछ ।

१३.६. **जग्गा खण्डिकरण सम्बन्धी व्यवस्थाः**

(क) जग्गा एकिकरण पद्धतिद्वारा वा ठूला कित्तालाई (एक वा धेरै) कित्ताकाट गरी जग्गाको कारोबार, सामुहिक आवास वा सार्वजनिक भवन निर्माण जस्ता भौतिक योजना कार्यान्वयन गर्नुपर्दा विकास

---

# पहिलो संशोधनद्वारा थपिएको ।

प्राधिकरण वा नगर विकास समिति भएकोमा सो र नभएकोमा प्राविधिक समितिको सिफारिसमा स्थानीय तहले खण्ड (च) को प्रतिकुल नहुने गरी योजना कार्यान्वयनको स्वीकृति (Planning Permit) दिनेछ।

(ख) एक मिटरभन्दा गहिरो माटो पुरेर तयार गर्ने भौतिक विकास वा जग्गा खण्डिकरण योजना प्रस्ताव गर्दा सो जमीन कति भारवहन क्षमताको लागि हिसाब गरिएको हो सोको प्रतिवेदन समेत योजना स्वीकृतिको लागि पेश गर्ने निवेदनसाथ संलग्न गर्नु पर्नेछ । जमीनको भार वहन क्षमता नखुलेको योजना प्रस्ताव स्वीकृत गरेमा संलग्न अधिकारीहरुलाई कानूनी कारवाही गरिनेछ ।

(ग) आवासीय प्रयोजनको लागि प्रस्तावित भौतिक योजना क्षेत्रको हकमा प्रस्तावित घडेरीको क्षेत्रफल भूमि सम्बन्धी नियमहरु, २०२१ ले तोकेको भन्दा कम कित्ता काट नहुने गरी योजना प्रस्ताव गर्नु पर्दछ। त्यस्तो भवनहरु भएको खण्डमा मात्र जोडिएका भवनहरु (Row Housing) निर्माण गर्न दिइनेछ। जोडिएका भवनहरु निर्माण गर्दा पछि भवनको मर्मत गर्नु पर्दाको अवस्थामा भवन स्वामित्वकर्ताहरुमा पर्न आउने दायित्व समेत भवन निर्माण स्वीकृतिको लागि पेश गरिने निवेदनसाथ संलग्न हुनु पर्नेछ।

(घ) सार्वजनिक प्रयोजनको लागि गरिने जग्गा विकास वा भवन एकिकरण योजना प्रस्ताव गर्दा भवनहरुको गुरूयोजना सहित पेश हुनु पर्नेछ र प्राविधिक समितिको सिफारिसमा स्थानीय तहले त्यस्तो योजना स्वीकृत गर्नेछ।

(ङ) भौतिक योजना कार्यान्वयन अनुमति (Planning Permit) दिँदा योजना प्रस्ताव गरिएको कूल जग्गाको कम्तिमा १५ प्रतिशत बाटोको लागि र कम्तिमा ५ प्रतिशत खुल्ला क्षेत्रको लागि छुट्याइएको हुनु पर्नेछ। साथै, यस्तो खुल्ला क्षेत्रको क्षेत्रफल ८० वर्ग मिटर भन्दा कम र सो को चौडाई ८ मिटर भन्दा कम हुनु हुँदैन र यस्तो $<u>खुला क्षेत्र प्रस्तावित योजनाको सबै आवासीय कित्ताहरुबाट पायक हुने गरी राखु पर्नेछ ।</u>

(च) प्रस्तावित भौतिक योजनाहरुमा वाटोको व्यवस्थाः

(अ) सार्वजनिक भौतिक योजनाको हकमा विद्यमान सार्वजनिक सडकसँग जोडिने प्रस्तावित योजनाको मूल सडकको चौडाइ कम्तिमा ८ मिटर हुनु पर्नेछ ।विद्यमान घना बस्तीलाई भवन एकीकरण योजनाद्वारा पुनः निर्माण गर्ने स्वीकृति माग भएको अवस्थामा उपबूँदा १३.१३ को खण्ड (च) अनुसार स्वीकृति दिइनेछ ।

(आ) नियन्त्रित भौतिक योजनाको हकमा विद्यमान सार्वजनिक मूल सडकसँग जोडिने प्रस्तावित योजनाको प्रत्येक $<u>सडकको चौडाई उक्त सार्वजनिक सडकदेखि २० मिटर भित्रसम्म</u>



१० मिटर भन्दा होचा भवन

$ दोस्रो संशोधनद्वारा संशोधित

$ दोस्रो संशोधनद्वारा संशोधित

वा पहिलो जक्सनसम्म कम्तीमा ८ मिटर हुनु पर्नेछ । ६ मिटरसम्म चौडा सार्वजनिक बाटोले छोएको जग्गामा $२४ मिटरसम्म अग्लो आवासीय प्रयोजनको लागि प्रस्तावित योजनालाई मात्र स्वीकृती दिइनेछ । ८ मिटर वा सो भन्दा बढी चौडा सार्वजनिक सडकले छोएको जग्गामा मात्र $२४ मिटर भन्दा अग्ला आवासीय/सार्वजनिक भवन निर्माण गर्न प्रस्तावित योजनालाई स्वीकृति दिइनेछ।

(इ) कुनै पनि बाटोको घुम्ती वा मोडको न्यूनतम अर्धव्यास ३.५ मिटर भन्दा बढी हुनु पर्नेछ ।

(ई) ढल तथा बाटो निर्माण सम्पन्न गर्ने दायित्व योजना प्रस्ताव गर्ने संस्थाको नै हुनेछ ।

(उ) $बाटो तथा खुल्ला क्षेत्रको स्वामित्व नेपाल सरकारको नाममा रहनेछ ।

#१३.६क. नगरपालिकाले देहाय बमोजिम एकीकृत जग्गा विकास (Land Pooling) एकीकृत बस्ती विकास (Integrated Settlement Development) र एकीकृत आवास (House Pooling) कार्यक्रम सञ्चालन गर्न सक्नेछः

(क) स्थानीय जनताको सहभागितामा गराउने,

(ख) एकीकृत बस्ती विकासका लागि जारी भएको कार्यनीति, २०५९ र घनाबस्ती सम्बन्धी राष्ट्रिय अवधारणा, २०६१ लाई आधार मान्नुपर्ने,

(ग) नगरको कुनै निश्चित क्षेत्रका बासिन्दाहरुको सामूहिक सहभागितामा नगरपालिकाले यस मापदण्ड बमोजिम निजी स्वामित्वमा रहेको जग्गालाई एकीकृत बस्ती विकास गर्न कम्तीमा ५० घरधुरीको सहभागिता भई स्थानीय जनताबाट माग भई आएमा त्यस्तो स्थानमा नगरपालिकाले सडक लगायतका आवश्यक पूर्वाधारमा लगानी गर्न सक्ने।

१३.७ **भवनको उचाइ र सेटब्याकको अनुपातः**

(क) १० मीटरसम्म अग्ला भवनहरुको सँधियार तर्फको न्यूनतम सेटब्याक १.५ मीटर हुनु पर्नेछ। झ्याल-ढोका तथा भेन्टिलेटर नराख्ने भए सँधियार तर्फ तथा एउटै कित्ताको जग्गामा स्वीकृति प्राप्त गरी बनिसकेको घर भए सो तर्फ भवन संहिता, २०६० को प्रतिकूल नहुने गरी टाँसिएको भवन बनाउन दिइनेछ ।

$(ख) भवनको उचाई अनुसार सँधियार तर्फको न्यूनतम सेटब्याक तल दिइएको तालिका बमोजिम हुने गरी स्वीकृति दिइनेछः

| भवनको उचाई | न्यूनतम सेटब्याक (सँधियार तर्फ) | |
|---|---|---|
| | सार्वजनिक भवनको हकमा | अन्य तथा संयुक्त भवनको हकमा |
| १० मिटर सम्म | १.५ मिटर | १.५ मिटर |
| १० मिटरभन्दा बढी – १७ मिटरसम्म | ३.० मिटर | २.० मिटर |
| १७ मिटर भन्दा बढी – २४ मिटरसम्म | ४.० मिटर | ३.० मिटर |
| २४ मिटरभन्दा बढी – ३१ मिटरसम्म | ५.० मिटर | ४.० मिटर |
| ३१ मिटरभन्दा बढी – ३८ मिटरसम्म | ६.० मिटर | ५.० मिटर |

# पहिलो संशोधनद्वारा थपिएको।

$ दोस्रो संशोधनद्वारा संशोधित

| | | |
|---|---|---|
| ३८ मिटरभन्दा बढी – ४५ मिटरसम्म | ७.० मिटर | ६.० मिटर |
| ४५ मिटरभन्दा बढी –५२ मिटरसम्म | ८.० मिटर | ७.० मिटर |
| ५२ मिटरभन्दा बढी –५९ मिटरसम्म | ९.० मिटर | ८.० मिटर |
| ५९ मिटरभन्दा बढी – ६६ मिटरसम्म | १०.० मिटर | ९.० मिटर |
| ६६ मिटरभन्दा बढी –८० मिटरसम्म | ११.० मिटर | १०.० मिटर |
| ८० मिटरभन्दा बढी – ९४ मिटरसम्म | १२.० मिटर | ११.० मिटर |
| ९४ मिटरभन्दा बढी – १०० मिटरसम्म | १३.० मिटर | १२.० मिटर |

तर संयुक्त आवासको हकमा अगाडी तर्फको सेटब्याक तराईको क्षेत्रमा न्यूनतम ८ मिटर तथा काठमाडौं उपत्यका र पहाडको क्षेत्रमा न्यूनतम ६ मिटर हुनु पर्नेछ।

(ग) प्राविधिक समितिको सिफारिस तथा स्थानीय तहको परिषद्ले स्वीकृत गरेको मूल बजार क्षेत्रमा बन्ने व्यापारिक भवनको हकमा सडकसँग लम्ब भएर रहेको सौंध तर्फ भवन संहिता, २०६० को प्रतिकूल नहुने गरी टाँसेर वा एउटै कित्ताको जग्गामा स्वीकृति प्राप्त गरी बनिसकेको घर भए सोलाई आवश्यक पर्ने सेटब्याक छाडी नयाँ भवनमा झ्याल-ढोका नराख्ने भएमा जग्गा नछोडी १७ मिटरसम्म अग्लो भवन निर्माण गर्न स्वीकृति दिन सकिनेछ । नयाँ भवनमा झ्याल-ढोका राख्ने भएमा खण्ड (ख) अनुसार जग्गा छाड्ने गरी मात्र भवन निर्माण स्वीकृति दिइनेछ ।

%(घ) ............

(ङ) एउटै कित्ता वा धेरै कित्ता मिलेर बनेको घडेरीमा एक भन्दा बढी भवनहरु निर्माण गर्न स्वीकृति दिँदा वा घर-बाटो सिफारिस दिँदा दुई भवनहरु बीचको दूरी खण्ड $(क), (ख) वा (ग) अनुसार हुने गरी स्वीकृति दिइनेछ।

(च) मूल-सडक किनारमा भवन निर्माण गर्न स्वीकृति दिँदा बाटोको चौडाईमा सडकको दुबै तर्फको सेटब्याक जोड्दा जति योगफल हुन्छ, सोको २ गुणा भन्दा अग्लो हुने गरी (लाइट-प्लेनलाई छेक्ने गरी) स्वीकृति दिइनेछैन ।



लाइट प्लेन अनुसार भवनको उचाइ

#(छ) खण्ड (ग) बमोजिमको मूल बजार क्षेत्रको सडक तर्फको क्षेत्रबाहेकमा मापदण्डको उपबुँदा १३.१५ अनुसारको पर्खाल लगाउन पाइनेछ।

#(ज) खण्ड (छ) विपरित बनाएको पर्खाल हटाउन पर्ने अवस्थामा जग्गाधनी आफैंले हटाउन पर्नेछ र यस बापत क्षतिपूर्ति दिइने छैन। त्यस्तो संरचनाको कारणले सिर्जना हुने क्षतिको दायित्व समेत जग्गाधनीले व्यहोर्नु पर्नेछ ।

१३.८ स्थानीय तहको क्षेत्र भित्र पर्ने लोकमार्गहरुको छेउमा भवन निर्माण गर्न प्रचलित ऐन नियमहरुको अधिनमा र नगरपालिका क्षेत्रमा स्वीकृत (Municipal transportation Master plan) समेतको अधिनमा भवन निर्माण स्वीकृति दिइनेछ।

---

% दोस्रो संशोधनद्वारा झिकिएको ।

$ दोस्रो संशोधनद्वारा संशोधित ।

# पहिलो संशोधनद्वारा थपिएको ।

#१३.८क. राजमार्ग, सहायक राजमार्ग, रणनीतिक सडक, जिल्लास्तरीय सडकको बजार क्षेत्रको हकमा साविकमा सेटब्याक कायम नभई सकेको हकमा न्यूनतम सेटब्याक ३ मिटर हुनु पर्नेछ।

तर यसभन्दा अगाडि कायम भई सकेको सेटब्याक सोही अनुसार हुनेछ।

१३.९ आवासीय प्रयोजनको स्वीकृति प्राप्त गरेको भवन वा सोको केही अंश व्यापारिक प्रयोजनमा रहेमा सो भवन सम्पूर्णलाई स्वतः व्यापारिक भवन मानिनेछ । तर, भौतिक योजनाबद्ध क्षेत्र भित्र तोकिएका आवासीय क्षेत्रमा कुनै पनि भवनलाई व्यापारिक प्रयोजनमा ल्याउन दिइने छैन ।

१३.१० मापदण्ड लागू भएको क्षेत्रमा सोको पालन नगरी बनेको कुनै पनि भवनलाई स्थानीय तहले पूर्ण वा आंशिक रुपमा भत्काउन लगाउने वा भत्काउनेछ । भवनको स्वामित्वकर्ताले आनाकानी गरेको कारणले मापदण्ड विपरित निर्माण भएको कुनै भवन स्थानीय तहले भत्काउनु परेमा वा भत्काउन लगाउनु परेमा, भत्काउन लाग्ने खर्च निज स्वामित्वकर्ताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१३.११. <u>जग्गा उपयोग प्रतिशत (Ground coverage)</u>:

@(क) आवासीय भवन वा मिश्रित आवासीय भवन निर्माण गर्न बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागू हुनु पूर्व कित्ताबाट भइसकेको ८० वर्ग मिटरसम्मको क्षेत्रफल भएको घडेरीमा ९० प्रतिशत, २५० वर्गमिटर क्षेत्रफल भएको घडेरीमा ७० प्रतिशत र सो भन्दा बढी क्षेत्रफल भएको घडेरीमा ६० प्रतिशत भन्दा बढी नहुने गरी जग्गा उपयोग प्रतिशत (Ground Coverage) स्वीकृति दिइनेछ ।

(ख) @<u>सरकारी, अर्ध सरकारी, सार्वजनिक भवन वा खण्ड (क) मा उल्लिखित बाहेकका अन्य सबै भवनहरुलाई</u> निर्माण स्वीकृति दिंदा जग्गा उपयोग प्रतिशत ५० प्रतिशतभन्दा बढी नहुने गरी स्वीकृति दिइनेछ ।

**१३.१२ <u>भुँई क्षेत्रको अनुपात (Floor Area Ratio: FAR)</u>:-**

$(क) पुरानो शहरी क्षेत्र बाहेकका अन्य क्षेत्रमा अधिकतम भुइँ क्षेत्रको अनुपात (FAR) निम्नानुसार कायम हुनेछः

| क्षेत्र | व्यापारिक तथा सभा-सम्मेलन भवन | आवासीय भवन | मिश्रित आवासिय भवन | संस्थागत भवन |
|---|---|---|---|---|
| काठमाडौं उपत्यका | ३.५ | ४.० | ४.५ | २.५ |
| पहाड | ३.५ | ३.५ | ४.० | २.५ |
| तराई | ३.० | ३.० | ३.० | २.५ |

$(ख) पूरानो सहरी क्षेत्रमा परम्परागत वास्तुकला कायम राख्ने गरी विकास प्राधिकरण वा नगर विकास समिति वा नगरपालिकाले तोकिदिए बमोजिमको भुइँ क्षेत्रको अनुपात (FAR) कायम हुनेछ।

# पहिलो संशोधनद्वारा थपिएको ।

@ पहिलो संशोधनद्वारा संशोधित ।

@ पहिलो संशोधनद्वारा संशोधित ।

$ दोस्रो संशोधनद्वारा संशोधित ।

$ दोस्रो संशोधनद्वारा संशोधित ।

१३.१३. स्थानीय सडकको क्षेत्राधिकार (Right of way: RoW):-

(क) नयाँ निर्माण हुने सडकको क्षेत्राधिकार सो सडकको केन्द्र रेखाबाट न्यूनतम ३ मिटर कायम गर्नु पर्नेछ।

तर, प्राविधिक समितिको सिफारिसमा जटिल भौगोलिक क्षेत्रमा सडकको चौडाई केन्द्र रेखाबाट न्यूनतम २ मिटर कायम गर्न सकिनेछ । यस्ता नयाँ निर्माण हुने सडक छेउमा भवन निर्माण गर्न स्वीकृति दिँदा सडक तर्फको न्यूनतम सेटब्याक १.५ मिटर कायम गरिनेछ।

(ख) यो मापदण्ड लागु हुनु अगावै कायम रहेका र स्वीकृति प्राप्त गरी भवनहरु निर्माण भइसकेका ५० मीटर भन्दा छोटा बाटो (Cul-de-sac/Dead End) को क्षेत्राधिकार सो बाटोको केन्द्ररेखाबाट #सेटब्याक सहित न्यूनतम १.५ मिटर कायम गरिनेछ ।

#तर पहिले कायम भईसकेको बाटोको क्षेत्राधिकार घटाउन तथा त्यस्तो क्षेत्र भित्र झ्यालको छज्जा, क्यान्टिलिभर आदि निर्माण गर्न पाइने छैन र त्यस्तो Cul-de-Sac को लम्बाई नाप गर्दा मूल सडकको किनाराबाट नापी गरिनेछ।

(ग) स्वीकृति प्राप्त गरी भवनहरु निर्माण भइसकेका ४ मिटरभन्दा कम चौडा सार्वजनिक सडकहरुको क्षेत्राधिकार सो सडकको केन्द्ररेखाबाट २ मिटर कायम गरिनेछ ।

(घ) कुनै पनि बाटोको घुम्ती वा मोडको न्यूनतम अर्धव्यास ३.५ मिटर कायम गरिनेछ ।

(ङ) खण्ड (ख), (ग) र (घ) अनुसार बाटोको चौडाई बढाउन आवश्यक भवन र जग्गा प्राप्त गर्दा स्थानीय तहले आफ्नै श्रोतबाट वा सो बाटो प्रयोग गर्ने उपभोक्ताहरुबाट भवन/जग्गाधनीलाई क्षतिपुर्ति गराएर मात्र प्राप्त गर्नु पर्नेछ । यसरी चौडा गरेको बाटोमा भवन निर्माण गर्न सेटब्याक छाड्नु पर्ने छैन ।

(च) घना शहरी क्षेत्रमा भवन एकीकृत (House Pooling) गरी पुनःनिर्माण गर्न स्वीकृति दिँदा प्रस्तावित बाटोको चौडाई र कूल क्षेत्रफल साविक बाटोको चौडाई र कूल क्षेत्रफल भन्दा कम नहुने गरी दिइनेछ ।

१३.१४. सार्वजनिक भवन/संरचनाहरु निर्माण गर्न सम्बन्धित निकाय (जस्तैः नागरिक उड्डयन प्राधिकरण, चलचित्र विकास बोर्ड आदि) बाट पूर्व स्वीकृति लिनु पर्ने भए त्यस्ता निकायहरुबाट स्वीकृति लिइसकेका आवेदकहरुको भवन निर्माण निवेदन उपर मात्र स्थानीय तहले स्वीकृतिको कारवाही अगाडि बढाउनेछ। प्राचीन स्मारक संरक्षण ऐन, २०१३ लागु हुने क्षेत्रमा पुरातत्व विभागको स्वीकृति प्राप्त गरेको भवन निर्माण प्रस्तावलाई मात्र स्थानीय तहले निर्माण स्वीकृति दिनेछ । सम्वन्धित निकायको सिफारिस बिना नक्सा पासको निवेदन स्वीकार्ने तथा भवन निर्माण स्वीकृति दिने स्थानीय तहको अधिकारीलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक कारवाही गर्नेछ ।

१३.१५. सीमा पर्खाल निर्माण गर्न स्वीकृति दिँदा साधारणतया १.२ मिटर अग्लो गारो र सो माथी ०.६ मिटर अग्लो जाली राख्ने गरी दिइनेछ । ०.६ मिटर भन्दा अग्लो जाली राखी निर्माण स्वीकृति लिन चाहेमा सम्पूर्ण पर्खालको स्ट्रक्चरल डिजाइन समेत निवेदन साथ पेश गर्नु पर्नेछ । सरकारी वा कुटनीतिक निकायले सुरक्षाको कारण अग्लो पर्खाल लगाउनु पर्ने भएमा गृह मन्त्रालयको सिफारिस सहित सोको स्ट्रक्चरल डिजाइन सहित निवेदन पेश गरेमा स्थानीय तहले यस्तो पर्खाल लगाउन स्वीकृति दिइनेछ ।

१३.१६. न्यूनतम एक तलाको निर्माण सम्पन्न प्रमाणपत्र (आंशिक वा पूर्ण) लिएको भवनलाई मात्र स्थानीय तहले पानी, विजुली आदि सार्वजनिक आधारभूत सेवाहरु जडान गर्न सिफारिश दिनेछ ।

---

# पहिलो संशोधनबाट थपिएको ।

# पहिलो संशोधनद्वारा थपिएको।

१३.१७. भवन संहिता, २०६० अनुसारको “ग” वर्गको भवन निर्माण गर्दा जग्गाको साँध सीमानाबाट न्यूनतम १ मीटर छोडेर मात्र भवनको पिलर (Column) वा भारवहन गारो निर्माण गर्न दिइनेछ। उपबुँदा १३.७. को खण्ड (क) अनुसार टाँसिएको भवन निर्माण गर्न यस बूँदाले बन्देज गर्ने छैन।

१३.१८. “क”, “ख” र “ग” वर्गका भवनहरुको निर्माण स्वीकृतिको लागि निवेदन दिँदा भवनको स्वामित्वकर्ताले भवन निर्माणको सुपरीवेक्षण भवन ऐन, २०५५ को दफा ११ को उपदफा (३) अनुसार योग्यता पुगेको प्राविधिकसँग तोकिएको ढाँचामा भएको सम्झौतापत्र समेत समावेश गर्नु पर्नेछ । भवन स्वामित्वकर्ताले चाहेमा यसै नियमानुसार अर्कै प्राविधिक मार्फत् निर्माण सुपरिवेक्षण गराउन सक्नेछ । आफूले सम्झौता अनुसार सुपरिवेक्षण कार्य गर्न नसक्ने भएको अवस्थामा प्राविधिकले सोको सूचना अविलम्व स्थानीय तहलाई दिनु पर्नेछ । यस्तो सूचना नदिने प्राविधिकलाई स्थानीय तहले कालो सूचीमा राख्नेछ ।

१३.१९. भवनको प्लिन्थको उचाई वाटोको अधिकार क्षेत्रलाई हानी नपुर्याउने गरी राख्नु पर्नेछ । सडकको अधिकार क्षेत्र अतिक्रमण गरी खुडकिला, र्‍याम्प आदि राखिएमा भवन निर्माण सम्पन्न प्रमाणपत्र दिइने छैन ।

१३.२०. एक मीटर भन्दा लामो छज्जा वा वार्दलीको स्ट्रक्चरल डिजाइन पेश नभएको “ग” वर्गको भवनलाई निर्माण स्वीकृति दिइनेछैन ।

१३.२१. आर्थिक वर्ष २०७३/०७४ देखि भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी आधारभूत तालिम लिई सूचीकृत भएको कालिगढ वा ठेकेदारले मात्र सुपरिवेक्षणको लागि नियुक्त भएको प्राविधिकको रोहवरमा भवन स्वामित्वकर्तासँग द्विपक्षीय सम्झौता गरी भवन निर्माण गर्न पाउनेछ । कालिगढ तथा ठेकेदारहरुले यस्तो तालिम निःशुल्क पाउनको लागि आफुलाई पायक पर्ने स्थानीय तहमा निवेदन दिन सक्नेछन् ।

१३.२२. स्थानीय तहहरुले स्थानीय सहभागिता सहितको आफ्नो परिषद्को निर्णयले यो मापदण्ड विपरित नहुने गरी तोकिएका मूल बाटोमा तोकिएको तला, ढाँचा, आकार र रंगका भवनहरु मात्र निर्माण गर्ने प्रावधानहरु लागू गर्न सक्नेछन्। सार्वजनिक भवनहरु रंगाउँदा सार्वजनिक भवनमा प्रयोग हुने रंग सम्बन्धी निर्देशिका, २०६९ बमोजिम हुनेछ ।

१३.२३. नयाँ निर्माण हुने “क” र “ख” वर्गका भवनले छानाको पानी जमिन मुनि पठाउने र जमिनले सोस्न नसक्ने पानी मात्र ढलमा पठाउने व्यवस्था गर्नु पर्नेछ । यस्तो व्यवस्था नगरेका भवनलाई भवन निर्माण सम्पन्न प्रमाणपत्र दिइनेछैन।

१३.२४. शहरको स्वरुपमा नकारात्मक असर पार्ने भनी प्राविधिक समितिले सिफारिस गरेमा कुनै पनि भवनमा होर्डिंग बोर्ड, टावर आदि राख्न दिईनेछैन । साथै, भवनको स्ट्रक्चरल डिजाइनमा नै यस्ता संरचनाहरुको भारलाई समावेश गरेको भए मात्र भवनमा यस्ता संरचनाहरु जडान गर्न दिइनेछ।

१३.२५. तोकिएका मूल सडक किनाराका भवनहरुले निर्माण भइसकेको भागलाई रंगरोगन (Finishing) नगरेका भवनलाई निर्माण सम्पन्न प्रमाणपत्र तथा तला थपको स्वीकृति दिइनेछैन ।

१३.२६. Emergency Response Plan संलग्न नभएका संयुक्त आवास तथा सार्वजनिक भवनहरुलाई भवन निर्माण अनुमति दिइनेछैन ।

१३.२७. स्वीकृति प्रदान गरिएको अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेमा भवनको जति तलाको निर्माण कार्य सम्पन्न भएको छ, सोको निर्माण सम्पन्न प्रमाणपत्र दिइनेछ । यसरी आँशिक निर्माण सम्पन्न प्रमाणपत्र लिइसकेका भवनले थप निर्माण कार्य गर्न पुनः अनुमति लिनु पर्नेछ ।

१३.२८. सार्वजनिक पानीको मुहान र निकासलाई असर पर्ने गरी कुनै संरचना निर्माण गर्न दिईनेछैन ।

१३.२९. नदी उकासबाट आएको जमिनमा सार्वजनिक सडक, ढल र उद्यान बाहेक कुनै संरचना निर्माण गर्न दिईनेछैन।

१३.३०. नेपाल सरकारले स्वीकृत गरेका @भौतिक विकास आयोजना तथा जग्गा एकिकरण आयोजनाहरुमा लागू भएका मापदण्डहरुमा त्यस आयोजनासँग सम्वन्धित नदीको किनारबाट जति सेटब्याक छाडी स्थायी भौतिक संरचना निर्माण गर्न पाइने भनी तोकिएको छ सोको प्रतिकुल नहुने गरी मात्र भवन निर्माण स्वीकृति दिइनेछ ।

१३.३१. **विविधः**

(क) नापीनक्सा तथा श्रेष्तामा बाटो कायम नभएको सार्वजनिक जग्गालाई बाटो कायम गरी भवन निर्माण स्वीकृति दिइने छैन ।

(ख) प्रत्येक घरमा सेफ्टी ट्याङ्क अनिवार्य रुपमा राख्ने गरी मात्र भवन निर्माण स्वीकृति दिइनेछ ।

(ग) प्राकृतिक ताल, धाप, पोखरी, पानीका मुहान आदि मास्ने गरी भवन निर्माण स्वीकृति दिइने छैन ।

(घ) संस्थागत भवन, सभा-सम्मेलन भवन र सार्वजनिक भवन निर्माण गर्न स्थानिय निकायबाट योजना अनुमति (Planning Permit) लिएर मात्र नक्सापासको प्रक्रिया अगाडि बढाउन पर्नेछ।

## १४. सुरक्षित बस्ती विकासका लागि आवश्यक नर्मस र स्टेन्डर्डः

खानी तथा भू-गर्भ विभागबाट तयार भई जारी भएका भौगर्भिक नक्साहरु (Engineering and Environmental Geological Maps) ले बस्ती विकासलाई केही मात्रामा निर्देशन दिन सक्ने भए पनि यी नक्साहरु विस्तृत रुपमा प्रयोगमा नआइसकेको र यस्तो प्रयोजनका लागि तयार हुँदै गरेको विस्तृत भौगर्भिक नक्सा नेपाल सरकारबाट स्वीकृत भई लागू भएपछि त्यसलाई आधार मानी बस्ती विकास गरिने उद्देश्य राख्दै बस्ती विकासको स्वीकृति दिदा हाललाई खानी तथा भू-गर्भ विभागका भू-गर्भविदहरुको संलग्नतामा तयार पारिएका यी नर्मस् र स्टेन्डर्ड अनुसरण गरिनेछन् । आधिकारीक भौगर्भिक नक्सा लागू भएपछि यी नर्मस र स्टेन्डर्डहरु स्वतः सोही भौगर्भिक नक्सा अनुसार परिमार्जित हुनेछन् ।

### १४.१ सुरक्षित स्थान पहिचानका आधारहरुः

भुकम्प, पहिरो र बाढी जस्ता प्राकृतिक प्रकोपहरुबाट न्यूनतम जोखिम भएका ठाउँहरुमा मात्र बस्ती विकासलाई प्रोत्साहन गरिनेछ । सुरक्षित स्थानको पहिचान गर्दा देहायका आधारहरुमा गरिनेछः-

(क) खानी तथा भू-गर्भ विभागबाट नक्साङ्कन गरी पहिचान गरिएका नेपालका विभिन्न स्थानमा रहेका सक्रिय दरारहरुका आसपास कुनै पनि किसिमको निर्माण कार्य गर्नु पूर्व भौगर्भिक अध्ययन गराई प्रतिवेदन पेश गर्नु पर्नेछ । साथै गहिरो चिरा परेको भू-भाग, सिमसार क्षेत्र, ताल तलैया वा त्यस्ता प्राकृतिक स्थान माथि माटो भरिएका क्षेत्रहरुबाट ५० मिटर टाढा हुने गरी भौतिक संरचना निर्माण गर्न दिइनेछ।

(ख) पहिरोबाट बच्न अपनाउनु पर्ने सावधानीः स्थान छनोट गर्दा समतल जमिन वा ३० डिग्री भन्दा कम भिरालो क्षेत्र रोज्नु पर्दछ र भिरालो जमिनको फेदीबाट कम्तीमा ३ मिटर छाडेर मात्र भवन निर्माण गर्न दिइनेछ ।

तर ३० डिग्री भन्दा कम भिरालो क्षेत्र भए पनि खानी तथा भू-गर्भ विभागले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निषेधित गरेको क्षेत्रमा बस्ती बसाल्न हुदैन भने कडा चट्टान भएको ३० डिग्री भन्दा बढी भिरालो क्षेत्रमा विशेषज्ञहरुको सल्लाह बमोजिम बस्ती बसाल्न दिइनेछ ।

(ग) बाढीबाट बच्न अपनाउनु पर्ने सावधानीः स्थान छनोट गर्दा ऐतिहासिक बाढीको सतह भन्दा माथिको जमीनलाई छनोट गर्नु पर्नेछ । त्यस्ता क्षेत्र साना नालाबाट न्यूनतम १० मिटर र बाह्रमासे नदीको ऐतिहासिक बाढीको सतहबाट ३० मिटर टाढा हुनुपर्नेछ ।

### १४.२ सुरक्षित स्थान पहिचान गर्नेः-

(क) आपतकालिन स्थानातरण वा पुनःस्थापना गराउँदा सहभागितामुलक छिटो एवम् सरल मूल्याङ्कन विधि (Participatory Rapid Appraisal) अपनाई खतरा र सम्भावित जोखिमहरु पहिचान गरी सुरक्षित स्थानको

---

@ पहिलो संशोधनद्वारा संशोधित

छनोट गर्न स्थानीय बासिन्दाहरुको अनुभवलाई बटुली उक्त क्षेत्रमा घटेका विभिन्न प्राकृतिक प्रकोप सम्बन्धी ऐतिहासिक जानकारीहरु संकलन गरी त्यस्ता जानकारीहरुलाई साधारण रुपले हातले कोरिएका चित्र एवम् म्यापद्वारा चित्रण गर्न सकिनेछ।

(ख) दिर्घकालिन बस्ती विकास र पूर्वाधार लगानीको लागि भने भू-वैज्ञानिक र जल-विज्ञानका विशेषज्ञहरुद्धारा उक्त स्थानको विस्तृत जाँच गराउनु पर्नेछ । त्यस्ता अध्ययनमा भूकम्प, बाढी, पहिरोका घटनाहरु, वर्षा तथा बाढीको तथ्याङ्क आदी सम्मिलित विवरण र विश्लेषण समावेश गर्नुपर्नेछ । त्यस्ता अध्ययनका आधारमा भवन र भौतिक संरचनाहरु निर्माण गर्दा अपनाउनु पर्ने उपयुक्त सावधानीहरु निर्धारण गर्न सकिन्छ।

**१४.३ <u>जोखिमयुक्त बस्तीको स्थानान्तरणः</u>**

प्राकृतिक प्रकोपको दृष्टिकोणले जोखिमयुक्त बस्तीहरु स्थानीय तह समेतलाई जानकारी गराई स्थानीय सहभागीताको आधारमा सुरक्षित स्थानमा पुनर्स्थापना गरिनेछ ।

**१४.४ <u>बस्ती विकासको लागि अन्य आधारभुत आयमहरुः</u>**

(क) बस्ती विकासको स्थानको छनौट गर्दा अन्य आधारभुत पक्षहरु जस्तैः भूमिको उपलब्धता, खानेपानीको स्रोत सडक र विजुलीको पहुँच र अन्य आर्थिक विकासका सम्भाव्यताहरुको आधारमा छनौट गर्नुपर्नेछ ।

(ख) बस्ती स्थानातरण गर्दा आत्मानिर्भर समुदायको विकास गर्न मद्दत पुग्ने वा नपुग्ने बारे सामाजिक अध्ययन गरेर मात्र स्थानान्तरण गर्नुपर्नेछ ।

(ग)

(घ) स्थानान्तरण स्थान प्रस्ताव गर्दा योजनाबद्ध रुपमा थप बस्ती विकासका लागि जमिनको उपलब्धता भएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

**१४.५ <u>भू-उपयोग योजना र नियन्त्रणः</u>**

(क) सार्वजनिक खुला ठाउँ र सामुदायिक स्थानको व्यवस्था गर्दा यस्ता क्षेत्रहरु मोटर गुड्न सक्ने ठुला बाटोले जोडिएका र एक अर्काको पुरक हुने गरी तिनको व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) योजनको क्रममा प्राकृतिक स्रोतहरु जस्तै जलाधार क्षेत्र, वन क्षेत्र, उर्वर भूमी र चरन क्षेत्रहरुको संरक्षण गर्न प्रावधान राख्नु पर्नेछ ।

**१४.६ <u>प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापनमा सामुदायिक क्षमताः</u>**

घरपरिवार र समुदाय दुवैको प्राकृतिक जोखिमहरुसँग सामना गर्ने क्षमता वृद्धि गर्न प्रशिक्षण कार्यक्रमहरुको माध्यमबाट समुदायमा पर्याप्त जानकारी दिन र विपदसँग जुध्ने क्षमता विकास गर्ने आवश्यक कार्यक्रमहरु संचालन गर्नु पर्नेछ । नयाँ भवनहरु निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक बनाइने र पुराना भवनहरुलाई भूकम्पीय सुदृढीकरण (Retrofitting) गर्ने प्रावधानलाई कार्यान्वयन गर्नु पर्नेछ । बस्तीको कम्तिमा ५० प्रतिशत भाग खुला क्षेत्रको रुपमा छुट्याउनु पर्नेछ । खुला ठाउँ, सामुदायिक भवनहरु र अन्य सामुदायिक सुविधाहरुको उचित व्यवस्थापन गरी बस्ती भित्रको सामाजिक सम्बन्धलाई गाढा बनाउन प्रोत्साहन गर्नुपर्नेछ।

**#१४क. <u>सम्पदा बस्तिमा हुने निर्माण सम्बन्धी विशेष व्यवस्थाः</u>**

१४.क.१ <u>सम्पदा बस्तीको छनौट देहायको आधारमा गरिनेछः</u>

(क) बस्तीमा ५० वा सो भन्दा बढी घरहरु भएको,

(ख) सामान्यता १०० वर्ष वा सो भन्दा अगाडिको बस्ती,

---

# पहिलो संशोधनद्वारा थप

(ग) बस्तीहरुमा स्थानीय वास्तुकला उपयोग गरिएको चैत्य तथा मठ, मन्दिर, पाटी, सतल जस्ता सार्वजनिक भवनहरु, ईनार, ढुङ्गेधारा, पोखरी जस्ता संरचनाहरु भएको,

(घ) बस्तीहरुमा परम्परादेखि सञ्चालन हुँदै आएका सांस्कृतिक महत्वका स्थानीय चाडपर्व, जात्रा तथा भजनकीर्तन जस्ता कार्यहरु गर्ने स्थानीय गुठी जस्ता संघ संगठन भएको ।

१४क.२ <u>सम्पदा बस्तीको सिमानाः</u>

(क) परम्परागत बस्तीले ओगटेको परिधिलाई सम्पदा बस्तीको सिमाना मानिनेछ । यस्ता बस्तीहरुमा प्रवेशको लागि बनाइएका द्वार तथा पर्खाल र तिनका अवशेष, सार्वजनिक पाटी, पोखरी, खुल्ला चौर, गोरेटो आदिलाई सिमानाको रुपमा लिन सकिनेछ । यस्तो सीमाना कायम गर्न इस्वी संवत् १९७० वा सो भन्दा पहिले तयार पारिएका एरियल फोटो, नक्शा, ब्लक नापी भएको भए त्यस्तो नक्शा तथा ऐतिहासिक दस्तावेजहरुलाई आधार मान्न सकिनेछ ।

(ख) सम्पदा बस्तीको सीमांकन गर्ने कार्य स्थानीय तहले सम्बन्धित विज्ञ समूहको सहयोगमा गर्नेछ।

१४क.३ <u>सम्पदा बस्तीमा सूचीकृत गर्नेः</u> उपबुँदा १४क.१ मा उल्लेखित आधारहरुको अधीनमा रही सम्बन्धित स्थानीय तहको सिफारिसमा यस मापदण्डको बुँदा ३ मा उल्लिखित समितिको सिफारिसमा शहरी विकास मन्त्रालयले सम्पदा बस्तीलाई सूचीकृत गरी त्यसको सीमाक्षेत्र निर्धारण गर्नेछ । सीमा सहित सम्पदा बस्ती सूचिकृत गर्दा देहाय बमोजिमको प्रकृया पुरा गरिने छः

(क) स्थानीयवासीको अनुरोधमा नापी नक्सामा देखाएको सीमाक्षेत्र सहित स्थानीय तहको सिफारिस,

(ख) पुरातत्व विभागको सिफारिस र,

(ग) बुँदा ३ को समितिका संयोजकले गठन गरेको प्राविधिक टोलीको स्थलगत निरिक्षण सहितको सिफारिस।

१४क.४ <u>सम्पदा बस्ती सीमाभित्रको मापदण्डः</u>

(क) उपबुँदा १४क.३ बमोजिम सूचीकृत सबै सम्पदा बस्तीमा यस बुँदाको व्यवस्था लागू हुनेछ।

(ख) काठमाडौं, ललितपुर तथा भक्तपुर नगरपालिका भित्र पुरानो शहर क्षेत्रमा हाल कायम रहेको स्मारक क्षेत्र, संरक्षित स्मारक क्षेत्र र मिश्रित बसोवास क्षेत्रमा भने हाल प्रचलनमा रहेको मापदण्ड यथावत् लागू हुनेछ।

तर यी पुराना शहरी क्षेत्रहरुमा विशेष संरक्षण गर्नुपर्ने कुनै क्षेत्रलाई सम्पदा बस्ती तोकी विशेष योजना लागू गर्न सकिने छ । त्यस्तो विशेष योजनामा समेत यस बुँदाको व्यवस्था लागू हुनेछ।

(ग) यस मापदण्डको अतिरिक्त संरक्षित स्मारक, विद्युत लाइनको दायाँबायाँ र तलमाथि, हवाइ मार्ग, पेट्रोल पम्प, सिनेमा घर आदिको हकमा लागू हुने विशेष व्यवस्था तथा मापदण्डहरु पनि यथावत् लागू हुनेछन्।

(घ) सम्पदा बस्तीको सीमाक्षेत्र १० बर्षसम्म संशोधन गर्न पाईने छैन ।

१४क.५ <u>मार्गदर्शक सिद्धान्त</u>ः सम्पदा बस्ती विकासको आधारभूत मापदण्डको रुपमा देहायको सिद्धान्तहरुको अवलम्वन गरिनेछः-

(क) साविकका आधारभूत भौतिक स्वरुप र संरचनामा परिवर्तन नगर्ने,

(ख) भवन संरचना र खुल्लाक्षेत्र बीचको सामञ्जस्य कायम राख्ने,

(ग) भवनहरुको बाहिरी स्वरुप, आकार, अनुपात, शैली, निर्माण विधि, निर्माण सामग्री, रंग संयोजन तथा साजसज्जालाई साविक बमोजिमकै कायम गरी विपद्बाट सुरक्षित बनाउने,

(घ) प्राकृतिक तथा मानव निर्मित वातावरणबीच सन्तुलन कायम गर्ने,

(ङ) सम्पदा बस्तीको पहिचानको रुपमा रहेको मूर्त तथा अमूर्त कला, संस्कृति र शैलीलाई निरन्तरता दिने,

(च) मानवोचित जीविकोपार्जन तथा सामाजिक-आर्थिक विकासका अवसरहरु उपलव्ध गराउने,

(छ) बस्तीलाई मानवीय बसोवास मैत्री तथा आवश्यक सुविधायुक्त बनाउने,

(ज) घरधनीहरुको व्यावहारिक आवश्यकता र मौलिक सम्पदा संरक्षणबीच सन्तुलन कायम गर्ने,

(झ) परम्परागत बस्तीका घरहरु र चुक, लाछि, ननी, बहाल, बही, गल्ली जस्ता खुल्ला स्थान तथा इनार, हिटी, पोखरी जस्ता पानीका मुहानहरु बीचको अन्तर्सम्बन्धलाई कायम राख्ने तथा यस प्रयोजनको लागि घरले सार्वजनिक क्षेत्रतर्फ चर्चेको साविक मोहडालाई कायम राख्ने,

(ञ) बस्ती संरक्षण र विकासमा जनसहभागितामूलक कार्यहरुलाई प्रोत्साहन गर्ने,

(ट) निजी घरहरुको आकारलाई कायम गर्न ठाडो खण्डीकरणलाई निरुत्साहन गर्ने,

(ठ) सुरक्षित निर्माण सुनिश्चित गर्न भवन संहिता तथा निर्माण र मर्मत निर्देशिकाहरुको पालना गर्ने।

१४क.६ <u>भवन सम्बन्धी व्यवस्था</u>ः परम्परादेखि क्रमिक रुपमा विकास हुँदै आएका पुराना शैलीका बाटोहरु, चोकहरु जस्ता पुरातात्विक महत्वको वास्तुकला, सांस्कृतिक तथा धार्मिक स्थलहरुको साथै परम्परागत वास्तुकलालाई संरक्षण सम्वर्द्धनमा प्रतिकूल असर नपर्ने गरी सम्बन्धित स्थानीय तहले देहायका व्यवस्थाहरुको पालना गर्ने गरी भवन निर्माण गर्न स्वीकृति प्रदान गर्नेछः

(क) <u>जग्गा उपयोग प्रतिशत</u>: साविक घरले चर्चेको ठाउँमा पुरानो घर भत्काई नयाँ आवासीय भवन बनाउँदा साविक घरले चर्चे जत्तिकै १००%, खाली जग्गाको हकमा क्षेत्रफल २ आना २ पैसासम्म ९०% र सो भन्दा बढी क्षेत्रफलमा ८०% सम्म ग्राउण्ड कभरेज दिन सकिनेछ । साविक भवनको पुनर्निर्माण गर्दा मूल प्रवेशतर्फको मोहडाको साविक पदचापमा कुनै परिवर्तन नहुने गरी जग्गा उपयोगको कुल प्रतिशतभित्र मिलान गर्न सकिनेछ । नयाँ निर्माण हुने गैरआवासीय भवनको लागि भने जग्गा उपयोग ५०% भन्दा बढी हुने छैन ।

(ख) <u>भवनको अधिकतम उचाईः</u> छाना समेत भवनको अधिकतम उचाइ ३५ फिट हुने छ । तर प्राचीन स्मारक भएको चोक वा क्षेत्रमा पर्ने भवनको हकमा त्यस्तो स्मारकभन्दा अग्लो हुने गरी भवन निर्माण गर्न दिइने छैन । स्मारकको उचाई २८ फिट भन्दा कम भएमा त्यससँग बन्ने घरलाई सो स्मारक वरिपरिको वातावरणमा प्रतिकूल असर नपर्ने गरी सडकतर्फको मोहडाको उचाइ, पुराना परम्परागत घरहरुको लाइनसँग मिल्ने गरी साविककै उचाइ बमोजिम पुनर्निर्माण गर्न अनुमति दिन सकिनेछ । सम्पदा बस्तीमा भवनको उचाइको अधिकतम हद नै कायम हुने भएकोले भुईं क्षेत्र अनुपात (FAR) को व्यवस्था लागू हुने छैन । घरको उचाइ निर्धारण गर्दा भुईंतल्लाको ढोका अगाडिको जग्गाको तयार भएको सतहदेखि नापिने छ । भिरालो जग्गामा निर्माण हुने घरको हकमा मूल बाटोतर्फको सबभन्दा तल्लो तल्लाको ढोका अगाडिको जग्गाको तयार भएको सतहदेखि नापिनेछ । घरको तल्लाको संख्या समेत मूल बाटोतर्फको मोहडाको आधारमा गणना गरिनेछ ।

(ग) <u>अधिकतम तल्ला संख्या</u>ः भवनको बनाउन पाउने अधिकतम तल्ला संख्या बुईंगल वा भऱ्याङ कभर समेत ४ तल्ला हुनेछ ।



(घ) <u>तल्लाको उचाइ</u>ः तल्लो तल्लाको भुईंदेखि माथिल्लो तल्लाको भुईसम्मको उचाइ बढीमा २.४४ मिटर (८ फिट) हुनेछ ।

(ङ) <u>सेटब्याकः</u> भवनको सँधियार तर्फको न्यूनतम सेटब्याक १.५ मीटर हुनु पर्नेछ । तर झ्यालढोका तथा भेन्टिलेटर नराख्ने भए सँधियारतर्फ तथा एउटै कित्ताको जग्गामा स्वीकृति प्राप्त गरी बनिसकेको घर भए सो भवनतर्फ भवन संहिताको प्रतिकूल नहुने

गरी टाँसिएको भवन बनाउन दिइनेछ । यसरी टाँसिएको भवन निर्माण गर्दा पछि निर्माण गर्ने व्यक्तिले दुई भवन बीचको जोर्नीबाट पानी वा फोहोरमैला पस्न नसक्ने उपयुक्त व्यवस्था मिलाउनु पर्नेछ। बाटो वा चोकतर्फ भने साविक बस्तीको पदचाप कायम हुने गरी साविक बमोजिमकै सेटब्याक कायम गरिनेछ।

(च) प्रवेश माध्यमः आवतजावतको निमित्त कुनै पनि भवन वा प्लट बाटो वा चोकसँग जोडिएको हुनुपर्नेछ। भवन निर्माण गर्दा आवतजावतको निमित्त छुट्याइएको क्षेत्रमाथि अतिक्रमण हुने वा सोको क्षेत्रफल घट्ने गरी निर्माण गर्न वा अर्को भवन वा निर्माणलाई यस्तो प्रवेश माध्यमबाट वञ्चित गर्न पाइनेछैन । भवन वा प्लटहरुमा प्रवेशको लागि न्यूनतम पनि साविकको बाटो वा प्रवेशको माध्यम कायम गर्नुपर्नेछ ।



(छ) पछाडीको खुला भागः पछाडिपट्टि खुला भागको सालाखाला चौडाई १.५ मिटर हुनुपर्नेछ र कुनै पनि ठाउँको चौडाई ९० सेन्टिमिटर भन्दा कम हुनु हुँदैन ।

(ज) साइडको खुला भागः कुनै पनि एक आपसमा सम्बद्ध (Semi-detached) र असम्बद्ध (Detached) भवन वा निर्माणमा देहाय बमोजिमको खुला भाग हुनुपर्नेछः

(१) असम्बद्ध भवन वा निर्माणको दुवैतर्फ कम्तिमा १.५ मिटर,

(२) एक आपसमा सम्बद्ध भवन वा निर्माणको एकतर्फ कम्तिमा १.५ मिटर,

(३) पंक्तिबद्ध किसिमका भवन वा निर्माणमा साइडतर्फ खुलाभाग आवश्यक पर्ने छैन ।

(झ) भित्री चोकः कुनै पनि कोठाको कुनै एउटा साइडको झ्याल (बाथरुम, शौचालय, स्टोर बाहेक) कुनै पनि खुला भागतर्फ नभएको खण्डमा त्यस्तो झ्याल कम्तीमा पनि ३ मिटर चौडाई भएको भित्री चोकतर्फ जोडिएको हुनुपर्नेछ । पूरै उचाईसम्म भित्री चोकको क्षेत्रफल चोक नजिकको गारोको उचाईको पाँच भागको एक भाग (१/५) को वर्ग (Square) भन्दा कम हुनु हुँदैन। शौचालय मात्र भित्री चोकसँग जोडिएको अवस्थामा भित्री चोकको साइज न्यूनतम २ वर्ग मीटर हुनु पर्नेछ ।

(ञ) सडक अधिकार क्षेत्रः सम्पदा बस्तीभित्रका सडक र बाटोहरुको अधिकार क्षेत्र बस्तीको साविक पदचाप अनुरुप हुने गरी कायम गरिनेछ । मूल सडक वा चोकतर्फ साविक बमोजिम नै भवनहरुको लहर कायम गर्नु पर्नेछ । तर यसरी मापदण्ड कायम गर्दा १ मिटरभन्दा कम हुने छैन ।

(ट) प्लिन्थः मुख्य भवनको साइडमा पर्याप्त मात्रामा ढल निकासको सुविधा हुने गरी जमिनको सतह भन्दा भवनको प्लिन्थको सतह कम्तिमा आसन्न भवन, सडकको सतह र नदी किनारको भवन भए बाढीको सम्भावित उच्चतम सतह समेतको आधारमा सामान्यतया ३० देखि ४५ सेन्टिमिटर तर बढीमा ९० सेन्टिमिटर हुनु पर्नेछ। भवनको प्लिन्थको उचाइ आसन्न भवनको प्लिन्थ बराबर हुनु पर्नेछ। दायाँबायाँ रहेका आसन्न भवनको प्लिन्थको उचाइ फरक भएमा औसत उचाइ कायम गर्नुपर्नेछ ।

(ठ) पेटीः सार्वजनिक जग्गा वा सडकमा नपर्ने गरी आफ्नो जग्गामा छिमेकीको घरसँग मिल्ने गरी ३० देखि ४५ सेन्टिमिटर उचाइ र बढीमा ७५ सेन्टिमिटर चौडाइ भएको पेटी बनाउन सकिनेछ। भिरालो बाटोमा पेटीको उचाइ लिंदा पेटीको मध्यविन्दुबाट नापिनेछ । साविक पेटी उपरोक्त उचाइ र चौडाइ भन्दा बढी भएमा सोको उचाइ भन्दा नबढ्ने गरी मात्र निर्माण गर्नुपर्नेछ। सडक अधिकार क्षेत्रमा पर्ने गरी खुडकिला र्‍याम्प आदि समेत राख्न दिइने छैन।

(ड) <u>संरचना</u>ः भूकम्पीय सुरक्षा समेतलाई दृष्टिगत गरी भवनको संरचना देहायका मध्ये कुनै एक वा स्ट्रक्चरल इन्जिनियरले सुरक्षित छ भनी प्रमाणित गरिदिएको अन्य कुनै संरचना हुन सक्नेछः-

१) भित्रपट्टि काठको फ्रेम रहने गरी परम्परागत रुपमा माटोको जोडाईमा भारवहन गर्ने गारो (Load Bearing Masonry)

२) भित्रपट्टि कंक्रिटको ठाडो तेर्सो पट्टिहरु प्रयोग गरी सिमेन्ट जोडाईमा भारवहन गर्ने गारो (Confined Load Bearing Masonry)

३) स्टील वा कंक्रिटको फ्रेम संरचना (Steel or RCC Frame): फ्रेम संरचनालाई कतैपनि कंक्रिट वा स्टील नदेखिने गरी स्थानीय ईटा वा काठले छोप्नु पर्नेछ तथा फ्रेम संरचनालाई अधुरो छाड्न समेत पाइने छैन ।

(ढ) <u>बुईगल</u>ः मानिस बस्नको निमित्त बुईगललाई प्रयोग गरिने भएमा यसमा पर्याप्त मात्रामा भेन्टिलेशन र प्रकाशको व्यवस्था भएको हुनु पर्नेछ र बुईगलको उचाई होचो भागमा १.२ मिटर र धुरी वा माथिल्लो भागमा २.३ मिटर भन्दा कम हुनु हुँदैन ।

(ण) <u>भऱ्याङ्ग</u>ः भऱ्याङ्गको चौडाई लगायतका नापहरु परम्परागत भवनमा भएको साविकको नाप भन्दा कम हुने छैन । व्यापारिक र संस्थागत भवनको प्रत्येक तल्लामा फ्लोर एरिया २५० वर्ग मिटरभन्दा बढी र Travel Distance ३० मिटर भन्दा बढी भएमा थप भऱ्याङ्ग राख्नु पर्नेछ।

(त) <u>फिनिसिङ्गरमोहडाः</u> परम्परागत रुपमा भवनको चारैतिरको बाहिरी भागको गारोमा प्रष्टसँग देखिने गरी स्थानीय चिम्नी ईटाको गारो लगाउनु पर्नेछ । बाहिरी गारोमा सकभर निर्माण सामग्रीको प्राकृतिक रङ्ग र Texture देखाउनु पर्नेछ, टलकदार वा अन्य प्रकारको रङ्ग लगाउन पाइने छैन ।बाहिरी गारोमा सिमेन्ट, चुना आदि राखी प्लाष्टर गर्न पाइने छैन । तर झ्यालढोकाको किनारा, कार्नेस र वाल पिलाष्टरमा चुना सुर्खी प्लाष्टर गर्न सकिनेछ । राणाकालीन शैलीका घरहरुको मर्मत र पुनर्निर्माणमा प्लाष्टर गर्न सकिनेछ । बाहिरी गारोमा उपयुक्त सामग्रीको प्रयोग गरी टिप्कार (Pointing) गर्न सकिनेछ । तर यसो गर्दा घरको मोहडालाई असर नपर्ने गरी र वरिपरिका घरहरुसँग सामञ्जस्य हुने गरी गर्नुपर्नेछ ।

(थ) <u>क्यान्टिलेभर/प्रोजेक्शन/टपः</u> तेश्रो तल्लामा आफ्नो जग्गामा पर्ने गरी घाम, पानी छेक्ने वा भिरालो छानाको पाखा देखाउने प्रयोजनको लागि बढीमा तीन फिट चौडाइसम्मको बलेसी वा पाखा निकाल्न स्वीकृति दिन सकिनेछ ।

(द) <u>झ्यालढोकाः</u>

१) परम्परागत नेपाली शैली एवं आकार प्रकारका काठको झ्यालढोकाहरु हुनुपर्नेछ र घरको हरेक तल्लामा राखिने झ्यालहरु एकै लाइनमा मिलाई राख्नु पर्नेछ ।

२) घरको मोहडामा Openings को कुल क्षेत्रफल मोहडाको कुल क्षेत्रफलको ५०% सम्म राख्न सकिनेछ। Load Bearing Structure मा निर्माण हुने सबै झ्यालढोकाहरु मोहडाको किनाराबाट ३ फिट छोडेर मात्र राख्नु पर्नेछ । यसरी ३ फिट नछोडिएको अवस्थामा झ्याल ढोकाको वरिपरि बाहिरबाट नदेखिने गरी काठ वा प्रचलित कंक्रिटको बक्स फ्रेम निर्माण गर्नुपर्नेछ ।

३) झ्यालढोकाको चौडाइ र उचाइ परम्परागत नेपाली शैली एवं आकार प्रकारको बिजोरमुखी हुनुपर्नेछ। बुइंगलमा परम्परागत झ्यालहरु राख्न सकिनेछ, भुई तल्लामा एकमुखे झ्याल मात्र राख्नुपर्नेछ । अन्य बिजोरमुखी झ्यालको हकमा प्रति कबल २ फिट ६ इन्चका दरले न्यूनतम चौडाइ कायम गर्नुपर्नेछ। लाम्चो झ्यालढोकाको चौडाइ र उचाइको अनुपात १:१.५ देखि १:२ सम्म हुनुपर्नेछ । आँखी झ्यालको हकमा त्यस्ता झ्यालहरु ३ फिट × ३ फिट भन्दा ठूलो

हुनुहुँदैन । साबिक झ्यालढोका र सोही शैलीमा बनाइएका नयाँ झ्यालढोकाको प्रयोगलाई आवश्यकता अनुसार प्रोत्साहित गर्न सकिनेछ।



झ्यालका विभिन्न नापहरू

४) ढोकाको खापाहरु काठको हुनुपर्नेछ र फलामे रोलिङ्ग सटर, गेट आदि राख्न पाइने छैन ।

५) झ्यालमा ग्रील वा जाली राख्न चाहेमा बाहिरबाट नदेखिने गरी झ्यालको खापाले छोपिने गरी बनाउनु पर्नेछ ।

६) झ्यालढोकाको खापाको खुल्ने भाग पूर्ण रुपमा आफ्नै जग्गामाथि पर्ने गरी बनाउनु पर्नेछ ।

(ध) <u>छाना:</u>

१) घरको छाना झिंगटी वा टायलले छाएको परम्परागत दुईपाखे शैलीको हुनुपर्नेछ । तर निर्माण हुने घरजग्गाको तीनैतिर अरुको घरले घेरिएको भएमा सडकतर्फ एक पाखे छाना राख्ने अनुमति दिन सकिने छ ।



मोहडाको चौडाइ सानो तर भित्री लम्बाइ लामो भएको घरका लागि छानाको बनावट ।

(२) मूल सडकमा मोहडा चौडा र पछाडितिर लामो भएको घरको हकमा छाना बनाउँदा २५ देखि ३० डिग्रीको ढल्काइले छानाको माथिल्लो भागको उचाइ १०.६७ मिटर (३५ फिट) भन्दा बढी हुने भएमा त्यसरी ढल्काइ भएको छाना १०.६७ मिटर उचाइ पुग्ने भागको दुबैतर्फ मात्र स्लोप छाना रहने गरी बीचको भाग खाली छोड्न अनुमति दिन सकिनेछ । सो खाली भागमा कुनै प्रकारको निर्माण गर्न पाइने छैन ।

(३) नियमानुसार निर्माण गर्न पाउने अन्तिम तल्लामुनि मात्र चोक र बाटोतर्फ बाहेक ९० सेन्टिमिटरसम्म चौडाइ भएको बलेनी पाखा आफ्नै जग्गामा पर्ने गरी निकाल्न पाइनेछ। पाखा सकभर दायाँबायाँको घरको पाखा र बलेनीसँग सटाएर मिल्ने गरी बनाउनु पर्नेछ र भवनको बलेनी पाखा, मूल छाना र भन्याङ्ग छोप्ने भाग समेत २५ देखि ३० डिग्रीको कोणमा ढल्कने गरी बनाउनु पर्नेछ । छानामा सामान्य वा कलात्मक टुँडाल राख्नुपर्नेछ ।

(४) छानाको बनावटले छिमेकीलाई बाधा पर्नु हुँदैन । छाना र बाहिरी भागमा पानी टयांकी, डिस एन्टिना, एयर कन्डिसन सेट, कूलर सेट, सोलार सेट आदि सडक तथा चोकबाट देखिने गरी राख्न पाइने छैन। त्यस्ता सुविधाहरु सडक तथा चोकबाट नदेखिने गरी वा भवनको वास्तुकलामा प्रतिकूल असर नपर्ने गरी राख्ने स्थानीय तहले निर्देशन दिन सक्नेछ ।

(५) दुईपाखे छानाकै शैलीमा झिंगटी वा टायल रङ्गको जस्ता पाता (CGI Sheet) को छाना लगाउने अनुमति दिन सकिनेछ ।

(न) <u>बार्दली</u>: सामान्यतया तेश्रो तल्लामा बढीमा ९० सेन्टिमिटर सम्म बाहिर निस्कने गरी आफ्नै जग्गामाथि पर्ने गरी मात्र काठको बार्दली बनाउन सकिनेछ । मुख्य सडक वा सार्वजनिक चोकसँग जोडिएका घरहरुको त्यसतर्फको मोहडामा घरभित्र Recess गरी बार्दली वा बरण्डा बनाउन पाइने छैन । कुनै पनि चोक, गल्ली वा सडकमाथि पर्ने गरी बार्दली निकाल्न पाइने छैन । पछाडिको निजी जग्गातर्फ २ मिटरको सेटब्याक छोडी १ मिटरसम्म चौडाइ भएको बार्दली पहिलो तल्लादेखि राख्न सकिनेछ।



(प) <u>कार्नेस</u>: घरको प्रत्येक तल्ला छुट्टिने गरी गारोको सतहबाट बढीमा २३ सेन्टिमिटर सम्म बाहिर निस्कने गरी कार्नेस राख्न सकिनेछ । कार्नेस दायाँबायाँको घरसँग मिल्ने गरी बनाउनु पर्नेछ । भवनको शैली अनुसार कार्नेस सादा वा बुट्टेदार ईटाको वा काठको वा चुना सुर्की प्लाष्टर गरी वरिपरिका अन्य भवनहरुसँग सामञ्जस्य हुने गरी राख्न सकिनेछ ।



अधिकतम निर्माण गर्न सकिने माथिल्लो तल्लामा छानाको १/३ भाग कौसीको रुपमा खुल्ला राख्न सकिनेछ।

(फ) <u>कौशी</u>: अधिकतम उचाइसम्म निर्माण गर्ने भएमा अन्तिम (चौथो) तल्लामा छानाको कुल क्षेत्रफलको एकतिहाइ क्षेत्रफल बराबरसम्मको कौशी निर्माण गर्न सकिनेछ ।

(ब) <u>तल्ला थप/मर्मत</u>: पहिले नै निर्माण भइसकेका आधुनिक आकार प्रकारका भवनहरुमा तल्ला थप्ने वा मर्मत कार्य गर्नुपरेमा त्यसरी निर्मित भागलाई समेत यसै मापदण्ड बमोजिम सच्याउने गरी मात्र थप निर्माण वा मर्मत गर्न दिइनेछ ।

(भ) <u>मर्मत, प्रबलीकरण तथा पुनर्निर्माण</u>: परम्परागत शैलीका वास्तुकलात्मक विशेषता भएका भवनहरुको संरक्षण गर्न प्रोत्साहित गरिनेछ । भवनहरुको पुनर्निर्माणलाई भन्दा सामान्य मर्मत वा प्रवलीकरण गरेर प्रयोग गर्न सकिने भए त्यस्तो कार्यलाई प्राथमिकता दिइनेछ । भवनहरु मर्मत, प्रबलीकरण वा पुनर्निर्माण गर्दा साविक बमोजिमकै शैली र स्वरुप कायम गर्नुपर्नेछ । सुधार गर्ने भवन वरिपरिको ऐतिहासिक एवं वास्तुकलात्मक महत्व र वातावरणलाई प्रतिकूल प्रभाव पारिरहेको भवनको भाग वा विशेषताहरुलाई भने सच्याएर मात्र निर्माण गर्न स्वीकृति दिन सकिनेछ। यसरी सच्याउने भवनको खासगरी नाप, उचाइ, रङ्ग, निर्माण सामग्री, झ्यालढोका, छाना जस्ता भागहरुको अवस्थिति इत्यादिको हकमा पनि खाली जग्गामा बनाइने भवनको निर्माण सम्बन्धी मापदण्ड लागू हुनेछ ।

१४क.७ <u>सम्पदा बस्ती व्यवस्थापन</u>:

(क) <u>सार्वजनिक खुल्ला क्षेत्र:</u> कित्ता नापी नक्सामा देखाइएको र हाल भइरहेको सार्वजनिक खुल्ला क्षेत्र जस्तै ख्यः, चुक, चौर, उद्यान, पोखरी र पोखरीको डिल आदिलाई संरक्षण र सम्बर्द्धन गर्ने बाहेक अन्य कुनै पनि प्रकारको स्थायी वा अस्थायी भवन, टहरा, पर्खाल आदि निर्माण गर्न पाइने छैन । चोक गल्ली तथा सडकमाथि पर्ने गरी क्यान्टीलेभर, वार्दली, कोठा, आदि निकाल्न पाइने छैन । चोकको पेटीलाई चोककै हिस्सा मानिनेछ । सडक सतह कायम गर्दा सडकतर्फबाट पानी नपस्ने गरी चोकको सतह सडकको केन्द्रीय रेखाको सतह भन्दा कम्तिमा १५ सेन्टिमिटर माथि पर्ने गरी मिलाउनु पर्नेछ ।

(ख) <u>महत्वपूर्ण भवन संरक्षण</u>: बस्तीमा कलात्मक वास्तुकलाको दृष्टिले अति महत्व राख्ने खालको मोहडा भएको कुनै भवन भएमा र सम्बन्धित वडा कार्यालयबाट संरक्षण गर्नु पर्ने भनी लेखी आएमा त्यस्ता भवनको साविक मोहडालाई भत्काउन र विगारी भागबण्डा, बेचबिखन गरी नयाँ भवन बनाउन पाइने छैन । साविक मोहडा यथावत कायम रहने गरी मर्मत सुधार र पुनः निर्माण गर्न दिइनेछ । वडाबाट त्यस्ता भवनहरुको लगत तयार गर्नु पर्ने र त्यस्ता भवनको घर धनीको वेवास्ताबाट क्षति हुने आशंका भएमा उचित क्षतिपूर्ति दिई स्थानीय तहले खरिद गर्न सक्नेछ ।

(ग) <u>हरियाली क्षेत्रको संरक्षण</u>: परम्परागत हरियाली क्षेत्रलाई स्पष्टसँग सीमाङ्कन गरी संरक्षण गर्नुपर्नेछ । यस्ता क्षेत्रलाई त्यसको मूल स्वरुपमै सार्वजनिक स्थलको रुपमा संरक्षण गर्नुपर्नेछ। हरियाली क्षेत्र भनी सीमाङ्कन गरिएको क्षेत्र तथा कुनै पूजा आजा आदिको लागि छुट्याइएको फूलबारी, उद्यान, बगैंचा, पोखरी आदिमा समेत कुनै प्रकारको निर्माण गर्न दिइने छैन । त्यस्तो क्षेत्रभित्र परम्परागत छपाई भएको स्थानमा आवश्यकता अनुसार प्राकृतिक सामग्री प्रयोग गरी छपाई गर्न सकिनेछ ।

(घ) <u>राहत क्षेत्र</u>: प्राकृतिक वा अन्य विपद्का बखत तत्काल भवन खाली गर्न नसकिने वा सुरक्षित नहुने भवन प्रयोगकर्ताहरुलाई तत्काल राख्नको लागि स्थानीय तहले कुनै स्थान विशेषलाई राहत क्षेत्र भनी तोक्न सक्नेछ । यसरी तोकिएको राहत क्षेत्रमा अन्य कुनै व्यापार, व्यवसाय, सभा, सम्मेलन जस्ता कुनै पनि गतिविधि सञ्चालन गर्न दिइने छैन । राहत क्षेत्रलाई संधै खुल्ला राख्नु पर्नेछ । यस क्षेत्रमा कुनै पनि प्रकारको भौतिक संरचना निर्माण गर्न पाइने छैन।

(ङ) <u>सतह सुधार</u>: परम्परागत बाटो र वरिपरिका घरहरुको सतह कायम राख्न परम्परागत बस्तीमा सडकको सतह निरन्तर बढ्दै जाने बिटुमिन (पिच) जस्ता सामग्रीहरुबाट सतह सुधार गर्न दिइने छैन । यस प्रयोजनको लागि स्थानीय तहहरुले सम्पदा बस्तीमा पर्ने सडक तथा बाटोको सतहको अभिलेख राख्नु पर्नेछ।

(च) <u>परम्परागत पानीको स्रोत व्यवस्थापन</u>: परम्परागत पानीको मुहान, निकास, प्राकृतिक ताल, धाप, नदी, पोखरी, धारा, कुवा, कुण्ड, ढुंगेधारा, इनार आदि मास्ने वा प्रतिकूल असर पर्ने गरी कुनै पनि संरचना

निर्माण गर्न दिइने छैन । सार्वजनिक इनार, पोखरी, ढल, सार्वजनिक महत्वको स्थान आदिबाट छोड्नुपर्ने सेट ब्याकको न्यूनतम दूरी देहाय बमोजिम हुनेछ:

(१) पोखरी जलाशयको डिलबाट ५ मिटर,

(२) कुवा, ढुङ्गेधारा, सीमाबाट ४ मिटर,

(३) इनारको बाहिरी घेराबाट ४ मिटर,

(४) कुलोको केन्द्ररेखाबाट ४ मिटर,

(५) साविकका घरहरुको सेटब्याक माथि उल्लेख भए भन्दा फरक रहेको अवस्थामा साविक बमोजिम नै कायम गरिनेछ ।

(छ) बस्तीको स्वरुप:

१) बिजुली, टेलिफोन आदिको वितरण प्रणाली, तार, क्याबिन, पानी ट्यांकी, पाइप आदिलाई परम्परागत बस्तीको स्वरुपसँग सामञ्जस्य हुने गरी सकभर जमिनमुनि राख्ने गरी मिलाउनु पर्नेछ। ऐतिहासिक स्थलको वातावरणको दृष्य प्रदूषण नहुने गरी नगरपालिकाले तोकेको स्थानहरुमा मात्र ट्रान्सफर्मर आदि जडान गर्नुपर्नेछ ।

२) सडक छेउमा वर्षात्को पानी बग्ने बाहेक अन्य ढललाई खुल्ला देखिने गरी छोड्नु हुँदैन। सडक ढलमा वर्षात्को पानी बाहेक अन्य प्रयोजनको फोहर पानी वा शौचालयको निकास जोड्न दिइने छैन।

३) सार्वजनिक वा अर्ध-सार्वजनिक स्थलहरुमा दृष्य प्रदूषण नहुने गरी सडक बत्ती जडान गर्नु पर्नेछ । त्यस्ता सडक बत्तीका तारहरु बाहिरबाट नदेखिने व्यवस्था मिलाउनु पर्नेछ। विशेष अवसर तथा पर्वमा भने त्यस स्थानको परम्परागत स्वरुप झल्कने किसिमले बिजुली वा बत्तीहरुको व्यवस्था गर्न सकिनेछ ।

४) कुनै पनि भवनमा सम्बन्धित नगरपालिकाको स्वीकृति बिना टावर तथा एन्टेना आदि जडान गर्न पाइने छैन । यस्तो स्वीकृति दिँदा सो जडान भएको उपकरणको कारणले भवनको परम्परागत मूल्य, संरचना र सुरक्षामा कुनै प्रतिकूल असर नपर्ने कुरा सुनिश्चित गर्नुपर्नेछ ।

५) स्मारक क्षेत्रमा होर्डिङ्ग बोर्ड, पम्प्लेट, पोष्टर, ब्यानर, वालपेन्टिङ्ग आदि राख्न वा टांस्न पाइने छैन। तर व्यापारिक प्रतिष्ठान वा कार्यालयहरुलाई निश्चित स्थानमा तोकिएको आकार प्रकार र स्वरुपमा साइनबोर्डसम्म राख्ने अनुमति दिन सकिनेछ ।

(ज) हरित प्रविधि: दिगो भवन प्रविधि र स्वच्छ शहरको लागि प्रभावकारी हुने सोलार प्यानलको प्रयोग, न्यून कार्बन उत्सर्जन हुने प्रविधि र निर्माण सामग्रीको प्रयोग गर्ने, आकासे पानी सङ्कलन, ग्राउण्ड रिचार्ज जस्ता उपायहरुको अवलम्वन सार्वजनिक भवनको हकमा अनिवार्य हुनेछ भने निजी भवनहरुमा यस्तो प्रविधिको प्रयोग गर्नलाई प्रोत्साहन गरिनेछ। यस्तो प्रविधिको प्रयोग गर्दा बस्तीको परम्परागत स्वरुपमा प्रतिकूल असर नपर्ने व्यवस्था गर्नु पर्नेछ ।

(झ) हालसाविक गर्नमा बन्देज: सार्वजनिक, ऐलानी, पर्ति, नदी, नाला, राजकुलो, बाटो, चौतारा, चोक र वनक्षेत्र आदि तथा अन्य परम्परागत खुल्ला क्षेत्र एवं सरकारी जमीनको साविकको क्षेत्रफल र सडकको साविकको चौडाई घटने गरी निजी जग्गाहरुको हालसाविक गरिने छैन ।

(ञ) परम्परागत छपाई: सार्वजनिक तथा अर्धसार्वजनिक स्थलहरुमा तिनीहरुका बाटोको छपाई परम्परागत नै कायम राख्नु पर्नेछ र त्यस्ता छपाई लोप भइसकेको स्थलमा पनि ईटा वा ढुङ्गाको प्रयोग गरी स्थान सुहाउँदो परम्परागत छपाई कायम गर्नुपर्नेछ । बाटो तथा चोकहरुमा नयाँ छपाई गर्दा छपाईको सतह

उकासेर स्मारक तथा ऐतिहासिक भवनमा प्रतिकूल असर पार्नु हुँदैन । साविक बाटो तथा चोकहरुको मर्मत वा पुनर्निर्माण गर्नुपरेमा पुरानै सामग्री वा पुरानोसँग मेल खाने नयाँ सामग्रीको प्रयोग गर्नुपर्नेछ। यसरी निर्माण गरिने सतह सकेसम्म जमिनमुनि पानी पुनर्भरण गर्न सकिने प्रकारको हुनु पर्नेछ । यस्ता छपाईमा प्रयोग हुने सामग्री अनुरुप त्यसको सरसफाईको विधि पनि अपनाउनु पर्नेछ । वरिपरिका घर तथा संरचनालाई असर पर्ने भएकोले बाटो, चोक तथा सार्वजनिक क्षेत्रको सतह नउकास्ने गरी निर्माण वा मर्मत गर्नुपर्नेछ ।

(ट) <u>जग्गा खण्डीकरणमा प्रतिवन्ध</u>ः साविकमा कायम भइरहेको प्लटको क्षेत्रफललाई खण्डीकरण गर्नु पर्दा दुई आना दुई पैसा (८० वर्ग मिटर) भन्दा कम क्षेत्रफल कायम हुने गरी कित्ताकाट गर्न दिइने छैन। सो भन्दा कम क्षेत्रफल कायम हुन सक्ने गरी एकै भवनमा अतिरिक्त भर्‍याङ्ग राख्ने गरी भवन निर्माण गर्ने स्वीकृति समेत प्रदान गरिने छैन । जग्गाको स्वामित्व कानून बमोजिम धेरै व्यक्तिको नाममा बाँड्नु पर्ने अवस्थामा समेत जग्गाको कित्ता उल्लिखित क्षेत्रफल भन्दा कम हुने भएमा संयुक्त स्वामित्व मात्र कायम गरिनेछ ।

(ठ) <u>खण्डित स्वामित्व</u>ः भवनको स्वामित्व कुनै किसिमले खण्डित भइसकेको भए तापनि भवनको बाहिरी स्वरुपमा खण्डीकरण भएको देखिने गरी निर्माण वा मर्मत सम्भार वा पुनर्निर्माण गर्न स्वीकृति दिइने छैन । एकाघरका अंशियारबीच भागबण्डा भएको अवस्थामा समेत बाहिरी स्वरुपमा फरक पर्ने गरी तल्ला थप्न, झ्यालढोका टुक्रा गर्न पाइने छैन । यस सम्बन्धमा अंशियारबीच सहमति कायम हुन नसकेमा आफूमध्येबाट मनोनित मध्यस्थकर्ताले सहजकर्ताको भूमिका निर्वाह गर्नेछ । मध्यस्थकर्ताबाट पनि सहमति कायम गराउन नसकिएको संरचनालाई न्यूनतम प्रचलित मूल्य निर्धारण गरी घरधनीहरुबाट आफैले वा सार्वजनिक लिलाम बढाबढ गराई खरिद बिक्री गर्न सक्नेछ ।

(ड) <u>ध्वनी नियन्त्रण</u>ः पार्टी प्यालेस, श्रव्य दृष्य कार्यक्रम, धार्मिक प्रवचन आदि आयोजना हुने सबै प्रकारको स्थायी वा अस्थायी भवन तथा संरचनाहरुमा ध्वनी प्रदूषण नहुने व्यवस्था गर्नुपर्नेछ।

(ढ) <u>आवागमन</u>ः सम्पदा क्षेत्रको संरचनात्मक सुरक्षाको लागि तोकिएका सार्वजनिक तथा अर्धसार्वजनिक स्थलहरुमा पैदल यात्रालाई प्राथमिकता दिइनेछ । प्राचीन बस्तीभित्र आपत्कालीन सेवा जस्तै दमकल, एम्बुलेन्स बाहेक अन्य मोटर गाडी चलाउन दिइने छैन । निर्माण सामग्री ढुवानी तथा खानेपानी ट्यांकर जस्ता अत्यावश्यकीय सेवा दिने सवारी साधनहरु सामान्यतया बेलुकी ८ बजेदेखि बिहान ८ बजेसम्म चलाउन दिन सकिने छ ।

(ण) <u>स्मारकको सुरक्षा</u>ः निर्माणाधीन भवन वरिपरिको स्मारक तथा ऐतिहासिक भवनमा प्रतिकूल असर नपर्ने गरी निर्माण गर्नुपर्नेछ तथा निर्माणको क्रममा स्मारकको सुरक्षामा ध्यान दिनुपर्नेछ। स्मारकहरुमा कुनै प्रकारको पोष्टर, सूचना, भित्ते लेखन, प्रचार सामग्री आदि टाँस्न वा प्रयोग गर्न दिइने छैन ।

(त) <u>परम्परागत उपयोगलाई प्रोत्साहन</u>ः सार्वजनिक तथा अर्धसार्वजनिक स्थानहरुको परम्परागत प्रयोजन र उपयोगलाई प्रोत्साहित गरिनेछ । त्यस्ता स्थानहरुमा परम्परागत संस्कार, जात्रा तथा पर्व, मेलाहरुलाई कुनै प्रकारले बाधा पुर्‍याउनु हुँदैन । तोकिएको स्थान बाहेक अन्य चोक, ननी जस्ता सार्वजनिक स्थानहरुलाई पार्किंग, व्यावसायिक सामग्रीको सञ्चय तथा व्यवसाय सञ्चालनको लागि प्रयोग गर्न दिइने छैन ।

(थ) <u>कृषि क्षेत्रलाई प्राथमिकता दिनुपर्ने</u>ः सम्पदा बस्तीभित्र कृषि क्षेत्र सीमाङ्कित भएमा त्यसको सांस्कृतिक तथा प्राकृतिक महत्वलाई दृष्टिगत गरी परम्परागत कृषि क्षेत्रलाई संरक्षण गर्नु पर्नेछ। यसभित्र खेतका बनोट तथा बालीका प्रकार आदि समेत पर्नेछन । सम्पदा बस्तीभित्रको कृषि क्षेत्रमा उक्त क्षेत्रलाई कुनै असर नपर्ने गरी मात्र निर्माण कार्य गर्ने स्वीकृति दिइनेछ ।

(द) भवन एकीकरण (House Pooling) सम्बन्धी व्यवस्था: भवन एकीकरण विधिबाट पुराना तथा ऐतिहासिक शहरी क्षेत्रको पुनर्विकास तथा पुनरुत्थान गर्न सकिनेछ । यसको लागि भवन एकीकरण गर्न स्वीकृति दिँदा प्रस्तावित बाटोको चौडाई र कूल क्षेत्रफल साविक बाटोको चौडाई र कूल क्षेत्रफल भन्दा कम नहुने गरी गर्नु पर्नेछ तथा साविक भवनहरुको समूहले चर्चेको आकार र पदचाप (Foot Print) साविक बमोजिम नै कायम गर्नु पर्नेछ । भवन एकीकरण आयोजना सञ्चालन गर्दा चोकहरुको साविक नाप, आकार र स्वरुपमा कुनै परिवर्तन गर्न पाइने छैन ।

(ध) छिमेकी घरको सुरक्षा: निर्माणको क्रममा लहरै घरहरु भएमा विचमा घर बनाउँदा छिमेकी घरमा कुनै प्रकारको क्षति नहुने गरी सुरक्षाको व्यवस्था गर्नु पर्नेछ । नयाँ निर्माणको क्रममा छिमेकीको घरमा कदाचित कुनै क्षति हुन गएमा पूर्व अवस्था कायम हुने गरी मर्मत सम्भार गरिदिनु पर्नेछ ।

(न) निषेधित क्रियाकलापहरु: सम्पदा बस्तीमा देहाय बमोजिमका उद्योग व्यवसायहरु निषेध गरीएको छः-

१) स-मिल तथा काठ चिर्ने मेसिन प्रयोग गर्न,

२) वातावरण दूषित वा प्रतिकूल असर पर्ने कृयाकलापहरु सञ्चालन गर्न,

३) ग्यास, पेट्रोल, दाउरा, कोइला, मट्टितेल जस्ता प्रज्वलनशील पदार्थ र विस्फोटक तथा रासायनिक पदार्थ व्यापारिक दृष्टिकोणबाट सञ्चय र बिक्री वितरण गर्न,

४) व्यापारिक दृष्टिकोणबाट भिडियो प्रदर्शन गर्न,

५) सिमेन्ट, ईंटा, छड, जस्ता-पाता जस्ता निर्माण सामग्रीको पसल राख्न,

६) तोकिएको ठाउँ बाहेक अन्य ठाउँमा घुम्ती वा स्थायी तरकारी पसल राख्न,

७) काँचो माछा, मासु बेच्ने पसल तथा मोटरसाइकल, मोटर, ठेला आदि मर्मत गर्ने पसल राख्न,

८) ग्रिल वा वेल्डिंग सम्बन्धी उद्योग वा वर्कशप सञ्चालन गर्न,

९) कुखुरा, हाँस वा चौपाया (गाई, भैसी, बङ्गुर आदि) पालन सम्बन्धी उद्योग सञ्चालन गर्न

प) अग्नी नियन्त्रण र सुरक्षाका उपाय (Fire Hydrant Safety Measure): अग्नी नियन्त्रण र सुरक्षाका लागि राष्ट्रिय भवन संहिता, २०६० अनुसारको निकास मार्ग (Escape Route) को व्यवस्था गर्नु पर्नेछ।

१४क.८ सम्पदा बस्तीमा भवनको नक्सा तयार गर्ने तथा निर्माण सुपरीवेक्षण गर्ने:

(क) भवन ऐन, २०५५ को दफा ८ अनुसार "क" र "ख" वर्गका भवनहरुको ढाँचा, नक्सा, स्ट्रक्चर तथा विशेष सुविधाहरुको डिजाइन र निर्माण सुपरीवेक्षण नेपाल इन्जिनियरिङ्ग परिषद्को दर्तावाला आर्किटेक्ट वा इन्जिनियरबाट गराउनु पर्नेछ ।

(ख) नेपाल इन्जिनियरिङ्ग परिषद्ले व्यावसायिक अनुमति प्रदान नगरुन्जेल "क" र "ख" वर्गको भवनको लागि परिषदमा नाम दर्ता भएको सम्बन्धित विषयको इन्जिनियरबाट स्ट्रक्चर तथा विशेष सुविधाहरुको डिजाइन गराउनु पर्नेछ ।

(ग) "ग" र "घ" वर्गका भवनको लागि भवन विधामा कम्तिमा प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण गरेको प्राविधिकबाट भवनको ढाँचा र नक्सा तयार तथा निर्माण सुपरीवेक्षण गराउनु पर्नेछ ।

तर "क" र "ख"वर्गको भवनलाई सम्बन्धित प्राविधिक विज्ञले सुरक्षित छ भनी डिजाइन तथा एनालाइसिस समेत प्रस्तुत गरी प्रमाणित गरेमा त्यस्तो भवनको हकमा भवन संहिताको Mandatory Rule of Thumb का प्रावधानहरु लागू हुने छैनन् ।

१४क.९ भवनको प्रयोग परिवर्तन: भवन निर्माणको स्वीकृति लिंदा उल्लेख गरिएको भवन वा परिसरको प्रयोगमा परिवर्तन गर्नुपरेमा निर्माण स्वीकृति प्रदान गर्ने संस्थामा रीतपूर्वकको निवेदन दिनुपर्नेछ। आवासीय

भवनको भुईंतल्लामा सम्पदा बस्तीको चारित्रिक विशेषता अनुरुपका परम्परागत सीपसँग सम्बन्धित लघुउद्यम तथा ज्यासल वा पसल आदि सञ्चालन गरे पनि त्यस्तो भवनलाई आवासीय प्रयोजनको भवन नै मानिनेछ । भूउपयोग, संरचनात्मक सुरक्षा तथा यस मापदण्डका अन्य सान्दर्भिक प्रावधानहरुको पालना भएको अवस्थामा मात्र त्यसरी प्रयोग परिवर्तनको स्वीकृति दिन सकिनेछ अन्यथा सो भवनमा पूर्व स्वीकृत प्रयोग नै स्वतः कायम हुनेछ । स्वीकृति विना उपयोग परिवर्तन गरेमा स्थानीय तहले आधारभूत सार्वजनिक सेवाहरुबाट बञ्चित गर्न सम्बन्धित निकायलाई लेखी पठाउनेछ तथा त्यस्ता निकायहरुले लेखी आए बमोजिम गर्नेछन् ।

१४क.१० माटो परीक्षण: सम्पदा बस्तीमा ३ तला भन्दा अग्ला सार्वजनिक भवन निर्माण गर्न अनिवार्य रुपमा शहरी विकास मन्त्रालयले जारी गरेको माटो परीक्षण निर्देशिका अनुसार गर्नु पर्नेछ । खानी तथा भूगर्भ विभागले नेपाल राजपत्रमा प्रकाशन गरी निषेध गरेका क्षेत्रमा भवन निर्माण गर्न पाइने छैन ।

१४क.११ निर्माण व्यवस्थापनः

(क) सम्पदा बस्तीको संरक्षण र निर्माण अनुमति प्रदान गर्ने कार्यमा संलग्न रहने गरी स्थानीय तहले मन्त्रालयबाट तोकिएको योग्यता पुगेको संरक्षण अधिकृत नियुक्त गर्नेछन् ।

(ख) घरपरिवार र समुदाय दुवैको प्राकृतिक जोखिमहरुसँग सामना गर्ने क्षमता वृद्धि गर्न प्रशिक्षण कार्यक्रमहरुको माध्यमबाट समुदायमा पर्याप्त जानकारी दिन र विपद्सँग जुध्ने क्षमता विकास गर्न स्थानीय तहहरुले उपयुक्त कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

(ग) घरधनीले भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी आधारभूत तालिम लिई सूचीकृत भएको कम्तीमा एक जना कालिगढलाई भवन निर्माण सुपरिवेक्षण कार्यमा संलग्न गराउनु पर्नेछ ।

(घ) सम्पदा बस्तीको सम्वर्द्धनबाट लोपोन्मुख राष्ट्रिय सम्पदा र संस्कृतिको महत्व र गरिमा कायम राख्न सहयोग हुने भएकोले सम्बन्धित निकायहरुले घरधनीलाई कर छुट, नक्शा दस्तुरमा कमी, स्थानीय प्रविधि र निर्माण सामग्रीको प्रयोगमा लागत सहभागिता जस्ता उत्प्रेरणा जगाउने कार्यहरु गर्नेछन् ।

१४क.१२ सम्पदा बस्ती संरक्षण गुरुयोजनाः

(क) स्थानीय तहले सम्पदा बस्तीहरुको संरक्षणको लागि बस्तीको भौतिक संरचना र जनसांख्यिक लगत सहित यो मापदण्ड लागू भएको एक वर्षभित्र बस्ती संरक्षण गुरुयोजना बनाउनुपर्नेछ। गुरुयोजना विपरीत हुने गरी कुनै पनि प्रकारको निर्माण कार्य गर्न दिइने छैन ।

(ख) गुरुयोजना तर्जुमा गर्दा पानीको मुहान तथा स्रोतलाई पुनर्स्थापना गर्ने, मोटर गाडीको प्रवेश निषेधित क्षेत्र अंकित गर्ने, त्यस्तो क्षेत्र वरिपरिको उपयुक्त स्थानमा पर्याप्त पार्किङ्ग स्थल निर्धारण गर्ने, संरक्षित हरित क्षेत्र, सार्वजनिक खुल्ला क्षेत्र आदि अंकित गर्ने जस्ता कार्यहरु समेत गर्नु पर्नेछ ।

(ग) स्थानीय तहले गुरुयोजना तथा मापदण्ड तर्जुमा गर्दा सार्वजनिक सुनुवाइ गराउनु पर्नेछ ।

**१५. बाधा अड्चन फुकाउनेः**

१५.१ यो मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस मापदण्डका प्रावधानलाई प्रतिकुल असर नपर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परामर्शमा शहरी विकास मन्त्रालयले बाधा अड्चन फुकाउन सक्नेछ ।

१५.२ यो मापदण्डले तोकेका कुराहरु यसै बमोजिम र यसले नतोकेका कुराहरु हाल भवन निर्माण मापदण्ड लागू भएका स्थानीय तहहरुमा सोही बमोजिम र सो लागू नभएका स्थानीय तहहरुमा शहरी विकास मन्त्रालयले स्वीकृत गरी जारी गरेको भवन निर्माण सम्बन्धी नमुना मापदण्ड अनुसार हुनेछ।

१६. <u>विविधः</u>

निर्माण स्वीकृति दिने सन्दर्भमा दस्तुर कायम गर्दा भवनको प्रयोजन अनुसार गर्नु पर्नेछ । एकै प्रयोजनको लागि निर्माण स्वीकृति दिदा एकल रुपमा निर्माण हुने र संयुक्त रुपमा निर्माण हुने भवनहरु बीच भिन्न भिन्न दर कायम गर्न पाइने छैन ।

१७. <u>मापदण्ड तर्जुमा गरी लागू गर्न सक्नेः</u>

१७.१ यो मापदण्डलाई आधार बनाई स्थानीय तहहरुले आ-आफ्ना छुट्टै मापदण्ड तर्जुमा गरी लागू गर्न सक्नेछन्।

तर नयाँ मापदण्डका प्रावधानहरु यो मापदण्ड र स्थानीय तहहरुले हाल लागू गरिरहेको मापदण्ड भन्दा कमजोर हुने छैन ।

१७.२ स्थानीय तहहरुले हाल लागू गरिरहेको मापदण्डका प्रावधानहरु यो आधारभुत निर्माण मापदण्डमा व्यवस्था गरिएका प्रावधानहरु भन्दा सशक्त भएको अवस्थामा स्थानीय तहहरुले लागू गरिरहेको मापदण्ड अनुसार नै गर्नु पर्नेछ ।

<u>उदाहरणार्थ</u>ः जग्गा खण्डीकरण गरी बिक्री वितरण गर्न प्रस्तावित भौतिक योजनालाई स्वीकृति दिन कुनै स्थानीय तहले हाल लागू गरिरहेको मापदण्डमा न्यूनतम खुल्ला क्षेत्र ८० वर्गमिटर भन्दा बढी हुनुपर्ने वा भौतिक योजना क्षेत्रको ५ प्रतिशत भन्दा बढी हुनुपर्ने व्यवस्था गरेको भए यो मापदण्डको बुँदा १३ को उपबुँदा १३.६ को खण्ड (ङ) अनुसार नभई स्थानीय तहले लागू गरिरहेको मापदण्ड अनुसार नै भौतिक योजनालाई स्वीकृति दिनेछन् ।

१७.३ यो मापदण्ड लागू हुनु अगाडि स्थानीय तहहरुले लागू गरेका भवन निर्माण तथा भौतिक योजना मापदण्ड अनुसार निर्माण स्वीकृति प्राप्त गरिसकेका प्रस्तावित भवन तथा जग्गा विकास योजनाहरु तिनै मापदण्डहरु अनुसार तथा स्थानीय तहहरुले त्यस समयमा लागू गरेका प्रक्रिया अनुसार नै निर्माण/विकास गर्न दिइनेछ। #<u>साविकको मापदण्ड अनुसार स्वीकृति लिई निर्माण भइसकेको भवनमा तल्ला थप गर्नुपरेमा राष्ट्रिय भवन संहिताको परिधि भित्र रही तल्ला थप गर्न सकिनेछ र त्यसरी तल्ला थप गर्दा यस मापदण्ड अनुसारको परिमार्जित सेटब्याक लागू हुने छैन ।</u>

#१७.४ यो मापदण्ड न्यूनतम मापदण्डको रुपमा कायम हुनेछ । स्थानीय तहले यस मापदण्डमा उल्लिखित व्यवस्थाका अतिरीक्त आवश्यकता अनुसार थप व्यवस्था गर्न सक्नेछ । (उदाहरणका लागि मापदण्ड बमोजिम ८ मिटर

---

# पहिलो संशोधनबाट थपिएको ।

<u>द्रष्टव्य</u>ः (१) पहिलो संशोधनबाट रुपान्तर भएका शब्दहरुः

(क) "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" ।

(ख) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" ।

(२) दोस्रो संशोधनबाट रुपान्तर भएका शब्दहरुः

(क) "कार्यकारी अधिकृत, काठमाडौं महानगरपालिका" को सट्टा प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका",

(ख) "बुँदा ८ को उपबुँदा ८.३ बाहेक अन्यत्र रहेका "गाउँ विकास समिति" को सट्टा "गाउँपालिका,

(ग) "भूमि सुधार तथा व्यवस्था मन्त्रालय" को सट्टा "भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय",

(घ) "सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय" को सट्टा "सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय",

मापदण्ड कायम भएको सडकलाई ७ मिटर कायम गर्न सकिने छैन तर ८ मिटरको सडकलाई ८ मिटरको भन्दा बढी कायम गर्न बाधा गर्ने छैन)।

---

(ङ)"सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, पूर्वाधार विकास महाशाखा" को सट्टा "सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना तथा विकास सहायता समन्वय महाशाखा",

(च) "सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नगरपालिका तथा वातावरण व्यवस्था महाशाखा" को सट्टा "सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह क्षमता विकास महाशाखा",

(छ) "शहरी विकास मन्त्रालय, भौतिक योजना तथा शहरी विकास महाशाखा" को सट्टा "शहरी विकास मन्त्रालय, शहरी विकास महाशाखा",

(ज) "स्थानीय निकाय" को सट्टा "स्थानीय तह",

(झ) "स्थानीय निकायको परिषद्" को सट्टा "स्थानीय तहको सभा",

(ञ) "स्थानीय स्वायत्त शासन ऐन, २०५५" को सट्टा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" ।